
# महालेखापरीक्षकको
# अन्ठाउन्नौं वार्षिक प्रतिवेदनसँग
# सम्बन्धित,
# संगठित संस्थाको लेखापरीक्षण
# प्रतिवेदन
# २०७८





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# अन्ठाउन्नौं वार्षिक प्रतिवेदनसँग सम्बन्धित



# संगठित संस्थाको लेखापरीक्षण
# प्रतिवेदन
# २०७८



महालेखापरीक्षकको कार्यालय
बबरमहल, काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन



नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र पूर्ण स्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षाता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट अन्तिम लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षणको लागि जोखिममा आधारित लेखापरीक्षण विधि प्रयोग गरी स्थलगत तथा दुर लेखापरीक्षण पद्धतिको अवलम्वन, अन्तर्राष्ट्रिय प्रचलन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित लेखापरीक्षण मानदण्ड लेखापरीक्षण र असल अभ्यास समेतको अनुसरण गरिएको छ।

राज्यले आम नागरिकको दैनिक जीवन यापनसँग प्रत्यक्ष सम्बन्ध रहेका अत्यावश्यक बस्तु वा सेवा सर्वसुलभ रुपमा उपलब्ध गराउन सार्वजनिक प्रतिष्ठान तथा संस्थाहरुको स्थापना गरेको हुन्छ। सार्वजनिक निकायहरुलाई प्राप्त अधिकार तथा जिम्मेवारीअनुसार आम्दानी खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गरी सोको वित्तीय जवाफदेहिता पुरा गर्न वित्तीय कारोवारको लेखापरीक्षण गराउनु पर्ने कानुनी व्यवस्था छ। संगठनप्रति निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमामात्र संगठित संस्थाको आर्थिक कारोबार सदृढ हुन सक्दछ। यसका निमित्त आर्थिक कारोबार गर्ने संस्था, नियमनकारी निकाय तथा सरोकारवाला सबैको सहकार्यले मात्र तोकिएको लक्ष्य हासिल हुन सक्दछ।

प्रत्येक वर्ष सार्वजनिक संस्थानको लेखापरीक्षण यथासमयमा गरी व्यवस्थापनलाई समयमै प्रतिवेदन बुझाउने गरी लेखापरीक्षण योजना तय गरिएकोमा कतिपय संस्थाले लेखा स्रेस्ता सहितको वित्तीय विवरण तोकिएको समयमा पेश गर्न नसकेको कारण लेखापरीक्षण हुन सकेन। तापनि विगतमा लेखापरीक्षण नभएका नियकायको यो वर्ष लेखापरीक्षण सम्पन्न गरिएको, सार्वजनिक संस्थाको वित्तीय विवरणको गुणस्तरीय सुधारको लागि नेपाल लेखामानको आधारमा वित्तीय विवरण तयार गर्न शुरुवात गरिएको, वित्तीय सुशासन अभिवृद्धिका लागि सूचना प्रविधिको उपयोगमा बृद्धि गरेको जस्ता सकारात्मक पहल हुन थालेको छ।

सार्वजनिक संस्थाको लेखापरीक्षण गर्दा संस्थागत जोखिमको पहिचान गरी योजना तथा कार्यक्रम तर्जुमा गरिएको थियो। निकायबाट प्राप्त स्रेस्ता तथा विवरणका आधारमा स्थलगतरुपमा स्रेस्ता परीक्षण गरी प्रमाण संकलन, मस्यौदा उपर व्यवस्थापनसंगको छलफल पश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। यस वर्ष ४४ पूर्ण स्वामित्व भएको संगठित संस्थाको रु.२५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। त्यस्तै, यस वर्ष ३० अधिकांश स्वामित्व भएका संस्थाको ४२ आर्थिक वर्षको परामर्श प्रदान गरिएको र बक्यौता समेत ३३ संस्थाको रु. ११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षण गर्न परामर्श दिई सम्पन्न भएको छ। यस अनुसार यस वर्ष संगठित संस्थातर्फ कुल रु. ३६ खर्ब ७५ अर्ब ९२ करोडको लेखापरीक्षण सम्पन्न भएको छ। कानुनबमोजिम फछर्यौट नभई बाँकी रहेका व्यहोरा मिलान गरी अन्तिम प्रतिवेदनमा समावेश गरिएको छ। संस्थानको लेखापरीक्षणमा अपेक्षाकृत रुपमा मुनाफा गर्न नसकेको, संघीय संरचना अनुरुप सबै संस्थाको कार्यक्षेत्र यकिन गर्न नसकेको, संस्था सञ्चालनमा दीर्घकालिन नीति नभएको जस्ता व्यहोरा रहेको देखिन्छ।

कोरोना महामारीको अवस्थामा मुलुकको आर्थिक कारोबार सञ्चालनमा जिम्मेवारी र जवाफदेहितापूर्वक सबै निकायले कार्य सम्पादन गरे तापनि यस प्रतिवेदनमा उजागर गरिएका विषयले अझै पनि सुधार र सम्भावनाका अवसर देखिएका छन्। संगठित संस्थाहरुले गरेको वित्तीय, व्यवस्थापकीय र उद्देश्य अनुरुपका सेवामूलक कार्य र सोबाट प्राप्त उपलब्धी सरोकारवाला समक्ष पुऱ्याउने उद्देश्यले जारी गरिएका लेखापरीक्षण प्रतिवेदनको व्यहोरा समावेश गरी यो संगालो प्रकाशित गरिएको छ। प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने लेखापरीक्षक, कर्मचारी तथा संगठित संस्थाका व्यवस्थापन कार्यमा संलग्न सबैमा म आभार व्यक्त गर्दछु। साथै, प्रतिवेदनलाई कार्यन्वयनमा ल्याई संगठित संस्थाको आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

# विषय-सूची

पृष्ठ

**खण्ड — कः परिचय**

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति ..... I

संगठित संस्थाको लेखापरीक्षणको कानुनी व्यवस्था ..... II

सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा ..... III

सुझाव ..... III

**खण्ड — खः लेखापरीक्षण प्रतिवेदन**

**१. अर्थ मन्त्रालय ..... १**

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १

१.१ कर्मचारी सञ्चयकोष, २०७६/७७ ..... १

१.२ नागरिक लगानी कोष, २०७६/७७ ..... ५

१.३ निक्षेप तथा कर्जा सुरक्षण कोष, २०७६/७७ ..... ८

१.४ नेपाल धितोपत्र बोर्ड, २०७६/७७ ..... १०

१.५ नेपाल राष्ट्र बैक, २०७६/७७ ..... १२

१.६ बीमा समिति, २०७६/७७ ..... १५

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ..... १८

१.७ आर बि बि मर्चेन्ट बैंकिङ्ग, २०७६/७७ ..... १८

१.८ कृषि विकास बैंक, २०७६/७७ ..... २०

१.९ कोष व्यवस्थापन कम्पनी लिमिटेड, २०७६/७७ ..... २२

१.१० नेपाल बैंक लिमिटेड, २०७६/७७ ..... २३

१.११ नेपाल स्टक ऐक्सेन्ज कम्पनी लिमिटेड, २०७६/७७ ..... २८

१.१२ राष्ट्रिय बीमा संस्थान, २०६९/७० ..... ३१

१.१३ राष्ट्रिय बीमा संस्थान, २०७०/७१ ..... ३८

१.१४ राष्ट्रिय बीमा संस्थान, २०७१/७२ ..... ४५

१.१५ राष्ट्रिय वाणिज्य बैंक, २०७६/७७ ..... ५२

१.१६ सिडियस क्लियरिङ्ग, २०७६/७७ ..... ५४

**२. उद्योग बाणिज्य आपूर्ति मन्त्रालय ..... ५७**

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... ५७

२.१ उदयपुर सिमेन्ट उद्योग कम्पनी लिमिटेड २०७६/७७ ..... ५७

२.२ जनकपुर चुरोट कारखाना लिमिटेड, २०७६/७७ ..... ६२

२.३ धौबादी फलाम कम्पनी लिमिटेड, २०७६/७७ ..... ६४

२.४ नेपाल औषधी लिमिटेड, २०७६/७७ ..... ६६

२.५ नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, २०७६/७७ ..... ६८

२.६ हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, २०७५/७६ ..... ७०

२.७ हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, २०७६/७७ ..... ७३

नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ..... ७५

२.८ औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७६/७७ ..... ७५

२.९ गोरखकाली रबर उद्योग, २०७५/७६ .....७७
२.१० दोलखा दुग्ध उद्योग लिमिटेड, २०७६/७७ .....८०
२.११ नेपाल आयल निगम कम्पनी लिमिटेड, २०७६/७७ .....८१
२.१२ बुटवल धागो कारखाना लिमिटेड, २०७६/७७ .....८२
२.१३ राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, २०७३/७४ ..... ८४
राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, २०७४/७५ .....८६
राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, २०७५/७६ ..... ८८
**३. उर्जा जलश्रोत तथा सिचाई मन्त्रालय ..... ९१**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु .....९१
३.१ अपर अरुण हाईड्रोइलेक्टिक लिमिटेड २०७६/७७ .....९१
३.२ उत्तर गंगा पावर कम्पनी लिमिटेड २०७६/७७ .....९२
३.३ तनहुँ हाईड्रोपावर लिमिटेड, २०७६/७७ .....९४
३.४ तामाकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७..... ९७
३.५ दुधकोशी जलबिधुत कम्पनी लिमिटेड, २०७३/७४ ..... १००
दुधकोशी जलबिधुत कम्पनी लिमिटेड, २०७४/७५ ..... १०२
३.६ नेपाल बिद्युत प्राधिकरण, २०७६/७७ ..... १०४
३.७ मोदी जलविद्युत कम्पनी लिमिटेड, २०७५/७६ ..... ११४
मोदी जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... ११६
३.८ रघुगंगा हाईड्रोपावर लिमिटेड, २०७६/७७ ..... ११७
३.९ राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड, २०७६/७७ ..... १२१
३.१० स्यार्पु पावर कम्पनी लिमिटेड, २०७६/७७ ..... १२३
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ..... १२५
३.११ अपर तामाकोसी जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... १२५
३.१२ एन इ ए ईन्जनिएरिङ्ग कम्पनी, २०७६/७७ ..... १२८
३.१३ चिलिमे जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... १३०
३.१४ चिलिमे ईन्जनिएरिङ्ग एण्ड सर्भिसेस कम्पनी लिमिटेड, २०७६/७७ ..... १३२
३.१५ जगदुल्ला हाइड्रोपावर कम्पनी लिमिटेड, २०७६/७७ ..... १३४
३.१६ हाइड्रोईलेक्ट्रसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, २०७६/७७ ..... १३५
३.१७ त्रिशुली जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... १३७
३.१८ नलगाढ जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... १४०
३.१९ पावर ट्रान्समिसन कम्पनी लिमिटेड, २०७६/७७ ..... १४२
३.२० मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... १४४
३.२१ रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, २०७६/७७ ..... १४५
३.२२ रेमिट हाइड्रो लिमिटेड, २०७६/७७ ..... १४७
३.२३ बिद्युत उत्पादन कम्पनी लिमिटेड, २०७६/७७ ..... १४८
३.२४ सान्जेन जलविद्युत कम्पनी लिमिटेड, २०७६/७७ ..... १५०
३.२५ सिम्बुवा रेमिट हाइड्रो, २०७६/७७ ..... १५२
**४. कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय ..... १५३**

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १५३
४.१ कानुनी किताब व्यवस्था समिति, २०७६/७७ ..... १५४
**५. कृषि पशुपन्छी विकास मन्त्रालय ..... १५५**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १५५
५.१ कृषि सामग्री कम्पनी लिमिटेड, २०७६/७७ ..... १५६
५.२ दुग्ध विकास संस्थान, २०७६/७७ ..... १५८
५.३ नेपाल पशु चिकित्सा परिषद्, २०७६/७७ ..... १६३
**६. खानेपानी मन्त्रालय ..... १६४**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १६४
६.१ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७६/७७ ..... १६४
६.२ नेपाल खानेपानी संस्थान, २०६९/७० ..... १६८
नेपाल खानेपानी संस्थान, २०७०/७१ ..... १७१
नेपाल खानेपानी संस्थान, २०७६/७७ ..... १७४
**७. भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय ..... १७९**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १७९
७.१ राष्ट्रिय सहकारी विकास बोर्ड, २०७५/७६ ..... १७९
**८. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ..... १८२**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १८२
८.१ नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेड, २०७५/७६ ..... १८२
नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेड, २०७६/७७ ..... १८४
८.२ नेपाल रेल्वे कम्पनी लिमिटेड, २०७५/७६ ..... १८६
नेपाल रेल्वे कम्पनी लिमिटेड, २०७६/७७ ..... १८८
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ..... १९०
८.३ साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७५/७६ ..... १९०
साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७६/७७ ..... १९२
८.४ साझा यातायात, २०७६/७७ ..... १९४
८.५ साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७५/७६ ..... १९७
**९. वन तथा वातावरण मन्त्रालय ..... १९९**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... १९९
९.१ जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७६/७७ ..... १९९
९.२ नेपाल वन निगम लिमिटेड, २०७५/७६ ..... २०२
९.३ वन पैदावर बिकास समिति, २०७५/७६ ..... २०४
वन पैदावर बिकास समिति, २०७६/७७ ..... २०४
**१०. शहरी विकास मन्त्रालय ..... २०६**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... २०६
१०.१ नगर विकास कोष, २०७६/७७ ..... २०६
१०.२ राष्ट्रिय आवास कम्पनी लिमिटेड, २०७५/७६ ..... २०८
राष्ट्रिय आवास कम्पनी लिमिटेड, २०७६/७७ ..... २१०
**११. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय ..... २१२**

नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... २१२
११.१ जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०७६/७७ ..... २१२
**१२. संचार सूचना प्रविधि मन्त्रालय ..... २१५**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... २१५
१२.१ गोरखापत्र संस्थान, २०७५/७६ ..... २१५
१२.२ नेपाल टेलिभिजन, २०७६/७७ ..... २१९
१२.३ प्रेस काउन्सिल नेपाल, २०७६/७७ ..... २२१
१२.४ राष्ट्रिय समाचार समिति, २०७६/७७ ..... २२३
नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु ..... २२५
१२.५ नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, २०७६/७७ ..... २२५
**१३. संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ..... २२९**
नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु ..... २२९
१३.१ तारा गाउँ विकास समिति, २०७५/७६ ..... २२९
तारागाउँ विकास समिति, २०७६/७७ ..... २३१
१३.२ नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७६/७७ ..... २३४
१३.३ सांस्कृतिक संस्थान, २०७४/७५ ..... २३८
सांस्कृतिक संस्थान, २०७५/७६ ..... २४१
सांस्कृतिक संस्थान, २०७६/७७ ..... २४३
**खण्ड - गः लेखापरीक्षण गर्न बाँकी रहेको संस्था ..... २४६**

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिबाट संवैधानिक परिषद्को सिफारिसमा महालेखापरीक्षकको नियुक्ति हुने व्यवस्था छ। संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा ३ अनुसार सरकारी कार्यालय, नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था, महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ। संविधानको धारा २९४(१) बमोजिम महालेखापरीक्षकले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष तथा धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाही सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्ने संवैधानिक व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ भने अन्य सहायक उद्देश्यहरु देहायअनुसारका विषयमा मूल्याङ्कन विश्लेषण गरी प्रतिवेदन गर्ने रहेका छन्:

- संगठित संस्थाको हिसाब यथार्थपरक रहेको,
- वित्तीय विवरण तोकिएको ढाँचामा तयार भई कारोबारको यथार्थ चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- संस्थानको आय र धरौटी असुली तथा दाखिला गरेको,
- सार्वजनिक संस्थानको सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी जिन्सी तथा सार्वजनिक सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याईं गर्ने यथेष्ट प्रमाण राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धी हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- उद्देश्य, नीति, कार्यक्रम कार्यान्वयन र उपलब्धी हासिल गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र** - यो वर्ष संवैधानिक अङ्ग, संघीय र प्रदेशका सबै सरकारी कार्यालय, स्थानीय तह, संगठित संस्था, समिति, बोर्ड, कोष, प्राधिकरण र विश्वविद्यालयसमेत कानुनले लेखापरीक्षण गर्नुपर्ने गरी तोकेको संस्थाको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबार र पेस भएसम्म बक्यौता कारोबारलाई लेखापरीक्षणको क्षेत्रमा समेटिएको छ। यो वर्ष वित्तीय तथा नियमितता र कार्यमूलक लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणको क्रममा विकास निर्माण, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, राजस्व प्रशासन र सेवा प्रवाहको सम्बन्धमा वित्तीय जवाफदेहिता स्थिति मूल्याङ्कन गर्ने व्यवस्था अवलम्बन गरिएको छ।

४. **पद्धति** - लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, लेखापरीक्षणका आधारभूत सिद्धान्त, मान्यता, सरकारी लेखापरीक्षण मानदण्ड, लेखापरीक्षण मार्गदर्शन र अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन र अनुगमनसमेत ४ चरणमा लेखापरीक्षण कार्य सम्पन्न गरिएको छ। जोखिम मूल्याङ्कन पश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण सङ्कलन गर्न आवश्यकताअनुसार नमुना छनौट गरी नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरी लेखापरीक्षण गरिएको छ।

महालेखापरीक्षकले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेस गर्नुपर्ने नेपालको संविधान, २०७२ को धारा २९४ मा व्यवस्था भएबमोजिम यो प्रतिवेदन तयार गरिएको छ।

## ५. संगठित संस्थाको लेखापरीक्षणको कानुनी व्यवस्था

५.१ **संबैधानिक व्यवस्था** - नेपालको संविधानको धारा २४१(२) मा पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणको लागि लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकसंग परामर्श गर्नुपर्ने र त्यस्तो संस्थाको लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखापरीक्षकले आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ। उपधारा (५) मा सरकारले कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण महालेखापरीक्षकबाट गर्नुपर्ने गरी संघीय कानुनद्वारा व्यवस्था गर्न सक्ने व्यवस्थाबमोजिम विभिन्न संघीय कानुनमा महालेखापरीक्षकले लेखापरीक्षण गर्ने गरी तोकेको छ।

५.२ **लेखापरीक्षण व्यवस्थापन** - कानुनी व्यवस्थाअनुसार नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्वमा तथा पचास प्रतिशतभन्दा बढी स्वामित्वमा सञ्चालन हुँदै आएका संगठित संस्थाहरु महालेखापरीक्षकको क्षेत्राधिकार भित्र रहेका छन्। पूर्ण स्वामित्वका संस्थाहरुको लेखापरीक्षण महालेखापरीक्षकका कार्यालयका कर्मचारीहरुबाट गराउने वा महालेखापरीक्षकले आपनो सहायकको रुपमा अन्य लेखापरीक्षक नियुक्त गर्ने गरेको छ। पचास प्रतिशतभन्दा बढी स्वामित्वका संगठित संस्थाहरुमा लेखापरीक्षक नियुक्तिको लागि महालेखापरीक्षकसंग परामर्श माग भए अनुसार सिफारिस गर्ने गरिएको छ। महालेखापरीक्षकबाट नियुक्ति भएका लेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी महालेखापरीक्षकलाई लेखापरीक्षण प्रतिवेदन पेस गर्नुपर्ने र परामर्शबाट लेखापरीक्षण भएका संस्थाहरुको हकमा लेखापरीक्षकले त्यस्ता संस्थामा लेखापरीक्षण प्रतिवेदन बुझाएपछि संस्थाले महालेखापरीक्षकको कार्यालयमा सोको एक प्रति प्रतिवेदन पठाउनुपर्ने व्यवस्था छ।

५.३ **पूर्ण सरकारी स्वामित्वका संस्थाको लेखापरीक्षण** - लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था तथा महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी संघीय कानुनद्वारा तोकिएको संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने व्यवस्था छ। ऐनको दफा १० बमोजिम भने त्यस्ता संस्थाको लेखापरीक्षण गर्न आवश्यकताअनुसार प्रचलित कानुनबमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षकहरुलाई महालेखापरीक्षकले सहायकको रुपमा नियुक्ति गर्न सक्ने व्यवस्था छ। त्यसरी नियुक्त लेखापरीक्षकले महालेखापरीक्षकको निर्देशन, नियन्त्रण र रेखदेखमा रही काम गर्नुपर्ने तथा निजको काम कर्तव्य, अधिकार, सेवाका शर्त, दायित्व, निजले लेखापरीक्षण गर्दा अपनाउनु पर्ने प्रक्रिया तथा प्रतिवेदन पेश गर्ने सम्बन्धी व्यवस्था यस ऐनमा उल्लेख भएकोमा यसै ऐनबमोजिम र उल्लेख नभएको बिषयमा महालेखापरीक्षकले तोकेबमोजिम हुने व्यवस्था छ।

५.४ **पचास प्रतिशतभन्दा बढी सरकारी स्वामित्वका संस्थाको लेखापरीक्षण** - नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको पचास प्रतिशतभन्दा बढी स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकले तोकिदिएको सिद्धान्तको अधिनमा रही लेखापरीक्षण गराउन सक्ने, लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने र लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदनबाट औल्याएका बिषयको कार्यान्वयनको प्रगति विवरण महालेखापरीक्षकले तोकिदिएको अवधिभित्र पेश गर्नुपर्ने व्यहोरा लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा उल्लेख छ।

५.५ **लेखापरीक्षणको सिद्धान्त** - महालेखापरीक्षकले नियुक्ति गरेका वा महालेखापरीक्षकको परामर्शमा नियुक्ति भएका लेखापरीक्षकले अन्य कुराका अतिरिक्त सामान्यतः महालेखापरीक्षकको कार्यालयले स्वीकृत गरी प्रकाशित गरेको लेखापरीक्षण सम्वन्धी मानदण्ड तथा निर्देशिकाले प्रतिपादन गरेको स्वतन्त्रता र वस्तुपरकता, सक्षमता, उचित सतर्कता, सूचनाको गोपनीयता, लेखापरीक्षण योजना, आन्तरिक नियन्त्रण प्रणालीको मूल्याकन, लेखापरीक्षण कार्य योजना, अन्य लेखापरीक्षक तथा विशेषज्ञसंगको सम्बन्ध, लेखापरीक्षण व्यवस्थापन, सुपरिवेक्षण तथा पुरानलोकन, प्रमाण अभिलेखाङ्कन, वित्तीय विवरणको विश्लेषण, ऐन नियमको पालना, लेखापरीक्षण समापन, लेखापरीक्षण कार्यपत्र फाइलको पुनरावलोकन, वित्तीय विवरण सम्बन्धी प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सम्बन्धी मानदण्ड अनुरुपका सिद्धान्त अपनाई लेखापरीक्षण कार्य सम्पादन गर्नु पर्नेछ।

## ६. सार्वजनिक संस्थानको लेखापरीक्षणबाट देखिएको समग्र व्यहोरा

६.१ **सार्वजनिक संस्थानको अवस्थाः** सार्वजनिक संस्थानको वार्षिक स्थिति समीक्षा, २०७८ को प्रतिवेदनअनुसार २०७७ असार मसान्तसम्म ४४ सार्वजनिक संस्थान अस्तित्वमा रहेको उल्लेख छ। जसमध्ये नेपाल सरकारको पूर्ण स्वामित्वका २३ र अधिकांश स्वामित्व रहेका २१ संस्था रहेका छन्। सार्वजनिक संस्थालाई औद्योगिक क्षेत्र, व्यापारिक क्षेत्र, सेवा क्षेत्र, सामाजिक क्षेत्र, जनउपयोगी क्षेत्र, वित्तीय क्षेत्रमा वर्गीकरण भएको पाइन्छ। त्यस्तै आयमूलक कार्यमा संलग्न सरकारी स्वामित्वका विकास समिति तथा विशेष ऐनबमोजिम स्थापित संस्थाको रुपमा समेत सार्वजनिक निकाय रहेका छन्।

६.२ **लेखापरीक्षण अंकः** यो वर्ष पूर्ण स्वामित्वको संगठित संस्थातर्फ ४४ इकाईको रु. २५ खर्ब ७७ अर्ब ४४ करोडको लेखापरीक्षण गरिएको छ। सोको अतिरिक्त अधिकांश स्वामित्वका ४१ संगठित संस्था मध्ये ३३ संस्थाको लेखापरीक्षणको परामर्श मार्फत रु. ११ खर्ब २० अर्ब ८० करोडको लेखापरीक्षण भएको छ।

६.३ **पूर्ण स्वामित्वका संस्थाको लेखापरीक्षणः** यस वर्ष लेखापरीक्षक नियुक्ति गरिएका संगठित संस्था ४९ मध्ये ९ संस्थाले १२ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्। उक्त संस्थाहरुमध्ये यस वर्ष ४४ पूर्ण स्वामित्व भएको संगठित संस्थाको रु. २५ खर्ब ५५ अर्ब १३ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ। नेपाल पर्यटन बोर्ड, गुठी संस्थान, गोरखापत्र संस्थान, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, औद्योगिक व्यवसाय विकास प्रतिष्ठान, राष्ट्रिय सहकारी विकास बोर्ड, दुधकोशी जलविद्युत कम्पनी लिमिटेड, नेपाल वन निगम र नेपाल वायुसेवा निगमको वक्यौता रहेको छ। लेखापरीक्षणको लागि स्रेस्ता उपलव्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलव्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ।

६.४ **अधिकांश स्वामित्वका संस्थाको लेखापरीक्षणः** लेखापरीक्षक नियुक्तिको लागि परामर्श दिइएका संगठित संस्था ४१ मध्ये १० संस्थाले ४२ आर्थिक वर्षको लेखापरीक्षण गराएका छैनन्। यस वर्ष ३० अधिकांश स्वामित्व भएका संस्थाको ४२ आर्थिक वर्षको परामर्श प्रदान गरिएको र बक्यौता समेत ३३ संस्थाको रु. ११ खर्ब २० अर्ब ७९ करोडको लेखापरीक्षण गर्न परामर्श दिई सम्पन्न भएको छ। साझा स्वास्थ्य, साझा प्रकाशन, नेपाल ओरिण्ड म्याग्नेसाइट प्राईभेट लिमिटेड, हिमाल सिमेन्ट, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, राष्ट्रिय बीमा संस्थान, राष्ट्रिय बीमा कम्पनी, नेपाल मेटल कम्पनी लिमिटेड, राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र र बिशाल बजार कम्पनीको विगत वर्ष एवं यस वर्षको लेखापरीक्षण भएको छैन। लेखापरीक्षणको लागि स्रेस्ता उपलव्ध नगराउने तथा प्रमाणित वित्तीय विवरण समयमा उपलव्ध नगराउने संस्थाका जिम्मेवार पदाधिकारीलाई लेखापरीक्षण ऐन, २०७५ को दफा २५ बमोजिम आवश्यक कारबाही गर्नुपर्दछ।

७. **सुझावः** पूर्ण स्वामित्वको सार्वजनिक संस्थान र अधिकांश स्वामित्व भएको सार्वजनिक संस्थानको लेखापरीक्षण गर्दा संस्थानको गठन, स्वामित्व संरचना, वित्तीय विवरण, सम्पत्ति व्यवस्थापन, आन्तरिक नियन्त्रण, वित्तीय व्यवस्थापन, लेखापरीक्षण, वस्तु तथा सेवाको मूल्य निर्धारण र सेवा प्रवाह लगायतमा गर्नुपर्ने सुधारको व्यहोरा देहायअनुसार छः

७.१ **सञ्चालक समितिः** सार्वजनिक संस्थानको गठन व्यवस्थापनमा एकरुपता नदेखिएको, विशेष ऐन, संचार ऐन, कम्पनी

ऐन, प्राधिकरण ऐन, कोष ऐन, संस्था ऐन अन्तर्गत स्थापना भई ५ देखि ११ जनासम्म संचालक समिति रहने गरेकोमा ऐन तथा संचालक समितिको संख्यामा विविधता रहेको, संचालक समितिमा रहने सदस्यको योग्यता किटान गर्ने नगरेको, अध्यक्षमा कतिपयमा विभागीय मन्त्री, कतिपयमा कर्मचारी तथा कतिपयमा वाह्य व्यक्तिलाई नै तोक्ने गरेको देखिन्छ। नीतिगत भिन्नता भएका कारण समयमा वित्तीय विवरण स्वीकृत गर्ने, नीति कार्यक्रम तय गर्ने लगायतका कार्यमा स्पष्टता रहेको छैन। लेखापरीक्षणको प्रतिवेदन उपर सञ्चालक समितिमा छलफल गर्ने, जवाफ दिने, लेखापरीक्षक नियुक्तको परामर्श दिई पठाएकोमा समयमा नियुक्ति नदिने लगायतका व्यवस्थामा सञ्चालक समिति सक्रिय नरहेको हुँदा संस्था सञ्चालनमा गंभीर समस्या रहेको छ।

७.२ **स्वामित्व संरचनाः** नेपाल सरकारले संस्थामा लगानी गर्दा शेयर वा ऋणमा गर्ने लगानीको क्षेत्र यकिन गर्ने स्पष्ट नीति नभएका कारण लगानीको दायरा यकिन हुन सकेको छैन। महालेखा नियन्त्रक कार्यालयले देखाएको हिसाव र संस्थाले देखाएको लगानी हिसाव विवरणमा फरक पर्ने गरेको, संस्थाले सहायक कम्पनीको रुपमा नयां संस्था स्थापना गर्दा सर्व-साधारणलाई समेत शेयर दिनुपर्दा संस्थाको लगानी तथा दायित्वमा पर्ने असरको बारेमा थप अध्ययन गर्ने नगरेको, कतिपय संस्थामा विभिन्न मन्त्रालयको बेग्लाबेग्लै शेयर स्वामित्व कायम गरी संस्था संचालन रहेकोमा समग्रमा नेपाल सरकार एउटै निकाय भएकोले तदनुरुप ऐन, नियममा संशोधन भैसकेको छैन। स्वामित्व संरचना सम्वन्धमा नीतिगत स्पष्टता ल्याई सरकारको लगानीको उचित संरक्षण गर्नुपर्दछ।

७.३ **वित्तीय विवरणः** संगठित संस्थाहरुले तयार गर्ने वित्तीय विवरण लेखा व्यवसाय नियमन गर्ने निकायले तोकेको लेखामान वमोजिम तयार गर्नुपर्नेमा कतिपय निकायबाट प्रचलित नेपाल वित्तीय प्रतिवेदन लेखामान वमोजिम वित्तीय विवरण तयार नभएकोमा सुधार गर्न नियामक निकाय थप सक्रिय हुनु पर्दछ। अधिकांश संस्थाको लेखाढांचा तथा अभिलेख प्रणालीलाई सफ्टवेयर प्रणालीमा समाहित गरी वित्तीय सूचना एकीकृत गर्ने नगरेको, नेपाल लेखामानहरु, नोट, टिप्पणी, सम्पत्तिको ह्रास कट्टी, बीमाङ्कीय मूल्याङ्कन गरी दायित्व यकिन नगरेको र वासलातमा अनुसूचीहरु, विदेशी मुद्राको कारोवारको अभिलेखांकन गर्ने लगायतका विषयमा लेखा अभिलेख सम्वन्धी स्पष्ट लेखा टिप्पणी तयार गरेका छैनन्। विद्युतीय प्रविधिमा आधारित लेखा अभिलेख प्रतिवेदन तयार गर्ने गरी एकाउन्टिंग सफ्टवेयरको प्रयोगमा जोड दिने, सबै वित्तीय सूचना समेट्ने गरी वित्तीय विवरण तयार गर्ने, सार्वजनिक सम्पत्ति, प्रविधि र संरचनाको प्रयोग एकीकृत ढंगबाट गर्ने व्यवस्था मिलाउने लगायतका विषयलाई थप व्यवस्थित पार्नुपर्ने देखिन्छ।

७.४ **सम्पत्ति व्यवस्थापनः** सार्वजनिक संस्थाको सम्पत्ति यकिन गरी वैकल्पिक उपयोगको व्यवस्थापन गर्न नसकेको, कतिपय संस्थाको मेशिन, पार्टपूर्जा, उपकरण, औजार लगायतका सम्पत्तिहरु पुरानो प्रविधिमा रहेको संस्थाको सम्पत्तिको जग्गा लगत यकिन गरी अभिलेख प्रणालीलाई व्यवस्थित नगरेको, पुराना सामाग्री लिलाम विक्री नगरेको, सबै संस्थाबाट प्रदान गरिने सबै प्रकारका सेवालाई एकीकृत ढंगबाट प्रदान गर्ने व्यवस्था मिलाउन नसकेको, प्रक्रियामा समन्वय नगरेको, सम्पत्तिको स्वामित्व विवादलाई टुंगो नलगाएको जस्ता व्यहोरा देखिएका हुँदा सार्वजनिक सम्पत्तिको संरक्षणमा संस्थालाई थप जिम्मेवार बनाउनु पर्दछ।

७.५ **आन्तरिक नियन्त्रणः** संस्थाको सुधारको लागि सरकारले जमानी वसी ऋण दिने व्यवस्थामा पुनरावलोकन हुनुपर्ने, संस्थानको आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउन एकीकृत नियन्त्रण प्रणाली लागु गर्नुपर्ने, संचालक समिति र संस्था प्रमुखको नियुक्तिमा व्यवसायिक क्षमता भएका व्यक्तिलाई मात्र नियुक्ति दिने व्यवस्था हुनुपर्ने, कर्मचारी दायित्व लगायत अन्य दायित्व भुक्तानीको लागि कोष सहितको व्यवस्था हुनुपर्ने, संचालक समिति तथा कर्मचारीलाई वित्तीय सुशासनमा रहन कार्य विवरणमा समावेश गर्नुपर्ने, संचालक समितिका अध्यक्ष, सदस्य र कोषाध्यक्ष विच आन्तरिक सामन्जस्यता हुनुपर्ने, अनुगमन तथा मूल्याकंन प्रणाली सुदृढीकरण हुनुपर्ने, पद्धति र प्रविधिको विकास गरी कार्य प्रणालीमा आधुनिकीकरण गर्नुपर्ने लगायतमा सुधार गर्नुपर्ने देखिन्छ। त्यस्तै संगठित संस्था, प्रतिष्ठान लगायतमा कार्यकारी प्रमुख तथा जिम्मेवार पदमा नियुक्ति गर्दा जवाफदेहिताको स्तरमापन गर्न बेरुजु, अनियमितता, कर चुक्ता जस्ता विषयको मूल्यांकन गर्ने व्यवस्था गर्नुपर्दछ।

७.६ **वित्तीय व्यवस्थापनः** बोझिलो संगठन, तलब, भत्ता, कार्यालय संञ्चालन लगायतका चालु प्रकृतिका कार्यमा बढ्दो खर्च, साँवा ब्याज भुक्तानीको बोझ, पुरानो प्रविधिको प्रयोगबाट उत्पादन तथा सेवाको लागतमा वृद्धि, क्षमताको

न्यून उपयोगलगायतका कारणले आम्दानीको तुलनामा खर्चको भार बढ्दै गएको छ। अल्पकालीन कर्मचारी सुविधा बढाई भविष्यमा भुक्तानी गर्नुपर्ने रकमको व्यवस्था नगरिँदा सार्वजनिक संस्थानहरुले दीर्घकालमा भुक्तानी गर्नुपर्ने दायित्व अन्ततः नेपाल सरकारलाई नै पर्न जाने अवस्था छ। खर्चमा मितव्ययिता, उत्पादन क्षमताको अधिकतम उपयोग, आम्दानी र कार्य सम्पादन सूचकको आधारमा सुविधामा बृद्धि गर्ने, दैनिक कार्य सञ्चालनमा पारदर्शिता एवं जवाफदेहिता अभिवृद्धि गरी संस्थागत सुधारमा सबै सरकारी संस्था लगायत सरोकालवालाको सक्रिय सहभागिता रहनुपर्ने अवस्था छ।

७.७ **वित्तीय जवाफदेहिताः** प्रचलित कानुनमा तोकेबमोजिम प्रत्येक वर्ष लेखापरीक्षण गर्ने, सम्बन्धित संस्थाले तयार गरेको वित्तीय विवरण नियमन निकायले परीक्षण गरी आवश्यक निर्देशन दिने, सम्बन्धित संस्थाको कार्यक्षेत्र समीक्षा गर्ने, समयमा नै लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग गर्ने र विगत वर्षको लेखापरीक्षण समयमा नै गरी देखिएका व्यहोरा फरफारक गरी वित्तीय जवाफदेहितामा अभिवृद्धि गर्नुपर्ने देखियो।

७.८ **वस्तु तथा सेवाको मूल्य निर्धारणः** संगठित संस्थाबाट सरकारले मूल्य अभिवृद्धि कर, आयकर तथा वोनस संकलन गर्ने गरेकोमा संस्थालाई बजार मूल्यअनुसार सेवा शुल्क तोक्न स्वतन्त्रता प्रदान नगरेको र कतिपय संस्था विगतदेखि घाटामा सन्चालन भएकोमा संस्था सुदृढीकरणको लागि थप पहल नगरेको कारण सरकारको लगानीको तुलनामा प्रतिफल न्यून रहेको छ। सरकारकोतर्फबाट त्यस्ता संस्थाले आम जनतामा पुऱ्याएको सेवा र अर्थतन्त्रमा गरेको योगदानको मूल्यांकन एवं लगानीको समीक्षा गरी व्यवस्थापनमा सुधार गर्ने वा अन्य उपयुक्त विकल्प अवलम्बन गर्नु जरुरी छ।

७.९ **निर्माण कार्यमा समन्वयः** वित्तीय व्यवस्थापनसंग सम्बन्धित विषयमा सरकारी तथा अन्तरसंस्थान समन्वय गरी सूचना आदान प्रदान गर्ने संयन्त्रको विकास हुनुपर्ने, एकै स्थानमा गरिने विकास निर्माण कार्यहरु जस्तै विद्युत प्राधिकरण, नेपाल टेलिकम, खानेपानी संस्थान, काठमाडौं उपत्यका खानेपानी लिमिटेड लगायतका निकायहरुले कार्य गर्दा अन्तरसमन्वय गरी संचालन गर्नुपर्ने, अन्तरमन्त्रालय तथा अन्तरसंस्थाको संचार प्रणालीमा सुदृढीकरण गरी सबै संस्थानलाई एकीकृत ढंगबाट नीति निर्देशन जारी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

७.१० **सेवा प्रवाहः** जन सरोकारसंग सम्बन्धित खानेपानी, बिजुली, खाद्यान्न, दुग्ध पदार्थ, बीउ बिजन, रासायनिक मल, आवास, लगायतका आधारभूत सेवा प्रदान गर्ने संस्थानको कार्यशैलीमा आधुनिकता ल्याउनु पर्ने आवश्यकता छ। त्यस्तै सेवाको लागतमा कमी ल्याई विद्युतीय प्रणालीबाट प्रवाह गर्न संरचनात्मक सुधारलाई जोड दिनुपर्दछ। आधुनिक सूचना प्रविधि, सेवामा टोकन प्रणाली, ई-सेवा मार्फत भुक्तानी प्रणालीमा सुधार, अन्तरसञ्जाल सूचनाको उपयोग तथा वेभसाइट लगायतका प्रविधिको उपयोग गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र छिटो छरीतो पार्नुपर्दछ।

# अर्थ मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### कर्मचारी सञ्चयकोष, २०७६/७७

#### लेखापरीक्षकको राय

हामीले कर्मचारी सञ्चयकोषको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कोषको वित्तीय विवरणले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

#### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **विमान खरिद कर्जाः** नेपाल वायुसेवा निगमसँग २०७४।२।२८ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमान खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले रु.१२ अर्ब ऋण प्रवाह गरेकोमा निगमले २०७६ को तेश्रो त्रैमासदेखि ब्याज भुक्तानी नगरेको र सोही ब्याज संचय कोषद्वारा पुँजीकरण गर्ने भनी संचालक समितिको निर्णय अनुसार सांवा रकम बढेर रु. १४.१५ अर्ब पुगेको छ। ठूला र दीर्घकालिन परियोजनाहरुमा लगानी गर्दा विस्तृत अध्ययन, जोखिम विश्लेषण, परियोजनाको सबल तथा दुर्बल पक्षहरु र कर्जा लिनेको व्यावसायिक योजना जस्ता विपयहरूमा अध्ययन, विश्लेषण र मूल्यांकन पश्चात मात्र कर्जा प्रवाह गर्नुपर्नेमा सो नगर्दा कोषको कर्जा रकम उठ्न नसक्ने जोखिम विद्यमान छ।

२. **जलविद्युत क्षेत्रको कर्जाः** मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड, माथिल्लो तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड र सान्जेन जलविद्युत कम्पनी लिमिटेडमा कोषले रु. ३१ अर्ब ४७ करोड ४९ लाख कर्जा लगानी गरेको छ। ती कम्पनीसँग ऋण सम्झौता गर्दा आयोजना निर्माण अवधि कर्जाको पहिलो किस्ता प्रवाह भएको मितिले ५ वर्षको हुने, सोपछि ऋण भुक्तानी शुरु हुने र अर्को १० वर्षमा सम्पूर्ण ऋण भुक्तानी भइसक्ने उल्लेख छ। ती आयोजनाको निर्माण अवधि बढ्न गई क्रमश ८, ९ र १० वर्ष पुग्ने तथा लागत समेत बढ्ने अवस्था छ। तर ऋण भुक्तानी तालिकामा पर्ने प्रभाव, संशोधित लागत अनुमान र संशोधित लागतले ऋण पुँजी अनुपातमा पर्ने प्रभाव बारे अध्ययन भइरहेको भएपनि सो अध्ययन अनुसार आवश्यक निर्णय गरि सकेको देखिएन।

३. **भाडा असूलीः** कोषको स्वामित्वमा काठमाडौं, सुन्धारामा रहेको घर भाडामा लगाउने सम्बन्धी सम्झौतामा भाडामा लिनेसँग २०७७ आषाढसम्ममा भाडा र जरिवाना गरी रु. २२ करोड ५१ लाख उठाउन बाँकी रहेको र सोको असुलीको लागि निज विरुद्ध काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर गरेको देखिन्छ। सोही भवनको अर्को एक भाडावालाको सम्झौता २०७२ आश्विनमा रद्द गरेकोमा उठन बाँकी भाडा रकम रु. १० करोड ८३ लाखमा भाडावालाले भवनमा जोडेको उपकरण तथा संरचनाहरूको मूल्याङ्कन रू. १ करोड ५९ लाख समायोजन गरि रू. ९ करोड २४ लाख उठाउन बाँकी रहेको छ।

४. **बैङ्क हिसाब भिडानः** कोषको स्रेस्ताले देखाएको र बैङ्कले देखाएको मौज्दात भिडान गर्न बैङ्क हिसाव मिलान विवरण तयार गर्नुपर्दछ। बैङ्क मौज्दात भिडान नभएको रकम २०७३।७४ सम्म रु. १ अर्ब ९० करोड ८८ लाख, २०७४।७५

सम्म रु.१ अर्ब ९७ करोड १६ लाख तथा २०७५।७६ सम्म रु. १ अर्ब ५४ करोड २८ रहेकोमा यस आर्थिक वर्षको अन्त सम्ममा सोको अवस्था निम्न अनुसार रहेको छः

*रु. हजारमा*

| मिलान नभएको रकम | | | |
|---|---|---|---|
| लेजर डेबिट पेन्डिंग | लेजर क्रेडिट पेन्डिंग | बैंक स्टेटमेन्ट डेबिट पेन्डिंग | बैंक स्टेटमेन्ट क्रेडिट पेन्डिंग |
| ५०७,७२४ | २,८६८,५२२ | १०,४०८,९५३ | १०,८८१,७१० |

५. **संचयकर्ता खाता**ः कोषले पूर्ण विवरण नआएका वा विवरणमा अपूर्ण वा द्विविधा भएका संचयकर्ताको सम्बन्धमा अस्थाई संचयकोष नम्बर कोड सिर्जना गरी सो खातामा प्रविष्ट गर्ने गरेकोमा कोषको २०७६/७७ को अन्त्य सम्ममा अस्थाई संचयकर्ता खातामा संख्या जम्मा १९,७२२ रहेको पाइयो भने २०७६/७७ को अन्तमा बेचालु कोषमा रकमान्तर गरिएका अस्थायी खाताहरू ४५,८६३ रहेको पाइयो।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## लेखापरीक्षणको मुख्य विषय (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषय (Key Audit Matters) हरु त्यस्ता विषयहरु हुन, जुन हाम्रो ठहरमा, कोषको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढि अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षणको मुख्य विषयको रूपमा निर्धारण गरेका छौं।

| क्र.सं | लेखापरीक्षणको मुख्य विषय | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|---|
| १. | **लगानी मूल्यांकन, पहिचान, र क्षयीकरणः**<br>कोषको लगानीको रुपमा सरकारी ऋणपत्र, ट्रेजरी बिल्स, विकास ऋणपत्र, अन्य ऋणपत्र र सुचिकृत नभएका इक्विटी उपकरणमा गरिएको लगानी रहेको छ। उल्लेखित लगानीहरूको मूल्याङ्कन नेपाल लेखामान ३९ नेपाल वित्तीय प्रतिवेदन मान ९ को आधारमा गरिएको छ। सरकार र नेपाल राष्ट्र बैंकको ऋणपत्र तथा ट्रेजरी बिल्समा भएको लगानीलाई परिशोधन (Amortization) लागतको आधारमा मूल्याङ्कन गर्नु पर्दछ भने व्यापारिक प्रयोजनका लागी गरिएका लगानी बाहेक अन्य इक्विटी उपकरणलाई उचित बजार मूल्य (Fair Value) मा मूल्याङ्कन गरी अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गर्नु पर्दछ।<br>नगद प्रवाहको प्रकृतिको आधारमा लगानीको मूल्याङ्कन गर्ने विधिको विविधता, गणनाको जटिलता र यस्तो लगानीमा संलग्न रकमको महत्वको आधारमा हाम्रो लेखापरीक्षणमा यसलाई लेखापरीक्षणको मुख्य विषय (Key Audit Matter) को रूपमा लिइएको छ। | लगानीको पहिचान, मूल्याङ्कन र क्षयीकरण को परिक्षण प्रक्रियाको सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्धती निम्नअनुसार रहेको छः<br>• नेपाल लेखामान बोर्डद्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदनमानको आधारमा बैंकको लगानी र यसको मूल्यांकनको समीक्षा।<br>• उपलब्ध प्रमाण तथा परिस्थितिको आधारमा लगानीको अपेक्षित नगद प्रवाहको प्रकृति तथा Business Model को मूल्याङ्कन तथा सोको आधारमा व्यवस्थापनले सो लगानीको वर्गीकरण गरेको कुराको नित्र्यौल।<br>• प्रशोधित लागतको आधारमा गरिएको मूल्यांकनको परिक्षण गर्दा हामीले EIR र Amortization schedule को नमुनाको आधारमा परीक्षण गरेका छौं।<br>• सुचिकृत लगानीहरुलाई नेपाल स्टक एक्सचेन्जले २०७७ आषढ मसान्तमा प्रकाशित गरेको अन्तिम कारोबार मुल्यको आधारमा मूल्यांकन गरि अन्य विस्तृत आम्दानीको विवरणमा समावेश गरेको तथा सुचिकरण नभएका इक्विटी उपकरणलाई अंकित मूल्यमा मूल्यांकन गरको कुरा को यकिन गरिएको छ। |
| २. | **कर्जा तथा सापटीको क्षयीकरणः**<br>कोषको लगानी नीति अनुसार कर्जाको भाका नाघेका समयका आधारमा तोकिएको दरमा नोक्सानी व्यवस्था | कर्जा तथा सापटीहरुको क्षयीकरणको निर्धारण तथा परिक्षणको सम्बन्धमा हाम्रो लेखापरीक्षण पद्धती निम्नअनुसार रहेको छः<br>• संस्थाको प्रणालीबाट निकालिएको भाका नाघेका कर्जाको |

| | | |
|---|---|---|
| | गर्नुपर्दछ भने नेपाल लेखामान ३९ को दफा ६३ अनुसार Incurred Loss Model अनुसार क्षयीकरण व्यवस्था गर्नुपर्दछ।<br>नेपाल लेखामान ३९ र नेपाल वित्तीय प्रतिवेदन मान ९ अनुसार बक्यौता रकम अर्थपूर्ण (Significant) भएको कर्जा तथा सापटीलाई एकल क्षयीकरण गर्नु पर्दछ भने अन्य कर्जा तथा सापटीलाई सामुहिक क्षयीकरण गर्नु पर्दछ।<br>एकल क्षयीकरण गर्दा सम्पत्तीको किताबी मूल्य र त्यसबाट भविष्यमा प्राप्त हुने रकमको Present Value को भिन्नताको आधारमा क्षयीकरणको मापन गरिन्छ।<br>सामूहिक क्षयीकरण नोक्सानीको मूल्याङ्कन गर्दा कोषले चुक हुने सम्भावना, रकम प्राप्त हुने समय र व्यहोरेको नोक्सानीको ऐतिहासिक प्रवृत्तिको statistical modeling को प्रयोग गरी matrix तयार गर्दछ र सोमा हालको आर्थिक तथा कर्जाको वातावरण वा अवस्थाको समायोजन गरी अनुमानित क्षयको निर्धारण गर्दछ। चुक हुने दर, नोक्सानी दर तथा असूल हुने समयहरुमा नियमित रुपमा अद्यावधिक गरिन्छ।<br>कर्जा तथा सापटीको क्षयीकरणको निर्धारणको लागी सो सम्पत्तिबाट भविष्यमा प्राप्त हुने रकम, कर्जा पोर्टफोलियोमा व्यहोरेको नोक्सानीको ऐतिहासिक तथ्यांक आवश्यक पर्दछ भने कोषको लगानी नीति अनुसार कर्जाको नोक्सानी व्यवस्था गर्दा कर्जा तथा सापटीको भाका नाघेका समयको तथ्यांकको मूल्याङ्कन आवश्यक पर्दछ। यस कारण व्यवस्थापानको लागि Incurred Loss Model र कोषको लगानी नीति अनुसार क्षयीकरणको निर्धारणका लागि चाहिने सूचनाको उपलब्धता र सोको शुद्धतालाई लेखापरीक्षणको मुख्य विषयको रूपमा लिइएको छ। | तथ्याङ्कको समीक्षा तथा निक्र्यौल।<br>• एकल रुपमा अर्थपूर्ण (Significant) कर्जा तथा सापटीहरुबाट भविष्यमा प्राप्त हुने रकम निक्र्यौल गर्दा धितोबाट प्राप्त हुन सक्ने रकमको सन्दर्भमा व्यवस्थापनले गरेको अनुमानलाई आधार लिइएको छ।<br>• कर्जाहरुको वर्गिकरण कर्जाको उद्देश्य तथा प्रकृतिको आधारमा भए नभएको यकिन गरिएको छ तथा कोषले कर्जामा व्यहोरेको नोक्सानीको ऐतिहासिक तथ्यांकहरुलाई कोषको प्रणालीबाट निकालिएको भाका नाघेका कर्जाको विवरण तथा तोकिएको समुहको नोक्सानी व्यवस्थाको विगतको तथ्यांकहरुको आधारमा निक्र्यौल गरिएको छ। |
| | **सूचना प्रविधि नियन्त्रण प्रणालीः**<br>कारोबरको लेखांकन तथा हिसाब, व्यवस्थापन तथा विभिन्न सम्बद्ध निकायहरुलाई आवश्यक प्रतिवेदनहरु बनाउनको लागि आवश्यक नियन्त्रण प्रणाली कोषको महत्वपुर्ण प्रक्रिया हो। त्यस्ता प्रतिवेदनहरु कोषको सफ्टवेयरको प्रभावकारीतामा निर्भर रहन्छ।<br>कुनै पनि नियन्त्रण असफलता, validation failures, गलत तथ्यांकको इन्ट्रि तथा तथ्यांकको गलत extraction ले गर्दा व्यवस्थापन, शेयरधारक र नियामक निकायहरुलाई गलत रिपोर्टिंग हुन सक्ने भएको कारण हामीले यसलाई हाम्रो लेखापरीक्षणको मुख्य कुरा मानिएको छ। | हाम्रो लेखापरीक्षण पद्धती कोषका सूचना प्रविधि नीति तथा असल अभ्यासहरुमा आधारित छ जुन निम्नअनुसार रहेको छः<br>• कोषद्वारा विभिन्न ग्राहकहरुको लागि आपनाइएको Coding प्रणालीको बुझाइ।<br>• कोषको सूचना प्रविधि प्रणाली मा तथ्यांकको इन्ट्रि तथा सोको आधारमा वित्तीय जानकारीको extraction बारेको बुझाइ।<br>• कोषको नियम नीतिमा कुनै परिवर्तन हुँदा प्रयोगकर्ताका आवश्यकताहरूको जाँच गर्ने।<br>• प्रणालीबाट उत्पन्न भएका प्रतिवेदनलाई नमुना छनौटबाट जाच गर्ने। कर्जा र कोष सम्बन्धमा ब्याज आम्दानी र खर्च हिसाव प्रमाणीकरणको लागि हामीले कोषको सफ्टवेयरको नमुनाको आधारमा परीक्षण गरेका छौं।<br>• हामी कोषद्वारा गरिएको सूचना प्रविधि लेखापरीक्षणमा निर्भर रहेका छौं। |

**अन्य सुचनाहरुः**

अन्य सुचनाहरुप्रतिको उत्तरदायित्व कोष व्यवस्थापनको हो। अन्य सुचनाहरुले वित्तीय विवरण तथा सोमाथिको हाम्रो प्रतिवेदन बाहेकका कोषको वार्षिक प्रतिवेदनमा उल्लेखित सूचनाहरुलाई जनाउंदछ। उल्लेखित वार्षिक प्रतिवेदन यस

लेखापरीक्षण प्रतिवेदनको मितिभन्दा पछाडि उपलब्ध हुने अपेक्षा रहेको छ।

कोषको वित्तीय विवरण उपर हाम्रो रायले त्यस्ता अन्य सूचनाहरुलाई समावेश गर्दैन र हामीले ती अन्य सूचनाहरु उपर कुनै निष्कर्श प्रदान गर्दैनौं।

वित्तीय विवरणको लेखापरीक्षणको सन्दर्भमा हाम्रो उत्तरदायित्व अन्य सुचनाहरु प्राप्त भएपछि अध्ययन गर्नु र यसो गर्दा त्यस्ता सुचनाहरु वित्तीय विवरण तथा लेखापरीक्षणको सिलसिलामा प्राप्त जानकारीसँग गहन रुपले फरक नरहेको तथा गलत प्रदर्शित नभएको बारे विचार गर्नु हो।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कोषको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कोषलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कोषको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा

हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नागरिक लगानी कोष, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नागिरक लगानी कोषको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कोषको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **बैंक हिसाब मिलानः** नागरिक लगानी कोषको केन्द्रीय कोषतर्फ २०७७ असार मसान्तमा विभिन्न १४ वटा बैंकका ४१ बैंक खातामा कोषको लेखा अनुसार लेजर मौज्दात रु. १,५९,१८,५८,८५९.६१ देखिए तापनि बैंक स्टेटमेन्ट अनुसारको रु. १,४०,०७,८८,८३६.७८ रहेकोमा सो फरक बैंक मौज्दात हिसाब भिडान गरेको पाइएन। नागरिक लगानी कोषको केन्द्र तर्फको हिसाबमा २९ बैक खाताहरुमा रु. २,४४,८१,२२,४७८.०३ मौज्दात् (डेविट) रहेकोमा १२ बैंक खाताहरुमा रु. ८५,६२,६३,६१८.४२ ऋणत्मक (क्रेडिट) मौज्दात रहेको छ र सो ऋणत्मक (क्रेडिट) मौज्दात समायोजन गरि खुद डेविट बैक मौज्दात रु. १,५९,१८,५८,८५९.६१ वित्तीय विवरणमा प्रस्तुत गरिएको छ। यसै गरि नागरिक लगानी कोषले संचालन गरेका विभिन्न योजनाहरुतर्फको वित्तीय विवरणमा १४४ बैक खाताहरुमा रु. १५,४६,१०,५२,४३८.९७ मौज्दात् (डेविट) रहेकोमा ४२ बैंक खाताहरुमा रु. ११,९३,४४,२४,८८८.५८ ऋणत्मक (क्रेडिट) मौज्दात रहेको र सो ऋणत्मक (क्रेडिट) मौज्दात् समायोजन गरि खुद डेविट बैंक मौज्दात रु. ३,५२,६६,२७,५५०.३९ योजना तर्फका वित्तीय विवरणमा प्रस्तुत गरिएको छ।

२. **लगानीः** नेपाल वायु सेवा निगमसँग २०७४.०२.२९ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडि बीमानको खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत बृद्धि अवकाश योजनाबाट रु. १२ अर्वको दिर्घकालिन ऋण प्रवाह गरेको छ। निगमसँग २०७७ असार मसान्त सम्म पुँजीकृत गरिएको व्याज रकम रु. १,८१,७३,५५,८००।- समेत गरी जम्मा रु. १३,८१,७३,५५,८००।- ऋण लगानी देखिएको छ। सम्झौता बमोजिम उक्त बीमानको टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नु पर्ने व्यवस्था रहेकोमा सोको पालना भएको छैन।

माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनीमा कोषले कर्मचारी बचत बृद्धि अवकाश योजनाबाट गरेको रु. २.८ अर्वको ऋण लगानी तथा रु. २१,९७,४२,५००।- को शेयर लगानीको प्रतिफल शुन्य रहेको छ। कोषले उक्त कम्पनीसँग २०७७ असार मसान्तमा कर्जा र सोको व्याज रु. १,९१,८०,६२,४५०।- समेत गरि रु. ४,७१,८०,६२,४५०।- ऋण

लगानी देखाएको छ। कोषले १५ वर्षको लागि गरेको ऋण सम्झौताको अवधिमध्ये १० वर्ष परियोजना निमार्ण कार्यमै व्यतीत भै सकेको छ। ऋण लगानीको शर्त अनुसार बाँकी ५ वर्षभित्र उक्त ऋण चुक्ता हुने अवस्था रहेको छैन। आर्थिक वर्षको अन्त्यमा लिनु पर्ने देखाएको मौज्दात सम्बन्धित संस्थाले समर्थन गरेको पत्र लिएको पाइएन।

कर्मचारी बचत बृद्धि अवकाश योजनाबाट नेपाल वायु सेवा निगम तथा माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनीमा गरिएको उक्त ऋण लगानीको सावा रकममा नेपाल सरकारको जमानत रहेता पनि व्याज रकममा भने जमानत नरहेको, लेखांकन गरिएको आम्दानी प्राप्त हुने विश्वशता समेत नरहेको साथै समान्य लेखा सिद्दान्तको विवेकि अवधारणा (Prudence Concept) को आधारमा प्राप्त नभएको व्याज रकम आय लेखांकन गरि आम्दानी अनावश्यक रुपमा बृद्धि हुन नदिन ऋण लगानी बाट नगद प्राप्त नभएको ब्याज रकम नेपाल वायु सेवा निगम तथा माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनीमाको रु. १,८१,७३,५५,८००।- र रु. १,९१,८०,६२,४५०।- समेत रु. ३,७३,५४,१८,२५०।- को शत प्रतिशत शंकास्पद व्यवस्था गर्नुपर्ने हाम्रो राय रहेकोमा क्रमशः रु. ३६,३४,७१,१६०।०० र रु. १,१३,२४,०६,१६६।- समेत रु. १,४९,५८,७७,३२६।- मात्र शंकास्पद व्यवस्था गरिएको छ। उक्त कारणले कर्मचारी बचत बृद्धि अवकाश योजनाको रु. २,२३,९५,४१,९२४।- ले आय बृद्धि भएको छ।

माथि उल्लेखित संस्थाहरुमा ऋण लगानी प्रवाह गर्दा परियोजना तथा सोको प्रक्षेपण गरिएको वित्तीय तथा अन्य सुचांकहरु अध्ययन तथा विश्लेषण सम्बन्धित दक्ष जनशक्तिबाट नहुँदा परियोजनाको प्रस्तावित अवस्था तथा कार्यन्वयनको चरणमा आएको वास्तविक अवस्थामा सारभुत फरक पर्न गएको देखिन्छ।

३. **मुद्दति निक्षेपः** समस्याग्रस्त वित्तीय संस्थामा रहेको मुद्दती निक्षेप (बाँकी साँवा रु. ७३.६४ करोड) मा कायम गरिएको साधारण व्याज दर (४ प्रतिशत) कोष अन्तर्गत सहभागीहरुलाइ दिने प्रतिफल (बीमा कोषको हकमा ६.५ प्रतिशत) भन्दा पनि कम रहेको छ। साथै समस्याग्रस्त भनिएका वित्तीय संस्थाहरु हाल अन्य बैंकहरुमा मर्ज भैसकेका वा सामान्य सञ्चालनमा आई सकेको अबस्थामा पनि उक्त रकम समस्याग्रस्त राखी न्युन व्याज दरमा लगानी गर्नु कोष रकमको औचित्यपुर्ण लगानी भएको पाइएन। समस्याग्रस्त मुद्दती निक्षेप सम्बन्धमा वर्ष अन्त्यमा लिनु पर्ने देखाइएको मौज्दात (कोष तथा योजाना अन्तर्गत देखाइएको रु. ७३.६४ करोड) मा सम्बन्धित संस्थाले समर्थन गरे नगरेको यकिन गर्न समर्थन पत्र लिएको पाइएन।

४. **नेपाल राष्ट्र बैंकसंगको कारोवारः** बचत पत्रमा प्राप्त व्याज आम्दानी नेपाल लेखामान १८ बमोजिम प्रोदभावी आधारमा लेखांकन गर्नु पर्नेमा कोषले गत विगत वर्ष देखिनै नगद आधारमा आम्दानी लेखांकन गरेको पाइयो। राष्ट्रिय बचत पत्र र नागरीक बचत पत्रको अवधि पुरा तथा समाप्त भैसक्दा पनि विगत वर्षहरु देखिनै नेपाल राष्ट्र बैंक संग सोधभर्ना लिन बाँकि देखिएको रकम रु. १,५०,४७,६०३.९८ यथावत रहेको छ। उक्त मौज्दात अन्तर्गत ऋणत्मक मौज्दात (तिर्नु पर्ने) रकम रु. ४,९२,४३८.४६ समेत समावेश गरिएको छ। लिनु पर्ने देखाइएको मौज्दात रकम राष्ट्र बैंकसँग सोधभर्ना लिनु पर्ने तथा तिर्नु पर्ने देखाइएको रकम वास्तवमा तिर्नु पर्ने रहेको वा आम्दानी लेखांकन छुटेको यकिन गरि लेखा अध्यावधिक गर्नु पर्ने देखिन्छ। कोषको लेखामा पाउनु पर्ने रु. २,५१,३१०।- तथा तिर्नु पर्ने रु. १,३६,६९१.२५ गरी कुल रु. १,१४,६१८.७५ मौजदात राष्ट्र बैंकको विवरण सँग फरक परेको पाइयो।

५. **प्रस्तावित वोनस तथा लाभांशः** चालु आर्थिक वर्षमा खुद मुनाफा रु. ६१,९६,७०,५८९।- आर्जन गरेकोमा संचालक समितिले शेयरधनिहरुलाई ९ प्रतिशत बोनस शेयर र ८.८९४७ प्रतिशत नगद लाभांश प्रस्ताव गरेको छ। त्यस्तै कर्मचारीहरुलाई नाफामा आधारित रु. ४,१३,६५,३७७।- कर्मचारी वोनस व्यवस्था गरेको पाईयो। केन्द्रीय कोषले अन्य योजनाहरु व्यवस्थापन गरेवापत नियमानुसार प्राप्त गर्ने सेवा शुल्क कोषको मुख्य आम्दानीको श्रोत रहेको छ। कोष तथा कोष अन्तर्गतका योजनाहरु वीचको लेनदेन भिडान नभएको, बैक खाताहरु भिडान नभएको तथा ऋणात्मक रहेको अवस्थामा कोषले सो हिसाब भिडान नगरि वोनस शेयर, नगद लाभांश तथा कर्मचारी बोनस बितरण गरेको छ। उक्त हिसाब भिडानको लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको

लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## लेखा परीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

संस्थाको वित्तीय विवरणको लेखा लेखापरीक्षणलाई असर गर्ने प्रमुख विषयहरु लेखा परीक्षणको मुख्य विषयको रुपमा लिइएको छ। यस्ता प्रमुख विषयहरु लेखापरिक्षण तथा सोको राय व्यक्त गर्दा समग्रमा लिइएको छ, साथै उक्त प्रमुख विषयहरुका लागि बैग्लै राय व्यक्त गरिएको छैन। लेखापरिक्षणका यी प्रमुख विषयहरु देहाय बमोजिम पहिचान गरि, लेखा परीक्षण गरिएको छः

| लेखा परीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| १. **लगानीको पहिचान, मापन तथा क्षयीकरणः** संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट्र बैंकको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ।<br>लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखा परिक्षणमा प्रमुख बुँदाकोरुपमा लिइएको छ। | • लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समीक्षा गरीएको।<br>• संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाह को समिक्षा गरीएको।<br>• सुचिकृत लगानीको मापन २०७७ आषढ ३१ को बजार मुल्य बमोजिम रहे नरहेको चेक जाँच गरिएको, तथा सुचिकृत नरहेको लगानीको मुल्यांकन परल मुल्यको आधारमा गरिएको। |
वित्तीय विवरणमा उल्लेखित रकम र खुलासा गरिएका सूचना लगायत अन्य विवरणका बारेमा पुष्ट्याइँ गर्ने, एथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधि वित्तीय विवरण जालसाजी वा त्रुटिको कारण सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मुल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणबाट जोखीम मुल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यर्थाथ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारे परीक्षण गरिएको छ तापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणलीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । व्यवस्थानपनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेको लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता साथै वित्तीय विवरणको समग्र स्थितिको मुल्याङ्कन गर्ने कार्य समेत लेखापरीक्षकको जिम्मेवारी अन्तर्गत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भने कुरामा हामी विश्वस्त छौ ।

**अन्य कानुनी तथा नीयमक आवश्यत्ताको उपर प्रतिवेदन**

**८ कम्पनी ऐन, २०६३ बमोजिमको थप व्यहोरा**

कम्पनी ऐन, २०६३ बमोजिम देहाएका व्यहोराहरु प्रमाणित गर्दछौ :

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टीकरण प्राप्त गर्‍यौं ।

ख) कम्पनी ऐन, २०६३ अनुरुप कम्पनीले आफ्नो करोवारको यर्थाथ स्थिति स्पष्ट हुनेगरी लेखा राखेको छ ।

ग) संलग्न वित्तीय स्थितिको विवरण , नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सारभूत रुपमा प्रचलित कानुन बमोजिम निर्धारण गरिएको लेखमान अनुरुप तयार भएको छ र त्यस्ता विवरणहरु सारभूत रुपमा कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ ।

घ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुनविरुद्ध लेखासँग सम्बन्धित कुनै काम काज गरेको तथा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरुको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

**९ अन्य कानुनी विषय**

हाल नेपाल राष्ट्र बैंकले नेपाल स्टक एक्सचेञ्जको १४.६ प्रतिशत शेयर धारण गरेको छ । नेपाल राष्ट्र बैंक ऐनको दफा ७ (२) अनुसार नेपाल राष्ट्र बैंकले यस कम्पनीको शेयर धारण गर्न सक्ने अधिकतम सिमा १० प्रतिशत मात्र रहेको छ । अतः सो लाई कानुनले निर्दिष्ट गरेको सिमा भित्र ल्याउने तर्फ सम्बद्ध पक्षको ध्यान जानु उपयुक्त देखिन्छ ।

## राष्ट्रिय बीमा संस्थान, २०६९/७०

### कैफियत सहितको राय :

हामीले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको, यसैसाथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं, जसमा २०७० साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त भएको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

तल कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक, संलग्न वित्तीय विवरणहरु राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको आषाढ ३१, २०७० को वित्तीय अवस्था र सो आर्थिक वर्षको संचालन नतिजा एवं नगद प्रवाह विवरण सर्वमान्य लेखा सिद्धान्त अनुरुप रहेका छन् ।

### कैफियत सहितको रायको लागि आधारहरु :

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको "वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् । कैफियत सहितको रायको लागि आधारहरु निम्नानुसार रहेका छन् :

**१. बीमा कारोवार सम्बन्धी आम्दानी तथा खर्चहरु पूर्ण रुपमा यकिन गर्न नसकिएको :**

१.१ यस वर्षको बीमा शुल्क आम्दानी (अन्डरराइटिङ) को लेखापरीक्षणको लागि कुल रु. १,७७,६८,२३९.२० बीमा शुल्क आम्दानी बराबरको ९१ वटा फाइलहरु छनौट गरिएकोमा रु. १,६२,२३,३८९.२० बराबरका ८० वटा फाइलहरु मात्र उपलब्ध गराइएको । बाँकी रु. १५,४४,८५० बराबरको ११ वटा फाइलहरु लेखापरीक्षणको लागि

उपलब्ध हुन नसकेको ।

१.२ यस वर्षको बीमा दाबी भुक्तानीको लेखापरीक्षणको लागि कुल रकम रु. ६,४१,२२,५५४.५९ बराबरको १७४ वटा फाइलहरु छनौट गरिएकोमा रु. २,९९,०२,४१८.९४ बराबरको ८९ वटा फाइलहरु उपलब्ध गराइएको । बाँकी रु. ३,४२,२०,१३५.६१ बराबरको ८५ वटा फाइलहरु लेखापरीक्षणको लागि उपलब्ध हुन नसकेको ।

१.३ राष्ट्रिय बीमा संस्थानले दाबी भुक्तानी अर्न्तगत यस आर्थिक वर्षमा जम्मा रु. २,७२,७०,०४,२४६.९० खर्च लेखाङ्कन गरेको पाईयो । दाबी भुक्तानीमा देखाइएको रकम सम्बन्धित बीमालेखमा भएको वास्तविक दाबी भुक्तानीको अनुरुप लेखाङ्कन गर्नुपर्नेमा आर्थिक वर्ष २०७०/०७१ को बीमालेखहरुको दाबी भुक्तानीको बाँडफाँडलाई आधार मानि विभिन्न बीमालेख अन्तर्गत उक्त खर्च विभाजन गरिएको आधार युक्ति संगत देखिएन जसले गर्दा सम्बन्धित बीमालेखहरु अन्तर्गत उल्लेख गरिएको दाबी भुक्तानी खर्चले यथार्थता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

१.४ जोखिमांकन (Underwriting) गरिएका बीमालेखहरुको बीमा शुल्क आम्दानीको हकमा जोखिमांकन (Underwriting) शाखा र लेखा शाखा बिच बीमालेखहरुको बीमा शुल्क आम्दानीको हिसाब मिलान विवरण तयार गरि शाखाहरु बिच भएको फरक रकमको वास्तविकता यकिन गरि समायोजन गर्ने परिपाटि नरहेको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको रकम बीमा शुल्क आम्दानी रु. २,६४,२६,३१,४१६.६० ले बीमा शुल्क आम्दानीको यथार्थ चित्रण गर्ने अवस्था देखिदैन ।

१.५ दावी भुक्तानी को हकमा दावी भुक्तानी शाखा र लेखा शाखा बिच बीमालेखहरुको दावी भुक्तानीको हिसाब मिलान विवरण तयार गरि शाखाहरु बिच भएको फरक रकमको वास्तविकता यकिन गरि समायोजन गर्ने परिपाटि नरहेको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको रकम रु. २,७२,७०,०४,२४७ ले दावी भुक्तानी खर्चको यथार्थ चित्रण गर्ने अवस्था देखिदैन ।

१.६ यस आर्थिक वर्षमा अभिकर्ता कमिशन खर्च वापत रु. ६,३३,३१,८७९.७३ लेखाङ्कन गरेको भएतापनि सो खर्चको अभिकर्ताको नाम उल्लेख सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि प्राप्त नभएकोले उक्त हिसाबको वास्तविकता यकिन गर्ने आधार नदेखिएको ।

१.७ संस्थानले पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरुप नगरि बीमा शुल्क आम्दानीको १.२५ प्रतिशतले हुन आउने रकम रु. ३,३०,३२,८९३ खर्च व्यवस्था गरेको पाईयो जुन हिसाबले पुनर्बीमा शुल्क खर्चको यथार्थ हिसाब चित्रण गर्छ भन्ने आधार देखिएन । साथै संस्थानले पुनर्बीमा कमिशन वापत प्राप्त हुने आयलाई वित्तीय विवरणमा लेखाङ्कन नगरेको ।

१.८ स्वास्थ्य सेवा शुल्क अन्तर्गत देखाइएको रु. ५१,०६,३४४ बराबरको रकम संस्थानको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परिक्षण बापतको खर्च गरेको भएतापनि सोको बीमालेखहरु अनुरुप विष्तृत विवरणहरु प्राप्त नभएको ।

## २. लगानी

### २.१ लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विवरण प्राप्त नभएको

संस्थानले यस आर्थिक वर्ष सम्म सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटिमा गरेको लगानी रु. १,०७,४८,००,००० बाट प्राप्त आय रु. १२,४९,८९,५२४.९९ लेखांकन गरेको भएता पनि सोको विष्तृत विवरण उपलब्ध नगराएको कारण सो रकमको वास्तविकता लाई पुष्ट्याँई गर्ने आधार नभएको ।

२.२ बैंक तथा वित्तीय संस्थाको कल खाताबाट भएको ब्याज आम्दानी वापत रु. २९,३९,४१,८८९ लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरुबाट प्राप्त भएको ब्याज आम्दानी रकम सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नभएको हुँदा प्रस्तुत गरिएको उक्त ब्याज आम्दानीले यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

२.३ संस्थानले यस आर्थिक वर्षमा अभिकर्ता कर्जाबाट भएको ब्याज आम्दानी वापत रु. ३,०२,९९३ र कर्मचारीलाई दिएको कर्जाबाट भएको ब्याज आम्दानी वापत रु. ६,५४,८३८ लेखाङ्कन गरेको भएतापनि उक्त अभिकर्ता तथा कर्मचारीलाई प्रदान गरेको कर्जाको आयुगत सहितको विष्तृत विवरणहरु उपलब्ध नभएको हुँदा प्रस्तुत गरिएको उक्त ब्याज आम्दानीले यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

२.४ अन्य आय (विविध) शीर्षक अन्तर्गत रु. १८,९०,७७४ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानीको विष्तृत विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.५ बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षक अन्तर्गत रु. १९,०६,६४,७१० लेखाङ्कन गरेको भएतापनि सोको विस्तृत विवरण जस्तै बीमालेखको धितोमा प्रवाह भएको कर्जा, प्राप्त हुनुपर्ने

ब्याज, प्राप्त भएको ब्याज र प्राप्त हुन बाँकी ब्याज खुलेको सम्पूर्ण विवरण उपलब्ध हुन नसकेकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.६ अन्य प्रत्यक्ष आम्दानी शीर्षक अन्तर्गत रु. १,५५,२५,२५४ रकम बीमा शुल्क ढिलो प्राप्त भए वापतको ब्याज आम्दानी भनि लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरुप प्राप्त भएको हो भन्ने कुराको विस्तृत विवरण प्राप्त हुन नसकेकोले सो ब्याज आम्दानीको हिसाब यकिन गर्न नसकिएको ।

२.७ मुद्दती निक्षेप लगानीबाट आय शीर्षक अन्तर्गत संस्थानको यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. १,१६,०३,१९,५९५ लेखांकन गरिएको भएतापनि उक्त लगानी हिसाबसँग सम्बन्धित विस्तृत विवरण उपलब्ध नभएकोले मुद्दती निक्षेप लगानीबाट भएको आयको वास्तविक यकिन गर्न नसकिएको ।

## ३. बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण प्राप्त नभएको :

बीमालेखको धितोमा प्रवाह भएको कर्जा शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. १,८५,२९,३४,६१३ उल्लेख गरिएको भएतापनि कर्जा प्रवाह मिति, उक्त कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नगराइएकोले उल्लेखित रकमले बीमालेखको धितोमा प्रवाह भएको कर्जाको यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

## ४. अभिकर्तालाई कर्जा

यस शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वितीय विवरणमा रु. १,०८,१५,५०० उल्लेख गरेको भएता पनि उक्त कर्जाको शुरुको मौज्दात, यस वर्ष भएको थप रकम, चुक्ता भएको रकम, अन्तिम मौज्दात, उक्त कर्जा वितरण भएको मिति, कर्जाको किसिम आदि खुलाउने आयुगत विवरण उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ५. अल्पकालिन लगानी

### ५.१ समयावधि सकिएको लगाानीको हालसम्म प्राप्त नभएको

संस्थानले समयावधि सकिएको मुद्दती खाताको लगानी रु. १०,७५,००,००० मध्ये, यस आर्थिक वर्षमा रु. ९,००,००,००० रकम रहेको बैंक तथा वित्तीय संस्थाहरुको पहिचान गरी समायोजन गरेको पाईयो भने बाँकी रहेको रु. १,७५,००,००० (तात्कालिन पब्लिक डेभेलोपमेन्ट बैंक हाल ग्लोबल आईएमई बैंकमा रहेको) लगानी संस्थानबाट नै यकिन नभएको । समायोजित लगानी मध्ये सिद्धार्थ बैंकमा रहेको रु. ३,००,००,००० राष्ट्रिय बीमा संस्थान (निर्जीवन बीमा विभाग) को नेपाल इन्भेष्टमेन्ट बैंकमा जम्मा रहेको भनि जानकारी प्राप्त भएतापनि उक्त रकमको सम्बन्धित संस्था राष्ट्रिय बीमा संस्थानबाट (निर्जीवन बीमा विभागबाट) समर्थन पत्र प्राप्त नभएकोले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको । साथै समायोजित अन्य लगानीहरुको हकमा पनि बैंक स्टेटमेन्ट तथा बैंक मौज्दात विवरणहरु लेखापरीक्षणको लागि प्राप्त नभएकोले उक्त रकमहरुको वास्तविकता यकिन गर्न नसकिएको ।

### ५.२ लगानीको आधार स्पष्ट नभएको

मुद्दती खाताहरूमा लगानी गर्दा विभिन्न बैंकहरूबाट प्राप्त गर्न सकिने ब्याज दर, लगानीको सुरक्षा तथा लगानीको समयको आधारमा गर्नुपर्नेमा संस्थानले मुद्दती निक्षेप खाताहरूमा लगानी गर्दा आवश्यक विश्लेषण नगरी लगानी गरेको हुँदा संस्थानलाई नोक्सानी भएको हुन सक्ने सम्भावना नकार्न सकिएन ।

### ५.३ लगानी सम्बन्धी निर्णयको कार्यान्वयन तथा असुल उपरमा भएको ढिलाइको असर

यस आर्थिक वर्षमा संचालक समितिले विभिन्न बैंक तथा वित्तीय संस्थाका मुद्दती निक्षेपमा लगानी गर्ने निर्णय गरेको धेरै दिन पछि लगानी गरेको हुनाले संस्थानलाई नोक्सानी हुन गएको देखिन्छ । साथै संस्थानले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा गरेको रु. ३,७५,३१,२५,००० बराबरको लगानीहरु आर्थिक वर्ष २०६९/०७० मा म्याद समाप्त भैसक्दा पनि सो लगाानी असुल उपरमा भएको ढिलाइको कारणले संस्थानले नोक्सान व्यहोरिरहेको देखिन्छ ।

## ६. अन्य दिर्घकालिन कर्जा

संस्थानले यस वर्षको वित्तीय विवरणमा अन्य दिर्घकालिन कर्जा अन्तर्गत कर्मचारीलाई पेश्की शीर्षकमा रु. २५,२५,७३,४६८ लेखांकन गरेको भएता पनि कर्मचारीहरुलाई प्रदान गरेको कर्जाहरुको आयुगत विष्तृत विवरण उपलब्ध नभएकोले सो रकमको वास्तविकतालाई पुष्ट्याँई गर्ने आधार नभएको ।

## ७. बैंक मौज्दात तथा बैंक सम्बन्धी अन्य विवरणहरु उपलब्ध नभएको

### ७.१ बैंक मौज्दात र बैंक हिसाब मिलाएको अवस्था यकिन नभएको ।

संस्थानले जानकारी गराएको प्रधान कार्यालय अन्तर्गतका कुल ७७ वटा बैंक खाताहरू मध्ये ५९ वटा बैंक खाताहरूको हिसाब मिलान विवरण तयार गरेको । बाँकी १८ वटा बैंक खाताहरूको बैंक हिसाब मिलान विवरण तयार गरेको पाइएन । बैंक हिसाब मिलान विवरण (Bank Reconciliation Statement) तयार गरिएका बैंक खाताहरुको हकमा पनि कुल पहिचान गर्न नसकिएको (Unidentified Figure) रकम रु. ६८,०४,८१,४८५.५२ देखिन्छ । संस्थानको प्रधान कार्यालयमा रहेका विभिन्न बैंक खाताहरुमा रहेको ऋणात्मक मौज्दातको कुल रकम रु. २,००,७६,१०,५०२.०६ ऋणात्मक देखाइएकाले उक्त मौज्दात उचित मान्न सकिने अवस्था नभएको ।

संस्थानले जानकारी गराएको शाखा कार्यलयहरू अन्तर्गतका ११८ वटा बैंक खाताहरुको रु. ६४,३८,१९,७४७.५४ बराबरको हिसाब मिलान हुन बाँकी रकम देखिन्छ, यसमा सस्पेन्स एकाउन्टस् खडा गरी रु. ४९,११४ बराबर को ऋणात्मक मौज्दात देखाएको छ । संस्थानको शाखा कार्यालयहरुको विभिन्न बैंक खाताहरुमा रु ५१,९८,२५,७२६.२३ ऋणात्मक मौज्दात देखाइएको ।

संस्थानको प्रधान कार्यालयको कुल ७७ वटा बैंक खाताहरू मध्ये ४ वटा बैंक खाताको बैंक स्टेटमेन्ट तथा शाखा कार्यालयहरुका कुल ११८ वटा बैंक खाताहरू मध्ये नेपाल बैंक लिमिटेड, सल्यान शाखाको बैंक स्टेटमेन्ट लेखापरीक्षणको लागि उपलब्ध नभएको । साथै विभिन्न बैंक खाताहरुको बैंक मौज्दात पुष्टि गर्ने बैंक मौज्दात समर्थन पत्र उपलब्ध नभएको ।

उपरोक्त अवस्थाका कारण संस्थानको बैंक खाताहरूको संख्या र तिनमा रहेका रकमहरू यकिन गर्न सकिएन तथा यससंग सम्बन्धित कारोबार जस्तै लगानीको हिसाब, पुनर्बीमा संगको हिसाब, कर्जाको हिसाब, अन्य सम्पत्ति, चालु दायित्वको वित्तीय विवरणमा देखाइएको हिसाब यकिन गर्न सक्ने अवस्था देखिदैन ।

## ८. अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

### ८.१ लगानीबाट प्राप्त हुन बाँकी आय

गत वर्ष लगानीबाट प्राप्त हुन बाँकी आयमा रु. २५,४८,५३,५५१.१२ देखिएकोमा यस वर्ष सम्पूर्ण रकम प्राप्त भई सकेको भनि प्रस्तुत गरेको पाईयो । साथै लगानीबाट प्राप्त हुन बाँकी आयको शुरुको मौज्दात, यस वर्ष आर्जन भएको आय र प्राप्त भएको आय तथा प्राप्त हुन बाँकी आयको अन्तिम मौज्दात खुल्ने विवरण संस्थानले उपलब्ध नगराएको हुनाले यस आर्थिक वर्षको लगानीबाट प्राप्त हुन बाँकी आयको रकमको यकिन गर्न सकिएन ।

### ८.२ अन्य बीमाबाट प्राप्त हुन बाँकी (निर्जीवन बीमा विभागबाट प्राप्त हुन बाँकी)

संस्थानले निर्जीवन बीमा विभागलाई गत वर्ष रु. ४२,३४,६०,१५९.३६ दिनुपर्ने भनि देखाएको पाईयो तर यस वर्ष रु. १०,४४,५९,९६०.०४ लिनुपर्ने भनि हिसाब उल्लेख गरेको देखिन्छ भने निर्जीवन बीमा विभागले पनि जीवन बीमा विभागबाट प्राप्त हुन बाँकी रु. ३६,२८,४८,०१२ उल्लेख गरेको देखियो जस अनुसार संस्थानले यस वर्ष निर्जीवन बीमा विभागबाट लिनुपर्ने भनि उल्लेख गरेको हिसाब रु. १०,४४,५९,९६०.०४ को वास्तविकता यकिन गर्न सक्ने आधार नदेखिएको ।

### ८.३ पुनर्बीमकसँगको हिसाब मिलान हुन बाँकी

गत आर्थिक वर्ष जस्तै यस आर्थिक वर्षमा पनि पूनर्बीमकसँग लिन बाँकी रकम रु. १०,०५,००,२१३ नै उल्लेख गरेको पाईयो । पुनर्बीमकहरुसँग लिन बाँकी रकमको विवरण, समर्थन र वर्षानुगत विवरण उपलब्ध गराईएन । संस्थानले पुनर्बीमकसँगको हिसाब मिलान नगरी उक्त रकम विगत वर्षहरु देखि नै अ.ल्या. गर्ने गरेको पाईएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

### ८.४ विविध आसामी

यस शीर्षक अन्तर्गत रु. ४१,८६,३१३ देखाइएको छ । उल्लेखित रकम कुन व्यक्तिबाट कुन वर्ष देखि प्राप्त हुन बाँकी रहेको हो सोको आयुगत विवरण तथा उक्त आसामीको समर्थन पत्र प्राप्त नभएको हुनाले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

### ८.५ अग्रिम आयकर

संस्थानको वित्तीय विवरणमा अग्रिम आयकर रु. २,५२,६०,७४,७३३ उल्लेख गरेको पाईएता पनि उक्त रकमहरुको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध हुन नसकेकोले उक्त रकमको वास्तविकता यकिन गर्न सक्ने आधार नदेखिएको ।

## ९. चालु दायित्वको तथा व्यवस्थाको विवरण उपलब्ध नभएको

## ९.१ अभिकर्तालाई दिन बाँकी

यस वर्षको अन्तिममा अभिकर्तालाई दिन बाँकी हिसाब अन्तर्गत रु. ९,७३,६९५ रहेको देखाईएता पनि भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत सहितको विष्तृत विवरण उपलब्ध नभएकोले सो भुक्तानी गर्न बाँकी रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ९.२ पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी

पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी शीर्षक अन्तर्गत गत वर्ष रु. २७,९०,१२,४५४.५८ रहेकोमा यस वर्षको आर्थिक वर्षको वित्तीय विवरणमा रु. ३१,२०,४५,३४७.२९ लेखांकन गरेको पाइयो । उक्त बृद्धि भएको रकम रु. ३,३०,३२,८९२.७१ यस वर्षको पुनर्बीमा शुल्क वापतको व्यवस्था भनि संस्थानबाट जानकारी गराएतापनि

उक्त पुनर्बीमा शुल्कको गणनाको आधार तथा विस्तृत विरवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ९.३ विविध साहु

विविध साहु अन्तर्गत यस वर्ष रु. १,१८,९२,४९७ देखाइएको भएता पनि उक्त रकमको आयुगत विष्तृत विवरण तथा सम्बन्धित पार्टीबाट समर्थन प्राप्त नभएकाले उक्त रकमको वास्तविकता यकिन गर्न सकिएन ।

## ९.४ तिर्न बाकीं बीमाङ्कीय शुल्क

यस शीर्षक अन्तर्गत गत वर्ष भुक्तानी गर्न बाँकी बीमाङ्कीय सेवा शुल्क रु. ६१,६०,२०८.११ रहेकोमा यस वर्ष रु. ७००,००० ले वृद्धि भइ रु. ६८,६०,२०८.११ रहन गएको देखिन्छ । उक्त थप गरीएको रकम यस वर्षको बीमाङ्कीय सेवा शुल्क वापतको तिर्न बाँकी रकम व्यवस्था गरीएको भनि संस्थानबाट जानकारी गराएतापनि उक्त बीमाङ्कीय शुल्कको गणनाको आधार तथा विस्तृत विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न सकिएन ।

## ९.५ भुक्तानी हुँन बाँकी दाबी बापत व्यवस्था

यस शीर्षक अन्तर्गत रु १,४७,५७,६५,५५८ रहेको पाईयो । उक्त रकम यस वर्षको अन्त्य सम्म भुक्तानी गर्न बाँकी रहेको दाबी भुक्तानी रकम रु. १,२८,३२,७४,३९९ को ११५ प्रतिशतले हुन आउने रकम व्यवस्था गरेको पाईयो । तर संस्थानबाट उक्त भुक्तानी गर्न बाँकी रहेको दाबी भुक्तानी रकमको विस्तृत विवरण प्राप्त नभएको हुँदा उक्त रकमको वास्तविकता यकिन गर्न सक्ने आधार देखिएन ।

भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था गरेको रकम यस आ.व.को अन्त्यमा भुक्तानी हुन बाँकी रहेको यथार्थ दाबीको आधारमा सम्बन्धित बीमा प्रकार अनुरुप बाडफाँड गर्नुपर्नेमा आ.व. २०७०/०७१ को भुक्तानी हुन बाँकी दाबी वापत व्यवस्थालाई आधार मानी व्यवस्था गरेको ।

## ९.५ पेन्सन तथा उपदान व्यवस्था

पेन्सन तथा उपदान व्यवस्था अन्तर्गत यस वर्ष रु. ८१,०२,४०७.१९ भुक्तानी भएको देखिएको छ भने थप रु. १,५०,००,००० व्यवस्था गरेको छ ।

यद्यपि उक्त गरिएको व्यवस्थाको विस्तृत गणनाको आधार उपलब्ध नभएकोले संस्थानको कर्मचारी नियमावली, २०५४ अनुसार कर्मचारीलाई उपदान, निवृतिभरण, संचित विदा आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने अवस्था देखिएन ।

९.६ कर्मचारी खर्च अन्तर्गत रु. ५,८९,९३,५३२ लेखाङ्कन गरेको पाईएता पनि उक्त रकमलाई पुष्ट्याँई गर्ने सम्पूर्ण कर्मचारीहरुको वार्षिक तलब हिसाब विवरण लेखापरिक्षणको लागि प्राप्त भएन ।

## ९.७ कर्मचारी बोनस व्यवस्था

संस्थानले यस शीर्षक अन्तर्गत यस वर्षको अन्तिम सम्ममा रु. ३,९०,६३,६८१.८१ व्यवस्था गरेको देखिन्छ । यस आर्थिक वर्ष रू. १,५३,१५,०८३.९५ कर्मचारी बोनस छुट्याइएको पाईयो तथापि संस्थानको आय व्ययको उचित लेखाङ्कन नभएको अवस्था तथा विभिन्न सम्पत्तिमा सम्भावित नोक्सानीका लागि प्रचलित लेखा सिद्धान्त अनुसार यथेष्ट खर्च व्यवस्था नगरी बोनस को लागि व्यवस्था गर्नु उचित देखिएन ।

## ९.८ तिर्न बाँकी आयकर

संस्थानले यस शीर्षक अन्तर्गत यस वर्ष अपर तामाकोशी हाईड्रोपावर लिमिटेडमा गरेको कर्जा लगानीबाट आर्जित ब्याज रकम रु. ६,४१,६२,६७९ लाई आयकर प्रयोजनको लागि आय गणना गरेको पाईएन जसले गर्दा यस वर्ष आयकर वापत व्यवस्था गरेको रकमले वास्तविक आयकर दायित्वको चित्रण गर्ने अवस्था नदेखिएको ।

## १०. जगेडा तथा बचत

संस्थानले यस शीर्षक अन्तर्गत पूंजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा गत वर्षकै रकम क्रमशः रु. ९०,५८५, रु. ३३,७४६,५५९ र रु. ६,५००,००० देखाएको पाईयो । उक्त रकम जगेडा कोषबाट छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्ष खुल्ने विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ११. स्थिर सम्पत्तिको विवरण प्राप्त नभएको

संस्थानले आफ्नो वित्तीय विवरणमा रु. ३,९८,००० को जग्गा तथा रु. ६५,३९,९६५ को भवन (परल मुल्य) उल्लेख गरेको भएतापनि उक्त सम्पत्तिहरुको पुष्ट्याँई गर्ने कागजात प्राप्त नभएकोले संस्थानले वित्तीय विवरणमा उल्लेख गरेको जग्गा तथा भवन संस्थानको स्वामित्वमा रहे या नरहेको यकिन गर्न सकिएन ।

## १२. लेखासँग सम्बन्धित आधारभूत अभिलेख तथा खाताहरु यथेष्ट रुपमा उपलब्ध नभएको:

लेखासंग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रुपमा नराख्नु, कारोवार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरु पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले मिलान नगर्नु र लामो समयदेखि नमिलेको हिसाब मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु आदि कारणले विद्यमान लेखा प्रणाली अत्यन्तै कमजोर अवस्थामा रहेको देखिन्छ ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनु पर्ने तथा दिनु पर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक गरिएका छैनन् । गोश्वारा हिसावले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरु तयार पारिएका कारण वित्तीय विवरणहरूमा विश्वसनीय भएकोमा यकिन गर्न सकिने अवस्था नभएको साथै संस्थानले प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरुमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरु र आम्दानी तथा खर्चहरुको गणना तथा लेखांकनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रुपमा प्रस्तुत (Adequate Disclosure) गर्ने गरेको पाईएन ।

## १३. संस्थागत कम्प्युटराईज लेखा प्रणाली समय सान्दर्भिक परिमार्जित नभएको तथा सोको लागि आवश्यक Backup तथा अन्य व्यवस्थापन चुस्त नभएको:

संस्थानको दैनिक कार्य सम्पादन (जस्तैः बीमा शुल्क आम्दानीको विवरण, दावी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैले विकास गरेको सफ्टवेयर विगत २३ वर्षदेखि प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्टवेयरको ग्राफिकल युजर इन्टरफेस (Graphical User Interface, GUI) समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्ने कोडको प्रयोग गर्नुपर्ने र सो कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखा बाहेका अन्य शाखाबाट नसकिनुले संस्थानको प्रयोगमा रहेको सफट्वेयरको उपयोगिता तथा प्रभावकारीता एकदमै न्युन रहेको देखिन्छ ।

सफ्टवेयरको सम्पूर्ण जिम्मेवारी संस्थानमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारी बाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप (Backup) राख्न नसक्नु र नगरिनु, ब्याकअप (Backup) व्यवस्थापन का लागि आवश्यक ठोसकार्यहरु जस्तै ब्याकअपहरुको लग नराखिनु, डाटा रिकभरी (Data Recovery) सम्बन्धी कुनै किसिमको लिखित योजना नहुनुले संस्थानको कम्प्युटराइज लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको ।

## १४. सम्बन्धित कानुनी तथा नियमनकारी व्यवस्थाहरुको पालना नगरिएको

एउटै बीमकले जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था भएता पनि यस वर्ष पनि दुवै बीमा व्यवसाय सञ्चालन गर्दै आएको, बीमा ऐन अनुरुप चुक्ता पूँजीको व्यवस्था नगरिएको, आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र साधारणसभा गरिसक्नुपर्ने भएतापनि संस्थानले आर्थिक वर्ष २०६५/०६६ देखि साधारण सभा नगरेको, बीमा ऐनको दफा २६ अनुरुप जीवन बीमा व्ययवसाय गर्ने संस्थाले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको बीमाङ्कीय मुल्याकंन बीमांकीद्धारा गराउनुपर्नेमा बीमाङ्कीय मुल्याकंन समयमा नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बीमा समितिको कार्यालयमा पेश गर्नुपर्ने आवश्यक विवरणहरु पेश नगरिएको, बीमा समितिको परिपत्र अनुसार लगानीको एअरमार्क व्यवस्था नगरेको, कर्मचारी अवकाष कोषको लेखापरीक्षण नगरिएको, बिना ब्याजको ऋण कर्मचारीको करयोग्य आयमा समावेश नगरिएका जस्ता व्यवस्थाहरुको पालना नगरेको ।

राष्ट्रिय बीमा संस्थानले सञ्चालन गर्दै आएको जीवन तथा निर्जीवन बीमा व्यवसाय मध्ये निर्जीवन बीमा व्यवसाय अलग संस्थाबाट सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार (मं.प) को मिति २०७१/०१/२३ तथा माननीय विभागिय मन्त्रीबाट मिति २०७०/१२/०३ मा भएको निर्णयका आधारमा मिति २०७१/०२/२८ गते

कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीको रुपमा दर्ता नं. १२३४८० मा दर्ता भई स्थापना भएको राष्ट्रिय बीमा कम्पनी लि.ले मिति २०७१/०४/१८ गते देखि अलग कारोबार शुरु गर्दै आईरहको भएतापनि यस आ.व. २०६९/०७० मा संस्थानले वित्तीय विवरण जीवन र निर्जीवन व्यवसायको एकिकृत वित्तीय विवरण तयार नगरि छुट्टा छुट्टै तयार गरेको र हाम्रो लेखापरीक्षणको लागि जीवन बीमा विभागको वित्तीय विवरण मात्र प्रदान गरिएको ।

१५. संस्थानले हिसाब किताब अध्यावधिक गरि फरफारक गर्ने कार्य हाम्रो लेखापरीक्षणको प्रतिवेदनको मिति सम्म पनि गरिरहेकोले कैफियतहरु फरफारक गर्दा संस्थानको वित्तीय विवरणमा पर्न सक्ने असर गहन हुन सक्ने अनुमान गर्न सकिएता पनि हाल यकिन गर्न सकिने अवस्था रहेन ।

**१६. बीमा समितिको (च. न. ४९३०) मिति २०७८/०३/०९ मा प्राप्त आ.व. २०६८/०६९ को वित्तीय विवरण स्विकृत गर्दा राखिएको निम्न उल्लेखित शर्तहरुको पालना नभएको ।**

१६.१ बीमा समितिको शर्त नं. ३ अनुसार संस्थानले पुनर्बीमकबाट प्राप्त हुन बाँकी हिसाब अन्तर्गत देखाइएको रकम रु. १०,०५,००,२१३ को पुनर्बीमकबाट समर्थन पत्र प्राप्त नभएकोले सो रकम बराबर यस आर्थिक वर्षको वित्तीय विवरणमा व्यवस्था गर्नुपर्ने उल्लेख भएतापनि सो व्यवस्था नगरिएको ।

१६.२ बीमा समितिको शर्त नं. ४ अनुसार संस्थानले कर्मचारीलाई प्रदान गर्ने तलब भत्ता बाहेकका अन्य सुविधाहरू र कर्मचारी बोनस वापत व्यवस्था गरेको रकम संस्थानको सम्पूर्ण हिसाब फरफारक तथा हिसाब मिलान नहुन्जेल भुक्तानी नगर्ने भनि उल्लेख भएतापनि संस्थानले यस आ.व. २०६९/०७० मा कर्मचारी अवकाश शीर्षक अन्तर्गत रु. ८१,०२,४०७.१९ भुक्तानी भएको ।

१६.३ बीमा समितिको शर्त नं. ५ अनुसार संस्थानले बीमा ऐन, २०४९ को दफा २७ मा भएको व्यवस्था विपरीत बीमा शुल्क प्राप्त हुन बाँकी हिसाबमा देखाएको रकम रु. २,७७,३७,३२४ बराबरको व्यवस्था आ.व. २०६९/०७० को वित्तीय विवरणमा गर्नुपर्ने भनि उल्लेख गरिएकोमा संस्थानले सो रकम मध्ये रु. २,७६,१५,८४४ यस आ.व मा प्राप्त भएको र बाँकी रकम रु. १,२१,४८० असुल हुन बाँकी रहेको भनि वित्तीय विवरणमा उल्लेख गरेको छ । सो असुल हुन बाँकी रहेको रकमको व्यवस्था यस आ.व. को वित्तीय विवरणमा उल्लेख नगरिएको ।

१६.४ बीमा समितिको शर्त नं. ६ अनुसार संस्थानले अन्य सम्पत्ति हिसाब अन्तर्गत विविध आसामीमा देखाएको रु. २७,०२,२१८ को विवरण प्राप्त नभएकोले सो रकम बराबरको व्यवस्था यस आ.व. २०६९/७० को वित्तीय विवरणमा उल्लेख गरेको भएतापनि सो व्यवस्था नगरेको ।

१६.५ बीमा समितिको शर्त नं. ७ अनुसार संस्थानले अभिकर्तालाई कर्जा शीर्षक अन्तर्गत देखाएको कर्जा रकम रु. ६३,५४,६८९ को विवरण प्राप्त नभएकोले सो रकम बराबरको व्यवस्था यस आ.व. २०६९/०७० को वित्तीय विवरणमा उल्लेख गर्ने भनिएतापनि संस्थानले यस आ.व. को वित्तीय विवरणमा सो व्यवस्था नगरेको ।

१६.६ बीमा समितिको शर्त नं. १५ अनुसार बीमा समितिले उल्लेख गरे अनुरुपका सुधारका काम बाहेक समितिको पूर्व स्विकृति विना संस्थानको आर्थिक दायित्व थप हुने कुनै काम नगर्ने भनिएतापनि संस्थानबाट यस आ.व. २०६९/०७० मा कर्मचारी पेन्सन तथा अवकाष कोषमा रु. १,५०,००,००० र कर्मचारी बोनस वापतको व्यवस्थामा रु. १,५३,१५,०८४ रकम व्यवस्था गरिएको ।

**लेखापरीक्षणका मुख्य मामलाहरु**

लेखापरीक्षणका मुख्य मामलाहरु हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको वर्तमान अवधिको वित्तीय विवरणसँग सम्बन्धी अति महत्वपुर्ण मामलाहरु पदर्छन् । उक्त विषय वस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकिय व्यवस्था प्रति जिम्मेवारी लिनेहरु तथा सम्बन्धित सरोकारवालाहरुलाई सुचित गरिने विषय वस्तुहरु पर्दछन् । हाम्रो यसै प्रतिवेदनको कैफियत सहितको रायको लागि आधारहरुको अनुच्क्षेदमा उल्लेख गरिएका मामलाहरु बाहेक अन्य मुख्य मामलाहरु नरहेको जानकारी गराउन चाहन्छौं ।

**वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व**

प्रचलित कानुन तथा लेखा सिद्धान्त अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरियता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थानको व्यवस्थापनमा रहेको छ ।

संस्थानको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

**वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटिहरुको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

लेखापरिक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

- नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेको छौं । वित्तीय विवरणहरु जालसाजी वा भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटिहरुको पहिचान र जोखिमको मूल्याकंन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरु अवलम्बन गरेका छौं ।
- भूलबाट हुने त्रुटिभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं ।
- व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमान एवम् वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याकंन गरेका छौं ।
- व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौं । मूल्याकंन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविच्छिन्नता रहने कुराको आश्वाशन दिन सकिँदैन ।
- स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विवरणहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्ने विवरणहरुलाई निराकरण गर्ने उपायहरु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।

**अन्य कानुनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक अन्य अवस्थाहरूमा हामीले हाम्रो ज्ञान र विश्वासको आधारमा लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेको कुराहरुको जबाफ एवम् स्पष्टिकरण पायौं ।

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुलेपार्ने गहन असर तथा हालका अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने बाहेक अन्य अवस्थाहरुमा वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन विवरण बीमा समितिले तोके बमोजिम तयार भएको छ, संस्थानले राखेको लेखासँग दुरुस्त रहेका छन् ।

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुलेपार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको श्रेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानुनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

## राष्ट्रिय बीमा संस्थान, २०७०/७१

**कैफियत सहितको राय :**

हामीले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको, यसैसाथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं, जसमा २०७१ साल आषाढ ३२ गतेको वासलात, सोही मितिमा समाप्त भएको नाफा नोक्सान हिसाब, एकिकृत आय

व्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

तल कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक, संलग्न वित्तीय विवरणहरु राष्ट्रिय बीमा संस्थान जीवन बीमा विभागको आषाढ ३२, २०७१ को वित्तीय अवस्था र सो आर्थिक वर्षको संचालन नतिजा एवं नगद प्रवाह विवरण सर्वमान्य लेखा सिद्धान्त अनुरुप रहेका छन् ।

**कैफियत सहितको रायको लागि आधारहरु :**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको "वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् । कैफियत सहितको रायको लागि आधारहरु निम्नानुसार रहेका छन् :

**१. बीमा कारोवार सम्बन्धी आम्दानी तथा खर्चहरु पूर्ण रुपमा यकिन गर्न नसकिएको :**

१.१ यस वर्षको बीमा बीमाशुल्क आम्दानी (अन्डरराइटिङ) को लेखापरीक्षणको लागि कुल रकम रु. १,६७,४७,०१८.०६ बीमाशुल्क आम्दानी बराबरको १४३ वटा फाइलहरु छनौट गरिएकोमा रु. १,३५,६१,९६०.८० बराबरका १२० वटा फाइलहरु मात्र उपलब्ध गराइएको । बाँकी रु. ३१,८५,०५७.९८ बराबरको २३ वटा फाइलहरु लेखापरीक्षणको लागि उपलब्ध हुन नसकेको ।

१.२ जोखिमांकन (Underwriting) गरिएका बीमालेखहरुको बीमा शुल्क आम्दानीको हकमा जोखिमांकन (Underwriting) शाखा र लेखा शाखा बिच बीमालेखहरुको बीमा शुल्क आम्दानीको हिसाब मिलान विवरण तयार गरि शाखाहरु बिच भएको फरक रकमको वास्तविकता यकिन गरि समायोजन गर्ने परिपाटि नरहेको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको रकम बीमा शुल्क आम्दानी रु. २,८०,४०,६६,८७७ ले बीमा शुल्क आम्दानीको यथार्थ चित्रण गर्ने अवस्था देखिदैन ।

१.३ दावी भुक्तानी को हकमा दावी भुक्तानी शाखा र लेखा शाखा बिच बीमालेखहरुको दावी भुक्तानीको हिसाब मिलान विवरण तयार गरि शाखाहरु बिच भएको फरक रकमको वास्तविकता यकिन गरि समायोजन गर्ने परिपाटि नरहेको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको रकम रु. २,२८,८४,८६,१७८ ले दावी भुक्तानी खर्चको यथार्थ चित्रण गर्ने अवस्था देखिदैन ।

१.४ यस आर्थिक वर्षमा अभिकर्ता कमिशन खर्च वापत रु. ७,८१,३४,३७४ लेखाङ्कन गरेको भएतापनि सो खर्चको अभिकर्ताको नाम उल्लेख सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि प्राप्त नभएकोले उक्त हिसाबको वास्तविकता यकिन गर्ने आधार देखिएन ।

१.५ संस्थानले पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरुप नगरि बीमा शुल्क आम्दानीको १.२५ प्रतिशतले हुन आउने रकम रु. ३,५०,५०,८३६ खर्च व्यवस्था गरेको पाईयो जुन हिसाबले पुनर्बीमा शुल्क खर्चको यथार्थ हिसाब चित्रण गर्छ भन्ने आधार देखिएन । साथै संस्थानले पुनर्बीमा कमिशन वापत प्राप्त हुने आयलाई वित्तीय विवरणमा लेखाङ्कन नगरेको ।

१.६ स्वास्थ्य सेवा शुल्क अन्तर्गत देखाइएको रु. ३२,१७,७४९ बराबरको रकम संस्थानको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परिक्षण बापतको खर्च गरेको भएतापनि सोको बीमालेखहरु अनुरुप विष्तृत विवरणहरु प्राप्त नभएको ।

**२. लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विवरण प्राप्त नभएको**

२.१ संस्थानले यस आर्थिक वर्ष सम्म सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटिमा गरेको लगानी रु. १,०४,३२,७५,००० बाट प्राप्त आय रु. ८,९१,०९,०७२ लेखांकन गरेको भएता पनि सोको विष्तृत विवरण उपलब्ध नगराएको कारण सो रकमको वास्तविकतालाई पुष्ट्याँई गर्ने आधार नभएको ।

२.२ वाणिज्य बैंकको मुद्दती निक्षेप लगानीबाट आय शीर्षक अन्तर्गत संस्थानको यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. ६८,६१,७८,१८५ लेखांकन गरिएको भएतापनि यस हिसाबको विस्तृत विवरण उपलब्ध नभएकोले उक्त आयले यथार्थ चित्रण गर्ने अवस्था नदेखिएको ।

२.३ संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा नेपाल आवास विकास वित्त कम्पनी लिमिटेड (हाल ग्लोबल आईएमई बैंक लि.) को साधारण शेयरबाट आर्जित लाभांश शीर्षक अन्तर्गत लेखांकन गरेको रकम रु. ५,१९,८१,२८६ भएतापनि उक्त आर्जित लाभांशलाई पुष्टि गर्ने कागजातहरु लेखापरीक्षणको लागि उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.४ बैंक तथा वित्तीय संस्थाको कल खाताबाट भएको ब्याज आम्दानी वापत रु. ११,६२,३२,८९५ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरुबाट प्राप्त भएको ब्याज आम्दानी रकम सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नभएको हुँदा प्रस्तुत गरिएको उक्त ब्याज आम्दानीले यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

२.५ संस्थानले यस आर्थिक वर्षमा अभिकर्ता कर्जाबाट भएको ब्याज आम्दानी वापत रु. ४,२७,२१८ र कर्मचारीलाई दिएको कर्जाबाट भएको ब्याज आम्दानी वापत रु. ११,२३,०६३ लेखाङ्कन गरेको भएतापनि उक्त अभिकर्ता तथा कर्मचारीलाई प्रदान गरेको कर्जाको आयुगत सहितको विष्तृत विवरणहरु उपलब्ध नभएको हुँदा प्रस्तुत गरिएको उक्त ब्याज आम्दानीले यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

२.६ अन्य आय (विविध) शीर्षक अन्तर्गत रु. ९,६९,१३७ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानीको विष्तृत विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.७ बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षक अन्तर्गत रु. १३,४०,६८,७३९ लेखाङ्कन गरेको भएतापनि सोको विस्तृत विवरण जस्तै बीमालेखको धितोमा प्रवाह भएको कर्जा, प्राप्त हुनुपर्ने ब्याज, प्राप्त भएको ब्याज र प्राप्त हुन बाँकी ब्याज खुलेको सम्पूर्ण विवरण उपलब्ध हुन नसकेकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.८ अन्य प्रत्यक्ष आम्दानी शीर्षक अन्तर्गत रु. १,३६,९६,२५५ रकम बीमा शुल्क ढिलो प्राप्त भए वापतको ब्याज आम्दानी भनि लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरुप प्राप्त भएको हो भन्ने कुराको विस्तृत विवरण प्राप्त हुन नसकेकोले सो ब्याज आम्दानीको हिसाब यकिन गर्न नसकिएको ।

## ३ दीर्घकालीन लगानी

### ३.१ दीर्घकालीन लगानीको वित्तीय विवरणमा लेखांकन गरिएको रकमको विवरण प्राप्त नभएको ।

संस्थानले यस आ.व. को वित्तीय विवरणमा दीर्घकालिन लगानी शीर्षक अन्तर्गत रु. २,५०,१२,५५,३८७ लेखांकन गरेको भएता पनि लेखापरीक्षणको लागि उपलब्ध गराइएको विवरणमा दीर्घकालीन लगाानी रु २,६७,१२,५५,३८७ उल्लेख गरेको पाइयो । उक्त लेखांकन गरीएको रकम र उपलब्ध गराइएको विवरण बीचको फरक रकम रु. १७,००,००,००० को हिसाब मिलान विवरण (Reconciliation) प्राप्त नभएकोले वित्तीय विवरणमा लेखांकन गरेको रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

### ३.२ सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटीमा गरेको लगानी

यस शीर्षक अन्तर्गत यस आर्थिक वर्षमा लेखांकन गरिएको कूल रकम रु. १,०४,३२,७५,००० को लगानीमध्ये विकास बोन्ड २०७२ ङ, ८.५ % रु. १३,०३,७५,००० रकम बराबरको बोन्डमा गरिएको लगानीको विस्तृत विवरण तथा स्वामित्व सम्बन्धी कागजातहरु लेखापरीक्षणको लागि उपलब्ध नभएकोले सो लगानीको वास्तविकता यकिन गर्न नसकिएको ।

## ४. बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण प्राप्त नभएको :

बीमालेखको धितोमा प्रवाह भएको कर्जा शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. १,९२,०७,००,३९२ उल्लेख गरिएको भएतापनि कर्जा प्रवाह मिति, उक्त कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नगराइएकोले उल्लेखित रकमले बीमालेखको धितोमा प्रवाह भएको कर्जाको यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

## ५. अन्य दीर्घकालीन कर्जा

### ५.१ अभिकर्तालाई कर्जाको विवरण उपलब्ध नभएको

अभिकर्तालाई कर्जा शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. ९३,४२,५८५ उल्लेख गरेको भएता पनि उक्त कर्जाको शुरुको मौज्दात, यस वर्ष भएको थप रकम, चुक्ता भएको रकम, अन्तिम मौज्दात,

उक्त कर्जा वितरण भएको मिति, कर्जाको किसिम आदि खुलाउने आयुगत विवरण उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**५.२ कर्मचारी कर्जाको विवरण उपलब्ध नभएको**

अन्य दिर्घकालिन कर्जा अन्तर्गत यस वर्षको वित्तीय विवरण कर्मचारी कर्जा शीर्षकमा रु २५,३९,६०,९३८ उल्लेख गरेको भएता पनि सोको आयुगत विष्तृत विवरण उपलब्ध नगराएको कारण सो रकमको वास्तविकतालाई पुष्ट्याँई गर्ने आधार नभएको ।

**५.३ अप्पर तामाकोशी हाईड्रोपावर लिमिटेडमा कर्जा लगानीको विवरण नभएको ।**

अप्पर तामाकोशी हाईड्रोपावर लिमिटेडमा कर्जा लगानी शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. १,१८,८५,५७,९९० लेखांकन गरिएको भएतापनि अप्पर तामाकोशी हाईड्रोपावर लिमिटेडबाट प्राप्त समर्थन पत्र अनुसार राष्ट्रिय बीमा संस्थानको कर्जा रकम रु. १,१८,३२,३५,९२८.४२ रहेको पाइयो । उक्त दुइ विवरण बीचको फरक रकम रु. ५३,२२,०६१.५८ को हिसाब मिलान विवरण उपलब्ध नभएकोले वित्तीय विवरणमा उल्लेख गरिएको कर्जा रकमले यथार्थ चित्रण गर्ने अवस्था नदेखिएको ।

**६. बैंक मौज्दात तथा बैंक सम्बन्धी अन्य विवरणहरु उपलब्ध नभएको**

**६.१ बैंक मौज्दात र बैंक हिसाब मिलाएको अवस्था यकिन नभएको ।**

संस्थानले जानकारी गराएको प्रधान कार्यालय अन्तर्गतका कुल ४० वटा बैंक खाताहरू मध्ये प्राइम कमर्सियल बैंक खाताको हिसाब मिलान विवरण तयार नगरेको । बैंक हिसाब मिलान विवरण (Bank Reconciliation Statement) तयार गरिएका बैंक खाताहरुको हकमा पनि कुल पहिचान गर्न नसकिएको (Unidentified Figure) रकम रु. २०,४६,६१,७९,२१६.९९ देखिन्छ । संस्थानको प्रधान कार्यालयमा रहेका विभिन्न बैंक खाताहरुमा रहेको ऋणात्मक मौज्दातको कूल रकम रु. ३,७२,४०,७०,८१६ ऋणात्मक मौज्दात उल्लेख गरिएकोले उक्त मौज्दात उचित मान्न सकिने अवस्था नभएको ।

संस्थानले जानकारी गराएको शाखा कार्यलयहरू अन्तर्गतका ११८ वटा बैंक खाताहरुको रु. ७५,४४,१८,७२५ बराबरको हिसाब मिलान हुन बाँकी रकम देखिन्छ, यसमा सस्पेन्स एकाउन्टस् खडा गरी रु. ४९,११४ बराबर को ऋणात्मक मौज्दात देखाएको छ । संस्थानको शाखा कार्यालयहरुको विभिन्न बैंक खाताहरुमा रु ४२,७९,९०,०८३ ऋणात्मक मौज्दात देखाइएको ।

यस आर्थिक वर्षको वित्तीय विवरणमा नगद तथा बैंक मौज्दात शीर्षक अन्तर्गत खुद रकम (netting figure) रु. ३०,११,०८,७५८ ऋणात्मक रहेको । उपरोक्त अवस्थाका कारण संस्थानको बैंक खाताहरूको संख्या र तिनमा रहेका रकमहरू यकिन गर्न सकिएन तथा यससंग सम्बन्धित कारोबार जस्तै लगानीको हिसाब, पुनर्बीमा संगको हिसाब, कर्जाको हिसाब, अन्य सम्पत्ति, चालु दायित्वको वित्तीय विवरणमा देखाइएको हिसाब यकिन गर्न सक्ने अवस्था देखिदैन ।

**७. अल्पकालिन लगानी**

**७.१ लगानीको आधार स्पष्ट नभएको**

मुद्दती खाताहरूमा लगानी गर्दा विभिन्न बैंकहरूबाट प्राप्त गर्न सकिने ब्याज दर, लगानीको सुरक्षा तथा लगानीको समयको आधारमा गर्नुपर्नेमा संस्थानले मुद्दती निक्षेप खाताहरूमा लगानी गर्दा आवश्यक विश्लेषण नगरी लगानी गरेको हुँदा संस्थानलाई नोक्सानी भएको हुन सक्ने सम्भावना नकार्न सकिएन ।

**८. अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको**

**८.१ अन्य बीमकबाट प्राप्त हुन बाँकी (निर्जीवन बीमा विभागबाट प्राप्त हुन बाँकी)**

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा अन्य बीमकबाट प्राप्त हुन बाँकी रकम रु. १३,२४,६१,२२२ लेखांकन गरेको भएतापनि निर्जीवन बीमा विभागबाट प्राप्त समर्थन पत्र अनुसार जीवन बीमा विभागबाट प्राप्त हुन बाँकी रु. ३,५०,५०,७२३ रहेको पाइयो । वित्तीय विवरणमा लेखांकन गरीएको रकम र सम्बन्धीत विभागबाट प्राप्त समर्थन पत्रबीचको फरक रकमको हिसाब मिलान नगरिएको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको अन्य बीमकबाट प्राप्त हुन बाँकी हिसाबले यथार्थ चित्रण गर्ने आधार नदेखिएको ।

**८.२ पुनर्बीमकसँगको हिसाब मिलान हुन बाँकी**

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा पुनर्बीमकबाट प्राप्त हुन बाँकी रकम रु. १०,३०,३७,३३५ लेखांकन गरेको भएतापनि सो रकमको विस्तृत विवरण तथा सम्बन्धित पार्टी ( पुनर्बीमक) बाट सर्मथन पत्र प्राप्त नभएकोले उक्त रकमको वास्तविकता यकिन गर्न सकिएन ।

## ८.३ विविध आसामी

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा विविध आसामी अन्तर्गत उल्लेख गरेको रकम रु. ४४,७०,२५६ भएता पनि उक्त रकम कुन व्यक्तिबाट कुन वर्ष देखि प्राप्त हुन बाँकी रहेको हो सोको आयुगत विवरण तथा उक्त आसामीको समर्थन पत्र प्राप्त नभएको हुनाले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ८.४ अग्रिम आयकर

संस्थानको यस आर्थिक वर्षको वित्तीय विवरणमा अग्रिम आयकर रु. २,८२,३८,२५,८८२ उल्लेख गरेको भएता पनि उक्त रकमहरुको दाखिला मिति सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध हुन नसकेकोले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ८.५ असुल हुन बाँकी बीमाशुल्क

बीमा ऐन, २०४९ को २७ दफा अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली, २०४९ को नियम ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाए सम्म बीमक र बीमित बीचमा कारोवार भएको नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै संस्थानले यस आर्थिक वर्षमा रु. ३३,८९,५७४.६० बराबरको बीमा शुल्क प्राप्त हुनु अगावै बीमालेख नविकरण गरेको पाइयो ।

## ९. चालु दायित्वको तथा व्यवस्थाको विवरण उपलब्ध नभएको

## ९.१ अभिकर्तालाई दिन बाँकी

यस वर्षको अन्तिममा अभिकर्तालाई दिन बाँकी हिसाब अन्तर्गत रु. ७३,५२,७५९ उल्लेख गरेको भएतापनि भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत सहितको विष्तृत विवरण उपलब्ध नभएकोले सो भुक्तानी गर्न बाँकी रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ९.२ पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी

पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी शीर्षक अन्तर्गत गत वर्ष रु. ३१,२०,४५,३४७ रहेकोमा यस वर्षको आर्थिक वर्षको वित्तीय विवरणमा रु. ३४,७०,९६,१८३ लेखांकन गरेको पाइयो। उक्त वृद्धि भएको रकम रु. ३,५०,५०,८३६ यस वर्षको पुनर्बीमा शुल्क वापतको व्यवस्था भनि संस्थानबाट जानकारी गराइएतापनि उक्त पुनर्बीमा शुल्कको गणनाको आधार तथा विस्तृत विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको

## ९.३ विविध साहु

विविध साहु अन्तर्गत यस वर्षको वित्तीय विवरणमा रु. १,४४,१९,३९१ प्रस्तुत गरिएको भएता पनि उक्त रकमको आयुगत विष्तृत विवरण तथा सम्बन्धित पार्टीबाट समर्थन प्राप्त नभएकाले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ९.४ तिर्न बाँकी बीमाङ्कीय सेवा शुल्क

यस शीर्षक अन्तर्गत गत वर्ष भुक्तानी गर्न बाँकी बीमाङ्कीय सेवा शुल्क रु. ६८,६०,२०८ रहेकोमा यस वर्ष रु. ७००,००० ले बृद्धि भई रु. ७५,६०,२०८ हुन गएको देखिन्छ । उक्त थप गरीएको रकम यस वर्षको बीमाङ्कीय सेवा शुल्क वापतको तिर्न बाँकी रकम व्यवस्था गरीएको भनि संस्थानबाट जानकारी गराईएतापनि उक्त

बीमाङ्कीय शुल्कको गणनाको आधार तथा विस्तृत विवरण प्राप्त नभएकोले उल्लेखित रकमले तिर्न बाँकी बीमाङ्कीय सेवा शुल्कको यथार्थता चित्रण गर्ने आधार नदेखिएको ।

## ९.५ भुक्तानी हुँन बाँकी दाबी बापत व्यवस्था

यस शीर्षक अन्तर्गत यस वर्षको अन्त्यमा रु. २१,९५,७७,०६८ दायित्व रहेको पाईयो । उक्त रकम यस वर्षको अन्त्य सम्म भुक्तानी गर्न बाँकी रहेको दाबी भुक्तानी रकम रु. १९,०९,३६,५८१ को ११५ प्रतिशतले हुन आउने रकम व्यवस्था गरेको भनिएतापनि संस्थानबाट उक्त भुक्तानी गर्न बाँकी रहेको दाबी भुक्तानी रकमको विस्तृत विवरण प्राप्त नभएको हुँदा उक्त रकमको वास्तविकता यकिन गर्न सक्ने आधार देखिएन ।

## ९.६ पेन्सन तथा उपदान व्यवस्था

पेन्सन तथा उपदान व्यवस्था अन्तर्गत यस वर्ष रु. ७१,४६,५६५ भुक्तानी भएको देखिएको छ भने थप रु. १,५०,००,००० व्यवस्था गरीएको छ ।

यद्यपि उक्त व्यवस्था गरिएको रकमको विस्तृत गणनाको आधार उपलब्ध नभएकोले संस्थानको कर्मचारी नियमावली, २०५४ अनुसार कर्मचारीलाई उपदान, निवृतिभरण, संचित विदा आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने अवस्था नदेखिएको ।

## ९.७ कर्मचारी बोनस व्यवस्था

संस्थानले यस शीर्षक अन्तर्गत यस वर्षको अन्तिम सम्ममा रु. ४,०४,४८,९८५ व्यवस्था गरेको देखिन्छ । यस आर्थिक वर्ष रू. १३,८५,३०४ कर्मचारी बोनस छुट्याइएको पाईयो तथापि संस्थानको आय व्ययको उचित लेखाङ्कन नभएको अवस्था तथा विभिन्न सम्पत्तिमा सम्भावित नोक्सानीका लागि प्रचलित लेखा सिद्धान्त अनुसार यथेष्ट खर्च व्यवस्था नगरी बोनसको लागि व्यवस्था गर्नु उचित देखिएन ।

## ९.८ कर्मचारी खर्च

यस आर्थिक वर्षमा कर्मचारी खर्च शीर्षक अन्तर्गत रु. ८३,८८९,३१७ लेखांकन गरेको भएतापनि संस्थाबाट उक्त खर्चको विस्तृत विवरण प्राप्त नभएकोले उल्लेख गरिएको कर्मचारी खर्चको वास्तविकता यकिन गर्न नसकिएको ।

## १०. जगेडा तथा बचत

संस्थानले यस शीर्षक अन्तर्गत पूंजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा गत वर्षकै रकम क्रमशः रु. ९०,५८५, रु. ३३,७४६,५५९ र रु. ६,५००,००० उल्लेख गरेको पाईयो । उक्त रकम जगेडा कोषबाट छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्ष खुल्ने विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ११. स्थिर सम्पत्तिको विवरण प्राप्त नभएको

संस्थानले आफ्नो वित्तीय विवरणमा रु. ६९,३७,९६४.९९ (परल मूल्य) बराबरको जग्गा तथा भवन सम्पत्तिको रुपमा उल्लेख गरेको भएतापनि उक्त सम्पत्तिहरुको संस्थानको स्वामित्व पुष्ट्याँई गर्ने कागजात प्राप्त नभएकोले संस्थानले वित्तीय विवरणमा उल्लेख गरेको जग्गा तथा भवन संस्थानको स्वामित्वमा रहे या नरहेको यकिन गर्न नसकिएको ।

## १२. लेखासँग सम्बन्धित आधारभूत अभिलेख तथा खाताहरु यथेष्ट रुपमा उपलब्ध नभएको:

लेखासंग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रुपमा नराख्नु, कारोवार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरु पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले मिलान नगर्नु र लामो समयदेखि नमिलेको

हिसाब मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु आदि कारणले विद्यमान लेखा प्रणाली अत्यन्तै कमजोर अवस्थामा रहेको देखिन्छ ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनुपर्ने तथा दिनुपर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक नगरिएको । गोश्वारा हिसावले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरु तयार पारिएका कारण वित्तीय विवरणहरूमा विश्वसनीय भएकोमा यकिन गर्न सकिने अवस्था नभएको साथै संस्थानले प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरुमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरु र आम्दानी तथा खर्चहरुको गणना तथा लेखांकनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रुपमा प्रस्तुत (Adequate Disclosure) गर्ने गरेको पाईएन ।

## १३. संस्थागत कम्प्युटराईज लेखा प्रणाली समय सान्दर्भिक परिमार्जित नभएको तथा सोको लागि आवश्यक Backup तथा अन्य व्यवस्थापन चुस्त नभएको:

संस्थानको दैनिक कार्य सम्पादन (जस्तैः बीमा शुल्क आम्दानीको विवरण, दावी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैले विकास गरेको सफ्टवेयर विगत २४ वर्षदेखि प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्टवेयरको ग्राफिकल युजर इन्टरफेस (Graphical User Interface, GUI) समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्ने कोडको प्रयोग गर्नुपर्ने र सो कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखा बाहेका अन्य शाखाबाट नसकिनुले संस्थानको प्रयोगमा रहेको सफट्वेयरको उपयोगिता तथा प्रभावकारीता एकदमै न्युन रहेको देखिन्छ ।

सफ्टवेयरको सम्पूर्ण जिम्मेवारी संस्थानमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारी बाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप (Backup) राख्न नसक्नु र नगरिनु, ब्याकअप (Backup) व्यवस्थापनका लागि आवश्यक ठोसकार्यहरु जस्तै ब्याकअपहरुको लग नराखिनु, डाटा रिकभरी (Data Recovery) सम्बन्धी कुनै किसिमको लिखित योजना नहुनुले संस्थानको कम्प्युटराइज लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको ।

## १४. सम्बन्धित कानुनी तथा नियमनकारी व्यवस्थाहरुको पालना नगरिएको

एउटै बीमकले जीवन बीमा तथा निर्जीवन बीमा व्यवसाय सञ्चालन गर्न नपाउने व्यवस्था भएता पनि यस वर्ष पनि दुवै बीमा व्यवसाय सञ्चालन गर्दै आएको, बीमा ऐन अनुरुप चुक्ता पूँजीको व्यवस्था नगरिएको, आर्थिक

वर्ष समाप्त भएको ३ महिनाभित्र साधारणसभा गरिसक्नुपर्ने भएतापनि संस्थानले आर्थिक वर्ष २०६५/०६६ देखि साधारण सभा नगरेको, बीमा ऐनको दफा २६ अनुरुप जीवन बीमा व्ययवसाय गर्ने संस्थाले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको बीमाङ्कीय मुल्याकंन बीमांकीद्धारा गराउनुपर्नेमा बीमाङ्कीय मुल्याकंन समयमा नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बीमा समितिको कार्यालयमा पेश गर्नुपर्ने आवश्यक विवरणहरु पेश नगरिएको, बीमा समितिको परिपत्र अनुसार लगानीको एअरमार्क व्यवस्था नगरेको, कर्मचारी अवकाष कोषको लेखापरीक्षण नगरिएको, बिना ब्याजको ऋण कर्मचारीको करयोग्य आयमा समावेश नगरिएका जस्ता व्यवस्थाहरुको पालना नगरेको ।

राष्ट्रिय बीमा संस्थानले सञ्चालन गर्दै आएको जीवन तथा निर्जीवन बीमा व्यवसाय मध्ये निर्जीवन बीमा व्यवसाय अलग संस्थाबाट सञ्चालन गर्ने सम्बन्धमा नेपाल सरकार (मं.प) को मिति २०७१/०१/२३ तथा माननीय विभागिय मन्त्रीबाट मिति २०७०/१२/०३ मा भएको निर्णयका आधारमा मिति २०७१/०२/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनीको रुपमा दर्ता नं. १२३४८० मा दर्ता भई स्थापना भएको राष्ट्रिय बीमा कम्पनी लिमिटेडले मिति २०७१/०४/१८ गते देखि अलग कारोबार शुरु गर्दै आईरहको भएतापनि यस आ.व. मा संस्थानले वित्तीय विवरण जीवन र निर्जीवन व्यवसायको एकिकृत वित्तीय विवरण तयार नगरि छुट्टा छुट्टै तयार गरेको र हाम्रो लेखापरीक्षणको लागि जीवन बीमा विभागको वित्तीय विवरण मात्र प्रदान गरिएको ।

## लेखापरीक्षणका मुख्य मामलाहरु

लेखापरीक्षणका मुख्य मामलाहरु हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको वर्तमान अवधिको वित्तीय विवरणसँग सम्बन्धी अति महत्वपुर्ण मामलाहरु पदर्छन् । उक्त विषय वस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकिय व्यवस्था प्रति जिम्मेवारी लिनेहरु तथा सम्बन्धित सरोकारवालाहरुलाई सुचित गरिने विषय वस्तुहरु पर्दछन् । हाम्रो यसै प्रतिवेदनको कैफियत सहितको रायको लागि आधारहरुको अनुच्क्षेदमा उल्लेख गरिएका मामलाहरु बाहेक अन्य मुख्य मामलाहरु नरहेको जानकारी गराउन चाहन्छौं ।

## वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

प्रचलित कानुन तथा लेखा सिद्धान्त अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थानको व्यवस्थापनमा रहेको छ ।

संस्थानको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

## वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटिहरुको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

## लेखापरिक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेको छौं । वित्तीय विवरणहरु जालसाजी वा भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटिहरुको पहिचान र जोखिमको मूल्याकंन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरु अवलम्बन गरेका छौं ।

भूलबाट हुने त्रुटिभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं ।

व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमान एवम् वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याकंन गरेका छौं । व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौं । मूल्याकंन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविच्छिन्नता रहने कुराको आश्वाशन दिन सकिँदैन ।

स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विवरणहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्ने विवरणहरुलाई निराकरण गर्ने उपायहरु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।

**अन्य कानुनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक अन्य अवस्थाहरूमा हामीले हाम्रो ज्ञान र विश्वासको आधारमा लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेको कुराहरुको जबाफ एवम् स्पष्टिकरण पायौं ।

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुलेपार्ने गहन असर तथा हालका अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने बाहेक अन्य अवस्थाहरुमा वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन विवरण बीमा समितिले तोके बमोजिम तयार भएको छ, संस्थानले राखेको लेखासँग दुरुस्त रहेका छन् ।

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुलेपार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको श्रेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानुनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएन ।

## राष्ट्रिय बीमा संस्थान, २०७१/७२

**कैफियत सहितको राय :**

हामीले राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको, यसैसाथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं, जसमा २०७२ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त भएको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, नगद प्रवाहको विवरण, ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण तथा प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

तल कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक, संलग्न वित्तीय विवरणहरु राष्ट्रिय बीमा संस्थान, जीवन बीमा बिभागको आषाढ ३१, २०७२ को वित्तीय अवस्था र सो आर्थिक वर्षको संचालन नतिजा एवं नगद प्रवाह विवरण सर्वमान्य लेखा सिद्धान्त अनुरुप रहेको छ ।

**कैफियत सहितको रायको लागि आधारहरु :**

हामीले नेपाल लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको "वित्तीय विवरणहरु प्रति लेखापरीक्षकको जिम्मेवारी" शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जारी "Handbook of The Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पुरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् । कैफियत सहितको रायको लागि आधारहरु निम्नानुसार रहेका छन् :

**१. बीमा कारोवार सम्बन्धी आम्दानी तथा खर्चहरु पूर्ण रुपमा यकिन गर्न नसकिएको :**

१.१ यस वर्षको बीमा शुल्क आम्दानी (अन्डरराइटिङ) को लेखापरीक्षणको लागि कुल रकम रु. ८७,७१,२८८.१३ बीमा शुल्क बराबरको १०० वटा फाइलहरु छनौट गरिएकोमा रु. ७,९३,७४३.७३ बराबरका ३१ वटा फाइलहरु मात्र उपलब्ध गराइएको । बाँकी रु. ७९,७७,५४४.४ बराबरको ६९ वटा फाइलहरु लेखापरीक्षणको लागि उपलब्ध हुन नसकेको ।

१.२ बीमा समितिद्वारा जारी गरिएको "जीवन बीमा व्यवसाय गर्ने बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशन" को दफा ८ अनुसार, बीमकले बीमा शुल्कको आम्दानी नगद प्राप्तिको आधारमा जनाउनु पर्ने भनि उल्लेख गरिएकोमा संस्थानले बीमितले बीमा शुल्क बैंक खातामा जम्मा गरेको डिपोजिट स्लिप (Deposit Slip) संस्थानको काउण्टरमा पेश गरि रसिद काटे पछि मात्र आम्दानी जनाउने गरेको । बीमा शुल्क आम्दानी रसिद काटेको आधारमा आम्दानी जनाउने प्रचलनले गर्दा बीमा शुल्क आम्दानीको वास्तविक बीमा आम्दानीको सोहि वर्ष लेखांकन हुन नसक्ने हुनाले सो आम्दानीले यर्थाथ चित्रण गर्न सक्ने आधार नदेखिएको ।

१.३ जोखिमांकन (Underwriting) गरिएका बीमालेखहरुको बीमा शुल्क आम्दानीको हकमा जोखिमांकन (Underwriting) शाखा र लेखा शाखा बिच बीमालेखहरुको बीमा शुल्क आम्दानीको हिसाब मिलान विवरण तयार गरि शाखाहरु बिच भएको फरक रकमको वास्तविकता यकिन गरि समायोजन गर्ने परिपाटि नरहेको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको रकम बीमा शुल्क आम्दानी रु. २,४६,३१,९९,८१०.३६ ले बीमा शुल्क आम्दानीको यथार्थ चित्रण गर्ने अवस्था देखिदैन ।

१.४ दावी भुक्तानी को हकमा दावी भुक्तानी शाखा र लेखा शाखा बिच बीमालेखहरुको दावी भुक्तानीको हिसाब मिलान विवरण तयार गरि शाखाहरु बिच भएको फरक रकमको वास्तविकता यकिन गरि समायोजन गर्ने परिपाटि नरहेको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको रकम रु. ५,१९,९९,४४,५८०.९२ ले दावी भुक्तानी खर्चको यथार्थ चित्रण गर्ने अवस्था देखिदैन ।

१.५ यस वर्षको लेखापरीक्षणको लागि बीमा दाबी भुक्तानीका कुल रकम रु. ६,५९,३८,११०.१३ बराबरको ७५ वटा फाइलहरु छनौट गरिएकोमा रु. ६,२३,५३,७१०.१३ बराबरको ७१ वटा फाइलहरु उपलब्ध गराइएको । बाँकी रु. ३,५८४,४०० बराबरको ४ वटा फाइलहरु लेखापरीक्षणको लागि उपलब्ध हुन नसकेको ।

१.६ यस आर्थिक वर्षमा अभिकर्ता कमिशन खर्च वापत रु. ७,८७,६९,००७.४७ लेखाङ्कन गरेको भएतापनि सो खर्चको अभिकर्ताको नाम उल्लेख सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि प्राप्त नभएकोले उक्त हिसाबको वास्तविकता यकिन गर्ने आधार देखिएन ।

१.७ संस्थानले पुनर्बीमा शुल्क रकमको गणना पुनर्बीमा सम्झौता अनुरुप नगरि बीमा शुल्क आम्दानीको १.२५ प्रतिशतले हुन आउने रकम रु. ३,०७,८९,९९७.६३ खर्च व्यवस्था गरेको पाईयो जुन हिसाबले पुनर्बीमा शुल्क खर्चको यथार्थ हिसाब चित्रण गर्छ भन्ने आधार देखिएन । साथै संस्थानले पुनर्बीमा कमिशन वापत प्राप्त हुने आयलाई वित्तीय विवरणमा लेखाङ्कन नगरेको ।

१.८ स्वास्थ्य परीक्षण शुल्क अन्तर्गत लेखांकन गरिएको रकम रु. ६०,६३,१४१.८६ संस्थानको नियमानुसार प्रथम वर्षको बीमा गर्दा बीमितको स्वास्थ्य परिक्षण बापतको खर्च गरेको भएतापनि सोको बीमालेखहरु अनुरुप विष्तृत विवरणहरु प्राप्त नभएको ।

## २. लगानी, कर्जा तथा अन्यबाट प्राप्त आयको विवरण प्राप्त नभएको

२.१ संस्थानले यस आर्थिक वर्ष सम्म सरकारी र सरकारको जमानत प्राप्त सेक्युरिटिमा गरेको लगानी रु. १,१६,२९,००,००० बाट प्राप्त आय रु. ३,८५,५५,००० लेखांकन गरेको भएता पनि सोको विष्तृत विवरण उपलब्ध नगराएको कारण सो रकमको वास्तविकता लाई पुष्ट्याँई गर्ने आधार नभएको ।

२.२ वाणिज्य बैंकको मुद्दती निक्षेप लगानीबाट आय शीर्षक अन्तर्गत संस्थानको यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. ५६,०३,६२,८४२.६७ लेखांकन गरिएको भएतापनि संस्थानले उपलब्ध गराएको विवरणमा रु. ५७,७७,०७,३६१.६४ रहेको पाईयो । उक्त दुई हिसाब बीचको फरक रकम रु. १,७३,४४,५१८.९७ को विस्तृत विवरण उपलब्ध नभएकोले वित्तीय विवरणमा प्रस्तुत गरिएको मुद्दती निक्षेप लगानीबाट भएको आयले यथार्थ चित्रण गर्ने अवस्था नदेखिएको ।

२.३ संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा नेपाल आवास विकास वित्त कम्पनी लिमिटेड (हाल ग्लोबल आईएमई बैंक लि.) को साधारण शेयरबाट आर्जित लाभांश शीर्षक अन्तर्गत लेखांकन गरेको रकम रु. ५,०२,६५,७८९ भएतापनि उक्त आर्जित लाभांशलाई पुष्टि गर्ने कागजातहरु लेखापरीक्षणको लागि उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.४ बैंक तथा वित्तीय संस्थाको कल खाताबाट भएको ब्याज आम्दानी वापत रु. ४,३०,९१,०९०.२१ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त खाताहरुबाट प्राप्त भएको ब्याज आम्दानी रकम सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नभएको हुँदा प्रस्तुत गरिएको उक्त ब्याज आम्दानीले यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

२.५ संस्थानले यस आर्थिक वर्षमा अभिकर्ता कर्जाबाट भएको ब्याज आम्दानी वापत रु. ३,१७,१२० र कर्मचारीलाई दिएको कर्जाबाट भएको ब्याज आम्दानी वापत रु. १३,२६,०३३ लेखाङ्कन गरेको भएतापनि उक्त अभिकर्ता तथा कर्मचारीलाई प्रदान गरेको कर्जाको आयुगत सहितको विष्तृत विवरणहरु उपलब्ध नभएको हुँदा प्रस्तुत गरिएको उक्त ब्याज आम्दानीले यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

२.६ अन्य आय (विविध) शीर्षक अन्तर्गत रु. ९,०६,७९३ आम्दानी लेखाङ्कन गरेको भएता पनि उक्त आम्दानीको विष्तृत विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.७ बीमालेखको धितोमा दिइएको कर्जाबाट प्राप्त ब्याज आम्दानी (आय) शीर्षक अन्तर्गत रु. २४,९५,५८,४८६ लेखाङ्कन गरेको भएतापनि सोको विस्तृत विवरण जस्तै बीमालेखको धितोमा प्रवाह भएको कर्जा, प्राप्त हुनुपर्ने ब्याज, प्राप्त भएको ब्याज र प्राप्त हुन बाँकी ब्याज खुलेको सम्पूर्ण विवरण उपलब्ध हुन नसकेकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

२.८ अन्य प्रत्यक्ष आम्दानी शीर्षक अन्तर्गत रु. १,३५,२६,६०० रकम बीमा शुल्क ढिलो प्राप्त भए वापतको ब्याज आम्दानी भनि लेखाङ्कन गरिएको भएता पनि उक्त रकम कुन बीमितबाट कति समयको ब्याज स्वरुप प्राप्त भएको हो भन्ने कुराको विस्तृत विवरण प्राप्त हुन नसकेकोले सो ब्याज आम्दानीको हिसाब यकिन गर्न नसकिएको ।

## ३ दीर्घकालीन लगानी

### ३.१ अन्य कम्पनीको साधारण शेयरमा गरेको लगानी

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा अन्य कम्पनीको साधारण शेयर शीर्षक अन्तर्गत रु. १,५०,२३,९२,५८७ उल्लेख गरेको भएता पनि उक्त लगानीको विस्तृत विवरणहरु तथा सो लगानीको स्वामीत्व सँग सम्बन्धित कागजाहरु लेखापरीक्षणको लागि उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

## ४. बीमालेखको धितोमा प्रवाह भएको कर्जाको विवरण प्राप्त नभएको :

बीमालेखको धितोमा प्रवाह भएको कर्जा शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. १४,४०,०५३,६५४ उल्लेख गरिएको भएतापनि कर्जा प्रवाह मिति, उक्त कर्जा रकम के कस्ता ऋणीसँग कहिलेदेखि कति रकम असुल गर्न बाँकी छ, असुली स्थिति कस्तो छ र के कति ब्याज लिन बाँकी छ भन्ने विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नगराइएकोले उल्लेखित रकमले बीमालेखको धितोमा प्रवाह भएको कर्जाको यर्थाथता चित्रण गर्छ भन्ने आधार नदेखिएको ।

## ५. अन्य दीर्घकालीन कर्जा

### ५.१ अभिकर्तालाई कर्जाको विवरण उपलब्ध नभएको

अभिकर्तालाई कर्जा शीर्षक अन्तर्गत आर्थिक वर्षको वित्तीय विवरणमा रु. ८२,६०,६३५ उल्लेख गरेको भएता पनि उक्त कर्जाको शुरुको मौज्दात, यस वर्ष भएको थप रकम, चुक्ता भएको रकम, अन्तिम मौज्दात, उक्त कर्जा प्रवाह भएको मिति, कर्जाको किसिम आदि खुलाउने आयुगत विवरण उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

### ५.२ कर्मचारी कर्जाको विवरण उपलब्ध नभएको

अन्य दिर्घकालिन कर्जा अन्तर्गत यस वर्षको वित्तीय विवरण कर्मचारी कर्जा शीर्षकमा रु २३,७२,१८,१२४ उल्लेख गरेको भएता पनि सोको आयुगत विष्तृत विवरण उपलब्ध नगराएको कारण सो रकमको वास्तविकतालाई पुष्ट्याँई गर्ने आधार नभएको ।

### ५.३ अप्पर तामाकोशी हाईड्रोपावर लिमिटेडमा कर्जा लगानीको विवरण नभएको ।

अप्पर तामाकोशी हाईड्रोपावर लिमिटेडमा कर्जा लगानी शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. १,४१,४४,१४,३१५ लेखांकन गरिएको भएतापनि अप्पर तामाकोशी हाईड्रोपावर लिमिटेडबाट प्राप्त समर्थन पत्र अनुसार राष्ट्रिय बीमा संस्थानको कर्जा रकम रु. १,३९,७८,४८,२१९.५० रहेको पाइयो । उक्त दुइ विवरण बीचको फरक रकम रु. १,६५,६६,०९५.९८ को हिसाब मिलान विवरण उपलब्ध नभएकोले वित्तीय विवरणमा उल्लेख गरीएको कर्जा रकमले यर्थाथ चित्रण गर्ने अवस्था नदेखिएको ।

## ६. बैंक मौज्दात तथा बैंक सम्बन्धी अन्य विवरणहरु उपलब्ध नभएको

### ६.१ बैंक मौज्दात र बैंक हिसाब मिलाएको अवस्था यकिन नभएको ।

संस्थानले जानकारी गराएको प्रधान कार्यालय अन्तर्गतका कुल ४० वटा बैंक खाताहरू मध्ये ३६ वटा बैंक खाताहरूको हिसाब मिलान विवरण तयार गरेको । बाँकी ४ वटा बैंक खाताहरूको बैंक हिसाब मिलान विवरण तयार नगरेको । बैंक हिसाब मिलान विवरण (Bank Reconciliation Statement) तयार गरिएका बैंक खाताहरुको हकमा पनि कुल पहिचान गर्न नसकिएको (Unidentified Figure) रकम रु. १७,७३,४२,५७,१३९.७५ देखिन्छ । संस्थानको प्रधान कार्यालयमा रहेका विभिन्न बैंक खाताहरुमा रहेको ऋणात्मक मौज्दातको कुल रकम रु. २,५२,४२,०२,८७७.८५ ऋणात्मक मौज्दात उल्लेख गरिएकोले उक्त मौज्दात उचित मान्न सकिने अवस्था नभएको ।

संस्थानले जानकारी गराएको शाखा कार्यलयहरू अन्तर्गतका ११८ वटा बैंक खाताहरुको रु. ७३,४९,९५,०२३.५० बराबरको हिसाब मिलान हुन बाँकी रकम देखिन्छ, यसमा सस्पेन्स एकाउन्टस् खडा गरी रु. ४९,११४.१६ बराबर को ऋणात्मक मौज्दात देखाएको छ । संस्थानको शाखा कार्यालयहरुको विभिन्न बैंक खाताहरुमा रु. ४१,११,९६,८९८.११ ऋणात्मक मौज्दात देखाइएको ।

साथै संस्थानले बैंक खाताहरुको बैंक मौज्दात पुष्टि गर्ने बैंक मौज्दात समर्थन पत्र उपलब्ध नगराएको ।

उपरोक्त अवस्थाका कारण संस्थानको बैंक खाताहरूको संख्या र तिनमा रहेका रकमहरू यकिन गर्न सकिएन तथा यससंग सम्बन्धित कारोबार जस्तै लगानीको हिसाब, पुनर्बीमा संगको हिसाब, कर्जाको हिसाब, अन्य सम्पत्ति, चालु दायित्वको वित्तीय विवरणमा देखाइएको हिसाब यकिन गर्न सक्ने अवस्था देखिदैन ।

## ७. अल्पकालिन लगानी

### ७.१ लगानीको आधार स्पष्ट नभएको

मुद्दती खाताहरूमा लगानी गर्दा विभिन्न बैंकहरूबाट प्राप्त गर्न सकिने ब्याज दर, लगानीको सुरक्षा तथा लगानीको समयको आधारमा गर्नुपर्नेमा संस्थानले मुद्दती निक्षेप खाताहरूमा लगानी गर्दा आवश्यक विश्लेषण नगरी लगानी गरेको हुँदा संस्थानलाई नोक्सानी भएको हुन सक्ने सम्भावना नकार्न सकिएन ।

### ७.२ लगानी सम्बन्धी निर्णयको कार्यान्वयन तथा असुल उपरमा भएको ढिलाइको असर

यस आर्थिक वर्षमा संचालक समितिले विभिन्न बैंक तथा वित्तीय संस्थाका मुद्दती निक्षेपमा लगानी गर्ने निर्णय गरेको धेरै दिन पछि लगानी गरेको हुनाले संस्थानलाई रु. ७३,२८,१३६.९९ नोक्सानी हुन गएको देखिन्छ । साथै संस्थानले विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा गरेको रु. १,०१,३०,०००,००० बराबरको लगानीहरु अवधि समाप्त भएता पनि सो रकमलाई पुनः मुद्दती निक्षेपमा लगाानी समयमै नगरेकोले अनुमानित रकम रु. १,५३,४३,७६७.१२ बराबरको ब्याज आम्दानीको रकम नोक्सान व्यहोरेको ।

### ७.३ वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी

वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी शीर्षक अन्तर्गत यस आर्थिक वर्षको वित्तीय विवरणमा रु. ३,००,००,००० लेखांकन गरेको भएता पनि उक्त लगाानीको पुष्टि गर्ने विस्तृत विवरण उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

### ७.४ बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपको नयाँ लगानी तथा अवधि समाप्त लगानीको लेखांकन गरेको रकम र हामीलाई प्राप्त भएको विवरण बीच भएको फरक

संस्थानले यस आर्थिक वर्षमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा गरेको नयाँ लगाानी तथा अवधि समाप्त भएको लगाानीको लेखांकन गरेको रकम र हामीलाई प्राप्त भएको विवरण बीच फरक भएको । यस आर्थिक वर्षमा लेखांकन गरिएको विभिन्न बैंक तथा वित्तीय संस्थाहरुको मुद्दती निक्षेपमा गरेको नयाँ लगाानी तथा अवधि समाप्त भएको लगाानी खुद रकम रु. २,९६,८८,५६,४६४.१९ रहेको भएता पनि हामीलाई प्राप्त विवरण अनुसार उक्त रकम रु. २,४०,००,००,००० (खुद) रहेको । उक्त दुई रकम बीचको फरक रु. ५६,८८,५६,४६४.२० को हिसाब मिलान विवरण प्राप्त नभएकोले वित्तीय विवरणमा उल्लेख गरिएको रकमले मुद्दती निक्षेप लगानी हिसाबको यथार्थता चित्रण गर्ने अवस्था नदेखिएको ।

## ८. अन्य सम्पत्तिको विवरण उपलब्ध नभएको

### ८.१ अन्य बीमकबाट प्राप्त हुन बाँकी (निर्जीवन बीमा विभागबाट प्राप्त हुन बाँकी)

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा अन्य बीमकबाट प्राप्त हुन बाँकी रकम रु. १२,२४,८८,५५७ लेखांकन गरेको भएतापनि निर्जीवन बीमा विभागबाट प्राप्त समर्थन पत्र अनुसार जीवन बीमा विभागबाट प्राप्त हुन बाँकी रु. ६,०२,७२,२८४ रहेको पाइयो । वित्तीय विवरणमा लेखांकन गरिएको रकम र सम्बन्धित विभागबाट प्राप्त समर्थन पत्र बिचको फरक रकमको हिसाब मिलान नगरिएको हुनाले वित्तीय विवरणमा उल्लेख गरिएको अन्य बीमकबाट प्राप्त हुन बाँकी हिसाबले यथार्थ चित्रण गर्ने आधार नदेखिएको ।

**८.२ पुनर्बीमकसँगको हिसाब मिलान हुन बाँकी**

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा अन्य पुनर्बीमकबाट प्राप्त हुन बाँकी रकम रु. ११,२०,११,६३० लेखांकन गरेको भएतापनि सो रकमको विस्तृत विवरण तथा सम्बन्धित पार्टी (पुनर्बीमक) बाट सर्मथन पत्र प्राप्त नभएकोले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**८.३ विविध आसामी**

संस्थानले यस आर्थिक वर्षको वित्तीय विवरणमा विविध आसामी अन्तर्गत उल्लेख गरेको रकम रु. ४८,२२,८११ भएता पनि उक्त रकम कुन व्यक्तिबाट कुन वर्ष देखि प्राप्त हुन बाँकी रहेको हो सोको आयुगत विवरण तथा उक्त आसामीको समर्थन पत्र प्राप्त नभएको हुनाले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**८.४ अग्रिम आयकर**

संस्थानको यस आर्थिक वर्षको वित्तीय विवरणमा अग्रिम आयकर रु. ३,०७,६३,०८,५४७ उल्लेख गरेको भएता पनि उक्त रकमहरुको दाखिला मिति सहितको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध हुन नसकेकोले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**८.५ धरौटी**

संस्थानको यस आर्थिक वर्षको वित्तीय विवरणमा धरौटी शीर्षक अन्तर्गत रु. २७,३३,०६,१५८ उल्लेख गरेको भएता पनि उक्त धरौटी रकमको विस्तृत विवरण लेखापरिक्षणको लागि उपलब्ध नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**८.६ असुल हुन बाँकी बीमाशुल्क**

बीमा ऐन, २०४९ को २७ दफा अनुसार बीमा शुल्क प्राप्त नगरेसम्म बीमा जोखिम स्वीकार गर्न नहुने र नियमावली, २०४९ को नियम ३६(ग) अनुसार बीमितले बीमा शुल्क नबुझाए सम्म बीमक र बीमित बीचमा कारोवार भएको नमानिने स्पष्ट व्यवस्था हुँदाहुँदै संस्थानले यस आर्थिक वर्षमा रु. ४०,२२,००१.८४ बराबरको बीमा शुल्क प्राप्त हुनु अगावै बीमालेख नविकरण गरेको पाइयो ।

**९. चालु दायित्व तथा व्यवस्थाको विवरण उपलब्ध नभएको**

**९.१ अभिकर्तालाई दिन बाँकी**

यस वर्षको अन्तिममा अभिकर्तालाई दिन बाँकी हिसाब अन्तर्गत रु. १,१३,४१,७४४ उल्लेख गरेको भएतापनि भुक्तानी हुन बाँकी उक्त रकमको व्यक्तिगत एवं वर्षानुगत सहितको विष्तृत विवरण उपलब्ध नभएकोले सो भुक्तानी गर्न बाँकी रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**९.२ पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी**

पुनर्बीमकलाई भुक्तानी गर्न बाँकी शीर्षक अन्तर्गत गत वर्ष रु. ३४,७०,९६,१८३ रहेकोमा यस वर्षको आर्थिक वर्षको वित्तीय विवरणमा रु. ३७,७८,८६,१८१ लेखांकन गरेको पाइयो। उक्त बृद्धि भएको रकम रु. ३,०७,८९,९९८ यस वर्षको पुनर्बीमा शुल्क वापतको व्यवस्था भनि संस्थानबाट जानकारी गराएतापनि उक्त पुनर्बीमा शुल्कको गणनाको आधार तथा विस्तृत विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**९.३ विविध साहु**

विविध साहु अन्तर्गत यस वर्ष रु. १,४६,५९,१४२ लेखांकन गरेको भएता पनि उक्त रकमको आयुगत विष्तृत विवरण तथा सम्बन्धित पार्टीबाट समर्थन प्राप्त नभएकाले उक्त रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**९.४ बीमाङ्कीय सेवा शुल्क**

यस शीर्षक अन्तर्गत गत वर्ष भुक्तानी गर्न बाँकी बीमाङ्कीय सेवा शुल्क रु. ७५,६०,२०८ रहेकोमा यस वर्ष रु. ६,२८,००० ले कमि भई रु. ६९,३२,२०८ हुन गएको देखिन्छ । उक्त बृद्धि भएको रकम यस वर्षको बीमाङ्कीय सेवा शुल्क वापतको तिर्न बाँकी रकम वापतको व्यवस्था रु. ८००,००० र यस वर्ष भुक्तानी गरिएको रु. १४,२८,००० को खुद रकम रहेको भनि संस्थानबाट जानकारी प्राप्त भएतापनि उक्त बीमाङ्कीय शुल्कको गणनाको आधार तथा भुक्तानी गरिएको रकमको विस्तृत विवरण प्राप्त नभएकोले वित्तीय विवरणमा उल्लेखित रकमले तिर्न बाँकी बीमाङ्कीय सेवा शुल्कले यथार्थता चित्रण गर्ने आधार नदेखिएको ।

**९.५ भुक्तानी हुँन बाँकी दाबी बापत व्यवस्था**

यस शीर्षक अन्तर्गत यस वर्षको अन्त्यमा रु. ३२,३०,९४,३२७ उल्लेख गरेको पाईयो । उक्त रकम यस वर्षको अन्त्य सम्म भुक्तानी गर्न बाँकी रहेको दाबी भुक्तानी रकम रु. २८,०९,५१,५८९ को ११५ प्रतिशतले हुन आउने

रकम व्यवस्था गरेको पाइएतापनि संस्थानबाट उक्त भुक्तानी गर्न बाँकी रहेको दाबी भुक्तानी रकमको विस्तृत विवरण प्राप्त नभएको हुँदा उक्त भुक्तानी हुँन बाँकी दाबी वापतको व्यवस्थाले यथार्थता चित्रण गर्न सक्ने आधार नदेखिएको ।

**९.६ पेन्सन तथा उपदान व्यवस्था**

पेन्सन तथा उपदान व्यवस्था अन्तर्गत यस वर्ष रु. ७७,७२,०७२.१२ भुक्तानी भएको देखिएको छ भने थप रु. १,५०,००,००० व्यवस्था गरेको छ । यद्यपि उक्त गरिएको व्यवस्थाको विस्तृत गणनाको आधार उपलब्ध नभएकोले संस्थानको कर्मचारी नियमावली, २०५४ अनुसार कर्मचारीलाई उपदान, निवृतिभरण, संचित विदा आदि दायित्व भुक्तानीको लागि व्यवस्था गरेको रकमको पर्याप्तता यकिन गर्न सक्ने अवस्था देखिएन ।

**९.७ कर्मचारी खर्च**

यस आर्थिक वर्षमा कर्मचारी खर्च शीर्षक अन्तर्गत रु. ७,५४,७५,९७८ लेखांकन गरेको भएतापनि संस्थाबाट उक्त खर्चको विस्तृत विवरण प्राप्त नभएकोले उल्लेख गरिएको कर्मचारी खर्चको वास्तविकता यकिन गर्न नसकिएको ।

**१०. जगेडा तथा कोष**

संस्थानले यस शीर्षक अन्तर्गत पूंजीगत जगेडा कोष, विशेष जगेडा कोष र विकास जगेडा कोषमा गत वर्षकै रकम क्रमशः रु. ९०,५८५, रु. ३३,७४६,५५९ र रु. ६,५००,००० उल्लेख गरेको पाईयो । उक्त रकम जगेडा कोषबाट छुट्याउनु पर्ने कारण र सम्बन्धित आर्थिक वर्ष खुल्ने विवरण प्राप्त नभएकोले सो रकमको वास्तविकता यकिन गर्न नसकिएको ।

**११. स्थिर सम्पत्तिको विवरण प्राप्त नभएको**

संस्थानले आफ्नो वित्तीय विवरणमा रु. ६९,३७,९६४.९९ (परल मूल्य) बराबरको जग्गा तथा भवन सम्पत्तिको रुपमा उल्लेख गरेको भएतापनि उक्त सम्पत्तिहरुको संस्थानको स्वामित्व पुष्ट्याँई गर्ने कागजात प्राप्त नभएकोले संस्थानले वित्तीय विवरणमा उल्लेख गरेको जग्गा तथा भवन संस्थानको स्वामित्वमा रहे या नरहेको यकिन गर्न नसकिएको ।

**१२. लेखासँग सम्बन्धित आधारभूत अभिलेख तथा खाताहरु यथेष्ट रुपमा उपलब्ध नभएको:**

लेखासंग सम्बन्धित आधारभूत कागजातहरू व्यवस्थित रुपमा नराख्नु, कारोवार भएकै समयमा क्रमबद्ध रुपमा भौचरहरु पोष्टिङ्ग नगर्नु, बैंक खाता जस्तो हिसाब नियमित तवरले मिलान नगर्नु र लामो समयदेखि नमिलेको हिसाब मिलान एवं समायोजन नगर्नु, पुनर्बीमाको यकिन हिसाब लेखाङ्कन नहुनु, सम्बन्धित पार्टीको समर्थन बिना एकतर्फी हिसाब राख्नु आदि कारणले विद्यमान लेखा प्रणाली अत्यन्तै कमजोर अवस्थामा रहेको देखिन्छ ।

बैंक हिसाब, लगानी हिसाब, स्थिर सम्पत्तिको हिसाब, लिनु पर्ने तथा दिनु पर्ने, आम्दानी तथा खर्च तथा दायित्व हिसाबका सहायक खाताहरू अद्यावधिक गरिएका छैनन् । गोश्वारा हिसावले देखाएको मौज्दात रकमको आधारमा मात्र वित्तीय विवरणहरु तयार पारिएका कारण वित्तीय विवरणहरूमा विश्वसनीय भएकोमा यकिन गर्न सकिने अवस्था नभएको साथै संस्थानले प्रमुख लेखा नीतिहरु र अन्य लेखा सम्बन्धी व्याख्यात्मक टिप्पणीहरुमा वित्तीय विवरणमा उल्लेख गरिएका सम्पत्ति तथा दायित्वहरु र आम्दानी तथा खर्चहरुको गणना तथा लेखांकनसँग सम्बन्धित नीति तथा अवधारणाको उचित रुपमा प्रस्तुत (Adequate Disclosure) गर्ने गरेको पाईएन ।

**१३. संस्थागत कम्प्युटराईज लेखा प्रणाली समय सान्दर्भिक परिमार्जित नभएको तथा सोको लागि आवश्यक Backup तथा अन्य व्यवस्थापन चुस्त नभएको:**

संस्थानको दैनिक कार्य सम्पादन (जस्तैः बीमा शुल्क आम्दानीको विवरण, दावी भुक्तानीको विवरण, कमिशन खर्चको विवरण) का निमित्त आफैले विकास गरेको सफ्टवेयर विगत २५ वर्षदेखि प्रयोगमा रहेको तर उक्त सफ्टवेयर Microsoft Windows 98 मा मात्र सञ्चालन गर्न मिल्ने, साथै सफ्टवेयरको ग्राफिकल युजर इन्टरफेस (Graphical User Interface, GUI) समेत विकास नगरेकोले आवश्यक प्रतिवेदनहरु हेर्ने कोडको प्रयोग गर्नुपर्ने र सो कारणले आवश्यक प्रतिवेदन कम्प्युटर शाखा बाहेका अन्य शाखाबाट नसकिनुले संस्थानको प्रयोगमा रहेको सफट्वेयरको उपयोगिता तथा प्रभावकारीता एकदमै न्युन रहेको देखिन्छ ।

सफ्टवेयरको सम्पूर्ण जिम्मेवारी संस्थानमा करारमा रहेका एक कर्मचारीमा मात्र निहित रहनु, उक्त कर्मचारी बाहेक अन्य कसैले पनि आवश्यक प्रतिवेदन, ब्याकअप (Backup) राख्न नसक्नु र नगरिनु, ब्याकअप (Backup) व्यवस्थापनका लागि आवश्यक ठोसकार्यहरु जस्तै ब्याकअपहरुको लग नराखिनु, डाटा रिकभरी (Data Recovery) सम्बन्धी कुनै किसिमको लिखित योजना नहुनुले संस्थानको कम्प्युटराइज लेखा तथा नियमित कार्य सम्पादन प्रणाली एकदमै जोखिमयुक्त रहेको ।

## १४. सम्बन्धित कानुनी तथा नियमनकारी व्यवस्थाहरुको पालना नगरिएको

संस्थानले बीमा ऐन अनुरुप चुक्ता पूँजीको व्यवस्था नगरेको, आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र साधारणसभा गरिसक्नुपर्ने भएतापनि संस्थानले आर्थिक वर्ष २०६५/०६६ देखि साधारण सभा नगरेको, बीमा ऐनको दफा २६ अनुरुप जीवन बीमा व्ययवसाय गर्ने संस्थाले प्रत्येक तीनवर्षमा एक पटक आफ्नो आर्थिक स्थितिको लेखा जोखा र दायित्वको बीमाङ्कीय मुल्याकंन बीमांकीद्धारा गराउनुपर्नेमा बीमाङ्कीय मुल्याकंन समयमा नगरेको, आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र बीमा समितिको कार्यालयमा पेश गर्नुपर्ने आवश्यक विवरणहरु पेश नगरिएको, बीमा समितिको परिपत्र अनुसार लगानीको एअरमार्क व्यवस्था नगरेको, कर्मचारी अवकाष कोषको लेखापरीक्षण नगरिएको, बिना ब्याजको ऋण कर्मचारीको करयोग्य आयमा समावेश नगरिएका जस्ता व्यवस्थाहरुको पालना नगरेको ।

### लेखापरीक्षणका मुख्य मामलाहरु

लेखापरीक्षणका मुख्य मामलाहरु हाम्रो पेशागत निर्णयका आधारमा लेखापरीक्षण गरिएको वर्तमान अवधिको वित्तीय विवरणसँग सम्बन्धी अति महत्वपुर्ण मामलाहरु पदर्छन् । उक्त विषय वस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकिय व्यवस्था प्रति जिम्मेवारी लिनेहरु तथा सम्बन्धित सरोकारवालाहरुलाई सुचित गरिने विषय वस्तुहरु पर्दछन् । हाम्रो यसै प्रतिवेदनको कैफियत सहितको रायको लागि आधारहरुको अनुच्क्षेदमा उल्लेख गरिएका मामलाहरु बाहेक अन्य मुख्य मामलाहरु नरहेको जानकारी गराउन चाहन्छौं ।

### वित्तीय विवरणप्रति व्यवस्थापन र शासकीय व्यवस्था बहन गर्ने अख्तियारीको उत्तरदायित्व

प्रचलित कानुन तथा लेखा सिद्धान्त अनुरुप वित्तीय विवरणहरु यथार्थ र उचित चित्रण हुने गरी तयार एवम् प्रस्तुत गर्ने तथा उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी उत्तरदायित्व अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस, सारभूत किसिमले त्रुटिरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने कार्य, कार्यान्वयन र संचालन गर्ने कार्य, सम्पत्तिहरुको व्यवस्थापन कार्य र लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवम् परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरणहरु तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको विशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषय वस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँग सम्बन्धित जानकारीहरु खुलासा गर्ने दायित्व संस्थानको व्यवस्थापनमा रहेको छ ।

संस्थानको वित्तीय प्रतिवेदन प्रकृया सम्बन्धी जिम्मेवारी शासकीय व्यवस्था बहन गर्ने अख्तियारीमा रहेको हुन्छ ।

### वित्तीय विवरणप्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु जालसाजी वा भूलबाट मुक्त छन्, छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित भई मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । मनासिब आश्वासन प्राप्त भएतापनि नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधैं पत्ता लाग्छ भन्ने छैन । त्रुटिहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र ती त्रुटिहरुको भौतिकता मापन वित्तीय विवरणको प्रयोगकर्ताको वित्तीय निर्णयलाई असर गर्ने कुरामा भर पर्दछ ।

### लेखापरिक्षणको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण आश्वस्तता दिँदा हामीले व्यवसायिक क्षमता प्रयोग गरेको छौं । वित्तीय विवरणहरु जालसाजी वा भूलबाट हुनसक्ने भौतिक सारभूत त्रुटिहरुको पहिचान र जोखिमको मूल्याकंन गरेका छौं । हाम्रो रायको लागि आधार हुने लेखापरीक्षण प्रमाणहरु केलाई यी जोखिमको न्यूनिकरण गर्न आवश्यक लेखापरीक्षण प्रकृयाहरु अवलम्बन गरेका छौं ।

भूलबाट हुने त्रुटिभन्दा जालसाजीबाट हुने त्रुटी पत्ता लगाउने जोखिम अधिक हुन्छ । आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई निकाय सुहाउँदो लेखापरीक्षण प्रकृया तयार गर्न आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी जानकारी लिएका छौं ।

व्यवस्थापनले प्रयोग गरेका लेखा नीति, लेखा अनुमान एवम् वित्तीय विवरणसँग सम्बन्धित व्यवस्थापनबाट गरिएका प्रस्तुतिको मूल्याकंन गरेका छौं ।

व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको निष्कर्षलाई हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुको आधारमा मूल्यांकन गरेका छौं । मूल्याकंन गर्दा लिएका आधारहरुको जोखिम भविष्यमा हुन सक्ने सम्भावनालाई नकार्न नसकिने हुनाले आउँदा दिनहरुमा अविच्छिन्नता रहने कुराको आश्वाशन दिन सकिँदैन ।

स्वतन्त्रता एवम् नैतिक आवश्यकताहरुको पूर्ण रुपले पालना गरिएको र हाम्रो स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य विवरणहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्ने विवरणहरुलाई निराकरण गर्ने उपायहरु शासकीय व्यवस्था बहन गर्ने अख्तियारीलाई सूचित गराएका छौं ।

### अन्य कानुनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक अन्य अवस्थाहरूमा हामीले हाम्रो ज्ञान र विश्वासको आधारमा लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानी सोधनी तथा कैफियत तलव गरेको कुराहरुको जबाफ एवम् स्पष्टिकरण पायौं ।

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुलेपार्ने गहन असर तथा हालका अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने बाहेक अन्य अवस्थाहरुमा वित्तीय स्थिति विवरण, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन विवरण बीमा समितिले तोके बमोजिम तयार भएको छ, संस्थानले राखेको लेखासँग दुरुस्त रहेका छन् ।

कैफियत सहितको रायको लागि आधारहरु भन्ने अनुच्छेदमा उल्लेख गरिएका विषय वस्तुहरुले पार्ने गहन असर तथा हालको अवस्थामा यकिन गर्न नसकिने रकमहरुको कारणले पर्न जाने गहन असर बाहेक हामीलाई प्राप्त जानकारी, दिइएको स्पष्टिकरण र हामीले परीक्षण गरेको श्रेस्ताबाट सञ्चालक समिति अथवा कुनै पदाधिकारीले कानुनी व्यवस्थाहरू विपरित वा अनियमित कार्य गरेको वा संस्थालाई हानी नोक्सानी गरे गराएको जानकारी हुन आएन ।

## राष्ट्रिय वाणिज्य बैंक, २०७६/७७

**Qualified Opinion**

We have audited the accompanying financial statements of Rastriya Banijya Bank Limited ("the Bank"), and Consolidated Financial Statements of the Group (the Bank and its subsidiary), which comprise the Statement of Financial Position of the Bank and the Group as at Ashadh 31, 2077 corresponding to July 15, 2020, the Statements of Profit or Loss, the Statements of Other Comprehensive Income, the Statements of Cash Flows, and the Statement of Changes in Equity for the year then ended, along with Notes forming part of the Consolidated Financial Statements, and a summary of significant accounting policies.

In our opinion, except for the matters described in the Basis of Qualified Opinion section, the accompanying financial statements present fairly, in all material respects, the financial position of the Bank and the Group as at Ashadh 31, 2077 (July 15, 2020), and their financial performance and cash flows for the year then ended in accordance with the Nepal Financial Reporting Standards (with the approved carve-out) and the Companies Act, 2063.

**Basis for Qualified Opinion**

a. We were unable to obtain sufficient and appropriate audit evidences enabling us to determine the effect on equity of the Bank/Group as the result of the unreconciled yearend balances as follows:

   - Net balance of unreconciled inter-branch transactions, amounting Rs. 773.54 million (LY Rs. 1,684.8 Million).
   - Net balance of accounts being carried forward from prior periods relating to debit card and credit card related transactions, amounting Rs.151.60 million (LY Rs. 73.8 Million).
   - Balances due on account of interest on loan accounts whose collections were set off against principal before setting off against interest, amounting Rs. 1,154.7 million (LY Rs. 1,139.8 Million ).
   - The balance of accounts being carried forward from prior periods relating to Bank drafts paid without notice; Unidentified items of sundry debtors and creditors, Matured term deposit accounts; Un-reconciled balance in agency accounts, cash in transit, Nepal bank draft Transaction Payable and unpaid pay orders, Unclaimed liabilities, totaling Rs. 1,575.84 million.

b. Reasons mentioned below may not impact equity, but the amounts in the balances of the following accounts in Balance Sheet and Off-Balance sheet item may differ:

   - The balance amounting Rs. 309.0 Million (LY Rs. 157.7 Million) was pending as loan recovery adjustment, whereas the balances of outstanding loan accounts were already recovered.

- The physical verification of fixed asset was not conducted resulting in uncertainty of their physical existence and ownership.
- The balance amounting Rs. 869.21 Million (LY Rs. 605.9 Million) relating to matured and unidentified Fixed Deposit accounts was carried as Deposit, but not reconciled.
- The balance of acceptance & documentary, bills for collection, guarantees and undrawn & undisbursed facilities amounting Rs. 13,804.11 Million as per Schedule

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the Auditor's Responsibilities for the Audit of Financial Statements section of our report. We are independent of the Bank/Group in accordance with the ethical requirement that is relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide basis for our opinion.

**Key Audit Matters**

Key Audit Matters are those matters that, in our professional judgment, were of most significance in our audit of the Consolidated Financial Statements of the current period. These matters were addressed in the context of our audit of the Consolidated Financial Statements as a whole, and in forming our opinion thereon, and we do not provide a separate opinion on these matters.

Except for the matters described in the Basis for Qualified Opinion Section, we have determined that there are no other key audit matters to communicate in our report.

**Other information**

We did not audit the financial statements of the Bank's subsidiary company, which were audited by another independent auditor for the subsidiary, and our opinion, in so far as it relates to the amounts included in respect of the subsidiary, is based solely on the report of another auditor.

**Management's Responsibility for Those Charged with Governance for the Consolidated Financial Statements**

Management is responsible for the preparation and fair presentation of the Consolidated Financial Statements in accordance with the Nepal Financial Reporting Standards (NFRS), and for such internal control as management determines is necessary to enable preparation of the financial statements that are free from material misstatements, whether due to fraud or error.

In preparing the Consolidated Financial Statements, management is responsible for assessing the Bank's/ Group's/ ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using going concern basis of accounting unless management either intends to liquidate the Bank/Group or to cease operations, or has no realistic alternative but to do so.

Those charged with governance are responsible for overseeing the financial reporting process of the bank and the group.

**Auditors' Responsibilities for the Audit of Consolidated Financial Statements**

Our objectives are to obtain reasonable assurance about whether the Consolidated Financial Statements as a whole are free from material misstatements, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these Consolidated Financial Statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also;

- Identify and assess the risks of material misstatement of the Consolidated Financial Statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtain audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an opinion on the effectiveness of the

entity's internal control.

- Evaluate the appropriateness of accounting policies used and the reasonableness of accounting estimates and related disclosures made by management.
- Conclude on the appropriateness of management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Bank's/Group's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor's report to the related disclosure in the consolidated financial statements or, if such disclosure are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidences obtained up to the date of our auditor's report. However, future events or conditions may cause the Bank/Group to cease as a going concern.
- Evaluate the overall presentation, structure and content of the Consolidated Financial Statements, including the disclosures, and whether the Consolidated Financial Statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidences regarding the financial information of the entities or business activities within the Bank/Group to express an opinion on the Consolidated Financial Statements.

We communicate with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we identify during our audit.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards.

From the matters communicated with those charged with governance, we determine those matters that were of most significance in the audit of the Consolidated Financial Statements of the current period and are therefore are the key audit matters.

**Report on Other Legal and Regulatory Requirements**

We further report that:

- We have obtained all information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our examination.
- In our opinion, proper books of account as required by law were being kept, in so far as they related to our examination of those books and the financial statements dealt with by this report are prepared in conformity with the NFRS based format prescribed by Nepal Rastra Bank.
- In our opinion, the returns received from the respective Bank's branches are adequate for the audit purpose, though the statements are independently not audited.
- In our opinion and to the best of our information and according to the explanations given to us and from our examination of the books of account of the Bank, we did not come across the cases where the Board of Directors or any member thereof or any employee of the Bank have acted deliberately in compliance with the provisions of the law relating to accounts or caused loss or damage to the Bank or committed any misappropriation or violated any directive of Nepal Rastra Bank.
- In our opinion, the business of the Bank was conducted within its authority.

## सिडियस क्लियरिङ्ग, २०७६/७७

## वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित प्रतिवेदन

### १. लेखापरीक्षकको राय

हामी यसैसाथ संलग्न सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको आषाढ ३१, २०७७ (तदनुसार जुलाई १५, २०२०) को आर्थिक अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य विस्तृत आयको विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गर्न लेखापरीक्षकको रुपमा नियुक्त भएका छौं र सोहि अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**हाम्रो रायमा, संलग्न वित्तीय विवरणहरुले:**

- कम्पनीको २०७७ आषाढ मसान्त (जुलाई १५, २०२०) को आर्थिक अवस्था र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको नाफा वा नोक्सान र अन्य विस्तृत आयको अवस्था र नगद प्रवाहको अवस्था प्रचलित कानुनका अधिनमा रहि यथार्थ चित्रण गर्दछ ;
- कम्पनीलाई लागु हुने नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएका छन् र
- कम्पनी ऐन, २०६३ बमोजिम तयार पारिएका छन् ।

## २. राय व्यक्त गर्ने आधार

हामीले नेपाल लेखापरीक्षणमान अनुरुप लेखापरीक्षण सम्पन्न गरेका छौं । त्यस्ता मानहरुअनुसारको हाम्रो जिम्मेवारीलाई यसै प्रतिवेदनको **वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित लेखापरीक्षकको जिम्मेवारी** खण्डमा थप व्याख्या गरिएको छ । *नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहितको हातेपुस्तक* लगायत वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा नेपालमा प्रचलित आवश्यक आचारणहरुको आधारमा हामी यस कम्पनीबाट स्वतन्त्र छौं, र हामीले यस्ता आवश्यकता अनुरुप तथा नेपाल चार्टर्ड एकाउण्टेण्ट्स् संस्थाले जारी गरेको व्यवसायिक लेखापालका लागि आचारसंहिताको हातेपुस्तक बमोजिम अन्य आचरणको जिम्मेवारी पूरा गरेका छौं । हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं ।

## ३. अन्य व्यहोरा

कम्पनीले आर्थिक वर्ष २०७५/७६ मा कर्मचारी बोनसबापत खुद मुनाफाको ५ प्रतिशत रकम छुट्याईएकोमा सो रकम वितरण गर्नको लागि अर्थ मन्त्रालयमा स्वीकृति माग गर्दा अर्थ मन्त्रालयको मिति २०७६/१०/२३ को पत्रानुसार खुद नाफाको १ प्रतिशत बराबरको रकम मात्र बोनसबापत छुट्याउन स्वीकृति दिएको थियो । अर्थ मन्त्रालयको उक्त स्वीकृति पत्रमा चित्त नबुझाई कम्पनीका कर्मचारीहरुबाट उक्त निर्णय बदर गरिपाउन सम्मानित उच्च अदालत, पाटनमा रिट निवेदन दायर गरेकोमा त्यस्तो रिट निवेदनमा अन्तिम फैसला आउन बाँकी रहेको अवस्थामा कम्पनी व्यवस्थापनले कर्मचारी बोनसबापत खुद मुनाफाको ५ प्रतिशत रकम व्यवस्था गरेको छ । कम्पनीको व्यवस्थापनले प्रचलित वित्तीय परीक्षणमान अनुसार व्यवस्था गरेको बोनसबापतको रकम सम्मानित उच्च अदालतको अन्तिम फैसलाअनुसार मात्र यकिन हुने भएकाले अदालतको अन्तिम आदेश आएपश्चात प्रचलित अन्य कानुनको समेत परिपालना गरी वितरण गर्नुहुन कम्पनीको शेयरधनीहरु र व्यवस्थापनको ध्यानाकर्षण गराउन चाहन्छौं । यस विषयले हाम्रो रायमा परिवर्तन भएको छैन ।

## ४. अन्य जानकारी (वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदनबाहेकको)

वित्तीय विवरणसाथ प्रस्तुत गरिने वित्तीय विवरण तथा लेखापरीक्षकको प्रतिवेदनबाहेकका अन्य जानकारीहरु व्यवस्थापनको जिम्मेवारी हो । अन्य जानकारीमा वार्षिक विवरणसँगै प्रस्तुत गरिने वित्तीय विवरण तथा हाम्रो लेखापरीक्षकको प्रतिवेदनबाहेकको अध्यक्षको प्रतिवेदन तथा कम्पनीको ऐन, २०६३ को दफा १०९ को उपदफा (४) अनुसारका प्रतिवेदनहरु पर्दछन् । त्यस्ता प्रतिवेदनहरु यस लेखापरीक्षण प्रतिवेदनको मिति पश्चात प्राप्त हुने अपेक्षा गरेका छौं ।

वार्षिक वित्तीय विवरणमाथिको हाम्रो रायले अन्य जानकारीलाई समेट्दैन तथा यस्ता अन्य जानकारीका सम्बन्धमा हामी कुनै पनि प्रकारको आश्वासन निचोड व्यक्त गर्दैनौं ।

वित्तीय विवरणको हाम्रो लेखापरीक्षणको सन्दर्भमा, हाम्रो जिम्मेवारी अन्य जानकारी पढी त्यस्ता जानकारीहरु वित्तीय विवरण वा हामीले लेखापरीक्षणको क्रममा प्राप्त गरेका ज्ञानहरुसँग सारभूत रुपमा असंगत रहे वा नरहेको वा अन्य कुनै पनि कारणले सारभूत रुपमा गलत वर्णन देखिने वा नदेखिने सम्बन्धमा विचार गर्नु हो । हामीले गरेको कार्यहरुको आधारमा, यदि अन्य जानकारीहरु सारभूत रुपमा गलत वर्णन गरिएको निष्कर्ष निस्किएमा, त्यस्ता तथ्यहरुको प्रतिवेदन दिनु हाम्रो जिम्मेवारी हो ।

हामीलाई त्यस्ता प्रतिवेदनहरु प्राप्त भए पश्चात सो को अध्ययन गरी कुनै सारभूत असंगत तथ्यहरु रहेको निचोड निस्किएमा त्यस्तो सारभूत असंगत तथ्यहरुको बारेमा शासकीय भूमिका वहन गर्नेहरु समक्ष सूचित गर्नेछौं ।

## ५. वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी

नेपाल वित्तीय प्रतिवेदनमान, सम्बन्धित ऐन र अन्य नियम, कानुन, अभ्यास अनुरुप वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत

आँकडासहितका हुन नदिन आवश्यक पर्ने निजहरुले आवश्यक ठानेका त्यस्ता आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी कम्पनीको व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा कम्पनीको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत कम्पनीलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ ।

शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

## ६. लेखापरीक्षकको जिम्मेवारी

समग्रमा वित्तीय विवरणहरु जलसाजी वा त्रुटिका कारणले गलत आँकडासहित प्रस्तुत भएका छैनन् भन्ने कुरामा मनासिब आश्वश्वता प्राप्त गर्नु (obtain reasobnable assurance) र लेखापरीक्षणको आधारमा हाम्रो रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्ने हाम्रो उद्देश्य रहेको छ । मनासिब आश्वासन उच्च तहको आश्वासन हो, तर नेपाल लेखापरीक्षणमान अनुसार गरिएको लेखापरीक्षणले सारभूतरुपमा गलत वर्णन (material misstatement) भएको अवस्था सधैँ पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन । गलत वर्णन (misstatement) जालसाजी वा त्रुटिबाट उत्पन्न हुन सक्छ र एकल वा समष्टिमा, प्रयोगकर्ताहरुले यी वित्तीय विवरणहरुको आधारमा लिने आर्थिक निर्णयलाई प्रभाव पार्छ भन्ने उपयुक्त अपेक्षा गर्न सक्ने अवस्थामा मात्र सारभूत मानिन्छ ।

हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण कार्य गर्दा लेखापरीक्षण अवधिभर पेशागत विवेक र व्यवसायिक सन्देह कायम गरेका छौँ । यस क्रममा, हामीले,

(क) जालसाजी वा त्रुटिको कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितको प्रस्तुत हुन सक्ने जोखिम पहिचान गरी जोखिमको निर्धारण गरेको, जोखिमको प्रभाव अनुकूलको लेखापरीक्षण विधिको ढाँचा तयार गरी त्यसको प्रयोग गरेको र हाम्रो रायको लागि आवश्यक पर्याप्त र उपयुक्त प्रमाणहरु प्राप्त गरेका छौँ । जालसाजी (fraud) मा मिलजुल, जालसाजी (forgery), जानाजान छोड्ने काम (intentional omission), गलत प्रतिनिधित्व (wrong representation) वा आन्तरिक नियन्त्रणको उल्लंघन जस्ता कार्य समावेश हुन सक्ने कारण जालसाजीको कारणले गर्दा हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिम त्रुटिको कारणले हुने सारभूत गलत वर्णन पहिचान हुन नसक्ने जोखिमभन्दा बढि हुन्छ ।

(ख) कम्पनीको यथार्थ स्थितिको लागि उपयुक्त हुने लेखापरीक्षण विधि अवलम्बन गर्न लेखापरीक्षणसँग प्रासंगिक आन्तरिक नियन्त्रणको बारेमा बुझ्ने कार्य गरेका छौँ, तर लेखापरीक्षणको क्रममा आन्तरिक नियन्त्रणको प्रभावकारिताबारे राय व्यक्त गर्ने उद्देश्य राखिएको हुँदैन ।

(ग) कम्पनीको वित्तीय विवरण तयार गर्दा व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको उपयुक्तता (appropriatemess) र लेखा अनुमानहरुको व्यवहारिकता (reasonableness) तथा ती सँग सम्बन्धित खुलासाहरुको मूल्याङ्कन गरेका छौँ ।

(घ) व्यवस्थापनले प्रयोग गरेको अनवरत सञ्चालन मान्यतामा आधारित लेखाको उपयुक्तताको बारे र लेखापरीक्षणको क्रममा प्राप्त प्रमाणहरुको आधारमा कम्पनी अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने घटना वा अवस्थाको सारभूत अनिश्चितता रहेको वा नरहेको निष्कर्ष निकालेका छौँ । हाम्रो निष्कर्षको आधारमा सारभूत अनिश्चितता रहेमा, व्यवस्थापनले वित्तीय विवरणमा सो सन्दर्भमा गरेको खुलासातर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउने जिम्मेवारी हामीमा रहेको छ, साथै व्यवस्थापनले गरेको खुलासा अपर्याप्त भएमा हाम्रो प्रतिवेदन परिमार्जन गर्नुपर्ने हुन्छ । हाम्रो निष्कर्ष लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने मितिसम्म हामीले प्राप्त गरेको लेखापरीक्षण प्रमाणमा आधारित हुन्छ । तथापि भविष्यका घटना तथा अवस्थाको कारण पनि कम्पनीको अनवरत सञ्चालन मान्यता खण्डित हुन सक्छ ।

(ङ) व्यवस्थापनबाट वित्तीय विवरणमा गरिएका खुलासाहरु लगायत वित्तीय विवरणको समग्र प्रस्तुतीकरण, संरचना र सामग्रीको मूल्याङ्कन गरेका छौँ ।

(च) लेखापरीक्षकको राय व्यक्त गर्न कम्पनीको वित्तीय जानकारी वा व्यवसायिक कृयाकलापसँग सम्बन्धित पर्याप्त र उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गरेका छौँ ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष अन्य व्यहोराको अतिरिक्त लेखापरीक्षण गर्ने योजनाबद्ध क्षेत्र र समयावधिका साथै आन्तरिक नियन्त्रणमा रहेको कमजोरीलगायत लेखापरीक्षणको क्रममा प्राप्त उल्लेखनीय टिप्पणीहरु सूचित गरेका छौँ ।

शासकीय भूमिका वहन गर्नेहरु समक्ष हामीले लेखापरीक्षणको क्रममा स्वतन्त्रतासँग सम्बन्धित प्रासंगिक आचारको पालना गरेको व्यहोरा उल्लेख गरी विवरण पेश गरेका छौँ । यसका अतिरिक्त हाम्रो स्वतन्त्रतालाई प्रभाव पार्ने सबै सम्बन्धहरु र अन्य व्यहोरा र आवश्यकता अनुसार स्वतन्त्रता जगेर्ना गर्न अवलम्बन गरिएका उपायहरुको बारेमा पनि सूचित गरेका छौँ ।

**अन्य कानुनी तथा नियामकीय आवश्यकतासँग सम्बन्धित प्रतिवेदन**

७. **कम्पनी ऐन, २०६३ बमोजिमको थप व्यहोरा**

कम्पनी ऐन, २०६३ को दफा ११५ बमोजिम देहायका व्यहोराहरु प्रमाणित गर्दछौँ:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक सूचना र स्पष्टीकरण प्राप्त गर्‍यौँ ।

ख) कम्पनीले कम्पनी ऐन, २०६३ अनुरुप आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको छ ।

ग) हाम्रो रायमा कम्पनीको वित्तीय विवरणहरू सारभूत रुपमा कम्पनीले राखेको लेखासँग दुरुस्त रहेको छ ।

घ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरूको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुनविरुद्ध लेखासँग सम्बन्धित कुनै कामकाज गरेको तथा कम्पनीको सम्पत्ति हिनामिना गरेको वा कम्पनीको हानि नोक्सानी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

ङ) लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका स्पष्टीकरण तथा सूचनाहरूको आधारमा, सञ्चालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कम्पनीमा लेखासम्बन्धी कुनै जालसाजी गरेको व्यहोरा हाम्रो जानकारीमा आएन ।

# उद्योग बाणिज्य आपूर्ति मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### उदयपुर सिमेन्ट उद्योग कम्पनी लिमिटेड २०७६/७७

#### लेखापरीक्षकको राय

हामीले उदयपुर सिमेन्ट उद्योग कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक उद्योगको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

#### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **संस्थाको निरन्तरताः** विगत वर्षहरु देखि नै अत्याधिक नोक्सानी भई रहेकोमा यस वर्षसम्ममा संस्थाको संचित नोक्सानी रु. ५ अर्ब २५ करोड १५ लाख २५ हजार भई नेट वर्थसमेत रु. १ अर्ब ६० करोड ३४ लाख ७४ हजार ऋणात्मक भएकोमा यथास्थिति रहिरहे संस्था निरन्तर सञ्चालनमा तथा अविच्छिन्न रुपमा रहिरहने अवस्था नरहने तथा सोको अवधारणा बमोजिम वित्तीय विवरण तयार गर्ने अवस्था नरहन सक्ने देखिन्छ।

३. **मध्य तथा दीर्घकालिन ऋणः** संस्थाले नेपाल सरकार मन्त्रिपरिषदको २०५७।५।१५ को निणर्य अनुसार उद्योगको निर्माण कार्य पूरा भई पुँजीकरण गर्दा कायम भएको ऋण रु. २ अर्ब ५५ करोड ६२ लाखमध्ये बाँकी साँवा रु. १ अर्ब ७२ करोड ५० लाख तथा सो ऋणमा लागेको ब्याज रु. १ अर्ब ६६ करोड ९ लाख २० हजार समेत रु. ३ अर्ब ३८ करोड ५९ लाख २० हजार भुक्तानी गरेको छैन। उक्त तिर्न बाँकी ऋण तथा ब्याज रकमको महालेखा नियन्त्रक कार्यालय संग भिडान गरी समर्थन पत्र लिएको छैन।

४. **अल्पकालिन ऋण लगानीः** संस्थाले विराटनगर जुट मिल्स लिमिटेडलाई आर्थिक वर्ष २०५१।०५२ मा रु. २४ लाख तथा आर्थिक वर्ष २०५२।०५३ मा रु. १० लाख गरि रु. ३४ लाख अल्पकालिन ऋण प्रदान गरेकोमा सो ऋणमा ब्याज तथा हर्जाना बापत पुँजीकृत गरिएको रु. ११ करोड ३२ लाख ६ हजार गरि कायम भएको ऋण रु. ११ करोड ६६ लाख ६ हजारको हालसम्म असूली गरेको छैन तथा उक्त ऋणको हानी वापत जोखिम व्यवस्था गरेको छैन।

५. **शेयर लगानीः** संस्थाको श्री त्रिशक्ति पोलिप्याक्स प्रा. लि. मा रु. ७६ लाख ९५ हजार बराबरको शेयर लगानी रहेकोमा उक्त कम्पनीको वित्तीय स्थिती तथा अन्य आवश्यक जानकारी समेत प्राप्त नभएकोले यो लगानी सुरक्षित छ/छैन भन्ने यकिन हुन नसकेकोमा सो को हानी वापत जोखिम व्यवस्था गरेको छैन।

६. **जिन्सी मौज्दातः** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्:

६.१ जापान सरकारद्वारा उद्योग हस्तान्तरण गर्दा जिन्सी सामानहरुको सामान बमोजिमको मूल्य तथा वास्तविक परिमाण, ईकाइ आदि नभई एकमुष्ट मूल्य लेखाङ्कन गरिएकोमा उपरोक्त सामानहरुको वास्तविक मूल्याङ्कन सहितको खपतको सहि विवरण विगत बर्षहरुबाटै प्राप्त हुन नसकेको तथा मौज्दातहरुको भौतिक अवस्था यकिन हुन नसकेकाले रु. १४ करोड १९ लाख २६ हजार को यथार्थ चित्रण भएको छैन।

६.२ संस्थाले आर्थिक वर्ष २०४८।०४९ देखी २०६८।०६९ सम्म पटक पटक गरी फर्नेश आयल खरिद गरेको तर प्रयोगमा ल्याउन नसकेको सो फर्नेश आयलको भण्डारण तथा वास्तविक भौतिक स्थिति यकिन गर्न नसकिएकोले रु. १ करोड ३८ लाख १२ हजार को यथार्थ चित्रण भएको छैन। त्यस्तै, शाखा स्टोर अन्तर्गत देखाइएको मौज्दात रु. २३ लाख ४९ हजारको यकिन हुन नसकेकोले सो को चित्रण सहि भएको छैन।

६.३ गत वर्षमा जिन्सीको भौतिक मौज्दात तथा उत्पादन विभागको अभिलेख अनुसारको कार्य प्रगति मौज्दातमा फरक रहेको चुनढुङ्गा (प्लाण्ट) को मौज्दातमा रु. १ करोड ८२ लाख ९ हजार कम तथा क्लिंकरमा रु. १२ करोड ५८ लाख ५४ हजार बढी देखाएको थियो। सोको यस वर्ष समायोजन नगर्दा तथा यस वर्ष भौतिक परीक्षण समेत नहुँदा सो जिन्सी मौज्दातको यथार्थ चित्रण भएको भन्ने अवस्था छैन।

७. **विविध कोषः** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्:

७.१ कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित) २०५६ को नियम ७८ बमोजिम संस्थाको उपदान वापत व्यवस्था गरिएको दायित्व रकम रु. ७३ करोड ६६ लाख ८५ हजार रहेको र नागरिक लगानी कोषमा रु. ४० लाख ९० हजार मात्रै जम्मा भएको देखिएकोले रु. ७३ करोड २५ लाख ९५ हजार जम्मा गरिएको छैन।

७.२ कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित) २०५६ को नियम ६७ बमोजिम संस्थाको औषधि उपचार वापत व्यवस्था गरिएको दायित्व रकम रु. २० करोड ९० लाख ९९ हजार रहेको र नागरिक लगानी कोषमा रु. ६ लाख २५ हजार मात्रै जम्मा भएको देखिएकोले रु. २० करोड ८४ लाख ७३ हजार जम्मा गरिएको छैन।

८. **खरिद तथा अन्य पेश्कीः** खरिद तथा अन्य पेश्की शिर्षक अन्तर्गत धेरै वर्षदेखि बक्यौता रहेको लिनुपर्ने रकमलाई तिनुपर्ने हिसावमा समायोजन गरे पश्चात बक्यौता रहेको विभिन्न १२ संघ संस्था तथा व्यक्तिहरुसँग लिनुपर्ने रकम रु. १ करोड ३९ लाख १३ हजार असूल उपर गरिएको छैन तथा असूल हुन नसक्ने रकमको यकिन गरि हानी वापतको व्यवस्था पनि गरिएको छैन।

९. **अग्रिम कर कट्टी तथा दाखिलाः** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन्:

९.१ आयकर ऐन, २०५८ को दफा ८७ अनुसार कट्टी गरिएको पारिश्रमिक आयकर वापतको आर्थिक वर्ष २०६८।०६९ देखि आर्थिक वर्ष २०७५।७६ सम्मको बक्यौता रकम रु. २ करोड ९६ लाख ३५ हजार र चालु आर्थिक वर्षको पारिश्रमिक आयकर कट्टी वापत रु. ६६ लाख ५२ हजार गरी जम्मा रकम रु. ३ करोड ६२ लाख ८७ हजार दाखिला गरिएको छैन।

९.२ आयकर ऐन, २०५८ को दफा ८८ अनुसार कट्टी गर्नुपर्ने गाडी भाडा भुक्तानीमा रु. ४० हजार र विज्ञापन खर्चको भुक्तानीमा रु. ५ हजार कर कट्टी गरि दाखिला गरिएको छैन।

९.३ आयकर ऐन, २०५८ को दफा ९० बमोजिम अग्रिम कर कट्टी गर्ने हरेक ब्यक्तिले प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र करकट्टी विवरण सहित सो रकम सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्ने ब्यवस्था रहेकोमा संस्थाले सो बमोजिम विवरण तथा अग्रिम करकट्टी रकम नबुझाएकाले सोबाट लाग्ने ब्याज तथा जरिवानाबाट सृजना हुने दायित्व रकमको नित्क्यौल गरी खर्च व्यवस्था गरिएको छैन।

९.४ कार्यरत कर्मचारीहरुलाई औषधी उपचार खर्च वापत रु. ४८ लाख ८३ हजार नगद भुक्तानी गरेकोमा आयकर ऐन, २०५८ को दफा ८ अनुसार सो रकम कर्मचारीहरुको आयमा समावेश गरी कर्मचारी आयकरको गणना गर्नुपर्ने तथा सो बमोजिम सरदर गणना गर्दा रु. ४ लाख ८८ हजार कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो गरिएको छैन।

९.५ सेवा निवृत कर्मचारीहरुलाई पछिल्लो तलव वृद्धिको कारणले औषधी उपचार खर्च वापत रु. ११ लाख ५६ हजार तथा उपदान वापत रु. ५ लाख ५२ हजार दिएको नगद भुक्तानीलाई आयकर ऐन, २०५८ को दफा ८ अनुसार पारिश्रमिक आय मानी सो बमोजिम सरदर गणना गर्दा हुने रकम रु. २ लाख ५६ हजार कर कट्टी गरी दाखिला गर्नुपर्नेमा सो गरिएको छैन।

९.६ कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित), २०५६ को नियम ६८ बमोजिम गरिएको कर्मचारीहरुको जीवन बीमा वापत बीमा शुल्क रु. १ करोड ५६ लाख ४५ हजार आयकर ऐन २०५८ को दफा ८ अनुसार कर्मचारीहरुको पारिश्रमिकमा समावेश गरी आयकर गणना गर्नुपर्ने र सो बमोजिम सरदर गणना गर्दा हुने रकम रु. १५ लाख ६४ हजार कर कट्टी गरी दाखिला गरिएको छैन।

१०. **संचित बिदा बापतको व्यवस्थाः** संस्थाको कर्मचारी सेवा शर्त नियमावली (संशोधन सहित) २०५६ को नियम ४२ अनुसार कुनै कर्मचारी जुनसकै व्यहोराले संस्थाको सेवाबाट अलग भएता पनि निजको संचित रहेको घर तथा बिरामी बिदा वापत निजले त्यसरी सेवाबाट अलग हुँदाको अवस्थामा खाईपाई आएको तलबमा चौथाइ रकम थप गरी आउने रकम भुक्तानी गर्नुपर्ने प्रावधान रहेकोमा सो अनुरुपको संस्थाले २०७६ चैत्रसम्म मात्रै संचित बिदा वापतको व्यवस्था गरेकोमा ३ महिनाको रु. ५४ लाख व्यवस्था गरेको छैन।

११. **नेपाल लेखामानको परिपालनाः** पुरानो नेपाल लेखामान तथा लेखाको सर्वमान्य सिद्धान्त अनुसार वित्तीय विवरण तयार गरिएकोमा नेपाल लेखामान १ बमोजिम वित्तीय विवरण प्रस्तुति, नेपाल लेखामान ४ बमोजिम जिन्सी मौज्दातको मूल्याङ्कन, नेपाल लेखामान ६ बमोजिम स्थिर सम्पत्तिको ह्रासकट्टी, नेपाल लेखामान ९ बमोजिम स्थगन करको गणना तथा लेखाङ्कन, नेपाल लेखामान १६ बमोजिम प्रमुख व्यवस्थापकिय तलब तथा सुविधाहरु बाहेक अन्य सम्बन्धित पार्टीहरुको पहिचान र कारोवारको खुलासा र नेपाल लेखामान १८ बमोजिम स्थिर सम्पत्तिको क्षयिकरण गरिएको छैन।

१२. **कोभिड-१९ महामारीको प्रभावः** कोभिड(१९ को महामारी तथा बन्दाबन्दीको दौरान २०७६ चैत्र देखि २०७७ असारसम्म ४ महिनाको अवधिमा संस्थाको उत्पादन तथा बिक्री विगत महिनाको तुलनामा क्रमशः औसत ४८ प्रतिशत तथा ४७ प्रतिशतले कम भएको देखिन्छ। यसरी कोभिड-१९ महामारीको प्रभाव संस्थाको उत्पादन तथा बिक्री वितरणमा सारभूत रुपमा नै नकारात्मक देखिएको छ। पहिले देखि नै अत्याधिक संचित नोक्सानी भई निकै कमजोर वित्तीय स्थिति रहेको संस्थालाई कोभिड-१९ को नकारात्मक प्रभावले संस्थाको निरन्तरता तथा अविच्छिन्न रुपमा रहिरहने क्षमतामा थप जटिलता प्रदान गरेको छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। उद्योगको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

लेखापरीक्षणको मुख्य विषय (Key Audit Matters) हरु त्यस्ता विषयहरु हुन, जुन हाम्रो ठहरमा, कोषको यस आर्थिक वर्षको लेखापरीक्षणको सन्दर्भमा बढि अर्थपूर्ण रहेका थिए। त्यस्ता विषयहरुलाई वित्तीय विवरणहरुको लेखापरीक्षणको सन्दर्भमा तथा वित्तीय विवरणहरु उपर हाम्रो राय बनाउने क्रममा सम्बोधन गरिएको छ र यी विषयहरुमा हामी छुट्टै राय प्रदान गर्दैनौं। हामीले निम्न विषयहरुलाई हाम्रो प्रतिवेदनमा उल्लेख गर्नुपर्ने लेखापरीक्षणको मुख्य विषयको रूपमा निर्धारण गरेका छौं।

| मुख्य लेखापरीक्षण मामिलाहरु | लेखापरीक्षणमा सम्बोधन गरिएको व्यहोरा |
|---|---|
| कार्य प्रगति मौज्दात तथा सिमेण्ट उत्पादन अभिलेख | कार्य प्रगति मौज्दात तथा सिमेण्ट उत्पादन अभिलेख निम्न लेखापरीक्षण विधि तथा पद्धतिबाट सम्बोधन गरियो।<br>१. प्लाण्ट महाशाखाले राखेको सिमेण्ट उत्पादन अभिलेखको आधारमा सिमेण्ट उत्पादन र मौज्दात तथा पूर्व निर्धारित मापदण्डको आधारमा लेखाङ्कन गरिएको क्लिंकर कार्य प्रगति मौज्दातलाई रुजु गरी परीक्षण गरियो।<br>२. लेखाङ्कन गरिएका कच्चा पदार्थ खपत तथा अन्य लागत खर्चलाई लेखासँग भिडान तथा जाँच गरी सो को आधारमा उत्पादन खर्च तथा कार्य प्रगति मौज्दातको लेखाङ्कन सही भएको आश्वस्ता प्राप्त गरियो।<br>३. सिमेण्ट बिक्री उत्पादन परिमाण तथा अन्तिम मौज्दात बिक्री सँग भिडान गरी उत्पादन तथा कार्य प्रगति मौज्दात सही लेखाङ्कन भए नभएको जाँच गरियो।<br>४. कार्य प्रगति मौज्दातमा रहेको क्लिंकर उत्पादनको लागत सम्बन्धमा लेखाले राखेको हिसाब तथा पूर्व निर्धारित मापदण्डको आधारमा प्लाण्ट महाशाखाले राखेको खपत अभिलेख समेत रुजु तथा परीक्षण गरी उत्पादन खर्च तथा अन्तिम मौज्दातको परिमाण तथा मूल्याङ्कन बमोजिम लेखाङ्कन सही भएको नभएको सम्बन्धमा आश्वस्त भइयो। |

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी उद्योगको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले उद्योगको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै उद्योगलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो

बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। उद्योगको व्यवस्थापनको लागि उत्तरदायी पक्षले उद्योगको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा उद्योगको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले उद्योगको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठीकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, उद्योगको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## जनकपुर चुरोट कारखाना लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले जनकपुर चुरोट कारखाना लिमिटेडको यसै साथ संलग्न २०७७ आषाढ मसान्त (१५ जुलाई २०२०) को वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक जनकपुर चुरोट कारखाना लिमिटेडको वित्तीय विवरणले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मान** : सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन ,जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **ऋण** : यस वर्षसम्म कारखानालाई नेपाल सरकारले कुल ऋण रु. २ अर्ब ९४ करोड ६२ लाख ७७ हजार ३ सय १२ रुपैया ऋण दिएको छ। कारखानाले ऋण तमसुक बमोजिम व्याज खर्चको भुक्तानी गरेको छैन तथा वित्तीय विवरणमा लेखाङ्कन समेत गरेको छैन। त्यसैले ,उक्त ऋणलाई वित्तीय विवरणमा लेखाङ्कन गरी व्याज खर्चको भूक्तानि गर्नुपर्दछ।

३. **स्थिर सम्पत्ति** : कारखानाको देश भरका विभिन्न २१ स्थानमा जग्गा तथा भवन रहेको छ। जनकपुर स्थित मुख्य कार्यालय रहेको घर जग्गा कर र महेन्द्रनगर स्थित जग्गाको मात्र कर तिरेको पाईयो। १९ ठाँउमा भएको जग्गाको कर नतिरेको र करको व्यवस्था पनि नगरेको अवस्था छ। कारखानाले आपmनो स्वामित्वमा रहेको चालु स्थितिमा रहेका ५ सवारी बाहेक अन्य मुल्यवान स्थिर सम्पत्तिको बीमा गरेको पाइएन। सम्पत्तिमा हुन सक्ने क्षतिबाट हानी न्यूनीकरण गर्न बीमाको व्यवस्था नगरेको पाईयो।

४. **लगानी** : कारखानाको लगानी मध्ये सुर्ती विकास कम्पनी लिमिटेड खारेजी प्रक्रियामा रहेको र सो कम्पनीमा लगानीको मुल्य शुन्य हुने देखिएको, बुटवल धागो कारखाना लिमिटेड बन्द रहेको तथा सेती चुरोट कारखाना लिमिटेड समेत बन्द रहेको अवस्थामा यी कम्पनीका शेयर मूल्य नगन्य रहेकोले उक्त कम्पनीहरुको लगानीमा हानी वापत जोखिम व्यवस्था नगरेको देखियो।

### लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणका मुख्य विषयहरु यस आर्थिक विवरणहरुको लेखापरीक्षणका लागि महत्त्वपुर्ण रहेका छन्। सो विषयहरुको छनौट हाम्रो विश्लेषणमा भर पर्दछ र सो विषयहरुलाई हामीले हाम्रो लेखापरीक्षणमा सम्वोधन गरेका छौ। हामी यस विषयमा

बेग्लै लेखापरीक्षण राय व्यक्त गर्दैनौ। कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु तथा निम्न उल्लेखित बिषयहरुलाई हामीले सुचित गर्नुपर्ने लेखापरीक्षणको मुख्य बिषय निर्धारण गरेका छौ।

हाम्रो लेखापरीक्षणको कार्यविधिको परीणाम तथा तल उल्लेखित विषय सम्वोधन गर्न अबलम्वन गरीएको कार्यविधिले संलग्न आर्थिक विवरणहरुमा हामीलाई राय प्रदान गर्न आधारहरु प्रदान गर्दछ।

हाल संचालनमा नरहेको अवस्थामा व्यवस्थापनले आर्थिक विवरण तयार गर्दा कारखाना निरन्तर रुपमा सञ्चालन हुने अनुमान गरेको छ। हामीले व्यवस्थापनसंग कारखाना सञ्चालन गर्ने योजना माग गरेकोमा व्यवस्थापनले हामीलाई यथेष्ट तथा चित्तबुझ्दो कारखाना सञ्चालन गर्ने योजनाहरु लेखापरीक्षणका बखत उपलब्ध गराउन सकेन। त्यसकारण व्यवस्थापनले आर्थिक विवरण तयार गर्दा कारखाना निरन्तर रुपमा सञ्चालन हुने अनुमानलाई हालको परिस्थतीको विश्लेषण गर्दा हामीले विश्वाश गर्ने आधार प्राप्त गर्न सकेनौ। लेखापरीक्षणका अन्य मुख्य विषयहरु नरहेको।

**व्यवस्थापन पत्र :**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ.

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कारखानाको व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कारखानाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्म लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कारखानाको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कारखानाको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारणले गहन रुपले गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने कुराको सम्वन्धमा उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय संलग्न भएको प्रतिवेदन पेश गर्नु हो। उचित आश्वस्तता भनेको उच्चस्तरको आश्वस्तता भएपनि नेपाल लेखापरीक्षणमानको अधारमा गरिएको लेखापरीक्षणले सम्पूर्ण गलत विवरण पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन। गलत विवरण गल्ती वा जालसाँजीको कारणले हुनसक्छ र यदि यस्ता गलत विवरणले वित्तीय विवरणको प्रयोगकर्ताहरुको आर्थिक निर्णयहरु प्रभावित गर्न सक्छन भने त्यस्ता गलत विवरणलाई सारभुत रुपको गलत विवरण मानिन्छ।

नेपाल लेखापरीक्षणमान अनुसार को लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक व्यवसायिक निर्णय गर्नुका साथै व्यवसायिक सन्देह को प्रयोग गर्दछौं। साथै हामीले

१. वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारण सारभुत रुपले गलत प्रर्दशन हुन सक्ने जोखिम विश्लेषण गरी आवश्यक लेखापरीक्षण विधिहरु अवलम्बन गर्दै हाम्रो रायको लागि यथोचित आधार प्रदान गर्नको लागि पर्याप्त र उपयुक्त प्रमाण संकलन गर्दछौं। जालसाँजीका कारणबाट हुने गलत विवरण, गल्तीका कारण उत्पन्न हुने गलत विवरण को तुलनामा पत्ता लगाउन गाह्रो हुन्छ।

२. लेखापरीक्षणसँग सम्बन्धित संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गरी आवश्यक लेखापरीक्षण विधि तर्जुमा गर्ने। तर आन्तरिक नियन्त्रण प्रणालीको परीक्षणको उद्देश्य सो प्रणालीको प्रभावकारीताको विषयमा राय प्रदान गर्नु होइन।

३. व्यवस्थापनले अवलम्वन गरेका लेखा सिद्धान्त तथा महत्वपूर्ण अनुमानहरु एवम वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन गर्नु रहेको हुन्छ।

४. प्राप्त प्रमाणहरुको आधारमा व्यवस्थापनद्वारा लेखापालनको आधारको रुपमा प्रयोग गरेको अविछिन्नताको उपयुक्तताको बारेमा निर्णय गरिन्छ। यदि प्राप्त प्रमाणको आधारमा संस्थाको अविछिन्नताको बारेमा गहन रुपमा अनिश्चितता रहेको देखिएमा सो को बारेमा लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्ने वा सो खुलासा अपर्याप्त भएमा परिमार्जित राय प्रदान गरिन्छ। हाम्रो राय लेखापरीक्षण प्रतिवेदनको मिति सम्म प्राप्त प्रमाणहरुमा आधारीत हुन्छ र भविष्यका घटनाहरुले गर्दा कोष अविछिन्न नरहन सक्छ।

५. वित्तीय विवरणहरुको खुलासा लगायतका समग्र ढांचा, प्रस्तुती तथा विषयको मुल्याङ्कन गरी वित्तीय विवरणहरुले संस्थाका कारोबारहरुको प्रतिनिधित्व गरे नगरेको मुल्याङ्कन गर्नु रहेको हुन्छ।

६. प्रस्तुत वित्तीय विवरणमा हामीले व्यक्त गर्ने रायको लागि वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरु तथा व्यवसायिक कारोबारको पुष्ट्यांई गर्ने पर्याप्त प्रमाण प्राप्त गर्नु रहेको हुन्छ। हामी हाम्रो लेखापरीक्षणलाई आवश्यक दिशा प्रदान गर्दै लेखापरीक्षण कार्य सम्पन्न गर्न जिम्मेवार छौं। साथै हामी हाम्रो रायको लागी पूर्णरुपमा जिम्मेवार छौं।

**कम्पनी ऐन, २०६३ को पालना** - यस सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छन् :

१. ऐनको दफा १४(१) को अनुसार कुनै पनि पब्लिक कम्पनीको शेयरधनीको संख्या सात भन्दा कम भएमा , उपदफा (१) बमोजिमको अवस्था परेमा सम्बन्धित पब्लिक कम्पनीले छ महिनाभित्र आफ्नो प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गरी प्राइभेट कम्पनीमा परिणत गर्नु पर्नेछ। उपदफा (२) बमोजिम संशोधन भएको प्रबन्धपत्र र नियमावलीको प्रतिलिपि संलग्न राखी सम्बन्धित पब्लिक कम्पनीले प्राइभेट कम्पनीमा परिणत हुनको लागि त्यसरी संशोधन भएको तीस दिनभित्र कार्यालय समक्ष तोकिए बमोजिमको दस्तुर सहित तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्ने भएतापनि त्यसो नगरेको देखियो।

२. दफा ७६(१) बमोजिम पब्लिक कम्पनीले आर्थिक वर्ष पूरा भएको ६ महिना भित्र बार्षिक साधारण सभा गर्नुपर्नेमा २०५८ देखि बार्षिक साधरण सभा गरेको पाईएन। त्यसै गरी दफा ७८ र ८० बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा बार्षिक रुपमा बुझाउनुपर्ने कागजातहरु बुझाएको हो होईन सो बारे यकिन हुन सकिएन।

हामीले अन्य आवश्यक कुराहरुको अतिरिक्त लेखापरीक्षणका क्षेत्र, समयतालिका र लेखापरीक्षणका महत्वपूर्ण निष्कर्शहरु साथै लेखापरीक्षणको सिलसिलामा पत्ता लागेका आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमजोरीहरु कारखानाको व्यवस्थापनका लागि उत्तरदायि पक्षहरुलाई जानकारी गराउँदछौ। साथै हामी कारखानाको लेखापरीक्षणको सिलसिलामा आवश्यक आचार संहिता पालना गरेको घोषणा लगायत हाम्रो व्यवसायिक स्वतन्त्रतामा प्रभाव पार्नसक्ने विषय तथा सोको विषयमा हामीले चालेका कदमबारेमा कारखानाको व्यवस्थापनका उत्तरदायी पक्षहरुलाई जानकारी गराउँदछौ।

## धौबादी फलाम कम्पनी लिमिटेड, २०७६/७७

### कैफियत सहितको राय

हामीले धौवादी फलाम कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी समितिको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल औषधी लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल औषधी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक लिमिटेडको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाले आर्थिक वर्ष २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ। यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनूसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको

लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, लिमिटेडलाई लिक्विडेट गर्न वा संचालन/बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै, वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **शाखाको खर्च तथा आम्दानीः** वित्तीय विवरणमा एयरपोर्ट शाखाको खर्च तथा आम्दानीको रकमलाई समावेश नगरिकन प्रस्तुत गरेको पाइयो। एयरपोर्ट शाखाको खुद नाफा रु. ३,४१,१७,१२२।- लाई सञ्चित नाफाको रुपमा उल्लेख गरेको छ। एयरपोर्ट शाखाको आम्दानी तथा खर्चको विवरण अलग्गै बनाउने गरेको छ।

३. **उपदानको हिसाबमा मिलानः** कम्पनीले उपदान रकम भुक्तानीको लागि नागरिक लगानी कोषमा रकम जम्मा गरेवापत आएको व्याज रकमलाई आम्दानीमा लेखाङ्कन नगरि उपदानको हिसाबमै आम्दानी मिलान गरेको पाइन्छ। यस आर्थिक वर्षमा रु. ४४,४०,८१७.३६ को व्याज आम्दानीलाई उपदानको हिसाबमा मिलान गरेको छ।

४. **उपदान खर्चः** कम्पनीले उपदान भुक्तानी गर्नको लागि नागरिक लगानी कोषमा रकम जम्मा गर्दै आएको भएतापनि अवकाशको समयमा कर्मचारीलाई भुक्तानी गर्दा सो कोषबाट भुक्तानी नगरी कम्पनीले आफ्नै कोषबाट भुक्तानी गरेको छ। यस आर्थिक वर्षमा कम्पनीले उपदान वापत रु. १,३९,३०,९७९.५० को भुक्तानी गरेको छ।

५. **असामीः** कम्पनीमा शंकास्पद आसामीको रुपमा रु. ३७,५९,३०५।- लेखाङ्कन भएको पाइयो। सो रकम विगत २ वर्ष भन्दा अघिदिख अचल रहेको र सोको निर्धारण आयुगत विश्लेषणवेगर गरेको देखिन्छ। साथै, उक्त रकम के कसरी निर्धारण भएको यकिन नभएकोले असामी नै हुन भनी यकिन गर्न सक्ने अवस्था छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व

वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखा परीक्षणमा सबैभन्दा महत्वपुर्ण छन्। यी विषयहरु हाम्रो लेखा परीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरीएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो रिपोर्टमा सञ्चार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, २०७५/७६

### लेखापरीक्षकको राय

हामीले हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, आय व्यय विववरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगत प्रवाह विवरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक हेटौंडा सिमेन्ट उद्योगको वित्तीय विवरणले २०७६ आषाढ मसान्तको आर्थिक अवस्था तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा

निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मान -** सरकारी कम्पनीलाई २०७३/७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७५/७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **स्थिर सम्पत्तिः** उद्योगले स्थिर सम्पति रु. ३० करोड ३१ लाख २४ हजार उल्लेख गरेकोमा नेपाल लेखामान १६ (जायजेथा, संयन्त्र तथा उपकरण अनुसार सम्पत्तिको उपयोग आयू, प्रयोग गर्ने तरिका, अवशेष मुल्य आदिको आधारमा ह्रास दर निर्धारण गरेको छैन। त्यस्तै, उद्योगले विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेकोले स्थिर सम्पत्तिको वास्तविक (प्रयोगमा नआउने वा नासिएको/बिग्रिएको आदि) अवस्था एकिन भएको छैन। साथै, नेपाल लेखामान ३६ सम्पत्तिको क्षयिकरण अनुसार उद्योगले वार्षिक रुपमा सम्पत्तिको क्षयिकरण परीक्षण गरेको छैन र सो को आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन।

३. **बीमाङ्कीय मुल्याङ्कनः** उद्योगले उपदान तथा औषधी उपचारवापतको २०७६ आषाढ मसान्तसम्मको व्यतित अवधिको आधारमा रु.८७ करोड ४८ लाख ५० हजार व्यवस्था गरेको छ। उपदान तथा औषधी उपचार वापतको व्यबस्था नेपाल लेखामान १९ कर्मचारी सुविधाहरु अनुसार बीमाङ्कीय Acturial मुल्याङ्कनको आधारमा गर्नु पर्नेमा सो अनुसार गरेको छैन। जसले गर्दा उद्योगले कर्मचारी दायित्वअन्तर्गत लेखांकन गरेको रकमले यथार्थ चित्रण गरेको छैन।

४. **सम्भावित दायित्वः** उद्योगले सम्बद्ध मुद्दा र दावी वापतको रकम सम्वन्धमा नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित सम्पत्तिबमोजिम सम्भावित दायित्व रकम निक्र्यौल गरी वित्तीय विवरणमा खुलासा गर्नु पर्नेमा सम्भावित दायित्वको प्रकृति उल्लेख भएको तर सम्भावित दायित्वको रकम खुलासा गरेको छैन।

५. **जिन्सी मौज्दातः** उद्योगसँग भएको जिन्सी मौज्दात रु. ८३ करोड ७९ लाख ९५ हजारको यस आर्थिक वर्षमा भौतिक परीक्षण गरेको पाइएन र उद्योगको खर्च नहुने वा उपयोगमा नआउने सामानहरुको लगत तयार गरेको पाईएन। लामो समय देखी लगत तयार नभएकोले जिन्सी मौज्दातमा देखाइएको रकमको यर्थाथता एकिन गर्न सकिएन त्यस्तै उद्योगले २०७१।२०७२ मा गरेको भौतिक परीक्षणबाट देखिएको घटी/बढी भएका सामानहरुको मौज्दातमा सोहि अनुरुप समायोजन गरेको पाइएन।

हामीले नेपाल लेखापरीक्षणमान तथा महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ। उद्योगको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्वन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरिक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेको छैन।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको

व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## हेटौंडा सिमेन्ट उद्योग लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले हेटौंडा सिमेन्ट उद्योग लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा वा नोक्सान तथा अन्य कम्प्रिहेन्सिभ आय विवरण, नगद प्रवाह तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक उद्योगको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थाहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **स्थिर सम्पत्तिः** उद्योगले स्थिर सम्पत्ति रु. २८ करोड २९ लाख ६६ हजारमा नेपाल लेखामान १६ जायजेथा, संयन्त्र तथा उपकरण अनुसार सम्पत्तिको उपयोगी आयु र अवशिष्ट मूल्यको आधारमा ह्रास दर निर्धारण गरेको छैन साथै सम्पत्तिको मूल्यमा महत्वपूर्ण हिस्सा ओगट्ने सम्पत्तिको एकाईलाई छुट्टाछुट्टै रुपमा ह्रास कट्टी गरेको छैन। उद्योगले विगत लामो समयदेखि स्थिर सम्पत्तिको भौतिक परीक्षण नगरेकोले स्थिर सम्पत्तिको वास्तविक अवस्था यकिन भएको छैन। त्यस्तै, नेपाल लेखामान ३६ सम्पत्तिको क्षयीकरण अनूसार उद्योगले वार्षिक रुपमा सम्पत्तिको क्षयीकरण परीक्षण गरेको छैन र सोको आधारमा सम्पत्तिमा हुन सक्ने नोक्सानी गणना तथा व्यवस्था गरेको छैन।

३. **अन्य वित्तीय सम्पत्तिः** उद्योगले अन्य वित्तीय सम्पत्ति रु. १ करोड ९२ लाख ५१ हजारलाई नेपाल वित्तीय प्रतिवेदनमान ९ बमोजिम वित्तीय सम्पत्तिलाई सुरुमा उचित मूल्य थपघट लेनदेन लागतमा पहिचान गरेपछि प्रभावकारी ब्याजदर प्रयोग गरि परिशोधित लागत मूल्यमा मापन गर्नु पर्नेमा गरेको छैन।

४. **जिन्सी मौज्दातः** उद्योगको रु. ९२ करोड ४ लाख ७० हजारको जिन्सी मौज्दात रहेको छ। लामो समय देखी लगत तयार नभएकोले जिन्सी मौज्दातमा देखाइएको रकमको यर्थाथता यकिन गर्न सकिएन। नेपाल लेखामान २ जिन्सी अनुसार उत्पादनको लागि राखिएको कच्चा पदार्थ तथा अन्य आपुर्तिहरुबाट बन्ने तयारी समानको बिक्री मूल्य लागत मूल्यभन्दा कम भएतापनि सो कच्चा पदार्थ तथा आपुर्तिहरुलाई खुद प्राप्य मूल्यमा मापन नगरेको,

जिन्सीको लागत मूल्याङ्कन गर्दा खरिद मूल्य, रुपान्तरण लागत र सोको स्थान तथा अवस्थामा ल्याउन लागेको अन्य खर्चहरु समेत समावेश गर्नुपर्ने हुन्छ। तर जिन्सी उत्पादनसँग प्रत्यक्ष सम्बन्धित नरहेको खर्चहरु प्रशासनिक तथा कोभिड १९ ले भएको अप्रत्यासित खर्चहरु समेत उद्योगले जिन्सीको लागतमा समावेश गरेको देखिन्छ। त्यस्तै, उद्योगले यस वर्षमा वास्तविक उत्पादन साधारण उत्पादन क्षमताभन्दा निकै कम भएतापनि निश्चित उत्पादन शिरोभारलाई वास्तविक उत्पादनकै आधारमा बाँडफाँड गरेको हुनाले जिन्सीको मूल्याङ्कन बढी गरेको देखिन्छ।

५. **कर्मचारी दायित्वः** उद्योगको कर्मचारी उपदान, औषधी उपचार तथा बिदा व्यवस्था वापतको २०७७ असार मसान्तसम्मको व्यतित अवधिको आधारमा रु. ५८ करोड ६४ लाख ६६ हजार खुद दायित्व रहेको देखिन्छ। उपदान, औषधी उपचार तथा बिदा वापतको व्यवस्था नेपाल लेखामान १९ कर्मचारी सूविधाहरु अनुसार बीमाङ्किय मूल्याङ्कनको आधारमा गर्नुपर्नेमा सो अनुसार गरेको छैन। जसले गर्दा उद्योगले कर्मचारी दायित्व अन्तर्गत लेखाङ्कन गरेको रकम यथार्थ छैन।

६. **सम्भावित दायित्वः** उद्योगसँग सम्बद्ध मुद्दा र दाबी वापतको रकम सम्बन्धमा नेपाल लेखामान ३७ व्यवस्था, सम्भावित दायित्व तथा सम्भावित सम्पत्ति बमोजिम सम्भावित दायित्व रकम निक्यौंल गरी वित्तीय विवरणमा खुलासा गर्नुपर्नेमा सम्भावित दायित्वको प्रकृति उल्लेख भएको तर सम्भावित दायित्वको निक्यौंल र रकम खुलासा गरेको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। हेटौंडा सिमेन्ट उद्योगको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी उद्योगको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले उद्योगको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै उद्योगलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। उद्योगको व्यवस्थापनको लागि उत्तरदायी पक्षले उद्योगको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै

किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले उद्योगको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

### औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, २०७६/७७

**कैफियत सहितको रायः**

हामीले औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको यसै साथ संलग्न आषाढ ३१, २०७७ (तद्नुसार जुलाई १५, २०२०) को वासलत सोहि समाप्त भएको आर्थिक वर्षको आय-व्यय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानिति तथा लेखा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा, यस संस्थाको वित्तिय विवरणले आषाढ ३१, २०७७ (जुलाई १५, २०२०) को आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको विवरणले तल उल्लेखित वुदाँहरुले सो वित्तिय विवरणमा पर्ने असर बाहेक सारभूत रुपमा यर्थाथ चित्रण गर्दछ र नेपाल वित्तिय प्रतिवेदन मान(NFRS 2018) अनुसार बनाइएको छ ।

**कैफियत सहितको रायको आधार**

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरण आधारभुत असर पर्ने व्यहोरा निम्नानुसार छन् :

क. औद्योगिक क्षेत्र व्यस्थापन लिमिटेडको उपदान कोष र तलबी विदा कोषको आयकर नियमनुसार भुक्तानी भएको क्रमश रु ७७,०७,०२५ र १५,५२,६२१ मान्य खर्च रहेकोमा लेखा अनुसारको प्रावधान क्रमश रु २,६६,९५,९६७ र ५३,९९,०९८ लाई मान्य खर्चमा राखि कर सुविधा लिइएको पाइयो ।

ख. औद्योगिक क्षेत्र व्यस्थापन लिमिटेडको मिति २०७७/११/०८ बसेको ६११ संचालक समितिको बैठक निर्णय अनुसार कोभिड १९ को संक्रमण रोकथान, नियन्त्रण तथा उपचार गर्न नेपाल सरकारले मिति २०७६/१२/११ देखि २०७७/०१/२५ गते सम्म ४५ दिन लकडाउन अवधिभर औद्योगिक क्षेत्रको जग्गा तथा कारखाना भवन भाडामा ५०% छुट दिने निर्णय गरेको छ । त्यसैगरी मिति २०७८/०३/०८ गते बसेको ६१५ औं संचालक समितिको बैठकले मिति २०७६/१२/०१ देखि २०७७/०३/३१ बिजुलीमा लाग्ने डिमान्ड शुल्क मा १००% छुट दिने निर्णय गरेको छ । लकडाउन अवधिको जमिन, भवन भाडा तथा डिमान्ड शुल्कमा प्रदान छुटलाई आ. व. २०७७/७८ मा आम्दानी खर्च हिसाव मिलान गर्न समितिको निर्णय गरेको छ । यस संस्थाको बित्तिय विवरणहरु प्रोदभावी (Accrual) आधारमा तयार पारिएका हुनाले उक्त छुट रकमले संस्थाको आ. व. २०७६/२०७७ को नाफा रकम रु ३,०४,२३,७७४ ले बढी देखिन गएको छ ।

ग. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको आ. व २०७६/२०७७ को बित्तिय विवरणमा कर दाखिला ढिला विवरण (दफा ११७) बापत आम्दानीमा लाग्ने ०.१% गणना यस प्रकार रहेको छ ।

| **विवरण** | **रकम** | **दफा ११७ को शूल्क** |
|---|---|---|
| संचालन गतिविधिबाट आम्दानी | १,०८२,३११,६१७ | ८११,७३३।७१ |
| अन्य व्यवसायिक आम्दानी | १६४,२६६,००३ | १२३,१९९।५० |
| **कुल आम्दानी** | **१,२४६,५७७,६२०** | **९३४,९३३।२२** |
| विवरणमा व्यवस्था गरिएको रकम | | ४५०,४६०।९८ |
| विवरणमा व्यवस्था गर्न बाकि रहेको रकम | | **४८४,४७२।२४** |

विवरणमा व्यवस्था गर्न बाकि रहेको रकम रु. **४८४,४७२।२४** ले बित्तिय विवरणमा देखाइएको यस वर्षको वितरण योग्य रकम भन्दा कम हून गएको छ ।

घ. हेटौडा आद्योगिक क्षेत्रको अग्रिम आयकर बापतको यस आ.व. २०६७/२०७७ बित्तिय विवरणमा छुट रकम यस प्रकार रहेको छ ।

| **नाम** | **स्थाई लेखा नं.** | **छुट भएको अग्रिम आयकर** |
|---|---|---|
| गोर्खा लाहारी प्रा.लि. | ३००००५०४६ | १७,०७२ |
| सुप्रिम प्लाष्टिक प्रा. लि. | ६०२२१०७६२ | १६,५३५ |
| **जम्मा** | | **३३,६०७** |

**प्रमुख लेखापरिक्षण विषयहरुः**

प्रमुख लेखापरिक्षण विषयहरु त्यस्ता विषयवस्तुहरु हुन जसले लेखापरिक्षकको पेशागत निर्णयमा यस आर्थिक वर्षको वित्तिय विवरणहरुको लेखा परिक्षण सिलसिल सबैभन्दा महत्वपुर्ण हुन्छन । मुख्य लेखारिक्षण व्यहोराहरु सुशासन प्रति उत्तरदायित्व रहेका व्यक्तिहरु संग संवाद बाट छानिएका हुन्छन ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी :**

नेपाल वित्तीय विवरण प्रतिवेदन मान (एन. एफ. आर. एस) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत चाहे जाल साजी वा गल्तीबाट होस्, आधारभूत किसिमले त्रुटि रहित वित्तीय विवरण गर्ने सम्बन्धी आन्तरिक नियन्त्रण प्रयालीको तर्जुमा, कार्यान्वयन र

संचालन गर्ने कार्य लेखानीतिको छनौट तथा लागू गर्ने कार्य एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछ ।

**लेखापरीक्षकको जिम्मेवारी :**

लेखापरीक्षणको आधारमा एकीकृत वित्तीय विवरण उपर मन्तव्य गर्नु हाम्रो दायित्व हो । हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखा परीक्षणमान बमोजिम सम्पन्न गरेका छौ । ती मानले हामीलाई व्यवसायिक नैतिकताको पालना गर्ने तथा वित्तीय विवरणहरु आधारभुत रुपमा त्रुटि रहित भएको बारेमा मनासिब आश्वासन प्राप्त गर्न लेखापरीक्षणको योजना बनाउन र लेखापरीक्षण सम्पन्न गर्न अनिवार्य गराउँछन् ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणमा उल्लेखित रकम र खुलासालाई सूचना लगायत अन्य विवरण बारेमा पुष्टि गर्ने प्रमाण प्राप्त गर्ने, प्रमाणको पूर्ण, आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि संलग्न हुन्छ । यसरी छनौट गरिएको कार्यविधि चाहे जालसाजी र त्रुटिको कारण आधारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरिक्षणको जोखिम मूल्याङ्कन सहितको व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षणमा जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको वित्तीय विवरण तयारी यथार्थ प्रस्तुतिकरणको लागि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालिको उपयूक्तता बारे परिक्षण बारे परिक्षण गरिएको छ , ता पनि त्यस्तो आन्तरीक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको राखिएको छैन । व्यवस्थापनले वित्तीय विवरण तयार पार्दा प्रयोग गरेको लेखानीतिको स्थीतिको मूल्याङ्कन गर्ने कायै समेत लेखापरीक्षको जिम्मेवारी अर्न्तगत पर्दछ ।

हामीले प्राप्त गरेका प्रमाणहरुले कैफियत सहितको लेखापरीक्षण रायव्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौ ।

**कम्पनी ऐन, २०६३ को प्रावधानको पालना सम्बन्धी प्रतिवेदन :**

क. लेखापरीक्षणका लागि मागे अनुसार आवश्यक सूचना एवं स्पष्टीकरण प्राप्त भयो ।

ख. पेश गरेको वासलात एवं नाफा-नोक्सान हिसाब किताब कम्पनीले राखेको श्रेस्तासँग दुरुस्त रहेको छ ।

ग. यो प्रतिवेदनसँग सम्बन्धित संलग्न वासताल, नाफा-नोक्सान र नगद प्रवाह विवरण विगतको नेपाल लेखामान अनुसार तयार गरिनुका साथै कम्पनीले राखेको हिसाब किताब, श्रेस्ता र लेखासँग दुरुस्त रहेको र नेपाल चार्टड एकाउण्टेन्ट्स संस्थाको अनुरुपकम्पनीले एन.एफ.आर.एस. अनुसारको वित्तीयविवरण तयार पारेको पाइयो । कम्पनीको हिसाब किताब एवं श्रेस्ता लेखापरिक्षण उल्लेखित भएका टिप्पणी बाहेक प्रचलित कानुन बमोजिम राखिएको छ।

घ. हामीलाई प्राप्त भएको विवरण, गरिएको सोधनी तथा हामीलाई उपलब्ध गराइएको सूचनाको आधारमा कम्पनीका कर्मचारी तथा संचालकले कम्पनीलाई हानी-नोक्सानी गरे गराएको हाम्रो जानकारीमा आएको छैन ।

## गोरखकाली रबर उद्योग, २०७५/७६

**शेयरधनी महानुभावहरु,**

हामीले गोरखकाली रबर उद्योग लिमिटेडको वित्तिय विवरणहरुको लेखापरीक्षण गरेका छौं जसमा २०७६ आषाढ ३१ (१६ जुलाई २०१९) को वित्तिय अवस्थाको विवरण र सोहि मितिमा समाप्त वर्षको नाफा वा नोक्सानीको विवरण, नगद प्रवाहको विवरण ,ईक्वीटीमा भएको परिवर्तनको विवरण तथा लेखा नितिहरु र लेखासँग सम्बन्धित टिप्पणीहरु समावेश रहेका छन् ।

**व्यवस्थापनको उत्तर दायित्व**

नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने वित्तिय विवरणहरु तयार गर्नु तथा सारभुत रुपमा सहि प्रस्तुतिकरण गर्नु व्यवस्थापनको उत्तरदायित्व हो तथा जाल साजी वा त्रुटीबाट हुन सक्ने सारयुक्त रुपमा त्रुटिरहित वित्तीय विवरण तयार गर्न व्यवस्थापनले आवश्यक आन्तरिक नियन्त्रणको व्यवस्था गर्नु पर्दछ ।

**लेखापरिक्षकको उत्तरदायित्व**

हाम्रो उत्तर दायित्व वित्तिय विवरण प्रति आफ्नो मन्तव्य जाहेर गर्ने हो । हामीले नेपाल लेखापरिक्षण मान् अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । उक्त लेखामानबाट तोकेको आचार संहिता पालना गर्दै वित्तिय विवरण सारभुत रुपमा गलत आकडा रहित छ भन्ने कुरामा विश्वस्त हुन लेखापरिक्षणमान् अनुसार लेखापरिक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

वित्तिय विवरणका आकडा तथा खुलाईएका अन्य विवरणलाई पुस्टयाई गर्ने प्रमाण प्राप्त गर्ने विधि लेखापरिक्षणमा अपनाइएको हुन्छ। लेखापरीक्षणमा अपनाउने विधिको चुनाव हाम्रो फैसलामा निर्भर गर्दछ र सोही विधिको आधारमा हामीले जालीसाजी वा गल्तीको जोखिमबाट सारभूतरुपमा वित्तिय विवरणका तयारी र खुलाईएका विवरण सम्बन्धमा अपनाइएको आन्तरिक नियन्त्रणको प्रभावकारीताको विचार गरी मौजुदा परिस्थिती अनुसार लेखापरीक्षण विधि तयार गर्दछ। तर यसले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली कति प्रभावकारी छ भन्ने धारणा प्रस्तुत गर्नको लागि हुने छैन। कम्पनीले अवलम्वन गरेको लेखासिद्धान्तको उपयुक्तता व्यवस्थापकले गरेको वित्तिय अनुमानको औचित्यताको साथै वित्तिय विवरण प्रस्तुतिको समय स्थितिको मुल्याङ्कन पनि लेखापरिक्षणमा समावेश हुन्छ। लेखापरीक्षणमा उपलब्ध गरेका जानकारीले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं।

**रायको आधार**

१. **कम्पनीको निरन्तरता**

यस कम्पनी बर्षौदखि नोक्सानीमा गईरहेको र हाल बन्द अवस्थामा रहेको साथै प्रिफेरेन्स शेयरमा तिर्न बाँकी रहेको लाभांश, कम्पनी व्यवस्थापनमा देखिएको कमजोरी, ऋणात्मक खूद सम्पत्तिको अवस्था, नेपाल सरकारद्धारा घोषणा गरिएको अनिवार्य अवकाश योजना (मिति: २०७५।१०।०३) आदिलाई मध्यनजर गर्दा कम्पनी निकट भविष्यमा संचालनमा आउन नसकिने अवस्था देखिन्छ र कम्पनीको हालको अवस्थालाई हेर्दा कम्पनी निरन्तर रूपमा चलीरहने कुराको यकीन गर्न सकिएन ।

२. **सुरक्षित ऋण तथा छोटो अवधिको ऋण**

यस कम्पनीले नेपाल सरकार तथा बिभिन्न बैंकहरूबाट दीर्घकालीन ऋण र अल्पकालीन ऋण लिईएको पाईयो । हामीलाई यस कम्पनीले लिएको ऋणको ऋण सम्झौता पत्र प्राप्त भएन जसले गर्दा हामीलाई ऋण सम्बन्धि शर्तहरू तथा अन्य प्रावधानहरू जस्तै ब्याजदर, कर्जा भुक्तानी अवधी आदी थाहा भएन । हामीलाई २०७६ सालको आषाढ मसान्तमा के कति ऋण छ भनी ऋणको ब्यालेन्स पुष्टिकरण उपलब्ध नगराईएकोले वित्तिय अवस्थाको विवरणमा प्रस्तुत गरिएको सुरक्षित ऋण तथा छोटो अवधिको ऋण रकम सही छ भनी यकीन गर्न सकिएन ।

३. **अकला देवी ट्रेडर्स**

हामीलाई उपलब्ध गराईएको ब्यालेन्स पुष्टिकरणको आधारमा यस कम्पनीले आ.व. २०७४/७५ मा अकला देवी ट्रेडर्सबाट रू. ४,८३,१०४.९६ बराबरको डिजेल खरीद गरी त्यही आर्थिक वर्षमा नै भुक्तानी गरिसकेको देखिन्छ । तर, प्रस्तुत वित्तिय विवरणमा उक्त रकम गत आर्थिक वर्षबाट नै भुक्तानी गरेको भनी हिसाब नदेखाईएकोले अझै पनि तिर्नुपर्ने दायित्व भनी देखाईएको छ जुन रकम यस कम्पनीले तिर्नु नपर्ने देखिन्छ ।

४. **व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम**

अनुसूची ९ मा देखाईएका तिर्नुपर्ने हिसाबहरूको सन्दर्भमा हामीलाई ती हिसाबहरू सही छन् भन्ने कुरामा कुनै पनि प्रमाणित कागजातहरू प्राप्त नभएकोले यस बिषयमा केही भन्न सकिएन ।

५. **जायजेथा, प्लान्ट तथा उपकरण**

यस कम्पनीको लेखा नीति २ मा कुनै वर्षमा सम्पत्ति खरीद गर्दा उक्त सम्पत्तिमा आगामी आर्थिक वर्षबाट मात्र ह्रासकट्टी गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । तर, यस वर्ष रू. २२,००० बराबरको कार्यालय उपकरणको खरीदमा कम्पनीले ह्रासकट्टी गरी वित्तिय विवरण तयार पारेको छ । यसैगरी, कम्पनीले स्थिर सम्पत्ति खाता तयार नगरेकोले कुन सम्पत्ति के कस्तो अवस्थामा छन् भन्ने कुरा यकीन गर्न सकिएन । साथै कम्पनीको सम्पत्तिको मूल्य के कति हो भन्ने कुरा समेत यकीन गर्न नसकिएकोले गत वर्षको लेखापरीक्षणमा देखाईएको रकमलाई नै अल्या मानी वित्तिय विवरण तयार पारिएको छ ।

६. **जिन्सी मौज्दात**

यस कम्पनी २०७२ साल बैशाख महिना देखि बन्द अपस्थामा रहेको छ । यस कम्पनीमा त्यसयता जिन्सी मौज्दातको स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्ने व्यवस्था नभएकोले कम्पनीको हिसाब खातामा देखिएको जिन्सी मौज्दात रकम सही छ भनी पुष्टि गर्न सकिएन । हामीले प्रमाणित कागजातको अभावमा तयारी सामानको अन्तिम मौज्दात रकम सही छ भनी पुष्टि गर्न सकेनौं ।

७. **व्यापारिक तथा अन्य प्राप्य रकम**

अनुसूची ३ मा सहयोगी कम्पनी साल्ट ट्रेडिङ कर्पोरेशनलाई तिर्नुपर्ने भनी देखाईएको रकम रु. २,२०,२३,२५७

प्रमाणित बिल भौचर तथा अन्य कागजातहरू नभएकोले उक्त हिसाब सही छ भनी यकीन गर्न सकिएन ।

**८. नगद तथा बैंक मौज्दात**

अनुसूची ४ अन्तर्गत देखाईएका बैंक मौज्दातको सन्दर्भमा प्रमाणित व्यालेन्स पुष्टिकरण नभएकोले सही छ भनी यकीन गर्न सकिएन । यसैगरी नगद मौज्दात के कति छ भनी स्थलगत जाँच गरिएको छैन ।

**९. अग्रिम भुक्तानी रकम र पेश्की सापटी, धरौटी**

अनुसूची ५ अन्तर्गत देखाईएका रकमहरूको सन्दर्भमा हामीलाई उक्त हिसाब सही छ भनी प्रमाणित गर्ने कागजातहरू उपलब्ध नगराईएको हुदाँ ती रकमहरू सही छन् वा छैनन् भनेर पुष्टि गर्न सकिएन ।

**१०. बिमा दाबी**

यस कम्पनीमा गुड लस्ट ईन ट्रान्जिट भनी रू. ७.३ लाख बराबरको बिमा दाबी रहेको छ जुन बिषय अझै पनि अदालतमा सुनुवाईको क्रममा रहेको छ ।

**११. प्रिफेरेन्स शेयरमा लाभांश**

यस कम्पनीमा नेपाल सरकारद्धारा ८% प्रिफेरेन्स शेयरमा रू. १४,८६,५०,००० लगानी भएको देखिन्छ । उक्त पूँजीमा कम्पनीले आषाढ मसान्तसम्ममा रू. १९,०२,७२,५६० बराबरको लाभांश दिनुपर्ने देखिन्छ तर यस वित्तिय विवरणमा उक्त रकम देखाईएको छैन ।

**१२. कर्मचारी खर्च**

यस कम्पनीको गोरखा कार्यालयमा बार्षिक रूपमा तलब विवरण बनाई केबल एउटा मात्र ईन्ट्री राख्ने गरेको पाईयो । उक्त हिसाब मासिक रूपमा सम्बन्धित व्यक्तिबाट प्रमाणित समेत नगरेको पाईयो जसले गर्दा हामीले तलब विवरण साँचो छ भनी यकीन गर्न सकेनौं ।

**१३. पूर्व भुक्तानी खर्च**

अनुसूची १५ मा काठमाडौं कार्यालयको पूर्व भुक्तानी खर्च भनी रू. १४,२०९ देखाईएको छ जुन आयकर ऐन, २०५८ अनुसार अमान्य हुनेछ ।

**१४. प्रशासकीय खर्च**

यस कम्पनीका अधिकांश प्रशासकीय खर्चहरू कर्मचारीले प्रस्तुत गरेका बिल भौचरका आधारमा लेखांकन गर्ने गरेको पाईयो । अधिकांश खर्चहरू साना रकमका हुने तथा ती खर्चहरू दर्तावाला पसलबाट नगरेको पाईयो । ती खर्चहरू एकमुष्ठ रूपमा हेर्दा रकमको आधारमा धेरै हुन आउने भएकोले उक्त खर्चहरू प्रस्तुत बिलका आधारमा सही छन् वा छैनन् भनी यकीन गर्न सकिएन ।

**१५. ब्याज खर्च**

यस कम्पनीले ब्याज खर्च स्वरूप रू. ५,३९,८८,२३६ देखाएको छ । तर हामीलाई ब्याज खर्च यकीन गर्ने प्रमाणित कागजपत्रहरू उपलब्ध नगराईएकोले उक्त रकम सही छ भनी यकीन गर्न सकिएन ।

**१६. विमा सुविधा**

कर्मचारी नियमावली अनुसार जीवन विमामा लाग्ने विमा प्रिमियमको ५० प्रतिशत उद्योगले दिनुपर्ने उल्लेख भएपनी वित्तिय विवरणमा उल्लेख गरिएको छैन ।

**१७. Apron र युनिफर्म खर्च**

कर्मचारी नियमावली अनुसार Apron र युनिफर्म खर्च उद्योगले दिनुपर्ने उल्लेख भएपनि वित्तिय विवरणमा व्यवस्था गरिएको छैन ।

**राय**

हाम्रो रायमा हामीलाई उपलब्ध गराईएको सूचना, स्पष्टिकरण तथा हाम्रो लेखा परिक्षणको आधारमा , माथि रायको आधार अनुच्छेदमा उल्लेख गरिएको बाहेक वित्तिय विवरणहरुले वित्तिय अवस्थाको लागि मिति ३१ आषाढ २०७६ ( १६ जुलाई २०१९ ) को वित्तिय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको वर्षको कारोबारको नतिजा, नगद प्रवाह तथा इक्विटिमा भएको परिवर्तनको लागि क्रमश : नाफा नोक्सानको विवरण, नगद प्रवाह विवरण तथा इक्विटिमा भएको

परिवर्तनको विवरणले सारभूत रुपमा समुचित तथा यथार्थ चित्रण गर्दछ तथा ति विवरणहरुले नेपाल लेखामान् तथा कम्पनी ऐनको पालना गर्दछ ।

### अन्य कानुनी तथा नियमनकारीको आवश्यकता अनुसारको प्रतिवेदन

माथि उल्लेखित व्यहोराको अतिरिक्त हाम्रो लेखापरिक्षणको आधारमा तथा कम्पनी ऐन, २०६३ को दफा ११५ बमोजिम देहायको प्रतिवेदन पेश गरेका छौं ।

१. लेखा परिक्षण सम्पन्न गर्न आवश्यक सुचना तथा स्पष्टीकरण हामीलाई प्राप्त भयो ।

२. हाम्रो परिक्षणको क्रममा कम्पनीले आफ्नो कारोबारहरु प्रतिविम्वित हुने गरी आफ्ना हिसाब किताबहरु प्रचलित कानुन अनुसार ठिकसँग राखेको पायौं ।

३. यस प्रतिवेदनसँग सम्बन्धित वित्तिय विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त पायौं ।

४. हाम्रो लेखा परिक्षणको क्रममा कम्पनीका सञ्चालक वा कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै हानी नोक्सानी पुऱ्याएको देखिदैन ।

५. हिसाब किताबको परिक्षण तथा व्यवस्थापनको स्पष्टीकरणको आधारमा लेखापरिक्षणसँग सम्बन्धित समयअवधिमा कुनै लेखा सम्बन्धि बेहिसाब वा जालासाजी भएको देखिदैन ।

## दोलखा दुग्ध उद्योग लिमिटेड, २०७६/७७

हामीले यसै साथ संलग्न **श्री दोलखा दुग्ध उद्योग लिमिटेड, भिमेश्वर नगरपालिका-६, चरिकोट, दोलखा** को ३१ आषाढ २०७७ को वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण इक्युटीमा भएको परिवर्तन सम्बन्धी विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### आर्थिक विवरणहरुप्रति व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत वित्तीय विवरण गलत आँकडा, जालसाजी वा त्रुटीको कारण रहित छ भनी तयारी र प्रस्तुतिकरण गर्ने कार्यसँग सम्बन्धित नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अद्यावधिक बनाई राख्ने, उपयुक्त लेखानीतिको छनौट गर्ने र लागू गर्ने तथा तत्कालिन अवस्थामा उपयुक्त लेखा अनुमानहरू गर्ने कार्यहरु पर्दछन् ।

वित्तीय विवरण तयार गर्दा संस्थाले अविच्छन्नता **(Going Concern)** कायम गर्न सक्ने नसक्ने कुराको पहिचान गर्न व्यवस्थापन जिम्मेवार हुनेछ । साथै संस्था वा संस्थाको कारोबारहरू बन्द हुने अवस्थामा नजाँदासम्म अविच्छन्नताका आधारमा लेखा सिद्धान्तको प्रयोग तथा त्यसको खुलासा गर्न व्यवस्थापन पूर्ण रूपमा जिम्मेवार रहन्छ ।

सुशासनसँग सम्बन्धित व्यक्तिहरू संस्थाको वित्तीय प्रतिवेदन प्रकियाको नियमन गर्न जिम्मेवार हुन्छन् ।

### लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्यहरू सम्पूर्ण वित्तीय विवरणहरू सारभुत त्रुटिबाट रहित छ कि छैन भन्ने बारे उचित उपयुक्त आश्वासन प्राप्त गर्नु हो, र हाम्रो राय समावेश गर्ने लेखापरीक्षकको प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्चस्तरको आश्वासन हो, तर ग्यारेन्टी छैन कि लेखापरीक्षण मान अनुसार सम्पन्न गरिएको लेखापरीक्षणले जहिले पनि सारभुत त्रुटि पत्ता लगाउँदछ । त्रुटिहरू ठगी, गल्ती वा धोकाधडीबाट उत्पन्न हुन सक्दछन् र त्यसले, एकल वा समग्रमा, यदी प्रयोगकर्ताहरूको आर्थिक निर्णयमा प्रभाव पार्ने भएमा मात्र सारभूत रुपमा गलत रहेको मानिन्छ ।

व्यवस्थापनले कार्यान्वयन गरेको अविच्छन्नताको आधारको उचितताका साथै लेखापरीक्षणका प्रमाणका आधारमा अविच्छन्नताको सारभूत अनिश्चितता माथि शङ्का उत्पन्न गर्ने घटना वा अवस्थाहरू रहे नरहेको यकिन गर्दछौं । यदि सारभूत अनिश्चितता रहेको निष्कर्षमा पुगेको खण्डमा हाम्रो लेखापरीक्षण प्रतिवेदनमा वित्तीय विवरणहरूसँग सम्बन्धित खुलासाहरूमा ध्यान केन्द्रित गर्न आवश्यक पर्ने हुन्छ । यदि त्यस्ता खुलासाहरू अपर्याप्त छन् भने हाम्रो रायमा परिमार्जन गर्नुपर्दछ ।

"राय व्यक्त गर्न अस्विकार गरीएको आधार" अनुच्छेदमा उल्लेखित कारणले गर्दा, नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्याप्त एंव उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं ।

### राय व्यक्त गर्न अस्विकार गरीएको आधार

सरकारी स्वामित्वका निकायलाई लागु हुने वित्तीय प्रतिवेदनको ढाँचा साविकको नेपाल लेखामानबाट २०७३ श्रावण १ देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन भएको छ । वित्तीय प्रतिवेदनको ढाँचा परिवर्तन हुदाँ संत्रमणकालिन व्यवस्था अनुरुपको वित्तीय विवरणहरु तयार गरिएको छैन । सो व्यवस्था अनुरुप नयाँ लेखानीतिका आधारमा वित्तीय सूचनाको पहिचान, पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको आवश्यकता पर्दछ ।

नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप वित्तीय सुचनाको पुर्नस्थापना, प्रस्तुतिकरण र खुलासाको सञ्चित असर अनिश्चित साथै सारभुत र व्यापक हुन सक्दछ ।

### राय व्यक्त गर्न अस्विकार गरीएको

"राय व्यक्त गर्न अस्विकार गरीएको आधार" अनुच्छेदमा उल्लेखित विषयवस्तुको सारगर्भियताका कारण, हामीले नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नका लागि पर्याप्त एंव उपयुक्त लेखापरीक्षण प्रमाण प्राप्त गर्न सकेनौं । त्यसकारण नेपाल वित्तीय प्रतिवेदनमान अनुरुप तयार नभएको वित्तीय विवरणहरु उपर हामी राय दिदैनौं ।

उपरोक्त आधारमा लेखापरीक्षण गरी निम्नानुसारको प्रतिवेदन पेस गरेका छौ :

१. हामीले लेखापरीक्षणको क्रममा आवश्यक ठानेका जानकारी तथा स्पष्टीकरण यथाशिघ्र तथा सन्तोषजनक रुपमा पायौं ।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताव बहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन् ।

३. संस्थाको श्रेस्ता तथा हिसाव किताब ऐन बमोजिम ठीकसँग राखिएको छ ।

४. हाम्रो रायमा हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण अनुसार संस्थाको हिसाव किताबको परीक्षणबाट सञ्चालक समिति वा सो को कुनै सदस्य वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज वा वेहिसाव गरेको वा संस्थालाई हानी नोक्सानी गरेको, गराइएको वा संस्थाको तथा शेयर सदस्यहरुको हित र संरक्षण नहुने काम गरेको जानकारी आएन ।

## नेपाल आयल निगम कम्पनी लिमिटेड, २०७६/७७

**Report on the Audit of the Financial Statements**

**Qualified Opinion**

We have audited the financial statements of Nepal Oil Corporation Limited (the 'Company'), Babarmahal, Kathmandu which comprise the Statement of Financial Position as at Ashadh 31, 2077, Statement of Profit or Loss and Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flow for the year then ended, and Notes to the Financial Statements, including a summary of Significant Accounting Policies.

In our opinion, except for the effects of the matter described in the "*Basis for Qualified Opinion"* section of our report, the accompanying financial statements present fairly, in all material respects, the financial position of the company as at Ashadh 31, 2077 and its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards (NFRSs).

**Basis for Qualified Opinion**

As discussed in note 2.4.16 of the Notes of financial statement, the company assesses impairment based on expected credit losses (ECL) model. However, the model as per the policy is not prepared and impairment provision for financial assets is done as per management estimate.

As presented in Notes 13, there is unreconciled inter branch net credit balance of Rs 3,430,494/-. The impact of such unreconciled balance due to pending reconciliation is not determinable.

As per clause 4 of contract entered between Nepal Oil Corporation (NOC) and National Park and Wildlife Conservation Department dated 2075/10/17, NOC shall replant the trees in the ratio of 1:25 for the total of 88163 trees of various species cut down by the pipeline project in the area of Parsa Wildlife Reserve (Total of 2204075 trees) and conserve the same for 5 years. However, NOC can opt to value the cost for the same and pay the amount to Parsa Wildlife Reserve at once within 5 years. This provision is mandatory according to prevailing Forest Act. However, company has not estimated and provisioned such amount in books resulting in understating of expenses/liabilities.

We conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditor's Responsibilities for the Audit of the Financial Statements* section of our

report. We are independent of the organisation in accordance with the *ICAN's Handbook of Code of Ethics for Professional Accountants* together with the ethical requirements that are relevant to our audit of the financial statements in Nepal, and we have fulfilled our other ethical responsibilities in accordance with these requirements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified opinion.

**Emphasis of Matter**

We draw attention to note 2.4.4 of the Notes of financial statement, which describes about charging the pipeline project related expenses as administrative expenses.

Our opinion is not modified in respect of this matter.

**Key Audit Matters**

Except for the matters described in *Basis for Qualified Opinion* para and *Emphasis of Matter* para, we have determined that there are no other key audit matters to communicate in our report.

**Responsibilities of Management for the financial statements**

Management is responsible for the preparation and fair presentation of financial statements in accordance with Nepal Financial Reporting Standards (NFRSs), and for such internal control as the management determines is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the company or to cease operations, or have no realistic alternative but to do so.

Board of Director is responsible for overseeing the company's financial reporting process.

**Auditor's responsibilities for the audit of the financial statements**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is a high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

**Report on Requirements of the Companies Act, 2063**

We report, based on our audit, on the requirements of the Companies Act, 2063, that:

i) We have obtained all the information and explanations, which to the best of our knowledge and belief were necessary for the purpose of our audit;

ii) In our opinion, proper books of accounts as required by law have been kept by the company so far as it appears from our examination of such books of accounts;

iii) In our opinion, the Statement of Financial Position, Statement of Profit or Loss and Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flow dealt with by this report are in agreement with the books of accounts.

iv) To the best of our information and according to explanation given to us and from our examination of the books of account of the company necessary for the purpose of our audit, we have not come across cases where the board of directors or any representative or any employee of the company have acted contrary to the provisions of laws relating to accounts or committed any misappropriation or caused any loss or damage to the company.

v) During the year, the company has paid interim dividend to Government of Nepal amounting Rs 2,000,000,000/- without complying with Section 182(7) of Companies Act 2063.

## बुटवल धागो कारखाना लिमिटेड, २०७६/७७

**Report on Financial Statements**

We have audited the accompanying Balance Sheet of **Butwal Dhago Karkhana Limited** as of 31 Ashadh, 2077 (15 July 2020), Statement of Profit or Loss, Cash Flow Statement, Statement of Changes in Equity for the year then ended, and a summary of Significant Accounting Policies and other explanatory notes.

**Management's Responsibilities:**

Management is responsible for the preparation and fair presentation of these financial statements in accordance with Nepal Financial Reporting Standards. This responsibility includes; designing, implementing and maintaining internal control relevant to the preparation and fair presentation of financial statements that are free from material accounting policies; and making accounting estimates that are reasonable in the circumstances.

**Auditor's Responsibilities**

Our responsibility is to express an opinion on theses financial statements based on our audit. We conducted our audit in accordance with Nepal Standards on Auditing. Those standards require that we plan and perform the audit to obtain reasonable assurance about whether the financial statements are free of material misstatement.

An audit involves performing procedures to obtain audit evidence about the amounts and disclosures in the financial statements. The procedures selected depend on the auditor's judgment, including the assessment of the risks of material misstatement of the financial statements, whether due to fraud or error. In making those risk assessments, the auditor considers internal control relevant to the entity's preparation and fair presentation of the financial statements in order to design audit procedures that are appropriate in the circumstances, but not for the purpose of expressing an accounting policies used and the reasonableness of accounting estimates made by management, as well as evaluating the overall presentation of the financial statements. We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our audit opinion.

**Basis for Qualified Opinion**

i. The company has been suffering losses for last many years with the company having negative net worth of NRs. 1,513,336,168 (P/Y 1,468,632,342) and as at the year end the company has negative working capital of NRs. 1,590,704,061 (P/Y 1,548,502,696). Furthermore due to various reasons the company has not been in operation since March 2008. Therefore we have significant doubt that the company will continue as a going concern.

ii. The Institute of Chartered Accountants of Nepal (ICAN) changed the applicable Financial Reporting Framework to "Nepal Financial Reporting Standards (NFRS)" from "Nepal Accounting Standards (NAS)" effective from financial year 2073/74. Change in financial reporting framework required transition to NFRS as at 16th July, 2016 and presentation of at least three statements of Financial Position, two statements of Comprehensive Income, Cash Flow, Change in Equity, two separate income statements and related notes, including comparative information.

    However, financial statement of Butwal Dhago Karkhana Limited has not been prepared based on transitional provision of NFRS-1 which requires identification, restatement, presentation and disclosure of Financial Information based on new accounting policies as per NFRS.

    The cumulative effect of not Restating, Presenting and Disclosing Financial Information in compliance with transitional provision of NFRS is uncertain and could be material and pervasive.

iii. As per section 86(3) of Companies Act, 2063 "In forming the board of directors pursuant to 86(2), at least one independent director, in the case of the number of directors not exceeding seven, and at least two independent directors, in the case of the number of directors exceeding seven, shall be appointed from amongst the persons who have the knowledge as prescribed in the articles of association of the company and gained knowledge and experience in the subject related with the business of the company concerned." As per the provision the company should appoint one independent director out of seven directors. However, independent director is yet to be appointed.

    The effect of non-appointment of independent director violates provisions of the Companies Act, the article of association of the company, and may have impact on the decision related to the business operations of the company. The material effect is hence uncertain and could be material and pervasive.

iv. As per section 76(1) of Companies Act, 2063 every public limited company should hold annual general meeting every year within six months after the expiry of its financial year. However, violating provision of the Companies Act, 2063, Annual General Meeting of the company has not been held after 2051 BS (Special General Assembly was also last held on 2058 BS).

    The effect of non-conducting of Annual General Meeting of the company violates the provisions of the memorandum and article of association of the company.

**Opinion**

In our opinion, based on the information and explanations provided to us and our audit, except for the bases for qualification of audit report as explain above, the financial statements give true and fair view of the financial position as on 31 Ashadh, 2077(15 July 2020), and of the results of its operations and cash flows of Butwal Dhago Karkhana Limited for the year ended in accordance with Nepal Accounting Standards and comply with the Companies Act, 2063.

**Report on other legal and regulatory requirements**

On the basis of our examination, we would like to further report that:

i. We have obtained all the information and explanations, which were considered necessary for the purpose for our audit.

ii. The company has kept proper books of accounts as required by law, in so far as it appears from our examination of those books of account.

iii. The Statement of financial position, statement of profit or loss and other comprehensive income, statement of cash flows, statement of changes in equity, significant accounting policies and notes to the accounts dealt by this report are in agreement with the books of account maintained by the company.

iv. During our examination of the books of account of the company, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the company has acted contrary to the provisions of law or caused loss or damage to the company.

v. We have not come across any fraudulence in the accounts, so far as it appeared from our examination of the book, and

vi. The company has not acted in a manner to jeopardize the interest and security of the stakeholders.

## राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, २०७३/७४

### वित्तीय विवरण उपर प्रतिवेदन

१. हामीले यसैसाथ संलग्न राष्ट्रिय उत्पादकत्व तथा आर्थिक केन्द्र लिमिटेडको २०७४ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी महत्वपुर्ण लेखानीति तथा लेखा टिप्पणी सम्मिलित वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

२. नेपाल वित्तीय प्रतिवेदन मान, कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशिका तथा अन्य प्रचलित कानून अनुरुप वित्तीय विवरण तयार एवं समुचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तगर्त वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकतानूसार उचित लेखा अनुमान गर्ने जिम्मेवारीपनि व्यवस्थापनको रहेको छ ।

### लेखापरीक्षकको जिम्मेवारी

३. हाम्रो जिम्मेवारी लेखापरीक्षणको आधारमा प्रस्तुत वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षणकार्य नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुरुप व्यवसायिक आचार संहिताको पालना गर्नै वित्तीय विवरणहरु सारभुत रुपमा गलत आंकडारहित प्रस्तुतिभएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरिक्षण कार्य सम्पन्न गरेका छौ ।

४. लेखापरीक्षणकार्यमा वित्तीय विवरणमा प्रस्तुत गरिएका रकम तथा खूलासा गरिएका सुचना लगायत अन्य विवरणकाबारेमा यथोचित तथा यथेस्ट लेखापरीक्षण प्रमाण प्राप्त गर्ने प्रमाणको पुर्ण वा आशिंक वा छड्के परिक्षण गर्ने कार्यवीधि सामेल हून्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा हामीले गरेको वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट सारभुत रुपमा गलत प्रस्तुती हुन सक्ने कुरामा अवलम्वन गरिने लेखापरिक्षणको जोखिम मुल्यांकन हाम्रो व्यवसायिक विवेकमा निर्भर हुन्छ । जोखिम मुल्यांकन गर्ने क्रममा हामीले आन्तरिक नियन्त्रणको प्रभावकारिता माथि राय व्यक्त गर्ने उदेश्यले नभैपरिस्थिति अनुकुल लेखापरीक्षण कार्यविधि तर्जुमा गर्ने उद्देश्यले बैंकको वित्तीय विवरण तयारी र उचित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको मुल्यांकन गरेका छौं । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखा नीतिको औचित्यको विश्लेषण र व्यवस्थापनले गरेका लेखा अनुमानको मनासिवताका साथै वित्तीय विवरणहरुको समग्र प्रस्तुतिको विश्लेषण समेत समावेश छन् । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा अपनाइएका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुसारको

उपयुक्तताको मुल्यांकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत लेखापरीक्षण अन्तरगतपर्दछ ।

५. हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

**६. लेखापरीक्षण राय व्यक्त गर्ने आधार**

लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभुत असर पार्ने व्यवहोराहरु निम्नानूसार रहेका छन्:

**६.१ निरन्तरता** : कम्पनीको व्यवसाय निरन्तर रुपमा कायम रहेको (Going Concern) अनुमानको आधारमा वित्तीय विवरण तयार गरिएको भएता पनि प्रत्येक वर्ष आम्दनी भन्दा खर्च धेरै भई नोक्सान बढ्दै गएकाले र पुराना वर्षका संचित नाफा घट्दै गएकाले समयमा नै यस केन्द्रलाई पुन: संरचना नगरिएमा नगद प्रवाह कमजोर भई केन्द्रको निरन्तरता माथि नै शंका उत्पन्न हुन जाने देखिन्छ ।

६.२ **लेखामानको पालना** : केन्द्रको वित्तीय विवरण तयारी तथा प्रस्तुतिकरणमा प्रचलित निम्न नेपाल लेखामान पालना भएको छैन :

६.२.१ **लेखामान २** : नेपाल लेखामान २ को व्यवस्था अनुसार केन्द्रले मौज्दातको मूल्यांकन, भौतिक परीक्षण गरीएको परिमाणमा बाजार मुल्य र लागत मध्ये जुन घटि छ, सोही रकममा राख्नुपर्नेमा सो पालना गरेको छैन ।

६.२.२ **लगानी** : यस केन्द्रले एन. आई. डी. सी. बाट प्राप्त गरेको ३०००० बोनस सेयरलाई सेयर संख्या मात्र बढाएर लेखांकन गर्नु पर्नेमा केन्द्रले लगानी शिर्षक अन्तर्गत जाडेर जम्मा लगानी रु. ११६७८६०० देखाएको छ ।

६.२.३ **धरौटी** : यस केन्द्रले वित्तीय विवरणमा विभिन्न पार्टीहरुबाट धराटी स्वरुप जम्मा रकम रु. ५४६२५ लिनुपर्ने देखाएता पनि सो धराटीहरुको रसिद नभएकोले त्यसको यथार्थ बूझ्न सकिएन ।

६.२.४ **आयकर व्यवस्था** : आर्थिक वर्ष २०६०।६१ देखीनै रु ७२५२९६६।४४ बराबरको आयकर व्यवस्था रकमलाई अग्रीम आयकरमा समायोजन नगरी देखाएको पाइयो । आ.ब. २०६१।६२ देखी संस्था घाटामा रहेको हुदा थप आयकर व्यवस्था गरीएको देखिएन । संस्थाको आ.ब. २०५९।६० देखी २०६२।६३ सम्मको मात्र कर लेखा परीक्षण सम्पन्न भएको र २०६३।६४ देखी हाल सम्म कर लेखा परीक्षण भएको पाइएन । मिति २०७१।१०।०८ को आन्तरीक राजस्व विभागको मिति २०७२।०३।१४(प.सं. २०७१।७२, च.नं. २०००) को पत्र अनुसार आ.ब. २०६५।६६ को लागी आयकर रकम रु २४९५३ र व्याज रकम रु ६३४७ रहेको पत्र पठाएको पाइयो । यस संस्था र कर फर्छौट आयोग २०७१ बिच मिति २०७२।०३।३० गतेको दिन कर बक्यौतामा रकम फर्छौट सम्बन्धीत सम्झौता पत्र बमोजीम आ.ब. २०६५।६६ को लागी आयकर रकम (व्याज रकम समेत) रु २६००० मात्र बुझाउन सम्झौता भएको र सो रकम मिति २०७२।०४।११ मा बुझाइ सकेको देखिन्छ । संस्थाले कुनै पनि वर्षको कर चुक्ता प्रमाण नलिएको र समयमै कर लेखा परीक्षण नभएको हुदा संस्थालाइ थप आर्थीक दायीत्व हुन सक्ने सम्भावना देखीन्छ ।

६.२.५ **भुक्तानी दिन बाकी लाभांश** : नेपाल कम्पनी ऐन २०६३ को दफा १८२ को उप दफा ९ अनुसार साधारण सभाले पारीत गरेको ५ वर्ष भित्र वितरण गर्नु पर्ने र सो अवधी भित्र वितरण नभएमा लाभांश लगानीकर्ता संरक्षण कोषमा जमा गर्नु पर्ने भन्ने व्यवस्था रहेकोमा ५ वर्ष वितिसक्दा पनि उक्त रकम रु २७८७९६।१६ लगानी कर्ता संरक्षण कोषमा जमा गरीएको देखिदैन ।

६.२.६ **प्रस्तावीत लाभांश** : संचालक समीतीले लाभांश वापत पारीत गरेको रु २३७९७५० धेरै वर्ष विती सकेको हकमा साधारण सभबाट पारीत भएको छैन ।

६.२.७ **अग्रिम आय कर** : यस केन्द्रको वासलातमा देखिएको आ.ब. २०७३।७४ रकम रु १३२२८३८३।४७ देखिएको छ तर अघिल्लो वर्ष देखिनै आन्तरीक राजस्व कार्यालयमा बुझाउनुपर्ने अनुसुची १० मा कुनै अग्रीम आयकर विवरण दाबी गरीएको पाइएन ।

विगतका वर्ष देखीनै समायोजन नभएका आयकर लाइ यस शिर्षक अन्तर्गत राखिएको पाइयो । आयकर व्यवस्था अनुसार अग्रिम आयकर जुन वर्षको हो सो वर्ष नै समायोजन गर्नुपर्नेमा सो गरीएको पाइएन । अग्रिम आयकर कट्टी रकमको आय श्रोत दाखीला प्रमाण पत्र संलग्न गरी राखिएको छैन ।

६.२.८ **आन्तरीक लेखा परीक्षण** : केन्द्रले आन्तरीक लेखा परीक्षण हाल सम्म नगराएकाले केन्द्रको आन्तरीक नियन्त्रण व्यवस्था प्रयाप्त तथा प्रभावकारी भएको यकीन गर्ने आधार भएन ।

**लेखापरीक्षकको कैफियत सहिको राय:**

७ केन्द्रको संलग्न वित्तीय विवरणहरु तथा सोही साथ संलग्न लेखा निति तथा लेखा संग सम्बन्धीत टिप्पणीहरुका साथै अध्यन गर्दा कैफीयत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा हाम्रो रायमा माथी उल्लेखीत बुदा नं. ६.१ देखी ६.२.८ सम्म औल्याएका विषयले वित्तीय विवरणहरुमा पार्ने असर बाहेक संलग्न :

क. वासलातले २०७४ साल आसार ३१ को केन्द्रको वित्तीय अवस्था तथा

ख. नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र संलग्न लेखा सम्बन्धी टिप्पणी विवरणले उक्त मितिमा समाप्त भएको वर्षको क्रमश: नाफा नोक्सान र नगद प्रवाह विवरण उचीत एवं यर्थाथ चित्रण गर्दछ ।

८ माथि उल्लेखीत व्यहोराको अतिरिक्त हामीले गरेको लेखा परीक्षण तथा हामीले पाए सम्मको सुचना एवं हामीलाइ दिइएको स्पष्टीकरणको आधारमा निम्नअनुसारको प्रतिवेदन पेश गरेका छौ :

क. लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक ठानेका सुचना र स्पष्टीकरण पायौ ।

ख. हाम्रो विचारमा केन्द्रले माथी उल्लेखीत कैफीयत वाहेक आफ्नो हिसाबकिताब प्रचलीत कानून बमोजीम राखेको छ ।

ग. आर्थिक विवरणहरु केन्द्रले राखेको लेखासंग दुरुस्त रहेका छन ।

## राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र, २०७४/७५

**वित्तीय विवरण उपर प्रतिवेदन**

१. हामीले यसैसाथ संलग्न राष्ट्रिय उत्पादकत्व तथा आर्थिक केन्द्र लिमिटेडको २०७५ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी महत्वपुर्ण लेखानीति तथा लेखा टिप्पणी सम्मिलित वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

**<u>वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी</u>**

२. नेपाल वित्तीय प्रतिवेदन मान, कम्पनी ऐन, बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, नेपाल राष्ट्र बैंकद्वारा जारी निर्देशिका तथा अन्य प्रचलित कानून अनुरुप वित्तीय विवरण तयार एवं समुचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस्तो जिम्मेवारी अन्तगर्त वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभुत रुपमा गलत आंकडा रहित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकतानूसार उचित लेखा अनुमान गर्ने जिम्मेवारीपनि व्यवस्थापनको रहेको छ ।

**<u>लेखापरीक्षकको जिम्मेवारी</u>**

३. हाम्रो जिम्मेवारी लेखापरीक्षणको आधारमा प्रस्तुत वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षणकार्य नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा गरेका छौं । ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुरुप व्यवसायिक आचार संहिताको पालना गर्नै वित्तीय विवरणहरु सारभुत रुपमा गलत आंकडारहित प्रस्तुतिभएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरिक्षण कार्य सम्पन्न गरेका छौ ।

४. लेखापरीक्षणकार्यमा वित्तीय विवरणमा प्रस्तुत गरिएका रकम तथा खूलासा गरिएका सुचना लगायत अन्य विवरणकाबारेमा यथोचित तथा यथेस्ट लेखापरीक्षण प्रमाण प्राप्त गर्ने प्रमाणको पुर्ण वा आशिंक वा छड्के

परिक्षण गर्ने कार्यवीधि सामेल हून्छ । यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा हामीले गरेको वित्तीय विवरणमा जालसाजी वा त्रुटीबाट सारभुत रुपमा गलत प्रस्तुती हुन सक्ने कुरामा अवलम्वन गरिने लेखापरिक्षणको जोखिम मुल्यांकन हाम्रो व्यवसायिक विवेकमा निर्भर हुन्छ । जोखिम मुल्यांकन गर्ने क्रममा हामीले आन्तरिक नियन्त्रणको प्रभावकारिता माथि राय व्यक्त गर्ने उदेश्यले नभैपरिस्थिति अनुकुल लेखापरीक्षण कार्यविधि तर्जुमा गर्ने उद्देश्यले बैंकको वित्तीय विवरण तयारी र उचित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको मुल्यांकन गरेका छौं । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखा नीतिको औचित्यको विश्लेषण र व्यवस्थापनले गरेका लेखा अनुमानको मनासिवताका साथै वित्तीय विवरणहरुको समग्र प्रस्तुतिको विश्लेषण समेत समावेश छन् । व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा अपनाइएका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुसारको उपयुक्तताको मुल्यांकनका साथै समग्र वित्तीय विवरण प्रस्तुतिको लेखाजोखा समेत लेखापरीक्षण अन्तरगतपर्दछ ।

५. हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

## ६. लेखापरीक्षण राय व्यक्त गर्ने आधार

लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा सारभुत असर पार्ने व्यवहोराहरु निम्नानूसार रहेका छन्:

**६.१ निरन्तरता :** कम्पनीको व्यवसाय निरन्तर रुपमा कायम रहेको (Going Concern) अनुमानको आधारमा वित्तीय विवरण तयार गरिएको भएता पनि प्रत्येक वर्ष आम्दनी भन्दा खर्च धेरै भई नोक्सान बढ्दै गएकाले र पुराना वर्षका संचित नाफा घट्दै गएकाले समयमा नै यस केन्द्रलाई पुनः संरचना नगरिएमा नगद प्रवाह कमजोर भई केन्द्रको निरन्तरता माथि नै शंका उत्पन्न हुन जाने देखिन्छ ।

६.२ **लेखामानको पालना** : केन्द्रको वित्तीय विवरण तयारी तथा प्रस्तुतिकरणमा प्रचलित निम्न नेपाल लेखामान पालना भएको छैन :

६.२.१ **लेखामान २** : नेपाल लेखामान २ को व्यवस्था अनुसार केन्द्रले मौज्दातको मूल्यांकन, भौतिक परीक्षण गरीएको परिमाणमा बाजार मुल्य र लागत मध्ये जुन घटि छ, सोही रकममा राख्नुपर्नेमा सो पालना गरेको छैन ।

६.२.२ **लगानी :** यस केन्द्रले एन. आई. डी. सी. बाट प्राप्त गरेको ३०००० बोनस सेयरलाई सेयर संख्या मात्र बढाएर लेखांकन गर्नु पर्नेमा केन्द्रले लगानी शिर्षक अन्तर्गत जाडेर जम्मा लगानी रु. ११६७८६०० देखाएको छ ।

६.२.३ **धरौटी** : यस केन्द्रले वित्तीय विवरणमा विभिन्न पार्टीहरुबाट धराटी स्वरुप जम्मा रकम रु. ५४६२५ लिनुपर्ने देखाएता पनि सो धराटीहरुको रसिद नभएकोले त्यसको यथार्थ बूझ्न सकिएन।

xi. During our examination of the books of account of the Company, we have not come across the cases where the Board of Directors or any member thereof or any representative or any office holder or any employee of the Company has acted contrary to the provisions of law or caused loss or damage to the Company and

xii. We have not come across any fraudulence in the accounts, based on our sample examination of the books.

# कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

## कानुनी किताब व्यवस्था समिति, २०७६/७७

### कैफियत सहितको राय

हामीले कानुनी किताब व्यवस्था समितिको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **नेपाल लेखामानको पालनाः** समितिले वित्तीय विवरण तयार गर्दा अपनाएको लेखामानको कार्यान्वयनको अवस्था हेर्दा निम्नअनुसारको कैफियत पाइयो;

२.१ **वित्तीय विवरणको प्रस्तुतीः** समग्र वित्तीय अवस्था सही र दूरुस्त देखिने अवस्थाको वित्तीय विवरण प्रस्तूत गरिएको छैन। नेपाल लेखामान १ ले तोकेको उपार्जनको आधारमा लेखा राख्नुपर्नेमा उपदान कोष रकमका लागि हालसम्मको सम्पुर्ण खर्चको व्यवस्था गरिएको छैन जसले गर्दा समितिको वित्तीय विवरणमा दर्शाइएको आर्थिक स्थिति सहि नहुने देखिन्छ।

२.२ **कर्मचारी सुविधाः** कर्मचारी उपदानकोष, कल्याण कोष, उपचार कोष र विदा कोषमा बार्षिक रुपमा हुने मुनाफाबाट जम्मा गर्नुपर्ने रकमको कर्मचारीगत रुपमा दायित्वको विश्लेषणगरी निर्धारण नेपाल लेखामान १९ अनुसार गर्नु पर्नेमा समितिको निर्णय बमोजिम उक्त तीनवटा कोषहरुमा अनुमानको आधारमा रु.६० लाख राखेको पाइयो।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी समितिको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै संस्थानलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा

सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा उद्योगको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले उद्योगको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# कृषि पशुपन्छी विकास मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

## कृषि सामग्री कम्पनी लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले कृषी सामग्री कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय विवरण, नगद प्रवाह तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थालाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

### अन्य विषय (Other Matter)

कम्पनी ऐन, २०६३ बमोजिम स्थापित कृषि सामग्री कम्पनी लिमिटेडको २०७५।१२।२१ र राष्ट्रिय वीउ बिजन कम्पनी लिमिटेडको २०७५।११।२९ मा सम्पन्न साधारण सभा साथै २०७६।३।२६ को संयुक्त बैठक र नेपाल सरकार मन्त्रीपरिषद्को २०७५।५।३१ को निर्णय वमोजिम राष्ट्रिय वीउ बिजन कम्पनी लिमिटेडलाई यस कम्पनीमा गाभ्ने निर्णय गरेकोमा गाभिने कम्पनीको सम्पूर्ण सम्पत्ति र दायित्व गाभ्ने कम्पनीले सकार्ने गरी राष्ट्रिय वीउ बिजन कम्पनी लिमिटेडलाई गाभ्न र गाभिए पछि कृषि सामग्री कम्पनी लिमिटेडको नाममा कारोबार गर्ने निर्णय भएको छ ।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थाको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित बाहेक ठीकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## दुग्ध विकास संस्थान, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले दुग्ध विकास संस्थानको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **मुद्दति खाताः** डेलि फुड्स् (ईण्डिया)बाट ४१५ मेट्रिक टन स्किम मिल्क पाउडर खरीदको लागि १४ जनवरी १९९७ मा वाणिज्य बैंकमा प्रतितपत्र अनुसार ८० प्रतिशत सामान आयत पुर्व र बाँकी २० प्रतिशत सामान आयत भएपछि भुक्तानी पठाउने शर्त रहेकामा, सम्झौता अनुरुप सामान नआएकोले २० प्रतिशत बाँकी रकम भुक्तानी दिनु नपर्ने भनि पटक पटक संस्थानले दावी गरेकोमा २०७६।३।२७ मा बसेको राष्ट्रिय वाणिज्य बैंकको २२९४ औं संचालक समितिको बैठकको निर्णय र मिति २०७६।३।३० मा बसेको संस्थानको १३५१ औं संचालक समितिको बैठकको निर्णय अनुसार संस्थानको राष्ट्रिय वाणिज्य बैंकमा रहेको मुद्दति खाताको रकम डेलि फुड्स्(ईण्डिया)को एल.सी नं. ३२/१०२ को कारोबारबाट सृजित दायित्वसँग राफसाफ गर्ने निणर्य भएको र संस्थानको मुद्दती खाताहरुबाट भा.रु. ८६,२५,१४९ ले हुने ने.रु. १,३८,००,२३८।४० कट्टा हुने जनाइएको छ।

तर सो रकम दिनु नपर्ने विषयमा विभिन्न निकायमा विभिन्न समयमा परेको मुद्दामा श्री पुनरावेदन अदालत, पाटनबाट मिति २०५४।८।१३ र सर्वोच्च अदालतबाट २०६०।७।७ मा भएको निर्णय अनुसार संस्थानले डेलि फुड्स्(ईण्डिया)बाट प्राप्त धुलो दूधमा अखाद्य पदार्थ फेला परेको र संस्थानले बाँकी २० प्रतिशत रकम भुक्तानी दिन नपर्ने निर्णय भएको र Kualalumpur Regional Center for Arbitration (KLRCA),Malyasia मा भएको दावीमा समेत डेलि फुड्स्(ईण्डिया)को रकम र व्याज भुक्तानीको दावी रीजेक्ट भएको पाइयो। साथै संस्थानले नेपाल राष्ट्र बैंकमा मुद्दती खाता रोक्का भएकोमा फुकुवा गर्न दिएको निवेदन अनुसार नेपाल राष्ट्र बैंकको २०६६।९।५ को पत्र अनुसार राष्ट्रिय वाणिज्य बैंकले उक्त मुद्दती खाता फकुवा गर्नु पर्ने र साँवा तथा व्याज बैंकबाट असुल उपर गर्ने निर्देशन दिइएको पाइयो। यसरी सम्बन्धित निकायबाट भुक्तानी गर्नु नपर्ने निर्णय भए तापनि नियम विपरीत भएको भुक्तानीलाई स्वीकृत गरी मुद्दतीमा रहेको रकम संचालक समितिको निर्णय बमोजिम राफसाफ गरीएको पाइयो।

यसरी भुक्तानी गर्नु नपर्ने भएता पनि नियम विपरीत भएको भुक्तानीलाई स्वीकृत गरी मुद्दतीमा रहेको रकम राफसाफ गरीएको हुँदा संस्थानलाई आर्थिक नोक्सानी भएकोले उक्त रकम रु. १,३८,००,२३८।४० र हालसम्म पाउनु पर्नेथप ब्याज रु. १,७८,३७,१४३।- (९ प्रतिशतको हिसाबले ११ वर्ष सात महिनाको) गरि जम्मा कुल रकम रु. ३,१६,३७,३८१।- संचालक समितिमा निर्णयमा सहभागी सदस्यलाई जिम्मेवार बनाई सम्बन्धित पदाधिकारीबाट असुल उपर गर्नु गराउनु पर्ने देखिन्छ।

२. **मखन बिक्रीः** सुजल डेरीले संस्थानबाट प्राप्त दूधबाट मखन उत्पादन गरि संस्थानलाई दिनु पर्नेमा, सो ढुवानी नगरी, बालाजु आयोजनाको मौज्दातमा सुजल डेरीसँग लिनु पर्ने मखनलाई मौज्दातमा गणना गरि र नियम विपरित अत्यधिक मौज्दात रहेको र बिग्रन सकिने भनि विशेष अवस्था देखाइ यस संस्थानलाई नोक्सानी हुने गरि मखनको हिसाब राफसाफ गरिएको देखिन्छ। सो मखन बिक्री गर्नु पूर्व यथार्थ रुपमा लागत अनुमान गर्नु पर्नेमा कनभर्सन् शुल्क, र आयोजनामा हुने अन्य खर्चलाई समावेश नगरिएकोले कम लागत अनुमान बनाई संस्थानको २०७५।१०।२९ को निणर्यअनुसार मखनको न्युनतम प्रति किलो ग्राम मुल्य रु. ६९६.३५ तोकिएकोमा २०७६।१।१५ मा ५६ टन मखन सुजन डेरीलाई रु. ६१० प्रति किलो ग्राम मा मखन विक्री भएकोले प्रति किलो ग्राम रु. ८६.३५ का दरले ५६ टन मखनको कम मुल्यमा विक्री भएको फरक रकम रु. ४८,३५,६०० र हालसम्म पाउनु पर्ने थप ब्याज सम्बन्धित पदाधिकारीबाट असुल उपर गर्नुपर्दछ।

३. **दैनिक भर्पाई तथा ज्यालादारीको खर्चः** संस्थानमा २०५३ साल देखिनै दैनिक भर्पाई तथा ज्यालादारीमा कर्मचारी कार्यरत रहेकोले २०७२ सालमा उक्त कार्य गराउन सक्ने संस्थानको कर्मचारी प्रशासन विनियमावली, २०६३ को दफा ३१ खारेज गरेको पाइयो। व्यवस्था खारेज भए पश्चात पनि २०७६।०७७ मा २८३ जनालाई दैनिक भर्पाई तथा ज्यालादारीमार्फत गरेको खर्च रु. ७ करोड ११ लाख ८१ हजार ९७६ नियम संगत देखिदैन।

त्यस्तै, संस्थानको कर्मचारी प्रशासन विनियमावली विपरित आयोजना प्रमुखहरुले ज्यालादारी भर्पाईमा कर्मचारी राखी कार्य गराएको, उक्त कर्मचारीहरुको हाजिर मासिक रुपमा मात्र प्रमाणित भएको, उत्पादन नभएको दिनमा वा न्युन उत्पादन भएको दिनको समेत भुक्तानी गरिएको, एउटा व्यक्तिलाई वर्षौं देखि ज्यालादारी वा भर्पाइमा प्रयोग गरेको भएतापनि उनिहरुको परिचय खुल्ने कागजात नरहेको र सम्पुर्ण रकम नगदै भुक्तानी भएको छ। यसका लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

४. **दूध प्याकिङ्ग पोलिथिन फिल्मः** काठमाडौं दुग्ध वितरण आयोजना, बालाजुको स्टेन्डर्ड मिल्क प्याकेजिङ्ग प्रशोधनको क्रममा मिति २०७७।९।७ गते प्याकेजिङ्ग नर्म्स जाँच गर्दा कूल प्लाष्टिक रोल २८२.२१४ किलो ग्राम बाट संस्थानको नर्म्स अनुसार बन्नुपर्ने प्याकेट संख्या १०३००८ हुने भएतापनि संख्या १०६३०० बनेकोले संस्थानको नर्म्स भन्दा ३२९२ प्याकेट बढी बनेको देखिन्छ र मिति २०७७।९।८ गते प्याकेजिङ्ग नर्म्स जाँच गर्दा कूल प्लाष्टिक रोल २८२.२९ किलो ग्रामबाट संस्थानको नर्म्स अनुसार बन्नु पर्ने प्याकेट संख्या १०३०३५ हुने भएता पनि संख्या १०६७०० बनेकोले संस्थानको नर्म्स भन्दा ३६६४ प्याकेट बढी बनेको देखिन्छ।

संस्थानको स्विकृत स्पेशिफिकेशन बमोजिम पोलिथिन फिल्ममा भएको लागत र दूध वा दहि उत्पादनमा हुने यथार्थ क्षतिको निर्धारणको लागि स्वतन्त्र निकायबाट अध्ययन गराई नर्म्स निर्धारण गरी प्याकिङ्ग समान खपत अनुसारको परिमाणमा दूध दही हिनामिना भएको सम्बन्धमा छानविन गरी सम्बन्धीत पदाधिकारीबाट असुल गर्नु पर्ने देखिन्छ।

५. **जग्गाः** धादिंङ जिल्ला अदालतको २०७२।११।१३ मा निर्णय बमोजिम कटुन्जे स्थित वडा न. ३(घ) कि.न. २७ पर्ने २-२-२-२ क्षेत्रफल भएको जग्गा २०७२।१२।१८ मा भएको डाक लिलाम बढाबढमा संस्थानले सकार गरिसकेको भएतापनि हालसम्म पनि उक्त जग्गाको स्वामित्व संस्थानसँग नरहेकाले सम्पत्तिमा लेखाङ्कन गरेको छैन। संस्थानले दाबि गर्दै आएको तर लालपुर्जा नभएको नेपाल अधिराज्य भरी २४ स्थानमा फरक फरक जग्गाहरु रहेका छन्। भक्तपुर झौखेल स्थित रहेको भनिएको जग्गाको भौतिक अस्तित्व नरहेको देखिन्छ। संस्थानको अभिलेख अनुसार ति जग्गाहरुमध्ये केहि जग्गाहरु मुल्यको आधारमा महत्वपुर्ण छन् र केहि जग्गाहरुमा चिस्यान केन्द्रहरु संचालनमा रहेका छन्। संचालक समितिको २०५३।११।२७ को निर्णय अनुसार झौखेल स्थित जग्गा १६ रोपनी ५ आना संस्थानको नाममा दर्ता गरि जग्गा धनी प्रमाण पुर्जा लिनु पर्ने निर्देशन बमोजिम हालसम्म पनि कुनै ठोस

कदम प्रसाशनद्वारा नचालिएको हुँदा संस्थानको पुँजीगत सम्पत्तिमा अनियमितता भएको देखिन्छ।

नेपाल अधिराज्यभरि संस्थानको स्वामित्वमा रहेको विभिन्न जग्गाहरुको लालपुर्जा, चारकिल्ला प्रमाणित लगायतका स्वामित्व सम्बन्धी कागजात अध्यावधिक गरेको पाइएन। साथै भक्तपुर ताथलीको १ रोपनी ९ आना, भक्तपुर बागेश्वरीको १ रोपनी १० आना, काभ्रे कालिन्चोकको ३ रोपनी, रामेछाप क्यामाको १ रोपनी, सर्लाही नवलपुरको १ बिगाहा जग्गाहरु मुल्यवान भएता पनि यी जग्गाको लालपुर्जा नभएकोले वित्तिय विवरणमा मुल्याङ्कन गरिएको देखिएन। संस्थानसँग रहेको विभिन्न जग्गाहरुको वास्तविक स्थीतिको बारेमा यकिन गर्न र जग्गाहरुको लालपुर्जा, चारकिल्ला प्रमाणित लगायतका कागजात अध्यावधिक गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

६. **पटनाबाट खरिद भएको दुधः** सुजल डेरी बाट संस्थानले ७१,४७९.६९२ किलोग्राम कच्चा दुध एस.एम.पि प्राप्त गर्न बाँकी रहदा रहदै पनि पटना डेरीमार्फत दुध खरिद गर्ने सम्झौता सञ्चालक समितिबाट अनुमोदन भएको देखिन्छ। सुजलले उपलब्ध गराउनु पर्ने दुध उपलब्ध नगराएर पटनामार्फत खरिद गर्दा लागेको सम्पुर्ण आयत खर्च रु. ६७,८६,५३९.९० सुजल डेरीबाट व्यहोर्नु पर्नेमा आयोजनाले आफै बहन गरेको देखिन्छ। संस्थानले खरिद ऐन विपरित बोलपत्र मार्फत खरिद गर्नु पर्नेमा सिधै खरिद गरेको र संस्थाको नेपालमै सहकारीबाट हुने औसत खरिद मुल्य रु. ३१९।- भन्दा बढी मूल्य रु. ३८१.०२ मा आयत गरि रु. १,८५,५१,८२३.३१ एस.एम.पि खर्च लेखिएको मध्ये रु. ३०,२०,१०९.१९ संस्थाको औसत खरिद मूल्य भन्दा बढी भुक्तानी भएको र आर्यातमा लागेको अन्य खर्च रु. ६७,८६,५३९.९० समेत गरी हुन आउने रकम रु. ९८,०६,६४९.०९ को सन्दर्भमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

७. **नर्म्स भन्दा बढी घृताशं तथा एस.एन.एफ. क्षतीः** सामान्य क्षति वापतको नर्म्स (०.३ प्रतिशत) पटक पटक उत्पादन भए पश्चयात हिसाब गर्नु पर्नेमा वार्षिक रुपमा मात्र हिसाब गरेको देखिन्छ। काठमाडौं दुग्ध विकास आयोजनाको आर्थिक वर्ष २०७६-७७ भित्र भदौ, असोज, कार्तिक, मंसिर, पुस, माघ, चैत्रमा कुल ९४८२ किलो फ्याट (रु. ६६७ का दरले ६३,२४,९२८), र श्रावन, भदौ, असोज, कार्तिक, मंसिरमा कुल ९९३२ किलो (रु. ४८० का दरले रु. ४७,६७,५३२) सामान्य क्षति वापतको नर्म्स (०.३ प्रतिशत) भन्दा बढी नोक्सान भएको देखिन्छ। यसै गरि २०७५.७६ भित्र असारमा ६७८ किलो फ्याट (रु. ६६७ का दर ले रु. ४५२,२२६) र बैसाख, जेष्ठ र असारमा कुल ४५८१ किलो एस.एन.एफ (रु. ४८० का दर ले रु. २१,९८,८८०) सामान्य नोक्सान भन्दा बढी नोक्सान भएको देखिन्छ। सो नोक्सान सम्बन्धी नियमित रुपमा संचालक समितिद्वारा अनुगमन र मूल्याङ्कन हुनु पर्नेमा नभएकोले संस्थानलाई रु. १,३७,४३,५६७ नोक्सानी भएको छ। प्रत्येक उत्पादनमा नर्म्स अनुसारको नोक्सानी गणना गर्ने नीति नियम बनाई कार्यान्वयन गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

८. **लगानीः** विगत वर्षहरु देखि चितवन मिल्क लिमिटेडमा रु. २ करोड, कृषि सामग्री कम्पनी लिमिटेडमा रु. २० लाख १ हजार ७०० र दोलखा डेरी उद्योगमा रु. १ करोड २७ लाख ५० हजार शेयर लगानी गरेकोमा चितवन मिल्क लिमिटेड र दोलखा डेरी उद्योगबाट शेयर प्रमाणपत्र प्राप्त गरेको पाइएन। संस्थानले उक्त लगानीबाट हालसम्म लाभांस पनि प्राप्त गरेको छैन। बिगत वर्षहरुको लेखापरीक्षण प्रतिवेदनमा कैफियत जनाए तापनि संस्थानबाट सो कार्यान्वयन गर्न पहल नगरेकोले सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

९. **वित्तीय अवस्थाको एकीकृत विवरणः** यस संस्थानको दोलखा डेरिमा रु. १,२७,५०,०००।- को शेयर लगानी भएकोमा यस संस्थाको उक्त उद्योगमा ५० प्रतिशत भन्दा बढी लगानी भएको पाईन्छ। उक्त उद्योगको आर्थिक विवरण यस दुग्ध विकास संस्थाको आर्थिक विवरणसँग एकिकृत भएता पनि संस्था र उक्त डेरीसँग हुने अन्तर कारोबारहरु नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम हटाउनु पर्नेमा सो सम्बन्धी विवरण उपलब्ध हुन नसकेका कारणले यकिन हुन सकेन। साथै दोलखा डेरिमा यस संस्थाले स्थापना भए पश्चात मात्र लगानी गरेको हुनाले दोलखा डेरि एकिकृत विवणमा सो डेरि खरिद गरेवापत Goodwifll वा Capital Reserve आउनु पर्नेमा सो सम्बन्धी कुनै पनि हिसाब नगरीएको हुनाले एकिकृत विवरणको यथार्थ स्थीति बारे यकिन गर्न सकिएन।

यस संस्थानको चितवन मिल्क्स लिमिटेडमा रु. २,००,००,०००।- को शेयर लगानी भएकोमा उक्त उद्योगमा भएको

लगानी एसोसीएट्स कम्पनी अन्तरगत आउँछ/आउदैन यकिन गरि एकिकृत वित्तीय विवरण बनाउनु पर्नेमा सो सम्बन्धी आवश्यक विवरण लिइएको देखिदैन।

१०. **स्थीर सम्पत्तिको लेखाङ्कनः** ह्रास कट्टी वापत रु. ४,५८,३४,९२८।- खर्च लेखेको छ। नेपाल वित्तीय लेखामान बमोजिम सम्पूर्ण स्थिर सम्पत्तिको छुट्टा छुट्टै लेखाङ्कन गरि ह्रासकट्टी गर्नुपर्नेमा सो बमोजिम भएको देखिदैन। सो ह्रासकट्टी सम्पत्तिहरुको समुह छुट्टाई एउटा सम्पूर्ण समूहको एक सम्भावित उपयोग वर्ष अनुमान गरि लेखाङ्कन गरिएको दखिन्छ। तर नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम सम्पूर्ण स्थिर सम्पत्तिको छुट्टा छुट्टै लेखाङ्कन गरि ह्रासकट्टी गर्नुपर्नेमा सो बमोजिम भएको देखिदैन। यसका साथै हरेक सम्पत्तिको छुट्टा छुट्टै लगत कायम गरि काम लाग्ने वा नलाग्ने सम्पत्तिको पहिचान पद्दति हुनु पर्नेमा भएको देखिदैन। संस्थानको केन्द्रीय कार्यालय लगायत कुनै पनि आयोजनाहरुको स्थीर सम्पत्तिहरु कसको मातहतमा कुन शाखा कर्मचारीको जिमेबारीमा कति रहेको हो भनि यकिन हुन सकेन। वर्षौदेखि खरिद भएको सम्पत्तिको उचित लेखाङ्कन नभएकोले वित्तीय विवरणमा समेत सम्पत्ति अनुसारको परल मोल एवं ह्रास कट्टी खुलेको देखिदैन। तसर्थ सम्पूर्ण स्थिर सम्पत्तिको अवस्था यकिन गरि व्यवस्थापनबाट प्रमाणित गराई नेपाल वित्तीय लेखामान बमोजिम लेखाङ्कन गर्नु पर्ने देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**<u>लेखापरीक्षणका मुख्य मामलाहरु</u>**

लेखापरीक्षणको क्रममा महत्व राख्ने विषय वस्तुलाई लेखापरीक्षणका मुख्य मामल भनि वर्गीकरण गरिन्छ। सो मामलाहरुलाई निम्न बमोजिम सारांशमा देखाइएका छन्। यि मामिलाहरु लेखापरीक्षणको क्रममा र मन्तब्य प्रस्तुत गर्नका निम्ति एकीकृत रुपमा सम्बोधन गरिएको छ। हामी यी मामिलाहरूमा छुट्टै राय प्रदान गर्दैनौं।

१. **आन्तरिक लेखापरीक्षणः** यस संस्थामा रहेको आन्तरिक लेखापरीक्षण शाखाले गर्नु पर्ने काम कर्तव्य सन्तोषजनक रहेको पाइएन। उदाहरण स्वरुप भौतिक परीक्षणमा लगभग आयोजनाको रेकर्ड अनुसार नै मिलान गरेको, केन्द्रीय कार्यालयमा बिगतका वर्षौं देखि आ.ले.प. नभएको, आन्तरिक लेखापरीक्षण विभागमा सम्बन्धित बिषयमा दक्ष जनशक्ति नभएको र नगदमा भएको कारोबारहरुको विस्तृत पुष्टीयाई गर्ने नगरेको। तसर्थ सो सम्बन्धी काम कारवाही प्रवाभकारी बनाउन सम्बन्धीत पधाधिकारीलाई जिम्मेबार बनाउनु पर्ने देखिन्छ।

२. **संस्थानको लेखाप्रणालीः** यस संस्थानको सम्पुर्ण शाखाहरुले सफ्टवेयर हुँदाहुँदै एक्सेल सिट, वर्ड र हस्तलिखित पुस्तीका मार्फत अधिकांस गरेको देखिन्छ। सफ्टवेयर हुँदाहुँदै अन्तरआयोजना हिसाबहरु हस्तलिखित गर्ने गरेकोले अन्तरआयोजना हिसाब मिलान आर्थिक वर्ष सकेको ६ महिना भन्दा बढी लाग्ने र सो समय भित्र आयोजना र सम्बन्धित कर्मचारीहरुले आर्थिक अपचलन गर्न सक्ने प्रवल सम्भावना रहेको देखिन्छ। संस्थानको सफ्टवेयर प्रभावकारी नभएकोले अबिलम्ब सफ्वेयरमा सुधार गर्नुपर्ने देखिन्छ।

३. **जिन्सीः** यस संस्थानको कर्मचारी तथा पदाधिकारीहरुलाई सुबिधाको रुपमा वर्षौं देखि बितरण भएको ल्यापटप र मोबाईल फोन हरुको स्पष्ट विवरण जिन्सीको स्थीर सम्पत्ति रजिष्टरमा उल्लेख नभएकाले सो सामानहरु कुन मितिमा र कति परिमाणमा कुन किसिमको खरिद भयो, कुन मितिमा बितरण भयो र कुन मितिमा कति परिमाणमा कस्तो सामान स्टोरमा फिर्ता भयो बारेमा स्पष्ट विवरण नभएकोले जिन्सीमा रहेका बहुमुल्य सामानहरुमा अनिमियतता हुन सक्ने प्रवल सम्भावना रहेको देखिन्छ।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल पशु चिकित्सा परिषद्, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल पशु चिकित्सा परिषद्को यसैसाथ संलग्न २०७७ असार मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले नेपाल पशु चिकित्सा परिषद्को २०७७ असार मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण र प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

### राय व्यक्त गर्ने आधार

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थाको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणका मुख्य कुराहरु (Key Audit Matters)

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा त्रुटिबाट होस्, सारभूत किसिमको गलत विवरण रहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता

गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटिबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# खानेपानी मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, २०७६/७७

#### लेखापरीक्षकको राय

हामीले काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक बोर्डको वित्तीय विवरणले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु**

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **बोर्डको कोषः** बोर्डको कोष अन्तर्गत बोर्डले खुद पुँजीकोष भनी लेखाङ्कन गरेको रकम बोर्ड स्थापना हुँदाको समयमा लेखाङ्कन गरिएको रकमको जिम्मेवारी सार्दै आएको पाईयो। जस अन्तर्गत नेपाल सरकारको शेयर लगानी, तत्कालीन नेपाल खानेपानी संस्थानको काठमाण्डौ उपत्यकाको २०६४।१०।२९ गतेसम्मको खुद नोक्सानी, तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारको अनुदान तथा जाईका जापानको अनुदान समावेश गरिएको छ। यसरी जिम्मेवारी सरी आएको शेयर लगानीको विस्तृत विवरण लेखापरीक्षणार्थ प्राप्त भएन। त्यस्तै तत्कालीन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरी आएको नेपाल सरकारको अनुदान तथा जाईका जापानको अनुदान रकमलाई प्रतिनिधित्व गर्ने सम्पत्तिको विवरण तथा अनुदान प्राप्त गर्ने समयका शर्त तथा अवस्थाहरु प्राप्त नभएकाले यी अनुदान रकमहरुको प्रयोग तथा हालको अवस्था यकिन गर्न सकिएन। त्यस्तै बोर्डको कोष अन्तर्गत नेपाल सरकारबाट प्राप्त अनुदान, एशियाली विकास बैंकबाट प्राप्त अनुदान र ओफिडबाट प्राप्त अनुदानसमेत समावेश गरिएको छ। बोर्डको व्यवस्थापनले दिएको जानकारी अनुसार नेपाल सरकार (सहरी विकास मन्त्रालय) बाट २०७१।३।३२ मा प्राप्त अनुदान रु.६,६७,१२,७४७.०० तत्कालीन समयमा नेपाल सरकारले गरेको सडक विस्तारको क्रममा टुटफुट भएका खानेपानी तथा ढलका पाईपलाईन मर्मतको लागि प्राप्त भएको र सो रकम विभिन्न आर्थिक वर्षमा खर्च भईसकेको जानकारी प्राप्त भयो। उक्त रकम कुन कुन आर्थिक वर्षमा कति खर्च भएको हो सोको विवरण प्राप्त भएन यद्दपी नेपाल वित्तीय प्रतिवेदनमान अनुसार पुनः प्रस्तुत गर्दा २०७५।७६ को सुरुवाती इक्वीटीमा आम्दानी लेखाङ्कन गरिएको पाईयो।

३. **दीर्घकालीन ऋणः** बोर्डले उपलब्ध गराएको २०७६/७७ को वित्तीय विवरण अनुसार नेपाल सरकारबाट रु. १,९५०,८५०,००० एसियाली विकास बैंकबाट रु. ५८२०४००००।- र ओफिडबाट रु. २४,९४०,००० नयाँ कर्जा लिइएको पाइयो। आयोजना कार्यान्वयनका लागि प्राप्त ऋण तथा अनुदान रकम जम्मा गर्न बोर्डको नाममा सहायक ऋण खाता खोलिएको पाईएन र सरकारबाट प्राप्त ऋण तथा अनुदान रकम विभिन्न खातामा राखेको पाईयो। बोर्डले आयोजना कार्यान्वयनका लागि प्राप्त गर्ने ऋणमा सम्झौतामा तोकिएको दर प्रयोग गरि व्याज खर्च लेखाङ्कन गर्ने गरेको तर Qualifying Assets का लागि प्राप्त गरेको ऋणको व्याज सो सम्पत्तिहरुमा पि.आई.डिको व्याज पुँजीकृत गरेको पाईयो। सरकार तथा एसियाली विकास बैंकबाट प्राप्त हुने ऋण र अनुदानको रकम प्राप्ति तथा कुनै निश्चित आयोजना कार्यान्वयनका लागि खर्च गरिने रकमको छुट्टै बैंक खाता नतोकी खर्च गर्ने गरिएको पाईयो।

४. **पुँजीगत जगेडा कोषः** बोर्डले पुँजीगत जगेडा कोष अन्तर्गत लेखाङ्कन गरेको रकमलाई प्रतिनिधित्व गर्ने सम्पूर्ण सम्पतिहरुको छुट्टै विवरण तयार नगरेको हँदा पुँजीगत जगेडा कोषलाई प्रतिनिधित्व गर्ने सम्पतिहरुको वर्तमान अवस्था के छ यकिन गर्न सकिएन।

५. **दायित्व व्यवस्थाः** बोर्डले तत्कालिन नेपाल खानेपानी संस्थान (काठमाण्डौ उपत्यका मात्र) मातहत रहेका कर्मचारीहरुका लागि बोर्ड एक छुट्टै संस्थाको रुपमा स्थापना भएको मितिसम्मका लागि अवकाश कोष र जीवन बीमा कोष व्यवस्था गरि सो कोषका रकमहरु भुक्तानी गर्दै आएको छ। यस वर्षमा काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डतर्फ बाट रु. १,३०,२९,०२,५१३ काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई सो संस्थाका स्थायी

कर्मचारीहरुको २०६४ माघ मसान्त पश्चातको अवकाश कोष वापत भुक्तानीका लागि दायित्व लेखाङ्कन गरेको पाईयो।

६. **अचल सम्पत्तिः** बोर्डको यस २०७६/७७ को वित्तीय विवरणमा अचल सम्पत्ति अन्तर्गत रकम रु. १,६४,९४,३७,७८३ यस बर्ष थप गरिएको छ। बोर्डले स्थिर सम्पत्तिको बिस्तृत विवरण खुल्नेगरी अलग्गै खाता तयार गरेता पनि स्थिर सम्पत्तिहरुमा पूर्णरुपमा कोडिङ्ग नगरेको पाइयो। लेखापरीक्षणार्थ प्राप्त बहीखातामा बोर्डका सम्पत्तिहरुलाई समूहगत रुपमा देखाईएको तर प्रत्येक समूहमा रहेका सम्पत्तिहरुको छुट्टै विवरण देखाईएको पाईएन साथै बोर्डबाट आफ्नो स्वामित्वमा रहेका कुन स्थिर सम्पत्ति, कति मात्रामा, कुन स्थानमा, कस्तो अवस्थामा छन भन्ने यस वर्षसम्मको अद्यावधिक विवरण लेखापरीक्षणार्थ उपलब्ध भएन। बोर्डलाई विभिन्न समयमा तत्कालिन नेपाल खानेपानी संस्थान, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र आयोजना कार्यान्वयन निर्देशनालयबाट सवारी साधनहरु हस्तान्तरण भई आएकाले सो सवारी साधनहरु बोर्डको हकभोगमा रहेका भएतापनि हालसम्म स्वामित्व हस्तान्तरण भएको पाईएन। बोर्डले अचल सम्पत्तिको ह्रास २०७५/७६ सम्म जुन वर्षमा सम्पत्ति थप गरिएको हो, सो वर्षमा लेखाङ्कन नगरिकन आगामी वर्षमा देखि मात्र ह्रासको लेखाङ्कन गरिएको पाईयो। बोर्डको भैसेपाटी स्थित आफ्नो मुख्य कार्यलय भवनको नक्सा पास नगरि भवन निर्माण गरिएको पाईयो।

७. **निर्माणाधिन सम्पत्तिः** निर्माणाधिन सम्पति अन्र्तगत काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, स्वयं बोर्ड मार्फत गरिएका पुँजीगत तथा आयगत खर्चहरु क्रमश रु. ६८,९९,७१,९६२.४० र रु. ३,११,८५,७९१.५८ यस वर्ष थप रहेका छन्।बोर्डले यो वर्षसम्म निर्माणाधिन सम्पत्तिको रुपमा लेखाङ्कित सम्पत्तिहरु मध्ये काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, नेपाल सरकार र बोर्डको रु. १,६४,७१,६३,२१८.५६ विवरणहरु उपलब्ध गराएको छ र सो अनुरुप पुँजीकरण गरेको छ।

आयोजना कार्यान्वयन निर्देशनालयले निर्माणाधिन सम्पतीको लागि समय समयमा बोर्डसँग पेश्की लिदैं गरेता पनि सो कार्य सम्पन्नताको विवरण पठाएको पाईएन,जस अनुरुप निमार्णाधिन सम्पत्तिको याथार्थ विवरण उपलब्ध हुन सकेन।

८. **असामीः** खानेपानी व्यवस्थापन बोर्ड ऐन, २०६३ अन्तर्गत स्थापना हुँदाको समयमा तत्कालिन नेपाल खानेपानी संस्थानबाट जिम्मेवारी सरिआएको असामी यस वर्षमा कुल रकम रु. ६३,८२,५१,१९४.९७ यस शिर्षक अन्तर्गत लेखाङ्कन गरिएको छ। सो रकम बोर्डको असामी भनी लेखाङ्कन गरिएको भएता पनि असुल उपर गर्ने जिम्मेवारी कसको हो भन्ने यकिन गर्न आवश्यक कागजात लेखा परीक्षणार्थ प्राप्त भएन तर बोर्ड व्यवस्थापनले दिएको मौखिक जानकारी अनुसार सो कामको जिम्मा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई दिईएको पाईयो। यस्तो अवस्थामा काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन बोर्डले सो असामीहरुको विस्तृत आयुगत विवरण तयार नपार्नु, यथाशिघ्र असुलीका लागि प्रभावकारी कार्ययोजना तर्जुमा नगर्नु तथा असामी उठाउने जिम्मेवारी लिएको काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडलाई समय समयमा शिघ्र असुलीका लागि तरताकेता नगर्नुले बोर्ड असामी रकम असुलीमा जिम्मेवारीपूर्वक लागेको पाईएन। यस वर्षमा काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडले असुल उपर गरेको असामी रु. ५३,७१,३८२ असुल उपर गरिएको पाईयो तर सो जरिवाना रकमको गणनाको आधार लेखापरीक्षणार्थ प्राप्त भएन। साथै अघिल्लो वर्षदेखि जिम्मेवारी सरिआएको असामी रकम बोर्डले काठमाण्डौ उपत्यका खानेपानी लिमिटेडले पठाएको वित्तीय विवरणलाई नै लेखाङ्कन गरेको पाईयो। बोर्डको स्थापना हुँदाको अवस्थामा कायम रहेको उपत्यकाभित्रको असामी रकमको शंकास्पद असामी व्यवस्था गर्दा ९९ प्रतिशतको दरले कायम गर्ने गरिएको पाईयो। यसरी व्यवस्था कायम गर्दा उठन बाँकी असामीको आयुगत विवरण र ती असामी रकमहरु उठ्न सक्ने अवस्थाका हुन कि होईनन् भन्ने कुनै पनि अध्ययन तथा विश्लेषण गरिएको पाईएन जसका कारण व्यवस्था गरेको रकम पर्याप्त हो या होईन यकिन गर्न सकिएन।

९. **कर :** बोर्ड आयकर छुट संस्था भनी कतै व्यवस्था नभएको तथा बोर्ड आयकरमा दर्ता पनि नभएको र कर छुट प्रमाणपत्र पनि नलिएको सन्दर्भमा भविष्यमा अनावश्यक कर दायित्व सृजना हुन सक्ने देखिन्छ। बोर्डले स्थाई लेखा नम्बर नलिएकोले, कर विवरण पेश नगरेको साथै सम्बन्धित आर्थिक वर्षमा अग्रीम कर भुक्तानीको रकम दाबी नगरेका कारणले अग्रीम कर भनी लेखाङकन गरिएको रकम रु.२४,९४,९०,२८८।- दाबी योग्य देखिँदैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। काठमाण्डौ उपत्यका खानेपानी व्यावस्थापन बोर्डको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्।

लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै बोर्डलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले बोर्डको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल खानेपानी संस्थान, २०६९/७०

### लेखापरीक्षकको राय

हामीले नेपाल खानेपानी संस्थानको यसै साथ संलग्न २०७० आषाढ मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणले २०७० आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **संस्थानको कोषः** गतवर्षसम्म संस्थाको कोष शीर्षकमा रु. ४७,००,५३,७१२।- रहेकोमा यसवर्ष रु. ८४,५७,१२,४११।- पुगेको छ। प्रस्तुत वर्षमा खानेपानी तथा ढल निकास विभागबाट मिति २०५६ साउन मसान्तमा हस्तान्तरीत भई आएका १२ वटा शाखाहरुको ह्रास कट्टी पछिको खुद स्थिर सम्पत्ति वापतको रकम रु. ३७,५६,५८,६९९।०१ लाई संस्थानको स्थिर सम्पत्तिमा लेखाङ्कन गरी कोष हिसाबमा आम्दानी जनाइएको छ। यसरी हस्तान्तरण भएको १५ वर्ष पश्चात् हिसावमा लेखाङ्कन गर्दा सो सम्पत्तिहरुको हालको वास्तविक अवस्था यकिन गरी स्थिर सम्पत्तिमा पुँजीकरण गर्न योग्य सम्पत्तिहरुलाई मात्र पुँजीकरण गर्नू पर्नेमा सो बमोजिम नगरी एकमूष्ठ रुपमा देखाइएकोले संस्थानको कोष तथा सम्पत्तिको रकमले उचित एवं यथार्थ चित्रण गर्दैन। साथै उपरोक्त उल्लेखित रकमलाई संस्थानको कोष शीर्षकमा प्रस्तुत नगरी पुँजीगत जगेडा कोषमा प्रस्तुत गर्नु उपर्युक्त देखिन्छ।

२. **दीर्घकालीन ऋणः** यस सम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन्।

२.१ **विश्व बैङ्क ऋणः** उपरोक्त शीर्षक अन्तर्गत नेपाल सरकार तथा विश्व बैंकबाट प्राप्त भएको ऋण रकम लेखाङ्कन गरिएको छ। विश्व बैंकबाट प्राप्त ऋण रु. १४,२७,२८,८४०।०६ विगत वर्षमा नै भूक्तानी अवधि समाप्त

भइसकेको भएतापनि हालसम्म पनि सो रकम भूक्तानी गरेको पाइएन। विश्व बैंकसँग गरिएको ऋण सम्झौता लगायतका कुनै पनि कागजातहरु हाम्रो लेखापरिक्षणका क्रममा उपलब्ध भएन।

२.२ **नेपाल सरकार ऋण :** नेपाल सरकारबाट प्राप्त ऋण गतवर्षसम्म रु. १,१५,४२,५२,५१६।- रहेकोमा यसवर्ष थप रु. १८ करोड ऋण प्राप्त भई वर्षान्तमा कुल ऋण दायित्व रकम रु. १,३३,४२,५२,५१६।- रहेको छ। नेपाल सरकार ऋण वापत प्रस्तुत वर्ष रु. ५,८७,८३.०९२ व्याज खर्च लेखी भूक्तानी दिन बाँकी व्याज शीर्षकका देखाइएको छ। संस्थानबाट गत वर्षसम्म भुक्तानी दिन बाँकी व्याज शीर्षकमा रु. १९,८१,९२,१९८।- रहेकोमा वर्षान्तमा सो रकम रु. २५,६९,७५,२९०।- रहन गएको छ। यसवर्ष व्याज वापतको रकम समेत भूक्तानी गरेको पाइएन। संस्थाले नेपाल सरकारबाट उपयोग गरिरहेका ऋण तथा सो वापतको व्याज दायित्वको वर्षान्तमा सम्बन्धित निकायबाट समर्थन पत्र प्राप्त गर्नु पर्नेमा सो गरेको पाइएन। यसबाट संस्थानले आफ्नो वित्तिय विवरणमा देखाएको ऋण तथा भूक्तानी गर्नु पर्ने व्याज रकमको पूष्टि हुन सकेन।

३. **चालू दायित्व तथा व्यवस्थाः** यस सम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन्।

३.१ **विगत वर्षबाट जिम्मेवारी सर्दै आएको दायित्वः** संस्थानको हिसावमा निम्न उल्लेखित रकमहरु विगत वर्षहरुबाट हिसाबमा जिम्मेवारी मात्र सर्दै आएको पाइयो। यस सम्बन्धमा संस्थान व्यवस्थापनले यथासिघ्र हिसाव फरफारक गरी हिसाव मिलान गर्नू पर्ने देखिन्छ। यस सम्बन्धी विवरण निम्न बमोजिम रहेको छ।

| विवरण | रकम रु. |
|---|---|
| शंकास्पद जिन्सी | २३१,७८२ |
| बक्यौता ट्रान्सफर (खा.पा. तथा ढ.नि. विभाग) | १,२०,०९,७९३ |
| का.उ.खा.पा. व्यवस्थापन बोर्ड | १,७५,२२,७०३ |

३.२ **धरौटी दायित्व :** संस्थानले नयाँ धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैंक खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ। तर संस्थानको २०७० अषाढ मसान्तमा धारा धरौटी वापतको दायित्व रु. ६,५९,७८,३००।- रहेको छ भने सम्बन्धित बैंक खातामा मात्र रु. ५,९९,९५,९९१।- मौज्दात रहेको छ। यसरी मौज्दात रकम रु. ५९,८२,३०९।- (गत वर्ष रु. ६१,९८,५७५।-) ले न्यून रहेको पाइयो। सो रकम के कति कारणले फरक परेको हो। सोको यथार्थ विवरण निकाली हिसाव भिडान गर्नु पर्ने देखिन्छ। यस सम्बन्धमा हाम्रो गत वर्षको प्रतिवेदनमा समेत उल्लेख गरेको भएतापनि हालसम्म पनि हिसाब प्रतिवेदन हाम्रो परिक्षणका लागि उपलब्ध भएन।

३.३ **अवकाश कोष व्यवस्था :** अवकाश कोष व्यवस्था अन्तर्गत उपदान, औषधि उपचार, घर बिदाको रकम र विरामी विदाको रकम लेखाङ्कन गर्ने गरिएको छ। गत वर्षसम्म अवकाश कोष शीर्षकमा रु. ४७,६२,५१,६१३।- रहेकोमा यस वर्ष नाफा नोक्सान हिसावमा रु. ६,२७,११,३७२।- खर्च लेखी रु. ३,८४,९३,०२७।- भूक्तान गरी वर्षान्तमा अवकाश कोष शीर्षकमा रु. ५०,०४,६९,९५८।- रहन गएको छ। कर्मचारी अवकाश सम्बन्धी खर्चमा बीमाङ्कीय मूल्याङ्कनवेगर व्यवस्थापन एवं खर्च लेखेकोले उक्त कोषमा जम्मा भएको रकम अवकाश भुक्तानीको लागि प्रयास भए नभएको यकिन गर्न सकिएन।

३.४ **शंकास्पद असामी व्यवस्थाः** संस्थानले शंकास्पद असामी व्यवस्था वापत अन्तिम असामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद असामी व्यवस्था गर्ने गरेको पाइयो। गत वर्षसम्म शंकास्पद असामी व्यवस्था वापत रु. २७६,४०,१६०।- रहेकोमा यसवर्ष नाफा नोक्सान हिसावमा रु. २९,००,८३१।- खर्च लेखी वर्षान्तमा रु. ३,०५,४०,९९१।- रहेको छ। शंकास्पद असामी लेखाङ्कन गर्दा असामीको औषत संकलन अवधी तथा आयू विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नु पर्नेमा सो गरिएको पाइएन। यी सबैका आधारमा व्यवस्था गरिएमा संस्थानले वित्तिय विवरणमा प्रस्तुत गर्ने व्यवस्था रकम यथार्थपरक हुने देखिन्छ। हाम्रो विश्लेषणका आधारमा प्रस्तूत व्यवस्था रकम ज्यादै न्यून रहेको देखिन्छ।

३.५ **जीवन बीमा कोषः** वर्षान्तमा संस्थानको जीवन बीमा कोष अन्तर्गत रु. ५,४५,४५,४०३ रहेकोमा सो वापत मात्र रु. १,५३,२२,८९७ जीवन बीमा कोष खाता खोली जम्मा गरेको पाइयो।

४. **स्थीर सम्पत्तिः** संस्थानको स्थीर सम्पत्ति उपर नियन्त्रण प्रणाली प्रभावकारी रहेको पाइएन। कमजोर नियन्त्रण प्रणालीको कारक तत्वहरु निम्न बुँदाहरुमा उल्लेख गरिएको छ।

४.१ **लेखाङ्कनः** संस्थानले नेपाल सरकारको निर्णय बमोजिम खानेपानी तथा ढल निकास विभागबाट १२ वटा शाखाहरु (भद्रपुर, राजविराज, लाहान, जलेश्वर, मलगंवा, गौर, भरतपु, तौलिहवा, कृष्णनगर, धनगढी, महेन्द्रनगर र कलैया) नेपाल खानेपानी संस्थानमा मिति २०५६ श्रावणबाट हस्तान्तरण भई आएकोमा प्रस्तुत वर्षमा आएर मात्र उपरोक्त शाखाहरुको स्थिर सम्पत्ति वापतको खुद रकम रु. ३७,५६,५८,६९९.०१ लाई स्थीर सम्पत्तिमा लेखाङ्कन गरेको पाइयो। यसरी हस्तान्तरण भएको १५ वर्ष पश्चात् हिसावमा लेखाङ्कन गर्दा सो सम्पत्तिहरुको हालको वास्तविक अवस्था यकिन गरी स्थित सम्पत्तिमा पुँजीकरण गर्न योग्य सम्पत्तिहरुलाई मात्र पुँजीकरण गर्नुपर्नेमा सो बमोजिम नगरी एकमूष्ठ रुपमा देखाइएकोमा संस्थानको स्थीर सम्पत्तिको रकमले उचित एवं यथार्थ चित्रण गर्दैन।

४.२ **ह्रास कट्टी नीतिः** नेपाल लेखामान बमोजिम स्थिर सम्पत्तिहरुको ह्रासकट्टी दर सो सम्पत्तिको उपयोग आयुका आधारमा गर्नु पर्ने भनी निर्दिष्ट गरेको भए तापनि संस्थानले सम्पत्तिहरुको ह्रासकट्टी गर्दा सो बमोजिम गर्ने गरेको पाइएन। साथै प्रस्तुत वर्ष थप गरिएका सम्पत्तिहरुको हकमा सोही आर्थिक वर्षबाट ह्रास कट्टि गनु पर्नेमा सो बमोजिम नगरी आगामी आर्थिक वर्ष देखि मात्र ह्रास कट्टि गर्ने गरेको पाइयो। जसबाट स्थीर सम्पत्तिको अधिक मूल्याङ्कन हुनुका साथै खर्च पूर्ण रुपमा लेखाङ्कन भएको देखिदैन।

## मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्।

लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

## व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय विवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

हामीले अन्य आवश्यक कुराहरुको अतिरिक्त लेखापरीक्षणका क्षेत्र, समयतालिका र लेखापरीक्षणका महत्वपूर्ण निष्कर्षहरु साथै लेखापरीक्षणको सिलसिलामा पत्ता लागेका आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमजोरीहरु संस्थानको व्यवस्थापनका लागि उत्तरदायी पक्षहरुलाई जानकारी गराउँदछौ। साथै हामी संस्थानको लेखापरीक्षणको सिलसिलामा आवश्यक आचार संहिता पालना गरेको घोषणा लगायत हाम्रो व्यवसायिक स्वतन्त्रतामा प्रभाव पार्नसक्ने विषय तथा सोको विषयमा हामीले चालेका कदमबारेमा संस्थानको व्यवस्थापनका उत्तरदायी पक्षहरुलाई जानकारी गराउँदछौ।

## नेपाल खानेपानी संस्थान, २०७०/७१

### लेखापरीक्षकको राय

हामीले नेपाल खानेपानी संस्थानको यसै साथ संलग्न २०७१ असार मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणले २०७१ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु**

१. **ऋणः** विश्व बैङ्कबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २९ हजार विगत वर्षमा नै भुक्तानी अवधि समाप्त भइसकेको भएतापनि यो वर्षसम्म भुक्तानी गरेको पाइएन। उपरोक्त ऋणमा प्रस्तुत आर्थिक वर्षसम्मको व्याज रु. १० लाख ७० हजार भुक्तानी दिन बाँकी देखाईएको छ। त्यस्तै नेपाल सरकारबाट प्राप्त ऋण यो वर्ष थप रु. ८ करोड २९ लाख २२ हजार गरि कुल ऋण दायित्व रु. १ अर्ब ५५ करोड ९९ लाख ३ हजार पुगेको छ। नेपाल सरकारको ऋण वापत प्रस्तुत वर्ष रु. ६ करोड ८३ लाख १६ हजार ब्याज खर्च लेखी कुल रु. ३२ करोड ५२ लाख ९१ हजार भुक्तानी दिन बाँकी ब्याजमा प्रस्तुत गरिएको छ। संस्थानले नेपाल सरकार तथा विश्व बैङ्कबाट उपयोग गरिरहेको ऋण तथा सो वापतको व्याज दायित्वको वर्षान्तमा महालेखा नियन्त्रक कार्यालयबाट समर्थन प्राप्त गर्नुपर्नेमा सो गरेको पाइएन। यसबाट संस्थानले आफ्नो वित्तीय विवरणमा देखाएको ऋण तथा भुक्तानी गर्नुपर्ने ब्याज रकमको पूर्ण पुष्टि हुन सकेन।

२. **शंकास्पद असामी व्यवस्थाः** संस्थानले शंकास्पद असामी व्यवस्था वापत अन्तिम असामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद असामी व्यवस्था गर्ने गरेको पाइयो। गत वर्ष सम्म शंकास्पद असामी व्यवस्था वापत रु. ३ करोड ५ लाख ४१ हजारमा यस वर्ष रु. ४२ लाख ९० हजार थप गरी वर्षान्तमा जम्मा रु ३ करोड ४८ लाख ३१ हजार प्रस्तुत गरिएको छ। शंकास्पद असामी लेखाङ्कन गर्दा असामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नु पर्नेमा सो बमोजिम नगरेकोले व्यवस्था रकम यथार्थपरक छैन। त्यस्तै, आधार र नीतिवेगर रु. २ लाख ३२ हजार शंकास्पद जिन्सीमा तथा लाहान शाखाको महशुल फरक परेको रु. १ लाख २४ हजार र कृष्णनगर शाखाको धरौटी फरक रु. ५० हजार शंकास्पद हिसाबमा लेखाङ्कन गरी प्रस्तुत गरेकोले उक्त रकमको वास्तविकता यकिन गर्नुपर्ने देखिन्छ।

३. **स्थिर सम्पत्तिः** संस्थानले स्थिर सम्पत्तिमा रु. १ अर्ब ४७ करोड ५० लाख ३ हजार प्रस्तुत गरेकोमा उक्त सम्पत्तिमा भवन, भूमि, सर्भिस रिजर्भवायर,पाइप लाइन, ढल, वेल, प्लान्ट एण्ड मेशिनरीहरु रहेका छन। संस्थानको स्वामित्वमा रहेको सम्पूर्ण सम्पत्तिहरुको विस्तृत विवरणहरु जस्तै सम्पत्तिको नाम, मोडल र स्पेसिफिकेशन, कोड नम्बर, जग्गाधनी नम्बर, ह्रासकट्टी रकम, प्रयोग भएको स्थान, सम्पत्तिहरुको हालको अवस्था, खरिद वा हस्तान्तरण भएको मिति र मुल्य, निर्माण सम्पन्न भएको मिति र कार्य सम्पन्न मुल्य, योजनाहरु रहेको स्थान आदि खुल्ने गरि स्थिर सम्पत्ति अभिलेख/अद्यावद्यिक गर्न बाँकी रहेको अवस्था भएबाट स्थिर सम्पत्ति यथार्थ रुपमा प्रस्तुती गरेको देखिएन।

४. **निर्माणधिन सम्पत्तिः** वर्षान्तमा निर्माणाधिन सम्पत्तिमा रहेको रु. २९ करोड ४८ लाख ६२ हजारमध्ये सम्पन्न भइसकेको आयोजनाहरु पुँजीकरण नगरिएको र अस्तित्वमा नरहेका सम्पत्तिहरु समेत उपरोक्त शीर्षकमा लेखाङ्कन गरिएको छ। हेटौंडा खानेपानी योजनाको रु.१४,४१,५८६.३३ र भरतपुर खानेपानी योजना खानेपानी योजनाको रु. १९,२९,४३४.८४ कार्य सम्पन्न भइसकेको तर कार्य सम्पन्न प्रमाणपत्र उपलब्ध नहुँदा निर्माणधिन सम्पत्तिमा प्रस्तुत गरेबाट उल्लेखित रकमले सम्पत्तिमा यथार्थ प्रस्तुत भएको देखिएन।

५. **वित्तीय विवरणको प्रस्तुतीः** नगद प्रवाह विवरणमा कुल नगद मौज्दात रकम वासलातमा प्रस्तुत भएकै रकम भएतापनि चालु दायित्व वृद्धिमा रु. १,५०,९६,१९०।- हुनुपर्नेमा रु. १,१६,३०,५३०।- र स्थीर सम्पत्ति बृद्धिमा रु. १६,४१,४३,४६२।- हुनुपर्नेमा रु. १६,४१,८५,७७१।- प्रस्तुत गरिएको छ। अनुसूचि १२ कार्य संचालन खर्च विवरणको प्रशासकिय खर्च रु.१,०८३,५४२।- महसुल निर्धारणमा यस वर्षको जम्मा रकममा समावेश हुन छुट भई रु.३५०,२३५,०५१.७४ हुनुपर्नेमा रु.३४,९१५,१५०९.७४ प्रस्तुत भएको छ। यसर्थ, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र अनुसूचि १२ ले यथार्थता प्रस्तुत गरेको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)**

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल खानेपानी संस्थान, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल खानेपानी संस्थानको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **ऋणः** यस सम्बन्धी देखिएको व्यहोरा देहाय बमोजिम छन् :

२.१ नेपाल सरकारको गत वर्षसम्मको ऋण रु. ६ अर्ब ७१ करोड ७० लाख ५ हजारमा यस वर्षको थप दीर्घकालिन ऋण रु. १ अर्ब १७ करोड १० लाख र यस वर्षसम्मको पोखरा खानेपानी सुधार आयोजनाको लागि जापान अन्तर्राष्ट्रिय सहयोग संस्था (जाईका प्रोजेक्ट) बाट प्राप्त रु. १ अर्ब १६ करोड ९५ लाख ८८ हजार नेपाल सरकारको ऋणमा लेखाङ्कन गरेको थप समेत भई रु. ९ अर्ब ५ करोड ७५ लाख ९३ हजार मौज्दात कायम भएको देखिन्छ। त्यस्तै बिश्व बैङ्कबाट प्राप्त ऋण रु. १४ करोड २७ लाख २८ हजारको २०६९।७० देखि ब्याज समेत भुक्तानी गर्न नसकेको र संस्थान निरन्तर नोक्सानमा गएको अवस्थामा उक्त ऋण रकम चालु दायित्वमा देखाएबाट प्रस्तुत वर्गीकरण यथार्थपरक देखिदैन। साथै, गत वर्षसम्मको ब्याज दायित्व रु. २५ करोड ४२ लाख ९९ हजार रहेकोमा यस वर्षमा संस्थानले नेपाल सरकार तथा विश्व बैङ्कको ऋणको ब्याज रु. ३७ करोड ६६ लाख २० हजार थप गरी वर्षान्तमा रु. ६३ करोड ९ लाख २० हजार मौज्दात रहेको देखिन्छ। सो

भुक्तानी दिन बाँकी देखाइएको रकम महालेखा नियन्त्रक कार्यालयबाट भिडान गरि समर्थन नलिएबाट उक्त ऋण तथा ब्याज रकमले यथार्थ प्रस्तुत गर्ने अवस्था देखिएन।

२.२ नेपाल सरकार तथा जापान अन्तर्राष्ट्रिय सहयोग संस्था "जाईका" बीच भएको अनुदान सम्झौता र संस्थानको लागि भएको ऋणको सहायक सम्झौता बमोजिम संस्थानले पोखरा खानेपानी सुधार आयोजनाको लागि महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त भएको विवरणको आधारमा रु. १ अर्ब १६ करोड ९५ लाख ८८ हजार बराबरको रकम दीर्घकालिन ऋण अन्तर्गत प्रस्तुत गरिएको छ। प्रस्तुत रकमको ऋण प्राप्त विवरणमा २०७४/७५ देखि २०७६/७७ सम्ममा जाईकाबाट प्राप्त जापानी यनलाई सोहि दिनको विनिमय दर बमोजिम रकम परिवर्तन गरि नेपाली रुपैँयामा कायम भएको पाइयो। ऋण सहायक सम्झौताको दफा ३.०१ अनुसार आयोजना कार्यान्वयनका सम्बन्धमा नेपाल सरकारले संस्थानका महाप्रबन्धकलाई आवश्यक अधिकार प्रत्यायोजन गरिएको कुरा खुलाइएको भएतापनि, उक्त निर्माणधिन कार्यको लागि आयोजनाको ड्रइङ्ग, डिजाइन, विस्तृत सर्भे प्रतिवेदन, लागत अनुमान, खरिद प्रकृयाका कागजात, निर्माण व्यवसायीसँग भएका सम्झौता, भुक्तानी प्रकृयाका कागजात तथा बिल बिजक, हालसम्म भएको कार्य प्रगति तथा मूल्याङ्कन विवरण लगायतका प्रमाण कागजात र सोको स्वीकृत भएको प्रमाणहरु, ऋण कायम गर्न सकिने रकम प्राप्ति तथा कार्यमा भएको भुक्तानीको विवरण लगायत आयोजनाको हालको अवस्था र लागेको लागतको यकिन गर्न भौतिक तथा वित्तीय प्रगतिको विवरण संस्थानमा नभएबाट रु. १ अर्ब १६ करोड ९५ लाख ८८ हजारको ऋण रकम र निर्माणधिन सम्पत्तिमा प्रस्तुत गरेको उक्त रकमको यथार्थता पुष्टि गर्न सकेको छैन।

३. **चालु दायित्व तथा व्यवस्थाः** यस सम्बन्धी देखिएका व्यहोरा देहायबमोजिम छन्।

३.१ **चालु दायित्वः** संस्थानको हिसाबमा रु. ३ करोड १० लाख २१ हजार विगत वर्षहरुबाट हिसाबमा जिम्मेवारी मात्र सर्दै आएको पाइयो। उक्त जिम्मेवारी सारी ल्याएको रकममध्ये खानेपानी तथा ढल निकास विभागबाट हस्तान्तरण भई आएको रु. १ करोड २० लाख १० हजार अनुदान हिसाबमा सार्न गत वर्ष नै व्यवस्थापनलाई निर्देशन दिइएको जवाफ प्राप्त भएतापनि चालु दायित्वबाट अनुदान हिसाब सारिएको छैन। उक्त रकमले चालु दायित्व र कोष हिसाबमा फरक परेको अवस्था देखिएको छ। त्यस्तै, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्डको रु. १ करोड ७५ लाख २३ हजार विगत २०७४।७५ मा भुक्तानी गर्न निर्देशन दिएकोमा हालसम्म सो रकम भुक्तानी गरिएको छैन।

चालु दायित्वमा तिर्न पर्ने नपर्ने तथा विस्तृत विवरण समेत नभएकामा विश्लेषण नगरी विगत वर्ष देखि "भूक्तानी गर्न बाँकी रकम (खर्च)" जिम्मेवारी आएका रकमहरुको गत वर्ष रु. १० करोड ९० लाख ९५ हजार रहेकोमा यस आर्थिक वर्षमा रु. १० करोड ४८ लाख ९४ हजार रहेको छ। उक्त रकमको संस्थानले भुक्तानी गर्नुपर्ने नपर्ने यकिन गर्न सकेको छैन। उक्त रकमहरु मध्ये सडक विभागलाई रु. ४ करोड २२ लाख ५६ हजार भुक्तानी दिनु पर्ने देखिएको छ। तर सडक विभागबाट कन्फर्मेशन लिएको छैन। त्यस्ता मौज्दातहरुलाई दायित्व यकिन गरेर वित्तीय विवरणमा समायोजन/सम्मिलित नगरेबाट संस्थानले वित्तीय विवरणमा प्रस्तुत गरेको कुल तिर्नुपर्ने बाँकी रकमको वास्तविकता यकिन गरेको देखिएन।

३.२ **धरौटी दायित्वः** संस्थानले नयाँ धारा जडान गर्दा लिने धरौटी रकमलाई छुट्टै बैङ्क खाता (धरौटी) खोली जम्मा गर्ने नीति रहेको छ। संस्थान हिसाब भिडान गरेको तथा प्रतिकृया बमोजिम समेत २०७७ असार मसान्तमा नयाँ धारा धरौटी वापतको दायित्व रु. १३ करोड १७ लाख ४८ हजार भएकोमा सम्बन्धित नगद तथा बैङ्क खातामा रु. १३ करोड ९ लाख ९३ हजार भएबाट रु. ७ लाख ५५ हजार घटी मौज्दात रहेको छ। गत वर्ष रु.१९ लाख ५४ हजार बैङ्कमा घटी मौज्दात रहेको थियो।

संस्थानका ३ शाखा कार्यालयहरुको विविध आम्दानी, शुरु मौज्दात थप तथा विविध रकमहरु रु. ४ लाख ८२ हजार तिर्न बाँकी अन्य धरौटीमा प्रस्तुत गरेको छ। वर्षान्तमा कुल तिर्न बाँकी अन्य धरौटी रु. ६ करोड ३३ लाख संस्थानले वित्तीय विवरणमा प्रस्तुत गरेतापनि विगत देखि जिम्मेवारी सर्दै आएका यस्ता रकमहरुको विश्लेषण गरि आवश्यक समायोजन नगरिएबाट धरौटी दायित्वले यथार्थता प्रस्तुत गरेको छैन। त्यस्तै अधिकांश शाखा

कार्यालयहरुले कतिपय निर्माण व्यवसायीहरुको धरौटी २०५५।५६ साल देखिकै जिम्मेवारी सार्दै आइराखेको हुँदा धरौटी दायित्वले यथार्थ प्रस्तुत गर्न सकेको देखिदैन। धरौटीको हिसाब मिलान विवरण तयार गरेको छैन। हिसाब मिलान गरी नपुग देखिएको रकम सम्बन्धित पदाधिकारीबाट असुल गर्नु गराउनु पर्दछ।

३.३ **शंकास्पद जिन्सीः** शंकास्पद जिन्सी व्यवस्थाको लागि संस्थानको स्पष्ट नीति रहेको छैन। संस्थानले विगत वर्ष देखि जिम्मेवारी सार्दै ल्याएको रु. ११ लाख ५५ हजार र यस वर्ष रु. १४ हजार थप गरी वर्षान्तमा शंकास्पद जिन्सी व्यवस्था रु. ११ लाख ६९ हजार प्रस्तुत गरेको छ। संस्थानकै अन्तर शाखाको जिन्सी हिसाब समायोजनको लागि केन्द्रको हिसाबमा शंकास्पद व्यवस्था गर्नु सामान्य लेखा सिद्धान्त विपरित रहेबाट प्रस्तुत रकमले यथार्थ चित्रण गरेको छैन।

३.४ **शंकास्पद असामी ब्यवस्था तथा अग्रिम प्राप्त महशुलः** संस्थानले शंकास्पद असामी व्यवस्था वापत अन्तिम असामी मौज्दातको १० प्रतिशतका दरले व्यवस्था गर्ने गरेको छ। गत वर्षसम्म शंकास्पद असामी ब्यवस्था वापत रु. ६ करोड ५६ लाख ४७ हजार रहेकोमा यस वर्ष नाफा नोक्सान हिसाबमा रु.१ करोड ३६ लाख ५ हजार खर्च लेखी वर्षान्तमा रु. ७ करोड ९२ लाख ५२ हजार देखाईएको छ जुन संस्थानले २०७६।७७ मा लेखाङ्कन गरेको महशुल रकमको १३ प्रतिशत हुन आउछ। शंकास्पद असामी लेखाङ्कन गर्दा असामीको औषत संकलन अवधि तथा आयु विश्लेषण समेतका आधारमा उठ्न नसक्ने रकमको हदसम्म व्यवस्था गर्नु पर्नेमा सो गरिएको पाइएन। संस्थानका २ शाखा कार्यालयहरुको उपभोक्ताहरुबाट अग्रिम प्राप्त महशुलको रकम दायित्व तर्फ देखाएतापनि उपभोक्ताहरुबाट अग्रिम प्राप्त सबै रकम दायित्वतर्फ प्रस्तुत नगरि उक्त बक्यौतामा नै घटाई देखाएबाट संस्थानको बक्यौता प्रस्तुत गरेभन्दा बढी रहेको छ। यी कारणले संस्थानले वर्षान्तको शंकास्पद असामी व्यवस्था तथा असामी मौज्दात यथार्थपरक प्रस्तुत गर्न सकेको देखिएन।

४. **जीवन बीमा तथा अवकाश कोषः** वर्षान्तमा संस्थानको जीवन बीमा कोष व्यवस्था अन्तर्गत गत वर्षसम्म रु. २ करोड ९८ लाख ८१ हजार रहेकोमा यस वर्ष रु. ९ लाख ४९ हजार थप र रु. ३९ लाख ७८ हजार भुक्तानी गरी वर्षान्तमा रु. २ करोड ६८ लाख ५२ हजार रहेको छ। अवकाश कोष व्यवस्था अन्तर्गत उपदान, औषधि उपचार, घर विदा र बिरामी विदा वापत सिर्जना हुने दायित्वमा गत वर्षसम्म रु. ५३ करोड १७ लाख ६५ हजार रहेकोमा यस वर्ष रु. १४ करोड ७ लाख ६६ हजार उपदान वापत थप गरी र रु. १० करोड ७ लाख ७४ हजार भुक्तानी गरी वर्षान्तमा रु. ५७ करोड १७ लाख ५७ हजार अवकाश व्यवस्था देखाइएको छ। जीवन बीमा तथा अवकाश कोषको व्यवस्था रु. ५९ कराड ८६ लाख रहेको छ। संस्थानले जीबन बीमा कोष तथा अवकाश कोषको नेपाल लेखामान बमोजिम बीमाङ्कीय मूल्याङ्कन नगरिएकोले प्रस्तुत व्यवस्था वापत रकमको पर्याप्तता यकिन गर्न सकिएन।

५. **निर्माणधिन सम्पत्तिः** वर्षान्तमा निर्माणाधिन सम्पत्तिमा रहेको रु. १ अर्ब ६४ करोड ६६ लाख २९ हजार मध्ये सम्पन्न भइसकेको आयोजनाहरु पुँजीकरण नगरिएको र अस्तित्वमा नरहेका सम्पत्तिहरु समेत उपरोक्त शीर्षकमा लेखाङ्कन गरिएको छ। हेटौंडा खानेपानी योजनाको रु.१४,४१,५८६.३३ र भरतपुर खानेपानी योजना खानेपानी योजनाको रु. १९,२९,४३४.८४ कार्य सम्पन्न भइसकेको तर कार्य सम्पन्न प्रमाणपत्र उपलब्ध नहुँदा पुँजीकरण नभएका र उक्त स्थानमा हाल संस्थानको कार्यक्षेत्र समेत नरहेकोमा संस्थानले औपचारिक हस्तान्तरण गरेको देखिंदैन। त्यस्तै जुगेडी आयोजनाको भौतिक पूर्वाधार नष्ट भएको रु. ३५,२२,७६१.२४ र उत्पादन बृद्धि (बनेपा) मा आयोजना पुरा गर्न नसकिएकाले बीचमै छाडिएको रु. ३९४,३४५.२४ लाई समेत निर्माणधिन सम्पत्तिमा प्रस्तुत गरेबाट उल्लेखित रकमले सम्पत्तिमा यथार्थ प्रस्तुत भएको पाइएन।

६. **वी.पी. खानेपानी परियोजनाः** संस्थानले विगत वर्षहरुमा धरानमा वी.पी.खानेपानी परियोजना निर्माण गरी सो परियोजना वी.पी.मेमोरियल ट्रष्ट स्वयंले हकभोग गर्दै आएको पाइयो। सो परियोजना निर्माण कार्यका लागि प्राप्त रु. ८४ लाख ९९ हजारलाई पुँजीगत जगेडा कोष अन्तर्गत देखाइएको छ र सो आयोजना निर्माण सम्पन्न गर्नका लागि भएको खर्च रु. २ करोड ३३ लाख ६१ हजारलाई निर्माणाधिन सम्पत्ति अन्तर्गत देखाइएको छ। आयोजना सम्पन्न भई सो आयोजनाको सञ्चालन तथा हकभोग वी.पी.मेमोरियल ट्रष्ट स्वयंले गरि आएकोमा सस्थानले

निर्माणधिन सम्पत्तिमा प्रस्तुत गरेबाट निर्माणधिन सम्पत्तिले यथार्थता प्रस्तुत गरेको अवस्था छैन। वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा संस्थानको धरान शाखा बीच २०५६।८।६ मा भएको सम्झौता अनुसार धरान शाखालाई वि. पि. प्रतिष्ठानमा निर्मित पूर्वाधार संचालित अवस्थामा राख्न र त्यस्तो पूर्वाधारवाट दैनिक रुपमा पानी आपुर्तिको निम्ति जिम्मा दिईएको पाइयो। हामीलाई आयोजनावाट प्राप्त विवरण वमोजिम २०७६।७७ मा आय रु.८२ लाख ७८ हजार र खर्च रु.८२ लाख ४१ हजार भएको देखिएको तर सो कारोवार संस्थानको वित्तीय विवरणमा समावेश गरेको छैन।

७. **पेस्की तथा धरौटीः** संस्थानले आर्थिक वर्षको अन्तमा पेस्की तथा धरौटीमा रु.७ करोड ५१ लाख ३८ हजार प्रस्तुत गरेकोमा गत विगत वर्षहरुबाट ६ शाखा कार्यालयहरुको पेस्की रु.४२ लाख ७४ हजार र कोष खर्च खाताको रु.६६ लाख ७१ हजार जिम्मेवारी मात्र सर्दै आएको पाइयो। यसमध्ये हेटौडा शाखाले हेटौंडा नगरपालिकालाई उपलब्ध गराएको पेस्की रु.२३ लाख फछर्यौंट गरेको छैन। प्रधान कार्यालयको मात्र गत विगत वर्षबाट जिम्मेवारी सर्दै आएको पेस्की बाँकी रु.२० लाख २१ हजार रहेको छ। सरकारी कार्यालय तथा निकायहरुको पेस्की रकमको समर्थन पत्र नभएबाट उक्त प्रस्तुत रकम यकिन गर्न सकिएन।

८. **जिन्सी मौज्दातः** यस वर्ष संस्थानको जिन्सी मौज्दात रु. ७१,४५,९६,६७६।- रहेको छ। नेपाल लेखामान वमोजिम जिन्सी सम्पत्तिको मूल्याङ्कन लागत वा खुद प्राप्य मूल्य मध्ये जुन कम हुन्छ सोही मूल्यमा मूल्याङ्कन गर्नु पर्ने व्यवस्था भएतापनि संस्थानले जिन्सी मौज्दातको मूल्याङ्कन खरिद मूल्यका आधारमा गरेको छ। संस्थानका अधिकांश शाखाहरुमा प्रणाली मर्मतमा सवमरसिवल पम्प/पानेल बोडहरु पटक-पटक प्रतिस्थापन भएकोमा पुरानो पम्प जिन्सी खातामा आम्दानी बांधेको समेत पाइएन। संस्थानबाट प्रतिस्थापन भएका पुरानो सामानहरु सहायक खातामा राख्ने गरिएको जवाफ प्राप्त भएतापनि शाखा कार्यालयहरुमा सोको अभिलेख माग गर्दा पेश गरिएको थिएन। काम नलाग्ने भई प्रतिस्थापन भएका उक्त मेशिनरी सामानहरु स्थिर सम्पत्तिमा समेत समावेश हुने हुँदा जिन्सी मौज्दात तथा स्थिर सम्पत्तिको यथार्थता यकिन गर्न सकिने अवस्था छैन।

९. **असामी तथा बक्यौताः** संस्थानले शंकास्पद असामी व्यवस्था वापत अन्तिम असामी मौज्दातको १० प्रतिशतका दरले शंकास्पद असामी व्यवस्था गर्ने गरेको पाइयो। संस्थानको गत वर्ष रु.६५ करोड ६४ लाख ७२ हजार बक्यौता रहेकोमा यस वर्ष रु.१३ करोड ६० लाख ५२ हजारले वृद्धि भई वर्षान्तमा रु.७९ करोड २५ लाख २३ हजार पुगेको छ। उपभोक्ताहरुबाट अग्रिम प्राप्त रकम दायित्वतर्फ प्रस्तुत नगरि उक्त बक्यौतामा नै घटाई देखाएबाट संस्थानको बक्यौता प्रस्तुत गरेभन्दा बढी रहेको छ। लेखापरीक्षण गरिएका संस्थानका ४ शाखा कार्यालयहरुको मात्र अग्रिम प्राप्त रु.६१ लाख ४४ हजार बक्यौतामा घटाई प्रस्तुत गरिएको, केहि शाखा कार्यालयहरुले अग्रिम प्राप्तको हिसाब प्रस्तुत गर्न नसकेको र संस्थानले कुल अग्रिम प्राप्त रकमको हिसाब गरि दायित्वमा नदेखाएबाट उक्त रकमको यकिन गरि यथार्थ प्रस्तुत गर्नुपर्दछ।

१०. **आयकर तथा आयकरको परिपालनाः** संस्थानको हिसाबमा चालु सम्पत्ति शीर्षक अन्तर्गत अग्रिम आयकर शीर्षकमा रु.५ करोड ७४ लाख १ हजार देखाइएकोमा सो रकमलाई पुष्टि गर्ने कर दाखिला रसिद तथा प्रमाणहरु व्यवस्थित गरि राखेको छैन। संस्थानले विगत वर्ष देखि आयकर ऐन बमोजिम आय विवरण दाखिला गरेको छैन भने नेपाल लेखामान बमोजिम स्थगन कर गणना समेत गरेको छैन।

११. **असुलीः** संस्थानले ग्राहकहरुबाट महशुल असुली प्रभावकारी रुपमा गर्न सकेको देखिएको छैन। यस वर्षमा सार्वजनिक धारा बाहेक खुद धारा महसुल आम्दानी रु.५८ करोड ८० लाख (२०७५/७६ मा रु.५८ करोड ९१ लाख) देखिएकोमा सार्वजनिक धारा बाहेक लिन बाँकी रु.६२ करोड ७६ लाख (२०७५/७६ मा रु.५१ करोड १२ लाख) देखिई खुद धारा महसुल आम्दानीको करिब १०६.७५ प्रतिशत (२०७५/७६ मा ८६.७७ प्रतिशत) बक्यौता रहेको देखियो। तसर्थ, वक्यौता असुली तर्फ आवश्यक छानविन गरी प्रभावकारी कदम चाल्नु पर्ने देखिन्छ। जसले गर्दा संस्थानको आम्दानीमा नकारात्मक असर परेको देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थानको वित्तीय विवरणको

लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा सञ्चालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय

विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### राष्ट्रिय सहकारी विकास बोर्ड, २०७५/७६

#### लेखापरीक्षकको राय

हामीले राष्ट्रिय सहकारी विकास बोर्डको यसै साथ संलग्न २०७६ असार मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आय व्यय हिसाब र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक बोर्डको वित्तीय विवरणले २०७६ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

#### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाले आर्थिक वर्ष २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ। यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनूसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

२. **कर्मचारी उपदान कोषः** बोर्डको कर्मचारी प्रशासन विनियम २०५० विनियम ६४(१) अनुसार बोर्डको सेवामा नियुक्त भई पाँच वर्ष वा सो भन्दा बढी अवधि सेवा गर्ने कर्मचारीले भविष्यमा बोर्डको सेवाको निमित्त सामान्यतः अयोग्य ठहरिने गरी सेवा वा पदबाट अलग भएमा बाहेक अन्य कुनै पनि कारणबाट सेवाबाट अलग भएमा (क) पाँच वर्षदेखि दश वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको अवधिको प्रत्येक वर्षको निमित्त आखिरी आधा महिनाको तलब, (ख) दश वर्ष देखि पन्ध्र वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरको प्रत्येक वर्षको निमित्त आखिरी एक महिनाको तलब, (ग) पन्ध्र वर्ष देखि बीस वर्षसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको

निमित्त आखिरी डेढ महिनाको तलब, (घ) बीस वर्षभन्दा बढि जतिसुकै अवधिसम्म सेवा गरेका कर्मचारीले आफूले काम गरेको प्रत्येक वर्षको निमित्त आखिरी अढाई महिनाको तलब रकम उपदान पाउने उल्लेख छ। सो अनुसार उपदान कोषमा रु. २,४१,५०,७२९।- हुनु पर्ने देखिन्छ। तर वासलातमा रु. २,३६,०५,१३०।- मात्र उपदान कोष व्यवस्था रहेकोले रु. ५,४५,५९९।- अपुग रहेको छ। कमर्चारी उपदान कोष व्यवस्था दीर्घकालीन सुविधा भएकाले नेपाल लेखामान अनुसार बीमाङ्कीय मूल्याङ्कन गराउनु पर्दछ। बीमाङ्कीय मूल्याङ्कनको प्रतिवेदन विना व्यवस्थापनले गरिएको व्यवस्था रकम पर्याप्तता यकिन हुन सकेन।

३. **भरतपुर बसपार्कः** सहकारी विकास बोर्डको २०६०।८।२३ को निर्णय अनुसार भरतपुर नगरपालिकालाई बोर्डको स्वामित्वमा रहेको भरतपुर नगरपालिका वडा नम्बर ९ स्थित कित्ता नम्बर २४३६ को ४ विगाहा ९ कट्ठा ११ धूर जग्गा एवं सो नगरपालिकाको स्वामित्वमा रहेको जग्गा समेत गरी जम्मा ७ विधा ९ कट्ठा ११ धूर जग्गामा बसपार्क टर्मिनल निर्माण गर्न बोर्ड र उक्त नगरपालिका बीच २०६०।११।१५ मा करार भए अनुसार बसपार्क निर्माण तथा सञ्चालन भएको देखिन्छ। करार अनुसार भरतपुर नगरपालिकाको खर्चमा बसपार्क निर्माण गरी बसपार्क संचालन भए पश्चात उक्त खर्च वापतको सांवा व्याज र व्यवस्थापनको खर्च समेत कटाई बचत रकममा दुवै पक्षको शेयरको अनुपातमा हिस्सा हुने उल्लेख छ। साथै बसपार्क कम्पनी ऐन अनुसार संचालन गर्ने र त्यसपछि यो करार स्वतः रद्द हुने उल्लेख छ। तर भरतपुर नगरपालिका र बोर्डको बसपार्कको आम्दानी खर्च तथा हक हिस्साको विवरण प्राप्त नभई खुलाउन सकिएन।

भरतपुर नगरपालिका कार्यालयले मिती २०६६।१२।१५ चलानी नम्बर १४७०६ को पत्रबाट यस भरतपुर नगरपालिका ९ स्थित नगरपालिका र राष्ट्रिय सहकारी बोर्डको जग्गामा केन्द्रीय बस टर्मिनल सम्पन्न भईसकेको जानकारी गराईसकेको र बाँकी रहेको बोर्डको जग्गामा सम्पुर्ण आम्दानी भरतपुर नगरपालिकाले प्राप्त हुने गरी टर्मिनल संगै रहेको खाली भागमा यातायात व्यवसायसंग सम्वन्धित व्यवसायिक क्रियाकलाप र थोक तरकारी तथा फलफुल बजार(मण्डी) निर्माण गरी संचालन गर्न स्वीकृति दिएको छ। पुनः मिती २०७५।३।२६ को पत्रबाट हाल उल्लेखित बस टर्मिनल र नारायणगढ बसपार्क संचालन व्यवस्थापनको लागि निजी क्षेत्रलाई सहभागि गराई संचालन गर्ने निर्णयानुसार आ.व २०७५।७६ देखि २०७७।७८ सम्म ३ वर्षका लागि न्यूनतम अंक रु ७ करोड ९८ लाख मात्र कायम गरि शिलबन्दी बोलपत्र माग गरिए बमोजिम उक्त ठेक्कामा भाग लिने फर्म मध्ये ए.के. इन्टरनेशनल कन्स्ट्रक्सन प्राईभेट लिमिटेडले सबैभन्दा बढी रकम रु. १० करोड ५ लाख मात्र कबोल गरेको र निजको बोलपत्र स्विकृत गरि आशयको सुचना प्रकाशन गरिएको देखिन्छ। सम्झौता भने भै सकेको देखिएन। साथै भरतपुर नगरपालिका तथा बोर्ड बिचको विगतको सम्झौता अनुसार आगामी दिनमा दुबै पक्षको छलफल र सहकार्यमा बस टर्मिनल व्यवस्थित गरिने व्यहोरा उल्लेख छ। बसपार्क सञ्चालन भैसकेतापनि बोर्डलाई कुनै आम्दानी प्राप्त भएको छैन। बोर्डको नाममा बसपार्कको शेयर तथा आम्दानी रकम तथा मण्डीबाट प्राप्त हुनु पर्ने आम्दानी प्राप्त गर्न गराउन बोर्डका सम्वन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

४. **अन्य जग्गाः** कारकांदो ७ नेपालगंज, बांके स्थित बोर्डको जग्गामा नेपाल खाद्य संस्थानले भवन निर्माण गरेको हुँदा त्यसको सट्टामा जग्गा उपलव्ध गराईदिनका लागि लामो समय देखि खाद्य संस्थानसंग बोर्डबाट बारम्बार पत्राचार गरिए पनि नेपाल खाद्य संस्थानबाट सट्टा जग्गा उपलव्ध गराउने कार्य गर्न सकेको छैन। बोर्डको स्वामित्वमा भरतपुर तथा भोटाहिटी स्थित रहेको जग्गाहरुको मालपोत/घरजग्गा कर भुक्तानी अद्यावधिक गरेको छैन। काठमाडौं वडा नं २४ कि.न. ११८६(क्षेत्रफल १-८-२-३) को जग्गाको स्थान र प्रयोगवस्था वारे खुल्दैन।

५. **शेयर लगानीः** वर्षान्तमा बोर्डको कुल शेयर लगानी रु.७० लाख ४८ हजार लाई परल मुल्यमा देखाईएको छ। शेयर वापत लगानी गरिएका संस्थाहरुबाट लाभाश प्राप्त भएको नदेखिएकाले वास्तविक स्थिती पहिचान गरी संचालनमा रहे नरहेको एकिन गर्न तथा शेयर लगानी भएका संस्थाहरुमा बोर्डकातर्फबाट शेयर हक अनुपातमा संचालक प्रतिनिधित्व गराई बोर्डको हक हितका लागि संस्थाका सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

६. **कर्जा लगानीः** गत वर्ष बोर्डको लगानी रु.८ करोड १ लाख ६७ हजार रहेकोमा यस वर्षान्तमा रु.१ करोड ७२ लाख ७१ हजारले बृद्धि भई रु.९ करोड ८९ लाख ३६ हजार रहेको छ। कर्जा लगानी वापत कर्जा बर्गीकरण गरी कर्जा जोखिम व्यवस्था कायम गरेको देखिएन। यस सम्बन्धी कुनै नीति निर्माण गरो देखिएन। सो सम्बन्धी आवश्यक नीति निर्माण तथा विनियम संशोधन गरी सापेक्ष सुधार गर्न विगतमा एक उप समिति गठन भएको पाईयो।

उक्त समितिबाट कुनै कार्य भएको भने देखिएन। उल्लेखित ऋण मध्ये वर्षान्तमा बुझाउन पर्ने ऋण किस्ता रकम रु. ६ करोड २३ लाख भई भाखा नाघेको ऋण रकम वर्षान्तमा ६३.०२ प्रतिशत रहेको देखिन्छ।

त्यस्तै, स्विकृत धितो मूल्याङ्कन विधि बोर्डमा नभएकाले तयार गरी, प्रवाह भएका ऋणहरुको धितो सुरक्षण पुनः मूल्याङ्कन गरी धितो नभएकोमा धितो तथा नपुग सम्बन्धम थप धितो सुरक्षण लिने कार्य भएको छैन। कर्जा स्विकृती गर्दा धितो सहितको स्वीकृत मूल्याङ्कृत रकम उल्लेख गरिएको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। बोर्डको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

### व्यवस्थापन पत्रः

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी बोर्डको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, बोर्डलाई लिक्विडेट गर्न वा संचालन/बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। बोर्डको व्यवस्थापनको लागि उत्तरदायी पक्षले बोर्डको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटि निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै, वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेड, २०७५/७६

१. **लेखापरीक्षकको राय**

हामीले नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, आय व्यय विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विबरण एवं लेखासम्बन्धि नीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणहरुले २०७६ आषाढ मसान्तको आर्थिक अवस्था तथा उक्त अवधिको नाफा र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कम्पनीले नेपाल वित्तीय प्रतिवेदन मान अनुसारको वित्तीय विवरण तयार गरेको छैन।

हामीले नेपाल लेखापरीक्षणमान तथा महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्वन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## ३. वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्म (न्यष्लन ऋयलअभचल० लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

## ४. वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी

हाम्रो उद्देश्य वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारणले गहन रुपले गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने कुराको सम्वन्धमा उचित आश्वस्तता (Reasonable Assurance) प्राप्त गर्नु र हाम्रो राय संलग्न भएको प्रतिवेदन पेश गर्नु हो।

उचित आश्वस्तता (Reasonable Assurance) भनेको उच्चस्तरको आश्वस्तता भएपनि नेपाल लेखापरीक्षणमानको अधारमा गरिएको लेखापरीक्षणले सम्पूर्ण गलत विवरण पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन। गलत विवरण गल्ती वा जालसाँजीको कारणले हुनसक्छ र यदि यस्ता गलत विवरणले वित्तीय विवरणको प्रयोगकर्ताहरुको आर्थिक निर्णयहरु प्रभावित गर्न सक्छन भने त्यस्ता गलत विवरणलाई सारभुत रुपको गलत विवरण (Material Misstatements) मानिन्छ।

नेपाल लेखापरीक्षणमान अनुसार को लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक व्यवसायिक निर्णय गर्नुका साथै व्यवसायिक सन्देह (Professional Skepticism) को प्रयोग गर्दछौं। साथै हामीले

४.१ वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारण सारभुत रुपले गलत प्रर्दशन हुन सक्ने जोखिम विश्लेषण गरी आवश्यक लेखापरीक्षण विधिहरु अवलम्बन गर्दै हाम्रो रायको लागि यथोचित आधार प्रदान गर्नको लागि पर्याप्त र उपयुक्त प्रमाण संकलन गर्दछौं। जालसाँजीका कारणबाट हुने गलत विवरण, गल्तीका कारण उत्पन्न हुने गलत विवरण को तुलनामा पत्ता लगाउन गाह्रो हुन्छ।

४.२ लेखापरीक्षण सँग सम्वधित संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गरी आवश्यक लेखापरीक्षण विधि तर्जुमा गर्ने। तर आन्तरिक नियन्त्रण प्रणालीको परीक्षणको उद्देश्य सो प्रणालीको प्रभावकारीताको विषयमा राय प्रदान गर्नु होइन।

४.३ व्यवस्थापनले अवलम्वन गरेका लेखा सिद्धान्त तथा महत्वपूर्ण अनुमानहरु एवम वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन गर्नु रहेको हुन्छ।

४.४ प्राप्त प्रमाणहरुको आधारमा व्यवस्थापनद्वारा लेखापालनको आधारको रुपमा प्रयोग गरेको "न्यष्लन ऋयलअभचल" को उपयुक्तताको बारेमा निर्णय गरिन्छ। यदि प्राप्त प्रमाणको आधारमा संस्थाको "न्यष्लन ऋयलअभचल" को बारेमा गहन रुपमा अनिश्चितता रहेको देखिएमा सो को बारेमा लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्ने वा सो खुलासा अपर्याप्त भएमा परिमार्जित राय प्रदान गरिन्छ। हाम्रो राय लेखापरीक्षण प्रतिवेदनको मिति सम्म प्राप्त प्रमाणहरुमा आधारीत हुन्छ र भविष्यका घटनाहरुले गर्दा कोष "न्यष्लन ऋयलअभचल" नरहन सक्छ।

४.५ वित्तीय विवरणहरुको खुलासा लगायतका समग्र ढांचा, प्रस्तुती तथा विषयको मुल्याङ्कन गरी वित्तीय विवरणहरुले संस्थाका कारोबारहरुको प्रतिनिधित्व गरे नगरेको मुल्याङ्कन गर्नु रहेको हुन्छ।

४.६ प्रस्तुत वित्तीय विवरणमा हामीले व्यक्त गर्ने रायको लागि वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरु तथा व्यवसायिक कारोबारको पुष्ट्यांई गर्ने पर्याप्त प्रमाण प्राप्त गर्नु रहेको हुन्छ। हामी हाम्रो लेखापरीक्षणलाइ आवश्यक दिशा प्रदान गर्दै लेखापरीक्षण कार्य सम्पन्न गर्न जिम्मेवार छौं। साथै हामी हाम्रो रायको लागी पूर्णरुपमा जिम्मेवार छौं।

हामीले अन्य आवश्यक कुराहरुको अतिरिक्त लेखापरीक्षणका क्षेत्र, समयतालिका र लेखापरीक्षणका महत्वपूर्ण निष्कर्शहरु साथै लेखापरीक्षणको सिलसिलामा पत्ता लागेका आन्तरिक नियन्त्रण प्रणालीमा रहेका महत्वपूर्ण कमजोरीहरु कम्पनीको व्यवस्थापनका लागि उत्तरदायि पक्षहरुलाई जानकारी गराउँदछौं। यस सम्बन्धी व्यवस्थापन पत्र संलग्न छ।

साथै हामी कम्पनीको लेखापरीक्षणको सिलसिलामा आवश्यक आचार संहिता पालना गरेको घोषणा लगायत हाम्रो व्यवसायिक स्वतन्त्रतामा प्रभाव पार्नसक्ने विषय तथा सोको विषयमा हामीले चालेका कदमबारेमा कम्पनीको व्यवस्थापनका उत्तरदायी पक्षहरुलाई जानकारी गराउँदछौं।

## नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेड, २०७६/७७

### कैफियत सहितको राय

हामीले नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुः

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। नेपाल पुर्वाधार निर्माण कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा उद्योगको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले उद्योगको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल रेल्वे कम्पनी लिमिटेड, २०७५/७६

### लेखापरीक्षकको राय

हामीले नेपाल रेल्वे कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक नेपाल रेल्वे कम्पनी लिमिटेडको २०७६ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको सञ्चालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मान** - सरकारी कम्पनीलाई २०७३/७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय रिपोर्टिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७५/७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **जिन्सी मौज्दात** - कम्पनीले विगत वर्षहरु देखिनै आफ्नो जिन्सी मौज्दात ऋणात्मक देखाएको जसले जिन्सी मौज्दातको यथार्थ चित्रण गर्ने अवस्था रहेको पाईएन। यस आर्थिक वर्षमा जिन्सी मौज्दात रु. ७ करोड १५ लाख ८८ हजार ६ सय ८४ रुपैंया ऋणात्मक रहेको छ। वास्तविकता छानविन गरी सम्वन्धितलाई जिम्मेबार बनाई लेखाङ्कन गर्नुपर्दछ।

३. **सस्पेन्स् एकाउण्ट** - कम्पनीको वित्तीय विवरणमा देखिएको सस्पेन्स् एकाउण्ट क्रेडिट रकम रु. १६ लाख ६८ हजारको वास्तविकता यकिन हुन नसकेकोले एकीन गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

४. **व्याज गणना** - कम्पनीले विभिन्न मितिमा अर्थ मन्त्रालय, रेल्वे तथा मेट्रो विकास कोष, राष्ट्रिय बाणिज्य बैंक तथा नेपाल बैंक लिमिटेडबाट लिएको ऋण रकम रु. २१ करोड १२ लाख ३९ हजारको ब्याज गणना तथा लेखाङ्कन नगरेको हुनाले ऋण दायित्वको वास्तविकता यकिन हुने अवस्था देखिदैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेका छौं। हामी विस्वस्त छौं की हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

### लेखापरीक्षणका मुख्य कुराहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। उक्त विषयवस्तुहरु लेखापरीक्षणको प्रतिवेदनमा प्रस्तुत गर्दा शासकीय वयवस्था प्रति जिम्मेवारी लिनेलाई सूचित गरिएको विषयवस्तुहरु मध्येबाट गरिएका छन्। वित्तीय विवरणको लेखापरीक्षण र राय व्यक्त

गर्नको लागि ती कुराहरु प्रस्तुत गरिएको हुन्छ र ती कुराहरु उपर अलग्गै राय व्यक्त गर्दैनौं। हाम्रो प्रतिवेदनमा जानकारी गराउनको लागि देहायका विषयवस्तुहरु लेखापरीक्षणका मुख्य कुराहरु हुन् भनी ठानेका छौं।

१. **जग्गा अतिक्रमण** : हाल कम्पनीको रक्सौल स्थित १६ बिघा जग्गामा पोखरी, भवन तथा गोदाम भाडामा लगाएको देखिन्छ। बाँकी जग्गा स्थानीयद्वारा अस्थायी घर टहरा बनाई अतिक्रमण भईरहेको बुझिन्छ। साथै कम्पनीको गोदामको तथा भवनको अवस्था जिर्ण अवस्थामा सञ्चालनमा रहेको पाइयो तथा जग्गाको सक्कल पुर्जा तथा कागजात व्यवस्थापकबाट उपलब्ध नभएकोले हामी यस्मा राय व्यक्त गर्न असमर्थ छौ। कम्पनीको शाखामा रहेको संरचनाको उचित मर्मत तथा सम्भार गर्नुका साथै स्वामित्वमा रहेको जग्गाबाट घरटहरा हटाई सम्पत्तिको सदुपयोग गर्नुपर्ने तथा जग्गाको सक्कल पुर्जा उपलब्ध गराउन व्यवस्थापनको ध्यानाकर्षण गराउँदछौं।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासंगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।
२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।
३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।
४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको

अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठिक संग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. सस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## नेपाल रेल्वे कम्पनी लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल रेल्वे कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मान :** सरकारी संस्थाहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको

२०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **जिन्सी मौज्दात :** कम्पनीले विगत बर्षहरु देखि नै आफ्नो जिन्सी मौज्दात ऋणात्मक देखाएकोले जिन्सी मौज्दातको यथार्थता यकिन हुने अवस्था देखिएन। यस वर्षमा जिन्सी मौज्दात रु. ७ करोड १५ लाख ८८ हजार ६८४ रुपैंया ऋणात्मक रहेको छ। यसको वास्तविकता छानविन गरी सम्बन्धितलाई जिम्मेबार बनाई लेखाङ्कन गर्नुपर्दछ।

३. **हिसाब मिलान :** कम्पनीको भुक्तानी दिनुपर्ने विविध पेस्की रु १३ लाख ३ हजार, सप्लायर्स पेश्की १ करोड ३ लाख ३६ हजार, अर्नेस्ट मनी पेयवल ८ लाख ८९ हजार, एकाउन्ट पेयवल ८७ हजार, तथा रेभेन्यु रिसियवल ८२ हजार धेरै वर्षदेखि हिसाब मिलान नभई सोही रकम जिम्मेवारी सार्दै ल्याइएको पाइयो। उक्त रकमहरुको यर्थाथता यकिन गर्न सकिएन।

४. **सस्पेन्स् एकाउण्ट :** कम्पनीको वित्तीय विवरणमा उल्लेख गरेको सस्पेन्स् एकाउण्ट क्रेडिट रु. १६ लाख ६८ हजारको वास्तविकता यकिन हुन सकेको देखिएन।

५. **व्याज गणना :** कम्पनीले विभिन्न मितिमा अर्थ मन्त्रालय, रेल्वे तथा मेट्रो विकास कोष, राष्ट्रिय बाणिज्य बैङ्क तथा नेपाल बैङ्क लिमिटेडबाट लिएको ऋण रु. ४१ करोड १२ लाख ३९ हजारको ब्याज गणना तथा लेखाङ्कन नगरेकोले ऋण दायित्वको वास्तविकता यकिन हुने अवस्था देखिदैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। नेपाल रेल्वे कम्पनी लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै, कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता

गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कम्पनीको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

### साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७५/७६

#### लेखापरीक्षकको राय

हामीले **साझा भण्डार सहकारी संस्था लिमिटेड**को यसैसाथ संलग्न, २०७६ आषाढ मसान्तको वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र वित्तिय विवरणसँग सम्बन्धीत प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा, लेखापरीक्षण रायको आधार परिच्छेदमा उल्लेख भएको बुँदा नं १ देखि ९ सम्म उल्लेखित कारणले वित्तिय विवरणमा पर्ने असर बाहेक प्रस्तुत वितिय विवरणले २०७६ अषाढ मसान्तको संस्थाको वित्तिय अवस्था र सोही अवधीमा समाप्त कारोबारको नतिजा, नगद प्रबाह, इक्युटीमा भएको परिवर्तनको उचित एवं यथार्थ चित्रण गर्दछ ।

प्रस्तुत वित्तिय विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाद्धारा जारी गरिएको नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) अनुरुप तयार भएको नदेखिएकोले सो उपर राय व्यक्त गर्न हामी असमर्थ छौ ।

**लेखापरीक्षण रायको आधार**

१. संस्थाले चालू सम्पत्ति शीर्षकमा आसामी, पेश्की तथा धरौटी हिसाब अन्तर्गत लिनुपर्ने आसामी बाँकी अन्यमा देखाएको ईन्द्रायणी आयर स्टोर सँग लिनुपर्ने ३८,९४,८१६।३७ र ऋषि एण्ड ब्रदर्श सँग लिनुपर्ने रु.२१,४९,०९०।५९ सहितको रु.६७,८२,०००।००, लिनु पर्ने भाडा रु.१८,८७,४९८, आपूर्तिकर्ताबाट लिनुपर्ने रु.१,५२,६७५।२५ र कर्मचारी पेश्की अन्तर्गत देखाएको रु. १५,८४,५७२।९४ विगत वर्षहरु देखि कारोबार नदेखिएको पूरानो रकमको सम्बन्धमा समर्थन पत्र प्राप्त भएको छैन साथै आबश्यक छानबिन गरी उठ्न नसक्ने रकम किटान गरी सोको नोक्सानी व्यवस्था गरेको छैन ।

२. चालू दायित्व शीर्षक अन्तर्गतको तिर्नु पर्ने खरिद वापत तिर्न बाँकी साहुहरु रु.४८,६७,६३५।११ र अन्य दायित्व तर्फको अन्य हिसाब मध्ये रु. २५४४७९१।६२ विगत वर्षहरु देखि कारोबार नदेखिएको पूरानो रकमको सम्बन्धमा समर्थन पत्र प्राप्त गरेको छैन साथै आबश्यक छानबिन गरी तिर्नु पर्ने रकम किटान गरी सोको आम्दानी जनाएको छैन ।

३. संस्थाले यस आ.व.मा कर्मचारी औषधोपचार वापत तिर्नुपर्ने रकम विगत वर्षहरुमा सम्बन्धित पेट्रोल पम्पहरु बाट भुक्तानी भइ सके तापनि दायित्वमा देखिएको भन्दै इन्द्रायणी आयल स्टोरको लगानी रकमबाट रु.३,५९,११७।०० र ऋषि एण्ड ब्रदर्शको लगानी रकमबाट २,९२,६५०।०० घटाएको छ । २०७६ अषाढ मसान्तको वित्तिय विवरणमा उक्त समायोजन पश्चात इन्द्रायणी आयल स्टोरमा रु. ५,६६,८५२।८० र ऋषि एण्ड ब्रदर्शमा रु., २३,३२,३५०।०० लगानी बाँकी देखिएतापनि उक्त पेट्रोल पम्पहरु संचालनमा नरहेको र यस आ.व.मा उक्त फर्महरुको वित्तिय विवरण एवं समर्थनपत्र उपलब्ध नभएको सम्बन्धमा आबश्यक छानबिन गरी उठ्न नसक्ने रकम किटान गरी सोको नोक्सानी व्यवस्था गरेको छैन ।

४. मध्यपुर आयल सप्लायर्समा गरिएको लगानी रु. ९,७७,०९१ सम्बन्धमा हामीलाई उपलब्ध गराईएको उक्त फर्मको लेखापरिक्षण भएको वित्तिय विबरणमा सो लगानी बारेमा उल्लेख भएको पाइएन । साथै मध्यपुर आयल सप्लायर्सको आ.व. २०७५।७६ को लेखापरीक्षण भएको वित्तिय विवरणमा उल्लेख भएबमोजिम आयकर पछिको नाफामा श्रोतमा करकट्टी पश्चातको खूद रकम रु.१४,२९,६३५।४६ लाई संस्थाले यस वर्ष अन्य व्यवसाय आम्दानीमा जनाएको छ ।

५. संस्थाले वित्तिय विवरणमा देखाएको बैंक मौज्दात रकम रु. ४,६४,९०९।९८ मध्ये रु. २,८४,८०३।१० बराबर रकमको बैंक सर्मथन पत्र प्राप्त नभएको साथैं सो बैंक खाताहरुमा कुनै कारोबार भएको छैन ।

६. संस्थाले श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम पारिश्रमिक, भत्ता, संचयकोष र उपदान वापतको व्यवस्था गरेको पाइएन ।

७. संस्थाले बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरेको छैन ।

८. लेखा सम्बन्धित टिप्पणीको बूंदा नं ८मा उल्लेख भए बमोजिम यस आ.व.मा संस्थाले सहकारी ऐन, २०७४ को दफा ६८, ६९ र ७० बमोजिमको जगेडा कोष तथा अन्य कोषमा कुनै रकम बांडफांड गरेको छैन ।

९. संस्थाले साझा पेट्रोलि पम्प संचालन र अन्य स्थिर सम्पत्ति भाडामा प्रदान गर्दा सहकारी ऐन, २०७४ को दफा १३५ पालना गरेको पाइएन ।

हामीले लेखापरीक्षणको दौरान प्राप्त गरेका प्रमाणहरु हाम्रो रायको लागि पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौ । हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेको कुराहरुको जवाफ एवं स्पष्टीकरण सन्तोषजनक पायौं । लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाब किताब र विवरणहरु सन्तोषजनक रहेको र संलग्न वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु संस्थाले राखेको लेखासँग दुरुस्त रहेका छन् । हामीलाई लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका जानकारी एवं स्पष्टीकरणको आधारमा तथा हामीले गरेको हिसाब किताबको परिक्षणबाट माथि उल्लेख गरिएका कैफियतहरु बाहेक संस्थाको संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज गरेको वा प्रत्यक्ष रुपमा बेहिसाब गरेको वा संस्थालाई हानी नोक्सानी गरेको सूचना हाम्रो जानकारीमा आएन ।

**व्यवस्थापनको उत्तरदायित्व**

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण सहितको वित्तिय विवरण तयार एवं प्रस्तुत गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत सारभूत किसिमले त्रुटिरहित वित्तिय विवरण तयार गर्ने सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्यको साथै उपयुक्त लेखा नीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि अनुमान गर्ने उत्तरदायित्व समेत पर्दछन् ।

### लेखापरीक्षकको उत्तरदायित्व

व्यवस्थापनले तयार गरेका वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय दिनु हाम्रो उत्तरदायित्व हो ।

हामीले नेपाल लेखापरीक्षणमान तथा अन्य लेखासंग प्रचलन समेतलाई आधार लिई लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तिय विवरणहरु सारभूतरुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण सम्पन्न गरिनु पर्दछ । वित्तिय विवरणमा उल्लेखित रकमहरु र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के जाँच समेत लेखापरीक्षणमा समावेश हुन्छ । व्यवस्थापनले अवलम्बन गरेका प्रमुख लेखा सिद्धान्तहरु एवं तय गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तता एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

## साझा भण्डार सहकारी संस्था लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले **साझा भण्डार सहकारी संस्था लिमिटेड**को यसैसाथ संलग्न, २०७७ आषाढ मसान्तको वासलात सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६।०७७ को नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन, नगद प्रवाह विवरण र वित्तिय विवरणसँग सम्बन्धीत प्रमुख लेखा नीतिहरु तथा टिप्पणीहरुको लेखापरीक्षण सम्पन्न गरेका छौ ।

हाम्रो रायमा, लेखापरीक्षण रायको आधार परिच्छेदमा उल्लेख भएको बुँदा नं १ देखि ९ सम्म उल्लेखित र अन्य नियमनकारी निकायहरुको नियम, निर्देशन पालना सम्बन्धमा उल्लेखित कैफियतको कारणले वित्तिय विवरणमा पर्न सक्ने असर बाहेक प्रस्तुत वित्तिय विवरणले २०७७ आषाढ मसान्तको संस्थाको वित्तिय अवस्था र सोही अवधीमा समाप्त कारोबारको नतिजा, नगद प्रबाह, इक्युटीमा भएको परिवर्तनको उचित एवं यथार्थ चित्रण गर्दछ ।

प्रस्तुत वित्तिय विवरणहरु नेपाल चार्टर्ड एकाउण्टेन्ट्स संस्थाद्धारा जारी गरिएको नेपाल वित्तिय प्रतिवेदन मान (NFRS) अनुरुप तयार भएको नदेखिएकोले सोबाट पर्न जाने वित्तिय प्रभाव यकिन नभएको कारण सो उपर राय व्यक्त गर्न हामी असमर्थ छौ ।

### लेखापरीक्षण रायको आधार

१. संस्थाले चालू सम्पत्ति शीर्षकमा आसामी, पेश्की तथा धरौटी हिसाब अनुसूची ८ अन्तर्गत लिनुपर्ने आसामी बाँकी अन्यमा देखाएको ईन्द्रायणी आयर स्टोर सँग लिनुपर्ने ३८,९४,८१६।३७ र ऋषि एण्ड ब्रदर्श सँग लिनुपर्ने रु.२१,४९,०९०।५९ सहितको रु.६७,८२,०००।००, , आपूर्तिकर्ताबाट लिनुपर्ने रु.१,५८,६५७।८२, ग्राहकबाट लिनु पर्ने रु.१,२५,६५४।३७ र कर्मचारी पेश्की अन्तर्गत देखाएको रु. १८,०९,०९३।२१ विगत वर्षहरु देखि कारोबार नदेखिएको पूरानो रकमको सम्बन्धमा समर्थन पत्र प्राप्त भएको छैन साथै आबश्यक छानबिन गरी उठ्न नसक्ने रकम किटान गरी सोको नोक्सानी व्यवस्था गरेको छैन ।

२. संस्थाले चालू सम्पत्ति शीर्षकमा आसामी, पेश्की तथा धरौटी हिसाब अनुसूचि ८ अन्तर्गत लिनुपर्ने आसामी बाँकी अन्यमा देखाएको लिन बाँकी घरबहाल रु.१८,८७,४९८ सम्बन्धमा विगत वर्षको साधारण सभाबाट ७ वर्ष भित्र आवधिकरुपमा नोक्सानी व्यवस्था कायम गर्दै जाने निर्णय भएको भएतापनि सो सम्बन्धमा हालसम्म कुनै नोक्सानी व्यवस्था कायम गरेको छैन ।

३. चालू दायित्व शीर्षक अन्तर्गतको अनुसूची ३ मा प्रस्तुत खरीद वापत तिर्न बाँकी साहुहरु रु.५०,२७,४४२।६०, अन्य दायित्व तर्फको सण्ड्री क्रेडिटर्स अन्य हिसाब मध्ये रु. २५,२९,०३१।६२ र कर्मचारी दायित्व अन्तर्गत प्रस्तुत रकम रु. ४२,९१,१३०।५४ विगत वर्षहरु देखि कारोबार नदेखिएको पूरानो रकमको सम्बन्धमा समर्थन पत्र प्राप्त गरेको छैन साथै आबश्यक छानबिन गरी तिर्नु पर्ने रकम किटान गरी सोको आम्दानी जनाएको छैन ।

४. मध्यपुर आयल सप्लायर्समा गरिएको लगानी रु. ९,७७,०९१ सम्बन्धमा हामीलाई उपलब्ध गराईएको उक्त फर्मको लेखापरिक्षण भएको वित्तिय विबरणमा सो लगानी बारेमा उल्लेख भएको पाइएन । साथै मध्यपुर आयल सप्लायर्सको आ.व. २०७६।७७ को लेखापरीक्षण भएको वित्तिय विवरणमा उल्लेख भएबमोजिम आयकर पछिको नाफामा श्रोतमा करकट्टी पश्चातको खूद रकम रु.६,५५,०९३।७३ लाई संस्थाले यस वर्ष अन्य व्यवसाय आम्दानी जनाएको छ ।

५. संस्थाले वित्तिय विवरणमा देखाएको बैंक मौज्दात रकम रु. ७,३५,५८४।९४ मध्ये विभिन्न बैंक खातामा रहेको भनि देखाएको मौज्दात रु. २,३१,६३८।१९ मध्ये उक्त बैंकखाताहरुको पछिल्लो विवरण अनुसार जम्मा रु.५६,५४०।०३ मात्र मौज्दात रहेकोले कम भएको मौज्दात रकम रु. १,७५,०९८।१६ सम्बन्धमा कुनै खर्च एवं नोक्सानी व्यवस्था गरेको छैन, साथै उक्त बैंक खाताहरुको सर्मथन पत्र प्राप्त भएको छैन । यसका अतिरिक्त अन्य विभिन्न बैंकहरुमा क्रियाशिल नरहेको खातामा देखाएको मौज्दात रु. ४५,४३५।०३ सम्बन्धमा बैंक खाताहरुको विवरण एवं समर्थनपत्र प्राप्त नभएको र धेरै समय देखि कुनै कारोबार नभएकोले सो मौज्दात रकम यकिन गर्न सकिएन ।

६. स्वयम्भू स्थित पेट्रोल पम्प संचालन सम्बन्धमा श्री मैतिदेवी अटो सेन्टर सँग साझेदारी सम्झौता गरि विगत वर्षमा प्राप्त हुन आएको चालू पुँजी लगानी रकम २७,८०,०००।- सम्झौतामा भएको व्यवस्था बिपरित यस आ.व.मा उक्त कम्पनीलाई फिर्ता भुक्तानी गरिएको छ । साथै सम्झौतामा उक्त पेट्रोल पम्प संचालनबाट आर्थिक वर्षमा भएको करपछिको खुदनाफा हिसाब गरि बितरण गर्ने उल्लेख भएतापनि सो सम्बन्धमा कुनै व्यवस्था गरेको छैन ।

७. संस्थाले श्रम ऐन, २०७४ र योगदानमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम पारिश्रमिक, भत्ता, संचयकोष र उपदान वापतको व्यवस्था गरेको पाइएन ।

८. संस्थाले बोनस ऐन, २०३० बमोजिम कर्मचारी बोनसको व्यवस्था गरेको छैन ।

९. लेखा सम्बन्धित टिप्पणीको बूंदा नं ८मा उल्लेख भए बमोजिम यस आ.व.मा संस्थाले सहकारी ऐन, २०७४ को दफा ६८, ६९ र ७० बमोजिमको जगेडा कोष तथा अन्य कोषमा कुनै रकम बांडफांड गरेको छैन ।

हामीले लेखापरीक्षणको दौरान प्राप्त गरेका प्रमाणहरु हाम्रो रायको लागि पर्याप्त आधार प्रदान गरेको कुरामा हामी विश्वस्त छौ । हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानी सोधनी तथा कैफियत तलब गरेको कुराहरुको जवाफ एवं स्पष्टीकरण सन्तोषजनक पायौं । लेखापरीक्षणको लागि उपलब्ध लेखा, हिसाब किताब र विवरणहरु सन्तोषजनक रहेको र संलग्न वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु संस्थाले राखेको लेखासँग दुरुस्त रहेका छन् । हामीलाई लेखापरीक्षणको सिलसिलामा उपलब्ध गराइएका जानकारी एवं स्पष्टीकरणको आधारमा तथा हामीले गरेको हिसाब किताबको परिक्षणबाट माथि उल्लेख गरिएका कैफियतहरु बाहेक संस्थाको संचालक समिति वा प्रतिनिधि वा कुनै कर्मचारीले कानुन विरुद्ध कामकाज गरेको वा प्रत्यक्ष रुपमा बेहिसाब गरेको वा संस्थालाई हानी नोक्सानी गरेको सूचना हाम्रो जानकारीमा आएन ।

### लेखापरीक्षणका प्रमुख विषय बस्तु (Key Audit Matters)

लेखापरीक्षणको दौरान हाम्रो व्यवसायिक अनुभव र निर्णयको आधारमा अति महत्वका विषय वस्तुलाई लेखापरीक्षणका प्रमुख विषय बस्तु मानि यँहा प्रस्तुत गरिएको छ । उक्त विषय वस्तु सम्बन्धमा व्यवस्थापन सँग छलफल समेत भएको तर व्यवस्थापन सँग गरिएका हरेक छलफलको विषयलाई यँहा प्रस्तुत गर्ने हाम्रो मनासय होइन । हामीले निम्न बमोजिम प्रस्तुत गरेको विषयवस्तुको कारण हाम्रो रायमा कुनै कैफियत राखेका छैनौ र हामीले यस्तो विषयमा छुट्टै राय व्यक्त गरेका छैनौ ।

हाम्रो लेखापरीक्षणको दौरान हामीले जाँच गरेको कागजात प्रमाणको आधारमा हाल संस्थामा विद्यमान संचालक समितिको प्रावधान र संरचना सहकारी नियमावली २०७५ को नियम ७७ मा उल्लेख भए बमोजिम व्यवस्था भएको देखिएन ।

सहकारी ऐन, २०७४, नियमावली २०७५ बमोजिम हाल संस्थाको बिनियम पुर्नलेखन भई मिति २०७७ मंसिर ३० गते मात्र सहकारी विभागबाट स्वीकृत भई आएकोले संचालक समितिको पूर्णताको प्रक्रिया अवलम्बन गरिने जानकारी व्यवस्थापनबाट प्राप्त भएको ।

### व्यवस्थापनको उत्तरदायित्व

नेपाल लेखामान अनुरुप यथार्थ र उचित चित्रण सहितको वित्तिय विवरण तयार एवं प्रस्तुत गर्ने उत्तरदायित्व व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत सारभूत किसिमले त्रुटिरहित वित्तिय विवरण तयार गर्ने सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने कार्यको साथै उपयुक्त लेखा नीतिहरुको छनौट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि अनुमान गर्ने उत्तरदायित्व समेत पर्दछन् ।

संस्थाको अविच्छिन्न संचालन (Going Concern) को निरन्तरता सम्बन्धमा शंका पैदा गर्ने कुनै पनि वस्तुगत अर्निश्चतता बारे यकिन गर्नु व्यवस्थापनको उत्तरदायित्व हो ।

### लेखापरीक्षकको उत्तरदायित्व

व्यवस्थापनले तयार गरेका वित्तिय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय दिनु हाम्रो उत्तरदायित्व हो ।

हामीले नेपाल लेखापरीक्षणमान तथा अन्य लेखासंग प्रचलन समेतलाई आधार लिई लेखापरीक्षण सम्पन्न गरेका छौ । वित्तिय विवरणहरु सारभूतरुपमा गलत आँकडारहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि लेखापरीक्षण मान अनुसार लेखापरीक्षण योजना तयार गरि लेखापरीक्षण सम्पन्न गरिनु पर्दछ । वित्तिय विवरणमा उल्लेखित रकमहरु र खुलाइएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के जाँच समेत लेखापरीक्षणमा समावेश हुन्छ । व्यवस्थापनले अवलम्बन गरेका प्रमुख लेखा सिद्धान्तहरु एवं तय गरिएका महत्वपूर्ण अनुमानहरुको उपयुक्तता एवं वित्तिय विवरण प्रस्तुतिको समग्र स्थितिको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामीले सम्पन्न गरेको संस्थाको वित्तिय विवरणको लेखापरीक्षणको आधारमा संस्थाको अविच्छिन्न संचालन (Going Concern) को निरन्तरता सम्बन्धमा शंका पैदा गर्ने वस्तुगत अनिश्चितताको बारेमा कुनै जानकारी प्राप्त भएको छैन । यद्यपी संस्थाको अविच्छिन्न संचालनको निरन्तरताबारे उत्पन्न हुन सक्ने अनिश्चितताको सम्बन्धमा कुनै किसिमको आश्वसतता दिन सकिदैन ।

माथि उल्लेखित कैफियतहरु बाहेक संस्थाले अन्य नियमनकारी निकायले जारी गरेको निति निर्देशन पालना नगरेको सम्बन्धमा कुनै सूचना हाम्रो जानकारीमा आएन ।

## साझा यातायात, २०७६/७७

**वित्तिय विवरणहरु उपर प्रतिवेदन** (Reports on Financial Statements)

हामीले **साझा यातायात सहकारी संस्था लिमिटेड** को यसै साथ संलग्न वित्तीय विवरणहरुको लेखापरीक्षण गरेका छौं जसमा २०७७ असार ३१ गतेको वासलात र सोही मितिमा समाप्त आर्थिक वर्षको आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण, नगद प्रवाह विवरण तथा महत्वपूर्ण लेखाङ्कन नीतिहरु र अन्य व्याख्यात्मक टिप्पणीहरु समावेश रहेका छन् ।

**वित्तिय विवरणहरु उपर व्यवस्थापन तथा शासकिय व्यवस्था बहन गर्ने अधिकारीको उत्तरदायीत्व (Responsibilities of Management and Those Charged with Governance for Financial Statements)**

नेपाल लेखामान अनुसार यथार्थ र उचित चित्रण गर्ने उल्लेखित वित्तिय विवरणहरु तयार गर्ने तथा तिनको सही प्रस्तुतिकरण गर्ने उत्तरदायित्व संस्थाको व्यवस्थापनमा रहेको छ । यी दायित्व अन्तर्गत: जालसाजी वा त्रुटीबाट हुनसक्ने सारयुक्त रुपमा त्रुटीरहित (free from Material Misstatement) वित्तिय विवरण तयार गर्न तथा प्रस्तुत गर्न आवश्यक आन्तरिक नियन्त्रत्रण प्रणालीको तर्जुमा, कार्यान्वयन र संचालन गर्ने, उपयुक्त लेखानीतिको छनौट एवं प्रयोग तथा परिस्थिति अनुरुप उचित लेखा अनुमान गर्नु पनि समावेश हुन्छन्।

वित्तीय विवरण तयार गर्दा सस्थाको अविछिन्नता (Ability to continue as a Going Concern) यकीन गर्नु र संस्थाको अविछिन्नतासँग सम्बन्धित विषयवस्तुहरु आवश्यकता अनुसार खुलासा गर्नु व्यवस्थापनको उत्तरदायीत्व हो । व्यवस्थापनले संस्थाको खारेजी वा कारोबार बन्द गर्ने मनसाय राखेमा वा यस बाहेकका कुनै बास्तविक विकल्प नरहेको अवस्थामा बाहेक अविछिन्नताको मान्यतामा आधारित लेखाङ्कन पद्धती (Going Concern Basis of Accounting) अपनाउन समेत व्यवस्थापन उत्तरदायी हुन्छ ।

**लेखापरीक्षकको जिम्मेवारी / उत्तरदायीत्व (Auditor's Responsibility for the Audit of Financial Statements)**

लेखापरीक्षणको आधारमा उल्लेखित वित्तीय विवरणहरु उपर मन्तव्य व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षणमान अनुसार लेखापरीक्षण सम्पन्न गरेका छौं । सो लेखापरीक्षणमान अनुसार वित्तीय विवरणहरु सारयुक्त रुपमा त्रुटीपूर्ण प्रस्तुति रहित छ भन्ने कुरामा उचित रुपमा आश्वस्तहुनको लागि लेखापरीक्षण गर्दा नैतिक आवश्यकताको (Ethical Requirement) परिपालना तथा लेखापरीक्षणको योजना तर्जुमा गरी लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ ।

लेखापरीक्षण अन्तर्गत वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलस्त गरिएका कुराहरुको लेखापरीक्षणका प्रमाण प्राप्ति गर्ने कार्यविधिहरु सम्पादन गर्नु पर्दछ । यसरी छनौट गरिएका कार्यविधिहरु लेखापरीक्षकको व्यवसायिक विवेक तथा वित्तीयविवरणहरु सारयुक्त रुपमा जालसाजी वा त्रुटीबाट हुनसक्ने त्रुटीपूर्ण प्रस्तुतिको जोखिम मूल्याङ्कनमा निर्भर हुन्छ । उक्त जोखिम मूल्याङ्कन गर्दा आन्तरिक नियन्त्रत्रण प्रणालीको प्रभावकारीता माथि राय व्यक्त गर्ने उद्देश्यले नभई सो अवस्थामा उपयुक्त हुने लेखापरीक्षण कार्यविधिको तर्जुमा गर्नको लागि लेखापरीक्षकले निकायको वित्तीय विवरणको तयारी र सहि प्रस्तुतिकरणसँग सम्बन्धित आन्तरिक नियन्त्रणको मनन गर्दछ । व्यवस्थापनले प्रयोग गरेको लेखानीतिको उपयुक्तता तथा लेखाअनुमानको औचित्यतको साथै वित्तीय विवरणहरुको समष्टीगत प्रस्तुतिकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ ।

हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**लेखापरीक्षणबाट देखिएको कैफियत सहितको रायको लागी आधार (Basis for qualified Opinion)**

उपर्युक्त आधारमा लेखापरिक्षणबाट निकालिएको प्रमुख कैफियत तथा त्यसबाट वित्तिय विवरणमा परेको परिणात्मक असरहरु निम्न बमोजिम छन्:

१. संस्थाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ बमोजिम कर लाग्ने विज्ञापन सेवाको कारोबारमा कर बीजक जारी गरी मूल्य अभिवृद्धि कर संकलन गर्ने गरेको छैन । संस्थाले २०७६/७७ मा रु.६,५५३,९८२.१२ .बराबरको मूल्य अभिवृद्धि कर लाग्ने विज्ञापन सेवा प्रदान गरेको र सो सेवा बापतको असूल गर्नुपर्ने मूल्य अभिवृद्धि कर रु. ८,५२,०१७.७० असूल गरेको छैन । मूल्य अभिवृद्धि कर बापतको रु.८,५२,०१७।७० र सो मा लाग्ने ब्याज तथा जरिवाना बापत हुने दायित्व हिसाबमा लेखाङ्कन समेत भएको छैन । संस्थाले पछिल्लो लेखा परिक्षण प्रतिवेदमा उल्लेख भएअनुसारको कैफियत पनि सुधार नभएको अवस्थामा रहेको छ ।

२. संस्थाको स्वामित्वमा रहेको जग्गा तथा भवनको एकीकृत सम्पति कर लामो समयदेखि भुक्तानी नगरेको र सो कर लगायत जरिवाना बापत हुने दायित्व हिसाबमा लेखाङ्कन समेत भएको छैन ।

३. संस्थाको असूल गर्नुपर्ने असामी तथा पेश्की अन्तर्गत रु.७,२४६,४१०, कर्मचारी पेश्की अन्तर्गत रु.१,२४६,७९७।- गरी जम्मा रु.८,४९३,२०७।- लामो समयदेखि असूल नभएको र यी रकमहरुको असूली शंकास्पद (Doubtful) देखिएको तर नाफा नोक्सान हिसाबमा खर्च लेखी आवश्यक व्यवस्था (provision) गरेको छैन ।

४. संस्थाको खातामा जिन्सी मौज्दात शीर्षक अन्तर्गत देखिएको रु ८,५०५,६७८।- बराबरको जिन्सी मौज्दात लामो समयदेखि प्रयोगमा नआएको र संस्थाको प्रयोगमा आउने अवस्था समेत नदेखिएको साथै मौज्दातको भौतिक परीक्षण नभएको र प्राविधिक अध्ययनसमेत नभएको पाइयो । आ.ब. २०७६।७७ को वित्तीय विवरणमा सो मौज्दातलाई चालु सम्पति अन्तर्गत प्रस्तुत गरिएको तर उक्त मौज्दातमा हुन सके सम्भावित नोक्सानी बापत नाफा नोक्सान हिसाबमा खर्च लेखी आवश्यक व्यवस्था (provision) गरेको छैन ।

५. श्रम ऐन, २०७४ मा तोकिए बमोजिम संस्थामा कार्यरत कर्मचारीहरुलाई उपदान भुक्तानी नभएको र सो बापतको दायित्व लेखाङ्कन भएको छैन ।

६. संस्थाले नि:शुल्क प्राप्त गरेको जग्गा, भवन र सवारी साधनको पुष्ट्याँइ गर्ने कागजात तथा लेखाङ्कनका आधारहरु उपलब्ध नभएको कारणले स्थिर सम्पति अन्तर्गत लेखाङ्कन भएको जग्गा रु.१७,६६,३६५, भवन रु. १३८,९४३,७५३, र सवारी साधन रु. ३०८,६८९ तथा पूँजीगत जगेडा (स्थगित आय) अन्तर्गत लेखाङ्कन भएको रु.१४१,०१८,८०८ को यकीन गर्न सकिएन ।

७. संस्थाले पछिलो वर्षको खर्च रु.६९७,११६।३६ लाई यस आर्थिक वर्षको खर्चको रुपामा लेखाङ्कन गरेको हुनाले यस आर्थिक वर्षको यर्थात नाफा नोक्सान चित्रण भएको छैन ।

८. संस्थाको आर्थिक वर्ष २०७६।७७ मा निम्न बमोजिम करयोग्य आय रहेको तर संस्थाले कर दायित्व आयकर ऐन बमोजिम व्यवस्था भएको छैन । विवरण निम्न बमोजिम छ :

| विवरण | रकम |
|---|---|
| यस वर्षको कर योग्य मुनाफा | २४८,००४,६०३ |
| आर्थिक वर्ष २०७५।७६ को आय विवरण अनुसार समायोजना योग्य जम्मा नोक्सानी | (९९,९६५,३८०) |
| आयकर ऐन, २०५२ अनुसार अमान्य हुने पछिल्लो आर्थिक वर्षको खर्च | ६९७,११६.३६ |
| आर्थिक वर्ष २०७६।७७ को करयोग्य आय | १४८,७३६,३३९.३६ |
| यस वर्षको कर दायीत्व (२०५) | २९,७४७,२६७.८७ |

९. संस्थाको आर्थिक वर्ष २०७६।७७ मा कर योग्य आय रहेको तर संस्थाले जगेडा तथा कोषहरुको बाँडफाँड आयकर ऐन बमोजिम व्यवस्था भएको छैन ।

१०. संस्थाले आर्थिक वर्ष २०७५।७६ को आयकर विवरणको अनुसूची १० मा रु.१०,१५२,९९३ दावी गर्नु पर्नेमा रु.८,८८७,२५४।३३ मात्र दावी गरेको र फरक रकम रु.१,२६५,७३९ यस आर्थिक वर्षमा आयकर खर्चको रुपमा लेखाङ्कन भएको छ ।

११. संस्थाले लामो समय देखि अल्या हुदै आएको कर्मचारी पेश्की, धरौटी, र बिबिध साहुलाई यस वर्ष विविध खर्च तथा विविध आम्दानीका रुपमा लेखाङ्कन भएको छ । विवरण निम्न छन् ।

| विवरण | रकम | मिलान शीर्षक |
|---|---|---|
| कर्मचारी पेश्की | १३७,८४९ | विविध खर्च |
| ललितपुर नगरपालिका | २७,९०० | विविध आम्दानी |
| प्रधान ईन्जिनियरिङ | १६,००० | विविध आम्दानी |
| विकास बडि वर्कशप | ९,०५६ | विविध आम्दानी |
| विर टेर्डस | ५,८४० | विविध आम्दानी |
| पुरानो विवरण अुसारको धरौटी | १३७,२७७ | टेलिफोन खर्च |
| पि.एस.आई | ५,४०० | विविध आम्दानी |

१२. संस्थाले पि.एस.आईबाट अग्रीम पार्किङ्ग भाडा बापत रु.३७,५०० प्राप्त गरेको तर सो रकमलाई विविध साहू अन्तर्गत लेखाङ्कन गरेको छ ।

१३. संस्था र UNDP सँगको सम्झौता मार्च २०२० मा समाप्त भएको तर सो पछि रु. ६,००,००० प्राप्त भएको र सो रकमलाई यस वर्षको प्राकिङ आम्दानीको रुपमा लेखाङ्कन गरेको छ ।

१४. संस्थाले बैंकबाट प्राप्त भएको रु.१०,७१,७२३।८० र रु.३१,९६,५९४।- अशोक लेल्याण्ड लि.ले बसहरु ढिला उपलब्ध गराएकोले तिरेको जरिवाना शुल्क हो जस्लाई अन्य आम्दानीको रुपमा लेखाङ्कन गरिएको छ ।

साझा यातायातको पत्र (Ref. No. 87/076/77) अनुसार रु.४७,१४,९७६।१५ २० वटा सिटि बसहरु बापत जरिवाना शुल्क र पत्र (Ref. No. 63/075/76) अनुसार रु.४,५०,१२४ बटा डिलक्स बसहरु बापत जरिवाना शुल्क अशोक लेल्याण्ड लि.ले साझा यातायातलाई तिनु पर्ने हो । तर संस्थाले रु.४२,६८,३१७।८० को मात्र लेखाङ्कन गरिएको छ ।

१५. पछिल्लो वर्ष देखाइएको प्रतितपत्र मार्जिन (नेपाल ईन्भेष्टमेन्ट) रु.३,१९६,५९४ र आई. एम.ई. मोटर्स प्रा.लि. रु.३,१९६,५९४ यस आर्थिक वर्षमा मिलान गरिएको छ ।

१६. पछिल्लो वर्षको अग्रिम बीमा महसूल रु. २,९३९,६९५ यस आर्थिक वर्षमा बीमा महसूलको रुपमा लेखाङ्कन भएको छ तर सो बराबरको रकम अग्रिम बीमा महसूलबाट घटनु पर्नेमा बीमा दाबी खाताबाट घटाइएको छ, सो रकम सहित यस वर्ष रु. ४,२३६,९९३ को अग्रिम बीमा महसूल लेखाङ्कन गरिएको छ ।

१७. नेक्सजेन आईटि ईन्टरनेशलन र आरम्भ इनर्जि इलेक्टोनिक्स प्रा.लि बाट यस आर्थिक वर्षमा साझा यातायातको बसहरुमा विज्ञापन गरे बापतको रकम महसुल भएको छैन र सो बापतको अग्रीम आयकर रु.१५०,८८२।- र ३४,७२९।- जम्मा रु. १८५,६११।- पनि संस्थाको नाममा जम्मा नभएको हुनाले यकिन गर्न सकिएन ।

१८. फलानो लुगा प्रा.लि बाट प्राप्त अग्रीम कर कट्टि रु.२४२,८८०।- अग्रीम आयकरका रुपमा लेखाङ्कन गर्नु पर्नेमा फलानो लुगाबाट लिर्नु पर्ने रकममा लेखाङ्कन भएको छ ।

**कैफियत सहितको राय (Qualified Opinion)**

१. हामीलाई दिएको सुचना एवं स्पष्टीकरणको आधारमा हाम्रो रायमा, बुंदा नं. द्ध, ६(च) र ६(छ) मा उल्लेखित विषयको समायोजनबाट वित्तिय विवरणमा पर्न सक्ने असर बाहेक संलग्न वित्तिय विवरणहरुले २०७७ असार मसान्तको साझा यातायात सहकारी संस्था लिमिटेडको वित्तिय अवस्था, र यसको वित्तिय कार्य सम्पादन र सोही मितिमा समाप्त आर्थिक वर्षको नगद प्रवाहको विवरण नेपाल लेखामान बमोजिम भएको उचित रुपमा प्रस्तुत गरेको छ ।

२. हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणका आधारमा देहाय बमोजिमको प्रतिवेदन पेश गर्दछौं ।

क) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधीने कैफियत तलब गरेका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु सन्तोषजनक रुपमा पायौं ।

ख) हाम्रो रायमा सँगलग्न वित्तिय विवरणहरुले "कैफियत सहितको रायको आधार " (Basis for qualified Opinion) अनुच्छेदमा उल्लेख भएका विषयवस्तुले वित्तिय विवरणमा पार्न सक्ने असर बाहेक वासलात, आय विवरण, स्वामित्व अंशमा भएको परिवर्तन विवरण सहकारी ऐन २०७४ तथा सहकारी मापदण्ड

२०६८ बमोजिम तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबसँग दुरुस्त छन् ।

ग) संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलीत कानुन तथा प्रचलन बमोजिम राखेको छ ।

३) संस्थाबाट प्राप्त विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

हामीलाई प्राप्त जानकारी तथा स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा "कैफियत सहितको रायको आधार " (Basis for qualified Opinion) मा उल्लेखित विषय बाहेक सञ्चालक समिति, कुनै सदस्य वा संस्थाका कुनै कर्मचारीले लेखा सम्बन्धि तथा अन्य कानुनी व्यवस्था विरुद्ध कामकाज गरेको वा हानी नोक्सानी पुर्‍याएको, सहकारी विभागले जारी गरेको निर्देशन पालना नगरेको वा संस्था, निक्षेपकर्ता तथा लगानीकर्ताहरुको हक वा सुरक्षा विपरित हुने कुनै काम गरेको पाएनौं ।

## साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड, २०७५/७६

### मन्तव्य

हामीले साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेडको यसै साथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरू(यस पछि समग्रमा वित्तीय विवरणहरु भनिएको ) को लेखा परीक्षण सम्पन्न गरेका छौं ।

हाम्रो रायमा र हाम्रो उत्तम जानकारीमा र हामीलाई दिइएको स्पष्टीकरणहरुको अनुसार कैफियत सहितको राय (Qualified Opinion) दिनुको आधार खण्डले पारेको असर बाहेक माथि उल्लेखित वित्तीय विवरणहरुले, सारभुत रुपमा संस्थाको २०७६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरू नेपाल लेखामान अनुसार उचित रुपमा चित्रण गर्दछन् र सहकारी विभागबाट जारी भएको निर्देशनहरु एवं प्रचलित कानुनहरुको पालना गर्दछन् ।

### मनतव्यको आधार

हामीले हाम्रो लेखापरीक्षण नेपाल लेखापक्षिणमान बमोजिम सम्पन्न गरेका छौं । ती मान बमोजिम हाम्रो जिम्मेवारी यसै प्रतिवेदनको लेखापरीक्षणको वित्तीय विवरणको लेखापरीक्षणमा जिम्मेवारी शीर्षकमा थप व्याख्या गरिएको छ । हामी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको The Handbooks of Code of Ethics for Professional Accountants अनुसार उक्त संस्थासगं स्वतन्त्र छौं र हामीले सो बमोजिमको नैतिक दायित्व / कर्तव्य / जिम्मेवारी पुरा गरेका छौ । हाम्रो लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

### कैफियत सहितको राय (Qualified Opinion) दिनुको आधार

क) वित्तिय विवरणको प्रस्तुती, अन्तिम मौज्दातको मुल्याकंन, स्थीर सम्पतीको लेखांकन र आयको लेखांकन नेपाल लेखामान अनुसार नभएको पाइयो ।

ख) सन्ड्री डेब्टर्स शिर्षक अन्तर्गत रु १५,१५,३४,१२४।३४ रहेको देखिन्छ । संस्थाको वित्तिय विवरणमा दुई दशक भन्दा अघि देखिका आसामीहरु पनि देखियो तर तिनीबाट असूल उपर गर्नेतर्फ प्रभावकारी कदम चालेको पाईएन ।

ग) खरिद अन्तर्गत रु. ६१,५८,४९,२३०।४० रहेको देखिन्छ । सस्थांले औषधि खरिद गर्दा खरिद ऐन तथा नियमावलीको पालना नगरी विभिन्न आपुर्तिकर्ताहरुबाट सम्झैता नगरी सोझै खरिद गरेको पाइयो ।

घ) संस्थाबाट कर्मचारी, विक्रेता तथा विभिन्न संघ संस्थाले लिएको पेश्की बिगत २/३ दशक देखि अल्या हुदै कर्मचारी पेश्की रु १,१३,१२,६५३।५१ र धरौटी रु १७,८४,११२।५७ लिनुपर्नेमा अल्या हुद आइरहेता पनि उक्त रकम अशुलउपर गर्नुपर्ने वा हिसाब मिलान गर्नुपर्ने सम्बन्धमा संचालक समितिले निणय नलिएको देखियो ।

ङ) संस्थाको पेश्की शिर्षकमा विक्री कक्ष काउण्टर ईन्चार्जको नपुग रकम श्री देवी प्रसाद अधिकारीबाट रु ३४,८६,९४०।३९ र श्री दामोदर शर्माबाट रु १०,२८,८११।९८ अशुलउपर गर्नेतर्फ प्रभावकारी कदम चालेको पाईएन ।

च) संस्थाको नागरीक लगानी कोष उपदान व्यवस्था १०,२९,३७,९३३।५९ रहेकोमा रु ४,३८,६३,३८९।९८ मात्र रहेको छ । जुन उपदान व्यवस्था भन्दा रु ५९,०७४,५४३।६१ कम रहेको हुनाले भविष्यमा कर्मचारीलाई उपदान वापतको रकम भूक्तानी संस्थाले गर्न नसकिने जोखिम रहेको देखियो ।

छ) संस्थाले साझा भण्डार, राष्ट्रिय सहकारी संघ, नेपाल वित्तीय सहकारी संस्था लिमिटेड र साझा पसल सेवाहरुमा लगानी गरेको रु १,५१, १०० को प्रमाण संस्था संग नरहेको देखियो ।

## वित्तीय विवरण र लेखापरीक्षकको प्रतिवेदन बाहेक अन्य जानकारी

संस्थाको व्यवस्थापन अन्य जानकारीको तयारीको लागी जिम्मेवार छ । व्यवस्थापनको प्रतिवेदन, सञ्चालक समितिको प्रतिवेदन र अध्यक्षको प्रतिवेदन अन्य जानकारीमा समावेश हुन्छ तर वित्तीय विवरण र हाम्रो लेखापरीक्षण प्रतिवेदन अन्य जानकारी अन्तर्गत पर्दैन ।
वित्तीय विवरणमा हाम्रो रायमा अन्य जानकारी समावेश गरिएको छैन र हामी उक्त जानकारीमा कुनै पनि आश्वासन निष्कर्ष व्यक्त गर्दैनौ ।

वित्तीय विवरणको लेखापरीक्षणको सम्बन्धमा, अन्य जानकारीहरु पढ्नु हाम्रो जिम्मेवारी हो र त्यसो गर्दा उक्त जानकारीहरु वित्तीय विवरणसंग सारभुत रुपमा असंगत छन् वा हाम्रो लेखापरीक्षणको क्रममा प्राप्त गरेको जानकारीसंग असंगत छन् वा अन्यथा देखिन्छन् भन्ने बारे विचार गर्नुपर्दछ ।
यदि हामीले गरेको लेखापरीक्षणको आधारमा उक्त अन्य जानकारीहरु सारभुत रुपमा असंगत छन् भने हामीले उक्त तथ्यलाई रिर्पोट गर्नु आवश्यक छ । हामीसगं यस सम्बन्धमा रिपोर्ट गर्न केही छैन ।

## व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवारी

नेपाल लेखामान अनुरुप यथार्थ र निष्पक्ष चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवमं प्रस्तुत गर्ने तथा चाहे जालसाजी वा गल्तीबाट होस सारभुत किसिमले त्रुटीरहित वित्तीय विवरण तयार गर्ने सम्बन्धि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गर्ने जिम्मेवारी व्यवस्थापानमा रहेको छ ।
वित्तीय विवरण तयार गर्दा संस्थालाई विघटन गर्ने, सञ्चालन बन्द गर्ने वा बन्द गर्नु बाहेक व्यवहारिक वैकल्पिक विकल्प नभएको अवस्थामा बाहेक संस्थाको निरन्तर सञ्चालनका लागी संस्थाको क्षमता मुल्याङकन गर्ने, प्रस्तुत गर्ने र निरन्तर सञ्चालनको आधारमा वित्तीय विवरण तयार गर्ने जिम्मेवारी संस्थाको व्यवस्थापानमा रहेको छ ।
सञ्चालक समिति संस्थाको वित्तीय रिर्पोटिङ प्रक्रियाको निरीक्षणको लागी जिम्मेवारी छ ।

## लेखापरीक्षको वित्तीय विवरणको लेखापरीक्षणमा जिम्मेवारी

हाम्रो उद्देश्यहरु सम्पुर्ण रुपमा वित्तीय विवरण चाहे जालसाजी वा गल्तीबाट होस् सारभूत रुपमा त्रुटीरहित छ कि छैन भन्ने बारे उचित व्यवहारिक आश्वासन प्राप्त गर्नु र हाम्रो राय समावेश गरी लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो । उचित आश्वासन एक उच्च स्तरीय आश्वासन हो । लेखापरीक्षण लेखापक्षिणमान सिद्धान्त अनुरुप गरिएको भएतापनि सारभुत त्रुटीहरु सधै पत्ता लाग्दछन् भन्ने ग्यारेन्टी हुदैन । सारभुत त्रुटीहरु जालसाजी वा त्रुटीबाट उत्पन्न हुन सक्दछन् र त्यी त्रुटीहरु अलग अलग रुपमा वा समग्ररुपमा वित्तीय विवरणको आधार प्रयोगकर्ताहरुले लिने आर्थिक निर्णयहरुलाई प्रभाव पार्न सक्ने अपेक्षा गर्न सकिन्छ ।
नेपाल लेखापक्षिणमान सिद्धान्त अनुरुप लेखापरीक्षणमा हामी पेशागत न्यायको अभ्यास गर्छौं र लेखापरीक्षण दौरान व्यावसायिक सन्देह कायम राख्छौ । क्रमश हामी :

- वित्तीय विवरणमा चाहे जालसाजी वा त्रुटी बाट हुन सक्ने सारभुत गल्तीहरुको जोखिम पहिचान मुल्याङकन गरी, ती जोखिमहरुको लागी उत्तरदायी लेखापरीक्षण प्रक्रियाहरु डिजाइन र अबलम्बन गर्दैछौ । त्रुटीहरु हुने सारभुत गल्तीहरु पत्ता लगाउन भन्दा जालसाजीबाट हुने सारभुत गल्तीहरु पत्ता लगाउन नसक्ने जोखिम अधिक हन्छ किनकी जालसाजी सामुहिक सम्बन्ध, जानाजानी चूक, गलत प्रतिनीधीत्व वा आन्तरिक नियन्त्रण प्रणालिको ओभराइड समावेश हुन सक्छ।
- संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारीतामा राय व्यक्त गर्ने उद्धेश्यका नभई, लेखापरीक्षणको परिस्थितिमा उपयुक्त हुने लेखापरीक्षण प्रक्रियाहरु डिजाइन गर्नका लागि संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गर्दछौ ।

- व्यवस्थापनले प्रयोग गरेका लेखा नीतिहरुको औचित्य मूल्याङ्कन र लेखा अनुमानको व्यावहारिकता तथा लेखा सम्बन्धित खुलासाहरु अध्ययन गर्दछौ ।

हामीले व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवार भएका व्यक्तिहरु मार्फत लेखापरीक्षणको समय तालिका, योजना गरिएको क्षेत्र र महत्वपूर्ण खोजहरु, लगायत संस्थाको आन्तरिक नियन्त्रण विधिमा रहेको कमी कमजोरीहरु जानकारी गरायौं ।

माथी उल्लेख गरिएका कुरा संगै हामीले स्वतन्त्रताको प्रासंसनिक नैतिक आवश्यकताहरु पालना गरेको र हाम्रो स्वतन्त्रतामा बाधा पुऱ्याउने सबै तत्वहरु लेखापरीक्षण गर्ने दौरान आएको खण्डमा व्यवस्थापन तथा सञ्चालक समितिको वित्तीय विवरण प्रति जिम्मेवार भएका व्यक्तिहरुलाई जानकारी गराउनेछौ भन्ने कुराको बयान दियौ ।

**अन्य कानुनी तथा नियमक निकायका आवश्यकता सम्बन्धि प्रतिवेदन**

हामीद्धारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि :

१) हामीले लेखापरीक्षणको सन्दर्भमा आवश्यक ठानी सोधनी गरेका कुराहरुको जवाफ तथा स्पष्टीकरणहरु कैफियत सहितको राय (Qualified Opinion) दिनुको आधारमा लेखिएको बाहेक सन्तोषजनक रुपमा पायौ।

२) संस्थाले कैफियत सहितको राय (Qualified Opinion) दिनुको आधारमा लेखिएको बाहेक आफ्नो कारोबारको यथार्थ स्थिति स्पष्ट हुने गरी लेखा राखेको पायौं ।

३) वासलात, आय विवरण तथा नगद प्रवाह विवरण सहकारी ऐन २०७४ बमोजिम तयार भएका छन् । प्रस्तुत वित्तिय विवरणहरु संस्थाले राखेको हिसाब किताबहरु संग दुरुस्त छन् ।

४) हाम्रो रायमा कैफियत सहितको राय (Qualified Opinion) दिनुको आधारमा लेखिएको बाहेक संस्थाले आफ्नो श्रेस्ता तथा हिसाब किताब प्रचलीत कानुन तथा प्रचलन बमोजिम राखेको छ ।

५) हाम्रो रायमा संस्थाबाट प्राप्त विवरणहरु कैफियत सहितको राय (Qualified Opinion) दिनुको आधारमा लेखिएको बाहेक लेखापरीक्षणका निमित्त पर्याप्त छन् ।

६) हाम्रो रायमा, हामीले प्राप्त गरे सम्मको सुचना, स्पष्टीकरण र संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्दा व्यवस्थापन समिति वा अन्य कुनै कर्मचारीले लेखा सम्बन्धि कानुनी व्यवस्था विरुद्ध काम काज गरेको वा संस्थालाई हानी नोक्सानी पुऱ्याएको वा संस्थाको कोषको हिनामीना गरेको हाम्रो जानकारीमा आएको छैन ।

# वन तथा वातावरण मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, २०७६/७७

#### लेखापरीक्षकको राय

हामीले जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक कम्पनीको वित्तीय विवरणले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

#### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन ,जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **कर्मचारी सुविधाः** उपदान औषधी उपचारमा रु. १५ लाख ६३ हजार २२७ खर्च लेखेको छ। नेपाल लेखामान १९ "कर्मचारी सुविधा" अनुसार अवकाश पछिका सुविधाहरु जस्तै उपदान वापत व्यवस्थाको मूल्याङ्कन गर्दा संस्थाको संगठित विनियमावलीको अधिनमा रही बीमाङ्कीय मूल्याङ्कन गराउनु पर्ने व्यवस्था रहेको छ। यद्दपी संस्थाले संगठित विनियामावली मात्र मध्यनजर गरी त्यस्तो मूल्याङ्कन गरेको पाईयो। लेखामानको तोकेबमोजिम मूल्याङ्कन गराउनु पर्दछ।

३. **जिन्सीः** कम्पनीले वासलातमा जिन्सी मौज्दात रु. १६५,०२६,७५२।४२ रहेको छ। नेपाल लेखामान २, "जिन्सी" अनुसार जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा खुद प्राप्य मूल्य अथवा लागत मुल्य मध्ये जुन कम आउँछ त्यसमा मापन गर्नुपर्ने हुन्छ। यद्दपि यस कम्पनीले जिन्सी मौज्दातको मूल्याङ्कन गर्दा लागत मुल्यमा मात्र मापन गरिएको पाइयो।

४. **ह्रास कट्टीः** ह्रास खर्च यसवर्ष रु. ९७ लाख ५२ हजार ९७० देखिन्छ। नेपाल लेखामान १६ "सम्पत्ति, मेसिन र औजार" अनुसार कुनै पनि सम्पत्ति प्रयोगका लागि उपलब्ध भएपछि सम्पत्तिको ह्रासकट्टी सोहि दिन देखि गरिनुपर्नेछ तर यस जडिबुटी कम्पनीमा सम्पत्ति प्रयोगका लागि उपलब्ध भए तापनि यसको ह्रास कट्टी भने सोहि वर्षमा नगरी नयाँ आर्थिक वर्ष देखि ह्रास कट्टी गरेको पाइयो।

५. **स्थगन करः** नेपाल लेखामान १२ "आय कर" अनुसार सम्पत्ति र दायित्वको करयोग्य आय गणना गर्दा प्रयोग भएका कर आधार तथा वित्तीय विवरणमा प्रस्तुत लेखा आधार बीचको अस्थायी भिन्नतामा स्थगन कर गणना गर्नु पर्ने हुन्छ। यद्दपि यस कम्पनीले माथि उल्लेखित व्यवस्था बमोजिम स्थगन कर गणना गरेको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कम्पनीको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

मुख्य लेखापरीक्षण विषयहरु ती विषयहरु हुन् जुन हालको अवधिको वित्तीय विवरणहरुका लेखा परीक्षणमा सबैभन्दा महत्वपुर्ण छन्। यी विषयहरु हाम्रो लेखा परीक्षणको सन्दर्भमा र राय गठन गर्दा सम्बोधन गरीएको छ। हामी यो मामिलाहरुमा छुट्टै राय प्रदान गर्दैनौं। कैफियत सहितको राय व्यक्त गर्ने आधार बाहेक हामीले यो निर्धारण गरेका छौं कि हाम्रो रिपोर्टमा सञ्चार गर्न कुनै मुख्य लेखापरीक्षणका विषयहरु छैन।

**व्यवस्थापनले महत्व दिनुपर्ने विषयहरु (Emphasis of Matter):**

यस जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड नेपाल सरकार मन्त्रिपरिषदको २०५१।५।१३ को निर्णयानुसार खारेजीमा परेका जडीबुटी फर्म र कार्यालयहरुको मूल्यांकन समितिहरुबाट मूल्यांकन भए बमोजिम जडीबुटी तथ्यांक संकलन कार्यालय महेन्द्रनगरको रु. २०,०१,०८०।८९ जडीबुटी संरक्षण तथा प्रयोगशाला नेपालगंजको रु. ३५,०३,४५३।५८ र जडीबुटी उद्यान तरहराको रु. १,००,५०,२८८।१५ समेत रु.१,५५,५४,८२२।६२ बराबरको जायजेथा बेच विखन गर्न नपाउने शर्तमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडमा नेपाल सरकारको शेयरको रुपमा लगानी गर्ने निर्णय भएकोमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडले मूल्यांकन बमोजिम बुझी भोग चलन गर्दै आई रहेको देखिएको र नेपाल सरकार अर्थ मन्त्रालयबाट समेत हिसाब मिलान गरी महालेखा नियन्त्रक कार्यालयमा विवरण उपलब्ध गराउन पत्राचार गरेको र अर्थ मन्त्रालयको २०७५।१२।४ को सचिव (राजश्व) स्तरी निर्णय बमोजिम नेपाल सरकारबाट सार्वजनिक संस्थानहरुमा शेयर तथा ऋण लगानीको हिसाब भिडानका लागि गठित समितिले समेत अध्ययन गरी नेपाल सरकार मन्त्रिपरिषदबाट भएको निर्णय सम्बन्धी कम्पनीबाट कार्यान्वयन नभएकोले उक्त रकम नेपाल सरकारको नाममा शेयर कायम

नभई हिसाब फरक परेको देखिन्छ भन्ने लेखी आएको थियो। नेपाल सरकार मन्त्रिपरिषदको निर्णयानुसार कार्यान्वयन नगर्दा आर्थिक विवरणमा नेपाल सरकार र कम्पनीको हिसाब फरक परेको छ। नेपाल सरकार मन्त्रिपरिषदको २०५१।५।१३ को निर्णय बमोजिम नेपाल सरकारबाट प्राप्त शेयरको लगानी यस कम्पनीको वासलातमा समेत समाविष्ट गरी हिसाब मिलान गर्न मनासिव हुने देखिएकोले सोही अनुसार कम्पनीको वासलातमा समावेश गर्न सञ्चालक समितिको निर्णय नं. ३७३।१५०५ अनुरुप रकम रु. १,५५,५४,०००।०० अग्रीग शेयर पुँजीको रुपमा वासलातमा समावेश गरिएको छ।

**व्यवस्थापन पत्रः**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कम्पनीको व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कम्पनीको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्बन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कम्पनीलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्म (Going Concern) लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

कम्पनीको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कम्पनीको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

## वित्तीय विवरणको लेखापरीक्षणप्रति लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारणले गहन रुपले गलत प्रदर्शन हुनबाट बञ्चित छन् भन्ने कुराको सम्वन्धमा उचित आश्वस्तता प्राप्त गर्नु र हाम्रो राय संलग्न भएको प्रतिवेदन पेश गर्नु हो। उचित आश्वस्तता भनेको उच्चस्तरको आश्वस्तता भएपनि नेपाल लेखापरीक्षणमानको अधारमा गरिएको लेखापरीक्षणले सम्पूर्ण गलत विवरण पत्ता लगाउँछ भन्ने प्रत्याभुति होइन। गलत विवरण गल्ती वा जालसाँजीको कारणले हुनसक्छ र यदि यस्ता गलत विवरणले वित्तीय विवरणको प्रयोगकर्ताहरुको आर्थिक निर्णयहरु प्रभावित गर्न सक्छन भने त्यस्ता गलत विवरणलाई सारभुत रुपको गलत विवरण मानिन्छ।

नेपाल लेखापरीक्षणमान अनुसारको लेखापरीक्षणको सिलसिलामा हामीले आवश्यक व्यवसायिक निर्णय गर्नुका साथै व्यवसायिक सन्देहको प्रयोग गर्दछौं। साथै हामीले

१. वित्तीय विवरणहरु गल्ती वा जालसाँजीको कारण सारभुत रुपले गलत प्रर्दशन हुन सक्ने जोखिम विश्लेषण गरी आवश्यक लेखापरीक्षण विधिहरु अवलम्बन गर्दै हाम्रो रायको लागि यथोचित आधार प्रदान गर्नको लागि पर्याप्त र उपयुक्त प्रमाण संकलन गर्दछौं। जालसाँजीका कारणबाट हुने गलत विवरण, गल्तीका कारण उत्पन्न हुने गलत विवरण को तुलनामा पत्ता लगाउन गाह्रो हुन्छ।

२. लेखापरीक्षणसँग सम्बन्धित संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको बारेमा जानकारी प्राप्त गरी आवश्यक लेखापरीक्षण विधि तर्जुमा गर्ने। तर आन्तरिक नियन्त्रण प्रणालीको परीक्षणको उद्देश्य सो प्रणालीको प्रभावकारीताको विषयमा राय प्रदान गर्नु होइन।

३. व्यवस्थापनले अवलम्वन गरेका लेखा सिद्धान्त तथा महत्वपूर्ण अनुमानहरु एवम वित्तीय विवरणको प्रस्तुतिको समग्र स्थितिको मुल्याङ्कन गर्नु रहेको हुन्छ।

४. प्राप्त प्रमाणहरुको आधारमा व्यवस्थापनद्वारा लेखापालनको आधारको रुपमा प्रयोग गरेको अविछिन्नताको उपयुक्तताको बारेमा निर्णय गरिन्छ। यदि प्राप्त प्रमाणको आधारमा संस्थाको अविछिन्नताको बारेमा गहन रुपमा अनिश्चितता रहेको देखिएमा सो को बारेमा लेखापरीक्षण प्रतिवेदनमा खुलासा गर्ने वा सो खुलासा अपर्याप्त भएमा परिमार्जित राय प्रदान

गरिन्छ। हाम्रो राय लेखापरीक्षण प्रतिवेदनको मिति सम्म प्राप्त प्रमाणहरुमा आधारीत हुन्छ र भविष्यका घटनाहरुले गर्दा कोष अविछिन्न नरहन सक्छ।

५. वित्तीय विवरणहरुको खुलासा लगायतका समग्र ढांचा, प्रस्तुती तथा विषयको मुल्याङ्कन गरी वित्तीय विवरणहरुले संस्थाका कारोबारहरुको प्रतिनिधित्व गरे नगरेको मुल्याङ्कन गर्नु रहेको हुन्छ।

६. प्रस्तुत वित्तीय विवरणमा हामीले व्यक्त गर्ने रायको लागि वित्तीय विवरणमा प्रदर्शित रकम एवं अन्य विवरणहरु तथा व्यवसायिक कारोबारको पुष्ट्यांई गर्ने पर्याप्त प्रमाण प्राप्त गर्नु रहेको हुन्छ। हामी हाम्रो लेखापरीक्षणलाई आवश्यक दिशा प्रदान गर्दै लेखापरीक्षण कार्य सम्पन्न गर्न जिम्मेवार छौं। साथै हामी हाम्रो रायको लागी पूर्णरुपमा जिम्मेवार छौं।

**कम्पनी ऐन, २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।
२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ।
३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।
४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।
५. संस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## नेपाल वन निगम लिमिटेड, २०७५/७६

### वार्षिक वित्तीय विवरण उपर प्रतिवेदन

हामीले नेपाल वन निगम लिमिटेड (साविक द टिम्वर कर्पोरेशन अफ नेपाल लिमिटेड को २०७६ अषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएका वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

नेपाल लेखामान, सम्बन्धित ऐन, नियम, कानुन अभ्यास अनुरुप यी वित्तीय विवरण तयारी गर्ने एवं उचित रुपमा प्रस्तुतिकरण गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यस्तो जिम्मेवारी अन्तर्गत वित्तीय विवरण जालसाजी, त्रुटी लगायत सारभूत रुपमा गलत आँकडारहित प्रस्तुतिकरण, आवश्यक आन्तरिक नियन्त्रण प्रणाली निरन्तर प्रभावकारी रुपमा कार्यान्वयन हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट तथा कार्यान्वयन गर्ने र आवश्यकता अनुसार उचित लेखा अनुमानहरु लागु गर्ने पर्दछन्।

### लेखापरीक्षकको जिम्मेवारी

हाम्रो जिम्मेवारी प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो। हामीले नेपाल लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनका आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। ती लेखापरीक्षणमान तथा मार्गदर्शन अनुसार व्यवसायिक आचार संहिताको पालना गर्ने र वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडारहित प्रस्तुती भएको छ भन्ने कुरामा यथोचित आश्वस्तता प्रदान गर्ने लेखापरीक्षण योजना तर्जुमा गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन्।

वित्तीय विवरणमा उल्लेखित रकम तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याईका यथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन

गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुनसक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा निकायको आन्तरिक नियन्त्रणको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्राणालीको प्रभावकारीता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने प्रयोजन राखिएको छैन। व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखाअनुमानको उपयुक्तताको साथै वित्तीय विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्नु समेत लेखापरीक्षण अन्तर्गत पर्दछ।

हामीले प्राप्त गरेका प्रमाणहरुले लेखापरीक्षण राय व्यक्त गर्ने सन्दर्भमा पर्याप्त र उपयुक्त आधार प्रदान गर्दछ भन्ने कुरामा हामी विश्वस्त छौं।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारः**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्।

१. निगमले जिन्सी मौज्दात सम्बन्धी कारोबारको उपयुक्त तरिकाबाट तथा समुचित अभिलेख जस्तै भण्डार दाखिला, नेपाल लेखामान २ जिन्सीको प्रावधानहरु अनुरुप बिक्री बिल, माग फारम, जिन्सी खर्च आदिको आधारमा परिमाण तथा लागत परल मोलमा दैनिक कारोबार देखिने गरि लेखांकन नगर्ने तथा सो अभिलेखहरु रित पूर्वक तरिकाले नराख्ने गरेबाट निगमको जिन्सी मौज्दातको लेखांकन तथा अभिलेखहरु विश्वसनीय तथा भरपर्दो नरहेको साथै २०७५/७६ अषाढ मसान्तमा रहेको मौज्दात रकम रु ९,९७,२९,३६७ (परल मोल) मध्ये भौतिक परीक्षण नगरेको मौज्दात रकम रु ९,२१,५५,०४९.०० को यथार्थ स्थिति यकिन गरेको छैन।

२. पेश्की सापटी धरौटी तथा असुल गर्न बाँकी रु. ३,७७,०९,८८७ को नाम सहितको बर्षानुक्रमको विवरण तथा सम्बन्धीत पक्षहरुबाट मौज्दात समर्थन पत्र नलिएकोले सो को असुलीको यथार्थ स्थिति यकिन भएन।

३. कटान मुछ्यान संकलन खर्चको भुत्तानी माग गर्दा डि.व.का कैलालीलाई मिति २०७५।१२।२० मा भ्याट विल जारी नगरी भुक्तानी माग गरिएकाले संस्थालाई भ्याट रकम रु ६,९३,९८६.२७ नोक्सानी भएको देखिन्छ। भुक्तानी गर्नुपर्ने रु. ५,३०,९५,६२१ को नाम सहितको विवरण तथा मौज्दात समर्थन पत्र नरहेकोले उक्त तिर्नु पर्ने रकम तर्फको निगमको दायित्वको यथार्थ स्थिति यकिन भएन।

४. निगमले नेपाल प्रतिवेदनमान १९ अनुसार कर्मचारी को विभिन्न दिर्घकालीन दायित्यहरुको Actuarial Valuation गर्नुपर्ने भएतापनि निगमले कर्मचारिको आ.ब.को अन्त्यसम्मको समयावधिलाई गणना गरी दायीत्व गणना गरिएको पाइयो।

५. निगमले आफ्नो हिसाब किताब र अभिलेखहरु प्रचलित कानुन बमोजिम, संलग्न वासलात, आयविवरण, तथा नगदप्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको तथा बिगत वर्षहरुमा काठ दाउरा तथा अन्य हिसाबमा रु. ८,७६,२०१।४२ हिनामिनाको कारबाहीमा परेका एक जना कर्मचारी बाहेक, संचालक समितिबाट कुनै संचालक वा कर्मचारीले कानुनको प्रावधान विपरीत वा अनियमित कार्य गरेको कुरा हाम्रो जानकारीमा आएन। संलग्न वासलात, आयविवरण तथा नगदप्रवाह विवरण कम्पनी ऐन, २०६३ को प्रावधान अनुसार तयार भएको छ।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले माथि अनुच्छेद ४ मा उल्लेखित व्यहोराले गर्न सक्ने असर बाहेक नेपाल वन निगमको २०७६ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक बर्षको संचालन नतिजा तथा नगद प्रवाहले नेपाल लेखामान बमोजिम सही र यथार्थ चित्रण गर्दछ।

## वन पैदावर बिकास समिति, २०७५/७६

### लेखापरीक्षकको रायः

हामीले वन पैदावर विकास समितिको यसैसाथ संलग्न २०७५।७६ को वार्षिक आर्थिक विवरणमा प्रस्तुत भएका आर्थिक कारोवारको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वार्षिक आर्थिक विवरणले कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक वन पैदावर विकास समितिकोे २०७५।७६ को आर्थिक कारोवारको प्रचलित कानुनबमोजिम सही र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारः

१. समितिको नगद आधारमा लेखा राखिएको छ। समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिने प्रावधान समितिको गठन आदेशमा छ। तर नेपाल सरकारले अपनाएको नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तिय विवरण तयार गरेको छैन।

हामीले नेपाल लेखापरीक्षणमान तथा महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्यसम्पादन गऱ्यौं। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दाियित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ। समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचारसंहिताअनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं

### व्यवस्थापन पत्रः

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरणउपर व्यवस्थापनको जिम्मेबारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी समिति व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ। समितिको व्यवस्थापनको लागि उत्तरदायीपक्षले समितिको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेबारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्ततालेे सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालजासीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूतरुपमा गलत आकँडा मानिएको छ।

## वन पैदावर बिकास समिति, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले वन पैदावर विकास समितिको यसै साथ संलग्न २०७७ असार मसान्तको समष्टिगत आर्थिक विवरणमा प्रस्तुत भएका आर्थिक कारोवारको लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा संलग्न वार्षिक आर्थिक विवरणले कैफियत सहितको राय

व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको २०७७ असार मसान्तको आर्थिक कारोबारको प्रचलित कानुन बमोजिम यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु**

समितिको लेखा नगद आधारित छ। समितिको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको तरिका बमोजिम राखिने प्रावधान समितिको गठन अदेशमा छ। तर नेपाल सरकारले अपनाएको नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरण तयार गरेको छैन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षण बिषयबस्तुहरु** (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेका छैनन्।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा संलग्न व्यस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेवारी समिति व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ। समितिको व्यवस्थापनको लागि उत्तरदायीपक्षले समितिको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# शहरी विकास मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### नगर विकास कोष, २०७६/७७

#### लेखापरीक्षकको राय

हामीले नगर विकास कोषको यसै साथ संलग्न २०७७ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ। हाम्रो रायमा कोषको वित्तीय विवरणले २०७७ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**लेखापरीक्षणका मुख्यमामिलाहरु (Key Audit Matters)**

लेखापरीक्षणका मुख्यमामिलाहरु त्यस्ता व्यहोराहरु हुन् जुन हाम्रो विचारमा यस आर्थिक वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षण कार्यका लागि आधारभूत रहेका छन्। सो आधारभूत विषयहरु वित्तीय विवरणहरुको लेखापरीक्षण कार्य र वित्तीय विवरणहरु उपर लेखापरीक्षकको रायमा समेटिएको हुनाले उक्तविषयहरु उपर हामी छुट्टै रायव्यक्त गर्दैनौं। लेखापरीक्षण सम्बन्धी मुख्य व्यहोराहरु नभएको जानकारी गराउँदछौं।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी कोषको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले कोषको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै कोषलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। कोषको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा कोषको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले कोषको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## राष्ट्रिय आवास कम्पनी लिमिटेड, २०७५/७६

### लेखापरीक्षकको राय

हामीले **राष्ट्रिय आवास कम्पनी लिमिटेड**को यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०७६ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मान -** सरकारी कम्पनीलाई २०७३/७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय रिपोर्टिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७५/७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **नेपाल सरकारलाई बुझाउनु पर्ने भुक्तानी -** नेपाल सरकार र यस कम्पनी बीच भएको सम्झौता अनुरुप फुटकर जग्गा वितरण गर्दा केहि शुल्क लिई जग्गाधनी पुर्जाको लागि सिफारिस उपलब्ध गराउने व्यवस्था गरिएको र उक्त शुल्कबाट हुने आम्दानी रकमको ५० प्रतिशत रकम सरकारको रहने गरि २०५०/९/२२ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएता पनि कम्पनीले हालसम्म नेपाल सरकारलाई बुझाउनु पर्ने रकम रु. १,९८,१४,६८१.३६ भुक्तानी गरेको पाइएन। साथै कम्पनीको खातामा नेपाल सरकारबाट कम्पनीले प्राप्त गर्नुपर्ने मुआब्जा बापतको रकम रु. २,०३,४७,५००.०० लेखांकित रहेको भएतापनि नेपाल सरकार संगको हिसाब मिलान गर्न बाँकी देखिन्छ ।

३. **कम्पनीको जग्गा अतिक्रमण सम्बन्धमा -**कम्पनीको विभिन्न योजना कार्यालय अन्तर्गत रहेका जग्गाहरु (करिब ७३,७६३.४६ वर्ग मि.) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा अतिक्रमणमा परेको देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ । संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेका छौं । हामी विस्वस्त छौं की हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने , कार्यान्वन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवासायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवास्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठिक संग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## राष्ट्रिय आवास कम्पनी लिमिटेड, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले राष्ट्रिय आवास कम्पनी लिमिटेडको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धि लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा संलग्न वित्तीय विवरणहरुले कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित व्यहोराले पार्न सक्ने असर बाहेक राष्ट्रिय आवास कम्पनी लिमिटेडको २०७६ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम सहि र यथार्थ चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मान** - सरकारी कम्पनीलाई २०७३/७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय रिपोर्टिङ रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७५/७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **नेपाल सरकारलाई बुझाउनु पर्ने भुक्तानी** - नेपाल सरकार र यस कम्पनी बीच भएको सम्झौता अनुरुप फुटकर जग्गा वितरण गर्दा केहि शुल्क लिई जग्गाधनी पुर्जाको लागि सिफारिस उपलब्ध गराउने व्यवस्था गरिएको र उक्त शुल्कबाट हुने आम्दानी रकमको ५० प्रतिशत रकम सरकारको रहने गरि २०५०/९/२२ मा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय भएता पनि कम्पनीले हालसम्म नेपाल सरकारलाई बुझाउनु पर्ने रकम रु. १,९८,१४,६८१.३६ भुक्तानी गरेको पाइएन। साथै कम्पनीको खातामा नेपाल सरकारबाट कम्पनीले प्राप्त गर्नुपर्ने मुआब्जा बापतको रकम रु. २,०३,४७,५००.०० लेखांकित रहेको भएतापनि नेपाल सरकार संगको हिसाब मिलान

गर्न बाँकी देखिन्छ।

३. **कम्पनीको जग्गा अतिक्रमण सम्बन्धमा** - कम्पनीको विभिन्न योजना कार्यालय अन्तर्गत रहेका जग्गाहरु (करिब ७३,७६३.४६ वर्ग मि.) विभिन्न व्यक्ति तथा संस्थाहरुद्वारा अतिक्रमणमा परेको देखिन्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेका छौं। हामी विस्वस्त छौं की हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने , कार्यान्वन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवासायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवास्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा

लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**कम्पनी ऐन २०६३ को प्रावधानहरु पालना सम्बन्धि प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठिक संग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धि टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

५. सस्थामा लेखा सम्बन्धि कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

# शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, २०७६/७७

**लेखापरीक्षकको राय**

हामीले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा, यसैसाथ संलग्न वित्तीय विवरणहरुले जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको २०७७ असार मसान्तको वासलातले वित्तीय अवस्था र सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाबले वित्तीय नतिजा र नगद प्रवाहको विवरणले नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

**राय व्यक्त गर्ने आधार**

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मानअनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरीएको छ। लिमिटेडको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धीत आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौ। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौ।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

मूख्य लेखापरीक्षण मामलाहरु भनेको हाम्रो व्यवशायिक निर्णयमा लेखापरीक्षणको क्रममा देखिएका सबैभन्दा बढि प्रभाव राख्ने मामलाहरु रहेका छन। त्यी लेखापरीक्षण मामलाहरुको सम्बन्धमा वित्तिय विवरणको लेखापरीक्षणको क्रममा, लेखापरीक्षकको प्रतिवेदन जारी गर्ने क्रममा उचित सम्बोधन गरिएको छ र त्यी मामलाहरुको सम्बन्धमा हामीले छुट्टै राय प्रस्तुत गरेका छैनौ। प्रत्येक त्यस्ता मामलाहरुको सम्बन्धमा तल प्रस्तुत भए बमोजिमका लेखापरीक्षण विधिहरुको प्रयोग गरी सम्बोधन गरेका छौं। तल प्रस्तुत भएका विधि समेत हाम्रो लेखापरीक्षणको क्रममा प्रयोग भएका विधिहरुले संग्लन वित्तिय विवरण उपर व्यक्त भएको हाम्रो लेखापरीक्षण प्रतिवेदनको आधारको काम गरेका छन।

| मुख्य लेखापरीक्षण मामलाहरु | लेखापरीक्षणको क्रममा उक्त मामलाहरु सम्बोधन गर्नका लागी अपनाईएका तरीकाहरु |
|---|---|
| **व्यापारिक तथा अन्य प्राप्य रकममा भएको क्षयीकरणः** संस्थाको व्यापारिक तथा अन्य प्राप्त गर्नुपर्ने हिसाबमा भएको क्षयीकरणको निरन्तर मूल्याकन गरी व्यवस्था गर्ने परिपाटी सम्बन्धमा। | व्यापारिक तथा अन्य प्राप्य रकममा भएको क्षयीकरणको अध्ययन र उचित रकमको वित्तिय विवरणमा व्यवस्था गर्ने प्रयोजनका लागी ठूला रकमको प्राप्तिको सम्बन्धमा हरेक प्राप्य रकमको वर्षभरिको हिसाब विवरण, नउठने रकमको सम्बन्धमा गरेको व्यवस्थाको प्रयाप्तता र सबै रकमको समर्थन पत्रबाट अध्ययन गरी वित्तिय विवरण उचित रुपमा प्रस्तुत भए नभएको निक्यौल गरिएको छ। |
| **बिक्री आम्दानीः** केन्द्रको सम्पूर्ण बिक्रीको लागी केन्द्रले नै नियुक्त गरेको वितरण प्रतिनिधि मार्फत बिक्री हुने र सम्पूर्ण समान सेवाग्राही सम्म नपुगी बिक्री आम्दानी बाधिने गरिएको सम्बन्धमा। | बिक्री आम्दानीको सम्बन्धमा कम्पनीले लागु गरेको लेखा सिद्धान्त, त्यसको निरन्तरता र व्यवहारिक कार्यान्वयनमा भएको एकरुपतालाई मूल्यांकन गर्दा नेपाल वित्तिय प्रतिवेदनमान बमोजिमको वित्तिय विवरणको लागी प्रयाप्त रहेको यकिन गरीएको छ। |

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी लिमिटेडको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले लिमिटेडको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै लिमिटेडलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। लिमिटेडको व्यवस्थापनको लागि उत्तरदायी पक्षले लिमिटेडको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य कानूनी र नियमहरुको व्यवस्था सम्बन्धमा प्रतिवेदन**

हामीद्वारा सम्पन्न गरिएको लेखापरीक्षणको आधारमा प्रतिवेदन पेश गर्दछौं कि:

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हाम्रो रायमा यो प्रतिवेदनसँग सम्बन्धित असार ३१, २०७७ को संस्थाको वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, एकिकृत आय व्यय हिसाब, इक्यूटीमा भएको परिवर्तनसम्बन्धी विवरण, नगद प्रवाहको विवरण, लेखा सम्बन्धी विवरण र संलग्न अनुसूचीहरु नेपाल वित्तिय प्रतिवेदनमान अनुसार तयार गरिनुका साथै जनक शिक्षाले राखेको हिसाब किताब, वहीखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

३. हाम्रो लेखापरीक्षणको समयमा दिइएको विवरण तथा व्याख्याहरु एवम् जनक शिक्षाको खाताहरुको परीक्षण गर्दा जनक शिक्षाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधी वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन विपरित कुनै कार्य गरेको वा सम्पत्ति हिनामिना गरेको वा हानी नोक्सानी गरे/गराएको हाम्रो जानकारीमा आएन।

४. जनक शिक्षामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, कम्पनीको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

# संचार सूचना प्रविधि मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### गोरखापत्र संस्थान, २०७५/७६

#### लेखापरीक्षकको राय

हामीले गोरखापत्र संस्थानको यसै साथ संलग्न २०७६ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक संस्थानको वित्तीय विवरणले २०७६ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

#### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७५।७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **नेपाल लेखामानको पालनाः** संस्थानले तयार गरेको वित्तीय विवरण तयार गर्दा अपनाएको लेखामानको कार्यान्वयनको अवस्था हेर्दा निम्नअनुसारको कैफियत पाइयो ;

२.१ **वित्तीय विवरणको प्रस्तुतीः** संस्थानको समग्र वित्तीय अवस्था सही र दूरुस्त देखिने अवस्थाको वित्तीय विवरण प्रस्तुत गरिएको छैन। नेपाल लेखामान १ ले तोकेको उपार्जनको आधारमा लेखा राख्नु पर्नेमा उपदान कोष रकमको लागि हाल सम्मको खर्चको व्यवस्था गरिएको छैन जसले गर्दा संस्थानको वित्तीय विवरणमा दर्शाइएको आर्थिक स्थिति सहि नहुने देखिन्छ।

२.२ **जिन्सीः** संस्थानमा २०७५।०७६ को अन्तमा रु.१ करोड १६ लाख ३१ हजारको न्युज प्रिन्ट पेपर, मसि र केमिकल्स लगायतका जिन्सी सामानको रहेको छ। सोको मूल्याङ्कन गर्दा भौतिक परीक्षण गरिएको परिमाणमा बजार मुल्य र लागत मध्ये जून घटी छ सोही रकममा गर्नुपर्ने व्यवस्था भएपनि संस्थानले नेपाल लेखामान २ अनुसार मूल्याङ्कन गरेको पाईएन।

२.३ **सम्पति, जायजेथा तथा उपकरणः** संस्थानले २०७५।०७६ को अन्तमा रहेको रु.१० करोड १ लाख ४४ हजारको स्थिर सम्पतिको मूल्याङ्कन, पूनः मूल्याङ्कन तथा ईम्पेयरमेन्ट एसेट्सको गणना एंव मूल्याङ्कन नेपाल लेखामान १६ अनुसार भएको छैन।

२.४ **स्थगन करः** नेपाल लेखामान ९ को व्यवस्था अनुसार कर आधार र लेखा आधार बीच हुने अस्थायी फरकको कारण सिर्जना हुने स्थगन कर नेपाल लेखामान १२ अनुसार गणना गरी वित्तीय विवरणमा व्यवस्था गरेको छैन।

२.५ **अनुदान लेखाङ्कनः** नेपाल लेखामान २० अनुसार सरकारबाट अनुदान वापत प्राप्त सम्पत्तिलाई स्थिर सम्पत्ती तथा पुँजीगत अनुदान कोषमा लेखाकंन गरि प्रत्येक वर्ष उपरोक्त स्थिर सम्पत्तीको ह्रास रकमलाई स्थिर सम्पत्ती तथा पुँजीगत अनुदान कोषबाट घटाउनुको साथै ह्रास रकमलाई ह्रास खर्च तथा अनुदान आम्दानीमा लेखाङ्कन गर्नुपर्ने

व्यवस्था छ। नेपाल सरकारले संस्थानलाई २०७१।७२ देखी २०७५।७६ सम्म जग्गा, सवारी साधन तथा अफिस उपकरणसमेत रु. १९ करोड ९४ लाख अनुदान प्रदान गरेको छ। संस्थानले सो रकम स्थिर सम्पत्ति तथा पुँजीगत अनुदानमा लेखाङ्कन गरेको छ। सो व्यवस्थानुसार यस वर्षको ह्रास खर्च रु. ९ लाख ३८ हजारलाई पुँजीगत अनुदान कोषबाट नघटाउनु तथा अनुदान आम्दानीमा लेखाङ्कन नगरि ह्रास खर्च मात्र दावी गरिएको छ जुन नेपाल लेखामान २० को प्रावधान विपरित छ। यस यस वर्षसम्म उक्त सम्पतिको ह्रास रकम रु.२८ लाख ७६ हजार रहेको छ।

२.६ **खर्च व्यवस्थाः** अवकास सम्बन्धी व्यवस्थाहरु (उपदान) लेखामानले तोके बमोजिम गणना गरि त्यसको व्यवस्था गरिएको छैन। कर्मचारी उपदान व्यवस्था खर्चमा २०५८ सालसम्म तथा २०७३।७४ देखि २०७५।७६ सम्मको उपदान दायित्व वापत रु. ३४ करोड ८१ लाख १२ हजार व्यवस्था गरिएको पाइयो। २०५९ साल देखि २०७२।७३ सम्मको उपदान दायित्व वापत रकमको नेपाल लेखामान ३७ अनुसार व्यवस्था गरिएका छैन।

३. **संस्थाको निरन्तरताः** यस सम्बन्धी देखिएका व्यहोराहरु देहायअनुसार रहेका छन।

३.१ **शंकास्पद असामीको व्यवस्थाः** यस वर्षको अन्त्यमा विविध असामीअन्तर्गत कुल लिनुपर्ने रु. ३१ करोड ८१ लाख ९४ हजार रहेकोमा शंकास्पद असामीको लागि व्यवस्था रु. ७९ लाख ७ हजार न्युन गर्दा खुद असामी रु. ३१ करोड २ लाख ८६ हजार रहेको देखिन्छ। असुल हुने सम्भावना न्युन भएका शंकास्पद असामी वापतको पर्याप्त व्यवस्था भएको देखिएन र सो बापत व्यवस्था गर्दा संस्थानको नाफा अझ घट्न जान्छ। यसले गर्दा संस्थानको निरन्तरतामा समेत गम्भिर असर पर्ने देखिन्छ।

३.२ **कर्मचारी खर्च अनुपातः** संस्थानको २०७५।७६ को कर्मचारी सम्बन्धी खर्चलाई विश्लेषण गर्दा, कुल प्रत्यक्ष आम्दानी रु. ५६ करोड ४५ हजार रहेको देखिन्छ भने कुल कर्मचारी सम्बन्धी खर्च रु. ४० करोड ४६ लाख ३ हजार जुन कुल प्रत्यक्ष आम्दानीको ७२.२४ प्रतिशत हुन आउँछ। यस बाहेक संस्थानले कर्मचारीको उपदान कोष वापतको पाउने रकमको लागि उपार्जनको आधारमा व्यवस्था गरेमा संस्थानले हाल आर्जन गरेको आम्दानीको तुलनामा कर्मचारी खर्च अझ बढ्ने देखिन्छ।

४. **बैङ्क हिसाब मिलानः** बैङ्क हिसाब भिडान समयमा गर्ने नगरेको तथा हिसाब समायोजन अध्यावधिक गर्ने गरेको पाइएन। साथै नगद शाखाबाट प्राप्त बैंक हिसाब मिलानको अवलोकन गर्दा २०६६ साल देखि समायोजन गर्नुपर्ने कारोवारहरु रु. ३ करोड ८६ लाख ८ हजार समायोजन नहुनुले पनि संस्थानको आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ।

५. **मौज्दात समर्थन पत्रः** संस्थाले २०७६ असार मसान्तमा रहेको विविध असामी रु. ३१ करोड ८१ लाख ९४ हजारको सम्बन्धित पार्टीहरुबाट मौज्दात समर्थन नलिएकोले सोको असूलीको स्थिति यकिन गर्न सकिएन। विभिन्न पार्टीहरुसंग असूल गर्नुपर्ने रकम शंकास्पद देखिएता पनि शंकास्पद असामी वापत पर्याप्त व्यवस्था नगरेकोले नेपाल लेखामानको पालना नभएको पाइयो।संस्थानमा लिनुपर्ने र दिनुपर्ने पार्टिहरुको (असामी र साहुहरुसँग) समर्थन पत्र लिने अभ्यास गरेको छैन। जसले गर्दा संस्थानको हिसाबमा देखाईएका साहू तथा असामीहरुको विवरण यथार्थपरक रहे नरहेको यकिन गर्न सक्ने अवस्था छैन।त्यस्तै, चालु दायित्व रु. २२ करोड ८८ लाख २७ हजारको सम्बन्धित पक्षहरुबाट २०७६ असार मसान्तको मौज्दात समर्थन पत्र नलिएकोले सो प्रतिको दायित्वको स्थिति यकिन गर्न सकिएन।

६. **स्थीर सम्पत्तिको लेखाङ्कन तथा मूल्याङ्कनः** स्थीर सम्पत्ति रजिष्टरमा सम्पत्तिको विस्तृत विवरण, सम्पत्तिको हालको अवस्था आदि उल्लेख गर्ने नगरिएको, काम नलाग्ने वा टुटफुट वा बेकम्मा भई प्रयोगमा नरहेको स्थिर सम्पत्ति वा लिलाम बिक्री गर्न योग्य स्थिर सम्पत्तिको प्राप्त हुन सक्ने मोलको विवरण लेखापरीक्षणको लागि उपलब्ध नरहेको तथा उक्त सम्पत्तिहरुको गुणस्तर र मोलमा भएको क्षयको रकम समेत कट्टी गर्ने व्यवस्था नगरेकोले नेपाल लेखामान—१८ सम्पत्तिको क्षयको प्रावधानसमेत पालना भएको देखिएन। संस्थान परीसरमा रु.७ लाख ४३ हजार परीमाणको सम्पत्ति काम नलाग्ने अवस्थामा रहेकोमा लिलाम बिक्री तथा आवश्यक मर्मत पश्चात पूनः प्रयोगमा

ल्याउँनका लागि पहल भएको देखिएन।भौतिक परीक्षणका क्रममा रु.१० लाख १७ हजार को विभिन्न शाखामा रहेका सामानहरु भेटिएन। यस्ता नभेटिएका सम्पतिको समयओजन गरिएको छैन।

७. **सम्पत्तीको स्वामित्व तथा संरक्षणः** आफ्नो स्वामित्वमा रहेको जग्गा भोगचलन गर्नुपर्नेमा संस्थानको बिराटनगर मोरङ कन्चनबारिमा रहेको ७ कट्ठा १७ धुर जग्गामा स्थानियले सार्बजनिक बाटो निर्माण गरेको छ। हाल संस्थानले सो जग्गा उपायोग गर्न पाएको छैन।

८. **दीर्घकालीन ऋणः** संस्थानले हाल सम्म सम्झौता बमोजिम भाका नाँघेको २ वटा ऋणको साँवा तथा ब्याज नेपाल सरकारलाई भुक्तानी गरेको देखिदैन। उक्त ऋण रकममा तिर्नुपर्ने व्याजको व्यवस्था गरेको भएतापनि सम्झौता अनुसार रु. ५ करोड साँवा तथा सोको व्याज रु. ३ करोड ८४ लाख ६५ हजार, रु. २ करोड साँवा तथा सोको व्याज रु. १ करोड ४१ लाख १२ हजार तिर्नु पर्ने दायित्व रहको छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ।संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

मुख्य लेखापरीक्षण मामिला ती विषयहरू हुन् जुन हाम्रो निर्णयमा हालको अवधिको वित्तीय विवरणहरूको लेखा परीक्षणमा सबैभन्दा महत्त्वपूर्ण थियो। यी मामिलाहरू हाम्रो लेखा परीक्षणको गर्ने सन्दर्भमा र हाम्रो राय व्यक्त गर्दा सम्बोधन गरिएको छ। हामी यी मामिलाहरूमा एक अलग राय प्रदान गर्दैनौं। माथि लेखापरीक्षण राय व्यक्त गर्ने आधारमा औल्याईएका कैफियतहरु बाहेक हाम्रो निम्नलिखित मुख्य लेखापरिक्षण मामिलाहरू छन्।

| मुख्य लेखापरीक्षण मामिलाहरु | लेखापरीक्षणमा सम्बोधन गरिएको व्यहोरा |
|---|---|
| **आय लेखाकंनः** संस्थानले आम्दानि लेखाङ्कन गर्दा बिभिन्न बर्ग जस्तै सरकारी बिज्ञापन, संघसंस्थाको बिज्ञापन, एजेंसीको बिज्ञापन र पत्रपत्रिका बिक्रीतर्फ बिक्री एजेंसीहरु, खुद्र बिक्री आदि छुट्टै लेखाङ्कन गर्ने गरिएको छ। बिज्ञापनतर्फ आम्दानि लेखाङ्कन गर्दा पहिला बिज्ञापन शाखामा बिज्ञापनको बिबरण आउछ र त्यो शाखाले उक्त बिज्ञापन छाप्नको लागि पठाउछ। बिज्ञापन छापी सकेपछी त्यसको बिबरण र एउटा बिज्ञापनको प्रतिलिपिसमेत राखी आय बिभागमा बिलिङ्गको लागि पठाउँछ। साथै पत्रपत्रिका बिक्रीतर्फ पत्रपत्रिका बिक्रीको बिबरण व्यापार शसाखाले दैनिक रुपमा आय बिभाग लाई पठाउँछ। आय बिभागले हारथी बिलिङ्ग सफ्टवेरमा सोको विवरण राखी बिल जारि गर्छ।<br>हाम्रो बिचारमा आम्दानी एउटा मुख्य लेखापरीक्षण मामिला हो किनकी आम्दानी वित्तीय बिवरणको लागि महत्वपूर्ण छ र आम्दानी लेखाङ्कन गर्दा म्यानुअल प्रणालीको धेरै पर्योग गरिएकोले गल्तिहरु हुन् सक्छन। | हामीले आम्दानिको लेखापरीक्षण गर्दा संस्थानले लागु गरेको आन्तरिक नियन्त्रण प्रणालीलाई मूल्याङ्कन गर्यौं र त्यसको प्रभावकारीताको बारेमा मूल्याङ्कन गर्यौं। हामीले आर्थिक वर्षभरि भएको आम्दानीमध्ये नमुना संकलन गरी सोको मूल्याङ्कन गर्यौः जस्तै, बिज्ञापनतर्फ बिज्ञापन छाप्दा प्रचलित कानुन र संस्थानको बिज्ञापन निर्देशिकालाई मध्येनजर गरिएको छ/छैन, छापिएको बिज्ञापनको बिलिङ्ग संस्थानले तय गरेको दर आनुसार छ/छैन र बिज्ञापनको आकार हेरी त्यसको बिलिङ्ग सहि भएको छ/छैन। त्यस्तै नमुना पत्रपत्रिका लिई त्यसमा छापिएका बिज्ञापनको बिलिङ्ग भएको छ।छैन भनेर मूल्याङ्कन गर्यौं। संस्थानले लेखाङ्कन गर्न म्यानुअल प्रणाली प्रयोग गरेको हुँदा नियन्त्रण जोखिम हुने सम्भावन छ। |
| **संस्थाको निरन्तरताः** संस्थान प्रतिकुल परिस्थितिबाट गुज्री रहेको छ। संस्थानको प्रशासकिय र लागत खर्च बढी रहँदा त्यसको अनुपातमा आम्दानी गत केहि वर्ष हरुमा घट्दो क्रममा छ। यसले गर्दा संस्थानको निरन्तरतामा समेत गम्भिर असर पर्ने देखिन्छ। | हामीले संस्थानको निरन्तरता हुने/नहुने सम्बन्धमा संस्थानको वित्तीय विश्लेषण गर्यौं। संस्थानको आम्दानी र नेटवर्थ गत केहि वर्ष देखि घट्दै जानु संस्थानको आम्दानीले खर्चसमेत धान्न गाह्रो पर्ने जस्ता आधारहरुले संस्थानको निरन्तरतामा गम्भीर असर पर्ने देखिन्छ। संस्थानको निरन्तरता हुने/नहुने सम्बन्धमा गरिएका केहि वित्तीय विश्लेषणका कैफियातहरु राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख गरिएका छन्। |

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी संस्थानको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले संस्थानको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै संस्थानलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। संस्थानको व्यवस्थापनको लागि उत्तरदायी पक्षले संस्थानको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा उद्योगको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले उद्योगको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**संस्थान ऐन, २०२१ को प्रावधानहरु पालना सम्बन्धी प्रतिवेदन**

१. हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टीकरण र जवाफ पाएका छौं।

२. हामीले लेखापरीक्षण गरेका श्रेस्ताहरुको आधारमा हाम्रो रायमा संस्थाको हिसाब किताब सम्बन्धित ऐन बमोजिम माथि कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेखित वाहेक ठीकसँग राखिएको छ।

३. हाम्रो रायमा यो प्रतिबेदनसँग सम्बन्धित संलग्न वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरु संस्थाले राखेको हिसाब किताब, वहिखाता श्रेस्ता र लेखासँग दुरुस्त रहेका छन्।

४. हाम्रो लेखापरीक्षणको समयमा दिइएको सुचना एवं स्पष्टीकरणका आधारमा एवं संस्थाको खाताहरुको परीक्षण गर्दा माथि सस्थाको संचालक समिति वा त्यसको सदस्यहरु वा कुनै प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानुन बिपरित कुनै कार्य गरेको वा सस्थाको सम्पति हिनामिना गरेको वा सस्थाको हानि नोक्सानी गरेको देखिएन।

५. संस्थामा लेखा सम्बन्धी कुनै जालसाजी भएको, उद्योगको श्रेस्ता र लेखापरीक्षणबाट हाम्रो जानकारीमा आएन।

## नेपाल टेलिभिजन, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल टेलिभिजनको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक नेपाल टेलिभिजनको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। नेपाल टेलिभिजनको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त

गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी नेपाल टेलिभिजनको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले नेपाल टेलिभिजनको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, नेपाल टेलिभिजनलाई लिक्विडेट गर्न वा संचालन/बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

नेपाल टेलिभिजनको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै, वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## प्रेस काउन्सिल नेपाल, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले प्रेस काउन्सिल नेपालको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धि विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक काउन्सिलको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

२. **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल चाटर्ड एकाउन्टेन्टस संस्थाले आर्थिक वर्ष २०७३।७४ बाट नेपाल सरकारको स्वामित्व भएका संस्थाहरुलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ। यद्यपि संलग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनूसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

३. **स्थिर सम्पत्ति लेखाङ्कनः** नेपाल लेखामान १६, अनुसार कुनै पनि स्थिर सम्पत्ति खरिद गर्दा खरिद मुल्य, जडान खर्च, परिवाहन खर्च र अन्य खरिद सम्बन्धि खर्चलाई स्थिर सम्पत्ति मूल्याङ्कन गर्नुपर्ने र सो अनुरुप जम्मा रकमलाई स्थिर सम्पत्ति देखाइ हरेक वर्ष ह्रास कट्टी गर्नुपर्ने हुन्छ। काउन्सिलले मिति २०७७।३।२८ गते साउर्थन बिजनेस हाउस प्राईभेट लिमिटेडबाट जम्मा रु. २,८२,८९४।३७ मा सि.सि.टि.भि क्यामरा खरिद गरी जडान गरेको र सो बीजक मध्ये रु. १०९,५१८।०८ लाई स्थिर सम्पत्ति र रु. १७३,३७९।- लाई कार्यालयको खर्चमा लेखाङकन गरेको पाइयो।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। काउन्सिलको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### लेखापरीक्षणको मुख्य विषयहरु

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

**व्यवस्थापन पत्रः**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी काउन्सिलको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले काउन्सिलको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै, काउन्सिललाई लिक्विडेट गर्न वा संचालन/बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

काउन्सिलको व्यवस्थापनको लागि उत्तरदायी पक्षले कोषको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडा सहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै, वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## राष्ट्रिय समाचार समिति, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले राष्ट्रिय समाचार समितिको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलत, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको आयव्यय विवरण, नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **जग्गाको लालपुर्जाः** राष्ट्रिय समाचार समितिले भोग चलन गर्दै रहेको जग्गाहरुको लालपुर्जा प्राप्त नगरेकोले निम्नानुसार जग्गा उपर समितिको कानुनी अधिकार नरहने हुँदा सम्बन्धित सरकारी कार्यालयमा समन्वय गरी कानुनी हक कायम गर्नु पर्ने देखिन्छ।

| सि.नं | जग्गा रहेको स्थान (लालपुर्जा नभएको) | कित्ता नं | क्षेत्रफल |
|---|---|---|---|
| १ | सप्तरी राजविराज | | ०—१—२ कट्ठा |
| २ | रुपन्देही वुटवल—६ | ५९,४८१ | ०—१—१९ कट्ठा |
| ३ | कैलाली धनगढी—४ | २३३ | ०—२—० कट्ठा |

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। राष्ट्रिय समाचार समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

### मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेका छैनन्।

### व्यवस्थापन पत्र

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

### वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धि आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै समितिलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले समितिको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

### वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# नेपाल सरकारको अधिकांश स्वामित्व भएका संस्थाहरु

## नेपाल दुरसञ्चार कम्पनी लिमिटेड, २०७६/७७

**QUALIFIED OPINION**

We have audited the Financial Statements of Nepal Doorsanchar Company Limited ("Nepal Telecom"/"the Company"), which comprise the Statement of Financial Position as at Ashadh 31, 2077 (July 15, 2020), and the Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity and Statement of Cash Flows for the year then ended, and Notes to the Financial Statements, including a Summary of Significant Accounting Policies.

In our opinion, except for the effects of the matter described in the *Basis for Qualified Opinion* section of our report, the accompanying Financial Statements read with the significant accounting policies and explanatory notes present fairly, in all material respects, the financial position of the Company as at 31 Ashadh, 2077 (15 July 2020), and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.

**BASIS FOR QUALIFIED OPINION**

a. **Capitalisation and Property Plant & Equipment**

i. The company has practice of capitalizing assets based on "*available for use" basis.* Total 2367 sites were on air - available for use on or before 31 Ashad 2077. Based on this, the company has capitalized 4G/LTE equipments (1932 sites) amounting to NPR 4,379,351,700 of which 1169 sites amounting to NPR 2,850,474,925 based on provisional acceptance certificates and 763 sites amounting to NPR 1,528,876,775 without obtaining required documents for capitalizations like testing acceptance certificates, work completion reports and statement of expenses including invoices incurred impacting the cost of each asset capitalized and depreciation charged.

ii. Additional 435 sites were on air - available for use on or before 31 Ashad 2077, have not been capitalized thereby overstating CWIP and understating fixed assets and Depreciation on the same.

iii. Other projects totaling of NPR 1,587,131,115 has been capitalized on 1 Shrawan 2076 without obtaining required documents for capitalizations like testing acceptance certificates, work completion reports and statement of expenses including invoices incurred for each project/asset impacting the cost of each asset capitalized and depreciation charged.

b. **Capital Work in Progress (CWIP)**

CWIP includes capital equipments /inventories balance on balance date amounting to NPR 5,604,599,772 imported in the name of company as per terms of contract with vendors in case of turnkey project which were in custody /warehouse of the vendor for the purpose of getting used in installation or construction. These capital inventories are subject to confirmation from vendors to ensure their existence and value on the balance date.

c. **Bonus paid and income tax expenses**

Provision for bonus of NPR 465,311,200 was made in the Audited Financial Statements for FY 2074/75, duly approved by the annual general meeting on Poush 30, 2075. When payment was made in FY 2076/77, the same was recalculated based on amendment in Section 7 of Bonus Act 2030 dated 2075/11/19 and additional bonus of NPR 478,677,416 has been paid to staff for the year 2074/75 which has been charged to statement of changes in equity as prior period expenses thereby reducing the retained earnings. Approval of Ministry of Communication and Information Technology and Ministry of Finance has been taken vide their letters dated 2076/6/6 (*ref 076/77/sa sa 12-91*) and 2076/5/31 (*ref 162)* respectively. This payment has been claimed as deductible expense in the year of payment where no provision was made in the financial statements. Based on its nature of non-deductibility, income tax expense has been understated by NPR 86,963,908 and net profit for the year has been overstated to that extent.

d. **Investment in 4G/LTE Network**:

The Company has made significant decision/investment to bring into operation nationwide 4G/LTE network, to strengthen and expand its business that is entirely dependent on successful completion of the project within the agreed time and quality. Separate contracts have been signed for Core, Radio Access Network (RAN) I and II totaling NPR 19.68 billion (NPR equivalent) excluding duties and taxes, for which purchase orders as per contract have been issued on different dates. The project was initially scheduled to be completed in 12 months (February 2020), however no decision has been taken on such delays and revised timeline. Delay in project completion has significant impact on the business and revenue generation of the company.

We have conducted our audit in accordance with Nepal Standards on Auditing (NSAs). Our responsibilities under those standards are further described in the *Auditors Responsibilities for the Audit of the Financial Statements* section of our Report. We are independent of the Company in accordance with the ICAN's *Handbook of Code of Ethics for Professional Accountants* together with ethical requirements that are relevant to our audit of the financial statements and we have fulfilled our other ethical responsibilities and ICAN's *Handbook of Code of Ethics for Professional Accountants.* We believe that the audit evidence we have obtained is sufficient and appropriate to provide a basis for our qualified opinion.

**EMPHASIS OF MATTERS**

a. **Impact of COVID 19**: We draw attention to the uncertainties resulted due to outbreak of COVID 19. The Government of Nepal initiated nationwide lockdown from March 24 2020 which has led to significant decline and volatility in the local economic activities. The company has carried out impact assessment of Covid 19 pandemic identifying its impact on the business - both financial and strategic. In view of these uncertainties, the impact of the company's result is significantly dependent on future developments.

b. **GSM renewal fees**: We draw the attention to Note 24.2 Current taxes where the company has made provision for third GSM renewal fees incurred for FY 2076/77 amounting to NPR 4 billion based on past obligation without claiming such expenses for income tax purpose. The decision of the company to claim GSM renewal fees as and when such liability is confirmed and payment is made, has significant impact on current tax and deferred taxes.

Our opinion is not modified in respect of these matters.

**OTHER MATTERS**

a. **Insurance and Risk Management**: The Company has book value of Property Plant and Equipment excluding land and motor vehicles at balance date of NPR 24.84 billion, of which assets worth NPR 7.67 billion only have been insured against fire and earthquake risks only. All the inventories of the Company are not insured at all. The risk management system including the data and system security are not adequate.

b. **Compliance of Acts/Regulations:** The Company has not complied with the provisions of Labor Act, 2074 and Labor Regulation, 2075 relating to contractual employees, Labor audit and requirements of Social Security Act 2075; Bonus Act and Regulations relating to maintenance and operation of Employees Welfare Fund and Interconnection Guidelines 2076 relating to international and domestic usage charges.

**KEY AUDIT MATTERS**

Key audit matters are those matters that, in our professional judgment, were of most significance in audit of the financial statements. These matters were addressed in the context of our audit of the financial statements as a whole, and in forming our opinion thereon, but we do not provide a separate opinion on these matters. For each matter below, our description of how our audit addressed the matter is provided in that context. The results of our audit procedures, including the procedures performed to address the matters below, provide the basis for our audit opinion on the accompanying financial statements.

| Key Audit Matter | How our audit addressed the matter |
|---|---|
| **Revenue Recognition**<br><br>The Company has used billing system which capture, values and records the revenue data generated from various software, which are heavily reliant on IT systems with processes and controls over the transactions.<br><br>The complexity of the billing systems with multiple software used, was also considered as part of the reliance on automated processes and controls.<br><br>We considered revenue recognition as key audit matter as the amount involved is material to the financial statements and due to complexity of the system, processes and product /services used to record revenue.<br><br>Disclosures relating to revenue recognition can be found at note 14. | We evaluated the design and operating effectiveness of key controls over the capture and measurement of revenue transactions across all significant revenue streams, including evaluating the relevant IT systems with supporting evidence such as service detail records and evidence of customer payment.<br><br>We obtained understanding of nature of various services provided by the company comprising prepaid, postpaid, international and fixed line services.<br><br>The accuracy and completeness of revenue amounts recorded is an inherent risk. Our audit procedures included amongst the following:<br><br>- System recorded transactions: real time test of recording of transactions in the system, subsequently recorded to accounting system. Information are processed in a separate directorate independent of accounting directorate resulting in additional control overbilled records and accounted records<br><br>- Manual control over transactions: testing the design and implementation of various operating effectiveness of manual control over initiation, authorisation, and testing of revenue transactions. These included testing of tariff rates, packages, treatment related to discounts and recording to ERP including major contracts<br><br>- Performing substantive testing including analytical procedures over major streams of revenue generation |

| | |
|---|---|
| | - Testing of manual journal entries and end to end reconciliation from data records to billing systems and accounting ledgers.<br>- Testing the delivery of goods and service rendered for recording of revenue from advance/deposits received.<br><br>Based on the result of the sample testing and mix use of manual and automated controls that are in place, we have relied on the information generated by the system and process followed by the Company for revenue recognition. |
| **Information Technology (IT) System and Controls**<br><br>The Company uses several IT/ software systems with or without integrating with ERP system for management of its business operations. A significant part of the company's financial processes are heavily reliant on IT systems with automated processes and controls over the capturing, valuing and recording of transactions and manual interventions on the same as well while recording the data into ERP. This is a key part of our audit because of the complex IT environment supporting the business processes; mix of manual and automated controls; multiple internal and outsourced support arrangements; and complexity of the billing systems which result in revenue being recognised. | We assessed the manual and automated controls relating to IT systems relevant to financial reporting, including the recognition of revenue.<br><br>While separate IS audit is yet to be carried out, we tested a sample of automated controls that are designed to enforce appropriate segregation of duties, roles and controls. This included assessing the design of relevant automated processes and controls.<br><br>We reviewed a sample of the financial information produced by various systems, recording in ERP and reporting.<br><br>We evaluated the effectiveness of the controls in the systems. |
| **Impairment**<br><br>The assets owned by the company include property plant and equipment and other assets. Given the dynamic nature of the industry in which the company operates, there is a risk that there could be material impairment to intangible asset, investments and other assets. Determination as to whether or not there is an impairment relating to an asset or Cash Generating Unit (CGU) involves significant judgment about the future cash flows and plans for these assets and CGUs. | We reviewed the policies and process of impairment of each class of assets.<br><br>We assessed the determination of cash generating units (CGU) used for their impairment assessment and for Wimax and CDMA in particular to assess the impairment models and evaluate the reasonableness of key assumptions including discount rate, growth rates and forecast growth assumptions. We also performed sensitivity analysis around the key drivers of the cash flow projections, including any potential impact of the COVID-19 pandemic.<br><br>We reviewed the impairment matrix prepared for expected losses mainly for accounts receivable and inventories as per the policies.<br><br>We tested the adequacy of impairment on investments, receivables and other assets including PPE of the company.<br><br>We reviewed the impairment of all significant class of assets, basis and adequacy including reversals. |
| **Fair Value Measurement**<br><br>The Company has investment in shares and debentures which are measured on fair value. Similarly property plant and equipment mainly land and buildings and other assets have been reassessed by the management - technical experts of the company which was independently valued previous year. The company categorises assets or liabilities carried on the reporting date at fair value using a three level hierarchy. Determination of fair value is based on a high degree of judgment and input from data that is not directly observable in the market. Further, the fair value is significantly influenced by the expected pattern of future benefits of the tangible assets. | We reviewed the basis and categorization of assets or liabilities carried on the reporting date at fair value using a three level hierarchy including key assumptions around discounted cash flow to estimate fair value.<br><br>We reviewed land and building reassessment reports obtained by the management by involvement of committee and experts. We assessed the methodology and the assumptions applied in determining the fair value. We have assessed the objectivity, independence and competence of the specialists involved in the process.<br><br>We assessed the adequacy of disclosure in Note 10 and Note 8 in the financial statements. |

**INFORMATION OTHER THAN THE FINANCIAL STATEMENTS AND AUDITOR'S REPORT THEREON**

The Company's Management is responsible for the preparation of the other information. The other information comprises the information included in the Management report, Report of the Board of Directors and Chairman's statement but does not include the financial statements and our auditor's report thereon. Our opinion on the financial statements does not cover the other information and we do not express any form of assurance conclusion thereon.

In connection with our audit of the financial statements, our responsibility is to read the other information and, in doing so, consider whether the other information is materially inconsistent with the financial statements or our knowledge obtained during the course of our audit or otherwise appears to be materially misstated. As the other information documents are in the process of completion, the management has provided written representation that final version of the documents will be provided when available.

**RESPONSIBILITY OF MANAGEMENT AND THOSE CHARGED WITH GOVERNANCE FOR THE FINANCIAL STATEMENTS**

Management is responsible for the preparation and fair presentation of the financial statements in accordance with Nepal Financial Reporting Standards and for such internal control as management determine is necessary to enable the preparation of financial statements that are free from material misstatement, whether due to fraud or error.

In preparing the financial statements, management is responsible for assessing the Company's ability to continue as a going concern, disclosing, as applicable, matters related to going concern and using the going concern basis of accounting unless management either intends to liquidate the Company or to cease operations, or has no realistic alternative but to do so.

Those charged with Governance are responsible for overseeing the Company's financial reporting process.

**AUDITOR'S RESPONSIBILITIES FOR THE AUDIT OF THE FINANCIAL STATEMENTS**

Our objectives are to obtain reasonable assurance about whether the financial statements as a whole are free from material misstatement, whether due to fraud or error, and to issue an auditor's report that includes our opinion. Reasonable assurance is high level of assurance, but is not a guarantee that an audit conducted in accordance with NSAs will always detect a material misstatement when it exists. Misstatements can arise from fraud or error and are considered material if, individually or in the aggregate, they could reasonably be expected to influence the economic decisions of users taken on the basis of these financial statements.

As part of an audit in accordance with NSAs, we exercise professional judgment and maintain professional skepticism throughout the audit. We also:

- Identify and assess the risk of material misstatement of the financial statements, whether due to fraud or error, design and perform audit procedures responsive to those risks, and obtained audit evidence that is sufficient and appropriate to provide a basis for our opinion. The risk of not detecting a material misstatement resulting from fraud is higher than for one resulting from error, as fraud may involve collusion, forgery, intentional omissions, misrepresentations, or the override of internal control.
- Obtain an understanding of internal control relevant to the audit in order to design audit procedures that are appropriate in the circumstances, but not for the purposes of expressing an opinion on the effectiveness of the Company's internal control.
- Evaluate the appropriateness of accounting polices used and the reasonableness of accounting estimates and related disclosures made by the management.
- Conclude on the appropriateness of the management's use of the going concern basis of accounting and, based on the audit evidence obtained, whether a material uncertainty exists related to events or conditions that may cast significant doubt on the Company's ability to continue as a going concern. If we conclude that a material uncertainty exists, we are required to draw attention in our auditor' report to the related disclosures in the financial statements or if such disclosures are inadequate, to modify our opinion. Our conclusions are based on the audit evidence obtained up to the date of our auditor's report. However, future events or conditions may cause the company to cease to continue as a going concern.
- Evaluate the overall presentation, structure and content of the financial statements, including the disclosures, and whether the financial statements represent the underlying transactions and events in a manner that achieves fair presentation.
- Obtain sufficient appropriate audit evidence regarding the financial information of the entities or business activities within the company to express an opinion on the financial statements. We are responsible for the direction, supervision and performance of the audit. We remain solely responsible for our audit opinion.

We have communicated with those charged with governance regarding, among other matters, the planned scope and timing of the audit and significant audit findings, including any significant deficiencies in internal control that we

identified during our audit. Management Letter outlining such findings and deficiencies has been issued on this date and attached.

We also provide those charged with governance with a statement that we have complied with relevant ethical requirements regarding independence, and to communicate with them all relationships and other matters that may reasonably be thought to bear on our independence, and where applicable, related safeguards. From the matters communicated with those charged with governance, we have determined those matters that were of most significance in the audit of the financial statements of the current period, therefore are described in our Auditor's Report.

**REPORT ON THE OTHER LEGAL AND REGULATORY REQUIREMENTS**

a. We have obtained satisfactory information and explanations asked for, which to the best of our knowledge and belief were necessary for the purpose of our audit;

b. The financial statements including the Statement of Financial Position, Statement of Profit or Loss, Statement of Other Comprehensive Income, Statement of Changes in Equity, Statement of Cash Flows including a Summary of Significant Accounting Policies and other explanatory notes have been prepared in all material respect in accordance with the provisions of the Companies Act, 2063, and they are in agreement with the books of accounts of the Company; and the accounts and records of the Company are properly maintained in accordance with the prevailing laws.

c. To the best of our information and according to the explanations given to us, in the course of our audit, we observed that the business of the Company was conducted satisfactorily, and the Company's transactions were found to be within the scope of its authority.

d. We did not come across cases of accounting related fraud and the cases where the board of directors or any director or any office bearer of the Company has acted contrary to the provisions of law except reported in this report or caused loss or damage to the Company or committed any misappropriation of the funds of the Company.

# संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## नेपाल सरकारको पूर्ण स्वामित्व भएका संस्थाहरु

### तारा गाउँ विकास समिति, २०७५/७६

#### लेखापरीक्षकको राय

हामीले तारा गाउँ विकास समितिको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, आय व्यय विवरण र नगद प्रवाह विबरण एवं लेखासम्बन्धि नीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणहरुले २०७६ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नाफा नोक्सान र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

#### कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** नेपाल चार्टर्ड एकाउनटेण्टस संस्थाले आर्थिक वर्ष २०७३।७४ बाट नेपाल सरकारको पुर्ण स्वामित्वका कम्पनीलाई लागु हुने गरी नेपाल वित्तीय प्रतिवेदन मान लागु गरेको छ। यद्यपि सलंग्न गरिएका वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदनमान अनूसार तयार गरिएको छैन जसको प्रभाव अनिश्चित र व्यापक हुन सक्छ।

२. **पसल भाडाः** तारा गाउँ विकास समितिले आफ्नो स्वमित्वमा रहेको न्युरोडमा अवस्थित भवन रमागृहका विभिन्न पसलहरु पिंकी इन्टरनेशनल, अजन्ता इन्टरप्राइजेज र सुलक्स सेन्टरलाई भाडामा दिएकोमा सम्झौता अवधि २०७४।११।३० मा सकिएको छ। सम्झौता अनुसार भाडा रकम र त्यसमा प्रचलित कानुन बमोजिम लाग्ने १० प्रतिशत व्याज असुल गरेको पाइएन। तसर्थ समितिले बक्यौता भाडा रु.३५,१९,२६८।९२ र १० प्रतिशतले हुने ब्याज रु.८,२१,१६२।७५ समेत रु.४३,४०,४३१।६७ अविलम्व असूल गर्नु गराउनु पर्दछ।

३. **पट्टा सम्झौताः** तारागाँउ विकास समिति र चाङ्गे स्थान सप्लायर्स प्रा.लि. बीच २०७४/११/११ मा ३० वर्षको लागि समितिको नाममा रहेको न्यूरोडको ०×३×०×२ जग्गा (नयाँ भवनको कुल क्षेत्रफल ६७२८.२८ बर्ग फिट भूमिगत तला सहित ४.५ तला) पट्टामा लिने दिने सम्झौता भएको थियो। सम्झौताको शर्त अनुसार पहिलो दुई वर्षको निर्माण अवधिमा श्री चाङ्गे स्थानले वार्षिक रु.९५,५०,००० को दरले समितिलाई भाडा रकम बुझाउनु पर्ने र निर्माण अवधि समेत जम्मा तीस वर्षको प्रति वर्ष हुने बहाल रकमलाई निर्माण अवधिभर मासिक रुपमा विभाजन गरी प्रत्येक ३/३ महिनाको अग्रिम र निर्माण अवधि पश्चात् वार्षिक रुपमा अग्रिम पट्टा रकम पट्टामा लिनेले पट्टामा दिनेलाई सातदिन भित्र बुझाउनु पर्ने उल्लेख छ। सम्झौताको बुँदा नम्बर ८.२ बमोजिम एक वर्ष म्याद नघाई लिज रकम बुझाएमा पचास प्रतिशत थप लिज रकम लाग्ने व्यवस्था छ। यस आर्थिक वर्षको अन्तसम्म लिज रु.१,१९,३७,५०० र थप लिज रु.५९,६८,७५० असुलउपर गर्नुपर्नेमा नगरेकोले उक्त रकम असुल गर्नु गराउनु पर्दछ।

हामीले नेपाल लेखापरीक्षणमान तथा महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ। समितिको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्वन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदन मान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी समिति व्यवस्थापनको हो। साथै वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले बोर्डको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सम्वन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ साथै बोर्डलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्म (Going Concern) लाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ।

समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने ,प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरिक्षणका क्रममा संस्थाले अविच्छिन्न रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिवेदनमा ध्यान आकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## तारागाउँ विकास समिति, २०७६/७७

### कैफियत सहितको राय

हामीले तारागाँउ विकास समितिको यसै साथ संलग्न २०७७ असार मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण एवं प्रमुख लेखा नीतिहरु तथा लेखा सम्बन्धी टिप्पणीहरुको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक समितिको वित्तीय विवरणले २०७७ असार मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधारहरुः

१. **नेपाल वित्तीय प्रतिवेदन मानः** सरकारी संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरी प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरिएको छ। तर संलग्न गरिएको २०७६।७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२. **खर्च समायोजनः** रिजोर्ट होटल पुनःउद्धार हिसाब रु. १८,७६,४६२।-, होमस्टे प्रवर्धनात्मक सामग्री रु. १,६९,३९२।, होमस्टे तालिम खर्च रु. ६,०२,२२५।- र पर्यटकीय जनचेतनामूलक कार्यक्रम खर्च रु. १,२४,३१५।- गरी रु. २७,७२,३९५।- त्रुटीपूर्ण खर्च लेखाङ्कन गरिएको रकम दायित्वमा देखाएकोमा रिभर्स गरी लेखा समायोजन गर्दा दायित्व मात्र रिभर्स गरी खर्च रिभर्स नगरी नाफा नोक्सान हिसाबमा जम्मा गरी लेखा समायोजन गरिएको छ। लेखा समायोजन गर्दा भुक्तानी दिनुनपर्ने होमस्टे तालिम खर्च रु. ६,०२,२२५।- र

पर्यटकीय जनचेतनामुलक कार्यक्रम खर्च रु. १,२४,३१५।- क्रेडिट तथा नाफा नोक्सान हिसाब डेबिट गर्नु पर्नेमा पुँजीगत जगेडा कोष डेबिट गरी त्रुटीपूर्ण लेखा समायोजनबाट रु. ७,२६,५४०।- ले पुँजीगत जगेडा कोष घटी तथा माथी उल्लेखित रकमले होटल पुनःउद्धार हिसाब र होमस्टे प्रवर्धनात्मक सामग्री खर्च बढी हुन गएको छ।

३. **ग्रामीण पर्यटन विकास खर्चः** यस शीर्षक अन्तर्गत होमस्टे सामुदायिक भवन निर्माण खर्च रु. ४२,००,०००।-, होमस्टे सांस्कृतिक संग्रालय स्थापना रु. १९,२५,०००।-, तथा होमस्टे नमूना पर्यटन गन्तव्य शीर्षकमा रु. १३,००,०००।- विभिन्न होमस्टेहरुलाई सम्झौता अनुसार प्रदान गरेका रकमहरु पेश्कीका रुपमा दिई समितिवाट स्वीकृत बील भर्पाई, सदुपयोग खर्च फाटवारी आदि तथा कार्य सम्पन्न प्रतिवेदनको आधारमा खर्च लेखाङ्कन गर्नु पर्नेमा शुरुमै खर्च लेखाङ्कन गर्ने गरेको छ।

४. **पट्टा सम्झौताः** तारागाउँ विकास समिति र चाङ्गे स्थान सप्लायर्स प्रा.लि.बीच २०७४।११।११ मा ३० वर्षको लागि समितिको नाममा रहेको न्यूरोडको ०-३-०-२ जग्गा (नयाँ भवनको कुल क्षेत्रफल ६७२८.२८ बर्ग फिट भूमिगत तला सहित ४.५ तला) पट्टामा लिने/दिने सम्झौता भएको थियो। सम्झौताको शर्तानुसार पहिलो दुई वर्षको निर्माण अवधिमा श्री चाङ्गे स्थानले वार्षिक रु. ९५,५०,०००।- को दरले समितिलाई भाडा रकम बुझाउनु पर्ने र निर्माण अवधि समेत ३० वर्षको प्रति वर्ष हुने बहाल रकमलाई निर्माण अवधिभर मासिक रुपमा विभाजन गरी प्रत्येक ३/३ महिनाको अग्रिम र निर्माण अवधि पश्चात वार्षिक रुपमा अग्रिम पट्टा रकम सात दिन भित्र बुझाउनु पर्ने उल्लेख छ। सम्झौताको बुंदा नम्बर ८.२ बमोजिम एक वर्ष म्याद ननघाई पट्टा रकम बुझाएमा पचास प्रतिशत थप लिज रकम लाग्ने र एक वर्ष भन्दा बढी म्याद नधाई रकम बुझाएमा लाग्ने लिज रकम सहित शत प्रतिशत थप लिज रकम लाग्ने व्यवस्था छ। गत वर्ष देखिएको थप लिज रु. १,१६,१९,१६६।- मा यस वर्षको थप लिज रकम लेखाङ्कन गरी अविलम्ब लेखा अद्यावधिक तथा असूल गर्नु पर्दछ।

सम्झौता अनुसार तोकिएको अवधि भित्र लिज रकम नबुझाएमा म्याद नाधेको ७ दिन भित्र रकम बुझाएमा लाग्ने लिज रकमको थप ५ प्रतिशत गर्दै विभिन्न म्याद तोकि शत प्रतिशतसम्म थप लिज रकम लाग्ने व्यवस्था भएकोले सो व्यवस्था अनुसार प्रोदभावि लेखाङ्कन व्यवस्था अनुसार आम्दानी लेखाङ्कन गर्नु पर्दछ। रमा गृहमा थप अस्थायी संरचना निमाणँ गरिएको १६१.४८ बर्ग मिटर समेत ६२५.०८ बर्ग मिटरका नयाँ भवन निमाणँ सम्पन्नताको प्रमाणपत्र २०७६।६।२६ मा श्री काठमाडौं महानगरपालिकाबाट जारी गरको सक्कल प्रमाण पत्र सहित २०७७।८।४ मा श्री चागेस्थान सप्लायर्स प्राईभेट लिमिटेडबाट समितिमा लिखित जानकारी दिएकोमा थप संरचनाबाट बृद्धि बहाल रकम लिनुपर्ने सम्बन्धमा संचालक समितिको २०७६।७।४ को निर्णयानुसार पट्टा सम्झौतामा बमोजिम वार्षिक रु. ९५ लाख ५० हजार थप पट्टा रकम प्राप्त हुने प्रकृया थालनी गर्न व्यवस्थापनलाई निर्देशन दिएको छ। सोहि अनुसार थप लिनुपर्ने रकम यकिन गरी लेखाङ्कन हुन बाँकी भई असुलि तथा नाफा नोक्सान हिसाब प्रभावित भएको छ।

हामीले नेपाल लेखापरीक्षणमान तथा महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ। समितिको वित्तीय विवरणको लेखापरीक्षण संग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षणका विषयहरु (Key Audit Matter):**

लेखापरीक्षणको मुख्य विषयहरु ती विषयहरु हुन जुन हाम्रो व्यावसायिक निर्णयमा हालको वित्तीय विवरणहरुको लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो। हामीले निर्धारण गरेका छौं कि हाम्रो प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधारमा उल्लेख गरिएका कुराहरु बाहेक अन्य बताउनु पर्ने मुख्य लेखापरीक्षण विषयहरु छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय विवरण तयार गर्ने जिम्मेबारी समितिको व्यवस्थापनको हो। साथै, वित्तीय विवरणहरु गहन रुपले गलत प्रस्तुती हुनबाट बञ्चित छन् भन्ने विश्वस्त हुनको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण प्रणाली स्थापना गर्नको लागि पनि व्यवस्थापन जिम्मेवार हुन्छ।

वित्तीय विवरणहरु तयार गर्दा व्यवस्थापनले समितिको अविच्छिन्न व्यवसाय गर्न सक्ने अवस्थाको आंकलन गर्नुपर्दछ र सो सबन्धी आवश्यक कुराहरुको खुलासा गर्नुपर्दछ। साथै समितिलाई लिक्विडेट गर्न वा संचालन बन्द गर्ने नियत भएको वा सो बाहेकको कुनै यथार्थपरक विकल्प नभएको अवस्थामा बाहेक अविछिन्न फर्मलाई लेखापालनको आधारको रुपमा प्रयोग गर्नुपर्दछ। समितिको व्यवस्थापनको लागि उत्तरदायी पक्षले समितिको वित्तीय सम्प्रेषण प्रकृयालाई निरीक्षण गर्नुपर्दछ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइएका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## नेपाल नागरिक उड्डयन प्राधिकरण, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले नेपाल नागरिक उड्डयन प्राधिकरणको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात, आय व्यय विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विबरण एवं लेखासम्बन्धीनीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक प्राधिकरणको वित्तीय विवरणले २०७६ आषाढ मसान्तको आर्थिक अवस्था तथा उक्त अवधिको आय व्यय विवरण तथा नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभुत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **वित्तीय प्रतिवेदन मानः** नेपाल सरकारले सबै संस्थानमा नेपाल वित्तीय प्रतिवेदनमान लागु गरेकोमा यस प्राधिकरणले समेत सो अनुसार २०७२।७३ देखि नेपाल लेखामानमा आधारित वित्तीय विवरण तयार गर्ने कार्य एक परामर्शदातामार्फत गर्दै आएको छ। त्यस्तै यस वर्ष रु. १९ लाख वित्तीय विवरण तयार गर्न भुक्तानी गरेको छ। यद्यपि संस्थाका सबै सम्पत्ति तथा दायित्वको लेखाङ्कन पूर्ण रुपमा नेपाल वित्तीय लेखामानको आधारमा तयार गरेको छैन। साथै प्रत्येक वर्ष तयार गर्नुपर्ने वित्तीय विवरणको लागि बाह्य परामर्शदाताको सहयोग लिई वर्षेनी ठूलो रकम खर्च गरे तापनि समयमा वित्तीय विवरण तयार हुन नसकेकोले खर्चको उपादेयता देखिएन।

२. **ऋण तथा सापटीः** ऋण तथा सापटी अन्तर्गत गतवर्षको अन्तिममा रु. ७६४५८५३४२१।- बाँकी रहेको मा यस वर्ष त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजना (ए.डि.बी. १५१२)तर्फको ऋण रु. ७९०,४८,५३७।-, दोश्रो पर्यटन पूर्वाधर आयोजना (ए.डि.बि. १४५१) अन्तर्गतको ऋण रु. १,३६,८४,६५२।४२, खानीडाँडा आयोजाको ऋण रु. १,२६,९३,३३३।-, हवाई यातायात क्षमता अभिबृद्धि आयोजना (ए.टि.सि.ई.पि.)को (ए.डि.बि) ऋण रु. २,३२,४१,८५,४५०।-, गौतम बुद्ध विमानस्थल सुदृढीकरण कार्य (यस.ए.टि.आई.डि.पि.) को (ए.डि.बि).ऋण रु. २,६६,०८,६०,१५१।- र पोखरा क्षेत्रिय अन्तराष्ट्रिय उड्डयन आयोजनाको रु. ६,५४,७१,२४,५७६।- समेत रु. ११,६३,७५,९६,७००।- बाँकी देखिन्छ। उक्त ऋण तथा सापटी मध्ये गैर चालु तर्फ जम्मा ऋण रु. ११,१६९,९६१,३००।- रहेको र चालतर्फ रु. ४६,७६,३५,४००।- रहेको देखिन्छ। नेपाल नागरिक उड्डयन प्राधिकरण ऐनमा ऐन प्रारम्भ भएको मितिसम्मको ऋण तथा सोको ब्याज नेपाल सरकारले तोके बमोजिम हुने उल्लेख भएको तथा सहायक ऋण सम्झौतामा सम्झौता भएको मिति भन्दा पहिले प्राप्त ऋण सम्बन्धमा केही उल्लेख गरेको छैन। प्राधिकरण स्थापना हुनु भन्दा पहिलेका डिसेम्बर १९९८ सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजना (कर्जा नं. ए. डि. बि. १५१२) तर्फको ऋण रु.४५,३०,१४,१६५।५६ तथा सोको विनिमय दरमा फरक परेको रु. ४,२२,७०,७२४।५९ समेत रु. ४९,५२,८४,८९०।१५ प्राधिकरणले लेखाङ्कन गरेको देखिंदैन। साथै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुधार आयोजना(ओपेक ६९८) को ऋण साँवा रु. २,८४,१४,४६४।९७ तथा सोको विनिमय दरमा फरक परेको रु. २२,६१,२८७।४१ समेत रु. ३,०६,७५,७५२।३८ पनि प्राधिकरणले लेखाङ्कन गरेको छैन। तसर्थः ऋण रकम प्राधिकरणले व्यहोर्नु पर्ने हो वा होइन एकिन गरेको छैन।

३. **चालू सम्पतिः** यस सम्बन्धी देखिएका व्यहोराहरु निम्नानुसार छन्:

३.१ **ब्यापारिक तथा अन्य प्राप्त रकमः** विभिन्न एयरलाइन्स, सरकारी तथा गैर सरकारी संस्थाबाट प्राप्तहुन बाँकी रहेको रकमलाई व्यापारिक तथा अन्य प्राप्त रकम शीर्षकअन्तर्गत देखाएको पाइयो। यस्तो रकम गतवर्ष रु.

१,६४,१३,५६,४५०।— रहेकोमा यसवर्ष रु. १,८५,७८,८१,३६३।— देखिन्छ। साबिक देखिविभिन्न एयरलाइन्सबाट ठूलो रकम असुल गर्न बाँकी रहेकामा हाल कतिपय एयरलाइन्सहरुको कारोवार बन्द भई अस्तित्व नरहेको अवस्था छ। त्यस्ता संस्थाबाट प्राप्त हुनुपर्ने रकमको लगत हरेक नागरिक उड्डयन कायालयको अभिलेखमा मात्र रहेको देखिन्छ। सबै कार्यालयको लगतलाई एकिकृत गरी केन्द्रीयरुपमा लगत राखेको देखिदैन। नागरिक उड्डयन कार्यालयको कूल बक्यौता रकमको आधारमा वित्तीय विवरण तयार गरेको देखिन्छ। प्राप्त हुन बाँकी रहेको रकम सम्बन्धित असामी कार्यालयबाट समर्थन लिएको नदेखिएकोले सो बाँकी रकम यथार्थ हो भन्न सकिने देखिएन। बक्यौता असुल गर्न प्राधिकरणले आवश्यक कारवाही गर्नु पर्नेमा बक्यौता असुल गर्न कुनै लक्ष्य निर्धारण गरी कार्यालय प्रमुखलाई जिम्मेवारी नदिएको र सम्बन्धित असामीले बुझाउन ल्याएको रकम मात्र आम्दानी गरेको कारण बक्यौता असुली प्रभावकारी रहेको देखिएन।

३.२ **शंकास्पद असामीः** प्राधिकरणले ६ महिना भन्दा बढी बक्यौता रहेको प्राप्त गर्नुपर्ने रकमलाई शंकास्पद असामी हिसाबमा लेखाङ्कन गर्ने नीति लिएको देखिन्छ। गतवर्षसम्म शंकास्पद असामी रु. ९२,१६,६९,१९३।- रहेकोमा यसवर्ष पनि सोही रकम उल्लेख छ। तर यस प्राधिकरणको उक्त शंकास्पद आसामी मध्ये के कति रकम असुल हुन नसक्ने हो र सोमध्ये के कति उठ्न नसकेको रकमको कानुनी कारवाही भएको छ भन्ने विवरण तयार नगरेकोले असुल हुनसक्ने असामीको यकिन गर्न सकिएन। शंकास्पद असामी असुली गर्न सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ।

४. **सुरक्षा खर्चः** द्वन्दकालमा हवाई सुरक्षा समितिको निर्णयानुसार नेपाल सरकारले पछि सोधभर्ना गर्ने गरी प्राधिकरणले २०५८।५९ देखि २०६४।६५ सम्म सुरक्षा कार्यमा गरेको खर्च रु. १४,४५,४२,४२२।५६ प्राप्त गर्नु पर्ने रकममा लेखाङ्कन गरेको देखिन्छ। सोधभर्ना लिने गरी गरेको खर्चको विवरण पेश गरी हिसाब घटाउनु पर्नेमा कुनै कारवाही नगरी हिसाब मात्र राखेको देखिन्छ। सो सम्बन्धमा नेपाल सरकारबाट समर्थन लिएको समेत देखिएन। सोही व्यहोरा गतवर्षको प्रतिवेदनमा समावेश गरेकोमा केही पनि प्रगति भएको देखिएन। यस सम्बन्धमा प्राधिकरणले पटक पटक नेपाल सरकारलाई अनुरोध गर्दै आएकोमा नेपाल सरकारबाट यस सम्बन्धी कुनै निर्णय भै नआएको अवस्था रहेको छ।

५. **अन्तर कार्यालय एवं शीर्षकमा फरकः** प्राधिकरणको एक कार्यालयले अर्को कार्यालयबाट सोधभर्ना गर्ने गरी भुक्तानी गरी सो भुक्तानीको विवरण सम्बन्धित कार्यालयमा तत्काल नपठाएको र प्रधान कार्यालयले पनि यस विषयमा खोजी नगरेको कारण अन्तर कार्यालय हिसाबमा ठूलो रकम फरक परेको देखिन्छ। आर्थिक वर्ष २०५५।५६ देखि हिसाब फरक परेको सम्बन्धमा कुनै कारबाही गरेको देखिएन। हिसाब फरक परेको रकम गतवर्षको अन्त्यसम्म डेबिटमा रु. ७,३२,५२,६७५।- रहेको थियो भने यस आर्थिक वर्ष्को अन्त्यसम्ममा क्रेडिटमा रु. १,१३,७१,६४,११७।- रहेको देखिन्छ। उक्त हिसाब भिडान गरि करोबार दुरुस्त राखुपर्दछ।

६. **अन्य दायित्वः** हवाई विभागतर्फको रु. १,१८,९९,३९८।— र नेपाल सरकार तर्फको पेश्की फछ्यौट गर्दा प्राप्त गरेको विगत देखिको रु. ४,६३,९७,०४२।— भुक्तानी नगरी दायित्वमा देखाएको देखिन्छ। प्राधिकरणले नेपाल सरकारलाई भुक्तानी गर्नुपर्नेरकम र नेपाल सरकारबाट लिनुपर्ने सबै रकम राफसाफ गर्नुपर्दछ।

७. **टर्मिनल उपकरणको शुल्कः** विमानस्थल सेवा शुल्क नियमावली, २०६७ को नियम २५ मा अन्य सेवा शुल्क लिने व्यवस्था छ। अन्य सेवा शुल्क अन्तगत टर्मिनल उपकरणको साझा उपयोगमा सेवा शुल्क लिने व्यवस्था छ। उक्त नियमको अनुसूची—२२ मा प्राधिकरणले विमानस्थल टर्मिनल उपकरणको साझा उपयोग सेवा उपयोग गरेवापत सम्बन्धित वायुसेवाबाट सोझै वा सेवा प्रदायकमार्फत प्रति यात्रु अमेरिकी डलर एक (मूल्य अभिबृद्धि कर बाहेक) का दरले शुल्क लगाउने तथा असुल उपर गर्नेछ भन्ने व्यवस्था छ।

कार्यालयले विमानस्थलमा सञ्चालनमा रहेका वायुसेवा प्रदायकहरुलाई उक्त सेवा प्रदान गर्नका लागि SITA Information Networking Company J.V. सँग २६ अक्टोवर २०१० मा सम्झौता गरेको छ। सम्झौताको दफा १२.२ मा विमानस्थलमा उक्त सेवा प्रदान गरेवापत SITA ले प्रत्येक प्रस्थान गर्ने यात्रुबाटमूल्य अभिबृद्धि कर वाहेक अमेरिकी डलर १ कन्सेसन फि असुल गर्नेछ भने बुँदा १२.५ मा उक्त कन्सेसन फि मध्ये अमेरिकी डलर ०.३७५

विमानस्थल कार्यालयलाई दिनेछ भन्ने व्यवस्था छ। यसरी विमानस्थल कार्यालयले नियमावलीमा भएको व्यवस्था भन्दा प्रत्येक यात्रुमा अमेरिकी डलर ०.६२५ घटीमा सम्झौता गरी सोही अनुसारको आम्दानी प्राप्त गर्ने गरेको पाइयो। प्राप्त विवरणहरुबाट नियमावलीमा भएको व्यवस्था वमोजिम शुल्क लगाउँदा कति CUTE शुल्क असुल हुन सक्थ्यो भनी रकम एकिन गर्न सकिएन। गतवर्ष देखि प्रतिवेदनमा उल्लेख गरेकोमा सुधार हुन सकेको छैन। तसर्थ विमानस्थल कार्यालयले अविलम्व उक्त सम्झौता संशोधन गरी प्रत्येक यात्रुबाट अमेरिकी डलर १ लिने व्यवस्था गर्नुपर्दछ। साथै यसवर्षसम्म सेवा प्रदायकको वक्यौता रु. २६,५०,९०,६५८।— रहेकोले समयमानै असुली गर्नु पर्दछ।

८. **घर वहाल बक्यौताः** आषाढ मसान्तसम्म भन्सार कार्यालयसँग लिनुपर्ने रु. ५५ करोड १५ लाख ९८ हजार मध्ये २०६६ साल आषाढ मसान्तसम्मको पुरानो बाँकी वक्यौता घर वहाल रकम रु. ५२ करोड ९४ लाख ९६ हजार देखिन्छ। उक्त वक्यौता असुल गर्न कार्यालयबाट पटक पटक पत्राचार भएको देखिन्छ। यस सम्बन्धमा अर्थ मन्त्रालयले २०७४।१०।२१ मा यस कार्यालयलाई लेखेको पत्रमा कार्यालयले माग भएको रकम साविक हवाई विभाग हुँदा निर्माण गरिएको संरचना उपयोग गरे वापतको भएको, नेपाल नागरिक उड्डयान प्राधिकरणको रुपमा हवाई विभाग रुपान्तरण भए पश्चात साविक हवाई विभागका भवन लगायतका सम्पूर्ण सम्पत्ति उक्त प्राधिकरणमा हस्तान्तरण भएको हुँदा नेपाल नागरिक उड्डयान प्राधिकरणको वासलातमा नेपाल सरकारबाट लिनुपर्ने भनी कायम रहेको बक्यौता रकम नोपल सरकारले भुक्तानी नगर्ने हुँदा उक्त रकम गैर हिसाब मिलान गर्नुहुन नेपाल सरकार (माननीय मन्त्रीस्तर) मिति २०७४।१०।१८ को निर्णय अनुसार अनुरोध छ भन्ने उल्लेख छ। यसरी नेपाल सरकार माननीय मन्त्रीस्तरको २०७४।१०।१८ को निर्णय अनुसार उर्पयुक्त वक्यौता रकम नतिर्ने भनी निणर्य भएकोले कार्यालयले नियमानुसार राफसाफ सम्बन्धी कार्य गर्नु पर्दछ

९. **सवारी विस्राम शूल्कः** त्रिभुवन अन्तरष्ट्रिय विमानस्थल नागरिक उड्डयान कार्यालयको टर्मिनल भवन अगाडी, अपरेशन एयरलाइन्स भवन अगाडी र आन्तरिक टर्मीनल भवन अगाडी तीनवटा स्थानमा सवारी विस्राम शुल्क उठाउने सम्बन्धमा कार्यालय र देश प्रेम इन्टरनेशनल प्राईभेट लिमिटेडबीच २०७१।८।१५ मा सम्झौता भएको थियो। सम्झौताको अवधि २०७१।८।१९ देखि २०७२।८।१८सम्म १ वर्ष रहेको र सो अवधिको रकम रु.१,६९,५०,०००।— (मूल्य अभिवृद्धि करसमेत) रहेको छ। सो अवधि पश्चात पनि सोही देश प्रेम प्राईभेट लिमिटेडबाट नयाँ ठेक्का नभएसम्मको लागि ठेक्का अवधि वढाएको पाइयो। कार्यालयको मिति २०७२।१२।०२ को पत्रबाट नयाँ ठेक्का नभएसम्मको लागि मासिक मूल्य अभिबृद्धि करबाहेक रु. १२,५०,०००।— तिर्ने गरी सम्झौताको अवधि थप गरेको देखियो। तत्पश्चात २०७५ आषाढ मसान्तसम्म पनि सोही प्राईभेट लिमिटेडबाट पार्किङ्ग शुल्क उठाउदै आएको देखिन्छ। कार्यालयबाट म्याद थप गर्दा प्राईभेट लिमिटेडबाटबैङ्क ग्यारेन्टी नविकरण, वा नयाँबैङ्क ग्यारेन्टी लिएको पाइएन। म्याद थप पश्चात प्राईभेट लिमिटेडले किस्ता रकम समयमा दाखिला नगर्ने गरेको कारण विलम्व शुल्क वढ्दै गएको देखिन्छ। २०७५ आषाढसम्मको अवस्था हेर्दा किस्ताको शुल्क रु. १४,८७,५००।— मात्र देखिएता पनि विलम्व शुल्क भने रु. १,६१,०२,५००।—असुल गर्नु पर्ने देखिन्छ। त्यस्तै लेखापरीक्षण अवधिसम्म किस्ता रकम रु. ४,८५,२६१।१९ र विलम्व शुल्क रु. १,७५,५५,६२५।— समेत रु. १,८०,४०,८८६।— लिनुपर्ने देखिन्छ। प्राधिकरणले समयमा विलम्व शुल्क असुलीका लागि ताकेता नगरेको, पहिला विलम्व शुल्क घटाएर किस्ता गणना नगरेको, बैङ्क जमानत नलिएको कारण उपर्युक्त शुल्क र विलम्व शुल्क असुल हुन नसकेको देखिन्छ। यसको लागि सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउनुपर्दछ।

१०. **होटल सञ्चालनः** नेपाल नागरिक उड्डयन प्राधिकरण र होटल ओरियन्टल विच अन्तराष्ट्रिय ट्रमिनल भवनको विभिन्न स्थानमा excutive lounge/ Restaurent सञ्चालन गर्न २०६४।५।१४ मा १० वर्षको लागि भाडामा दिने सम्झौता भएको देखियो। कूल ९३३ वर्ग मिटर क्षेत्रफलमा व्यवसाय सञ्चालन गर्दै आएको र २०६४ पौष १०सम्म (तयारी म्याद समेत) म्याद रहेकोमा विभिन्न कारण देखाई १० वर्षको लागि म्याद थप माग गरेकोमा प्राधिकरणले म्याद थप अस्वीकार गरेपछि २०७४।८।२८ मा जिल्ला अदालतबाट म्याद थपको अन्तरिम आदेश पाई सेवा सञ्चालन गर्दै आइरहेको छ। १० वर्षको लागी तत्कालिन समयमा रु. १०,०७,६४,०००।— मा ठेक्का वन्दोवस्त गरेकोमा हाल नेपाल नागरिक उड्ययन प्राधिकरण विमानस्थल सेवा नियमावली, २०६७ को प्रावधान अनुसार प्रति वर्ग मिटर रु.

३०००।— का दरले वार्षिक न्यूनतम पनि २,३५,११,६०७।— का दरले बुझाउनु पर्नेमा रु. १,००,७६,४००।— मात्र बुझाएको देखियो। आन्तरिक आदेशानुसार सेवा सञ्चालन गरेपनि बुझाउनुपर्ने राजस्व तोकिएको दरमा प्राप्त नहँुदा नागरिक उड्डयन प्राधिकरणलाई आर्थिक नोक्सानी परेको देखिन्छ। यसवर्षको अन्त्यसम्म उपरोक्त प्रावधान अनुसार रु. २,८३,७६,४३५।— बुझाउनुपर्ने वक्यौता देखिएको छ भने होटल सञ्चालन नियमित रुपमा भईरहेकोले थप असुल गर्नुपर्ने रकम वढ्न जानेहुँदा यसतर्फ सम्बन्धित पदाधिकारीलाई सचेत गराउनु पर्दछ।

हामीले नेपाल लेखापरीक्षणमान तथा महालेखा परीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौं। ती मान तथा मार्गदर्शन अनुरुपको हाम्रो दाियित्व वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी खण्डमा उल्लेख गरिएको छ। निगमको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्वन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने रायको लागि हाम्रो लेखापरीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरीक्षण बिषयबस्तुहरु (Key Audit Matters)**

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धेरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्।

लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयवस्तुहरु (Key Audit Matters) रहेका छैनन्।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापनर लेखा नीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटीसधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक

विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएकोत्रुटीपत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कनगर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताबारे लेखापरीक्षकबाटराय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दाप्रयोग गरेका लेखानीतिकोसान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ रस्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## सांस्कृतिक संस्थान, २०७४/७५

### लेखापरीक्षकको राय

हामीले सांस्कृतिक संस्थानको यसैसाथ संलग्न २०७५ आषाढ मसान्तको वासलात,सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब,इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विबरण एवं लेखासम्बन्धि नीति तथा टिप्पणीहरु समावेश भएको वित्तिय विवरणको लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक सांस्कृतिक संस्थानको वित्तीय विवरणहरुले २०७५ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नोक्सान र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्।

१ **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल सरकारको पुर्ण स्वामित्व भएका सार्वजनिक संस्थानहरुलाई २०७३।७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय प्रतिवेदन नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदनमानमा परिवर्तन गरेका छ। तर संलग्न गरिएको २०७४।७५को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवदेनमान अनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२ **कोषः** संस्थानले कोष तथा लेखाको स्पष्ट विवरणहरु राख्नको साथै सम्बन्धीत कोषमा राखेको रकमको पुष्टी गर्ने विवरणहरु राख्नु पर्नेमा डिमोविलाईजेसन कोषको रु. ५ लाख र पुँजीगत कोषको रु. ३ लाख १९ हजार गरी जम्मा रु. ८ लाख १९हजार पुष्टि हुने कुनै विवरणहरु नभएकाले सो रकमलाई पुष्टयाउने आधार देखिएन।

३ **घरजग्गा कर :** संस्थानको वासलातमा तिर्नु पर्ने कर जम्मा रु. ४९,८६,५०० देखिन्छ। संस्थानले घरजग्गा कर वापत काठमाडौं महानगरपालिकालाई बुझाउनु पर्ने र कम आर्थिक वर्ष २०४९/५० देखि बुझाएको छैन।फल स्वरुप आर्थिक वर्ष २०६६/६७ सम्म तिर्नु बांकी घरजग्गा कर दाखिला नगरी कर दायित्वमा देखाइएको छ। साथै आर्थिक वर्ष २०६७/६८ देखि घरजग्गा करको लेखांकन समेत गरेको देखिएन।

४ **कर परीक्षणः** संस्थान यस आर्थिक वर्षमा घाटामा रहेकाले आय करको व्यवस्था गरिएको छैन। संस्थानको अग्रिम आय कर वापतको रकम गत वर्ष रु. १,१७,११,९१७.६३ पुगेकोमा यस आर्थिक वर्ष मा रु.६६,३९,२०४.९५ ले बृद्धि भई आर्थिक वर्ष २०७४/७५ को अन्त्यमा रु.१,८३,५१,१२२.५८ पुगेको छ।उक्त अग्रिम करको औचित्यता तथा फिर्ता लिने सम्बन्धमा संस्थानबाट हालसम्म आन्तरिक राजस्व विभाग/कार्यालय समक्ष कुनै पहल नभई निर्णयमा पुग्न नसकेको कारणले गत वर्ष अनुसार नै यस आर्थिक वर्षमा पनि अग्रिम आय कर शिर्षकमा नै वित्तीय विवरणमा देखाइएको तथा संस्थानले आन्तरिक राजस्व कार्यलयमा स्थायी लेखानम्बर प्राप्त गरे पनि बार्षिक रुपमा कर लेखापरीक्षण गरी विवरणहरु दाखिला नगरेकोले उक्त विवरण समयमै दाखिला गर्नूपर्दछ।

५ **उपदानः** संस्थानको विनियम अनुसार संस्थानको स्थायी सेवामा ५ वर्ष भन्दा बढी सेवा गर्ने कर्मचारीले भविष्यमा संस्थानको नोकरीको निमित्त सामान्यता अयोग्य ठहरिने गरी सेवा वा पदबाट अलग भएमा बाहेक जुनसुकै कारणले नोकरीबाट अलगभए पनि उपदानको व्यवस्था गरिएको छ। संस्थानको विनियममा रहेको उपदानको व्यवस्था बमोजिम हरेक आर्थिक वर्षमा उक्त रकमलाई दायित्व देखाई अन्य खातामा जम्मा गर्नु पर्नेमा २०७४/७५ मा कुनै उपदानको व्यवस्था गरिएको पाइएन। संस्थानको खातामा गत वर्षसम्म उपदान व्यवस्था रु.९,९३,३५४.४५ गरिएको पाइयो।संचित विदा तथा उपदान वापतको रकम नागरिक लगानी कोषमा रु. ३,४५,९२६.६४ रहेको छ।

६ संस्थानले जुन उद्देश्यले कोष खडा गरी रकम संकलन गरेको हुन्छ सोही उद्देश्य बमोजिम रकम बैंक खातामा जम्मा तथा उपयोग गर्ने गर्नु पर्दछ।वासलतमा उल्लेख गरेको साँस्कृतिक संस्थान कलाकार कर्मचारी अक्षय कोषको लागि व्यवस्था गरेको रु. ५,९२,०३६। सो कोषको लागि खोलिएको कृषि बिकास बैंकको खातामा मौज्दात नरहेकोले सो रकम बैंकमा जम्मा गर्नूपर्दछ।

७ संस्थानको प्रेक्षालय तथा व्यबस्थापन निर्देशिका, २०७२ अनुसार प्रेक्षालय भित्र रहेका भौतिक संरचनाहरुको मर्मत संभार गर्न प्रेक्षालयको लागि इन्धन र अन्य संचालनको लागि हल भाँडाको आम्दानीबाट १० प्रतिशत रकम कट्टा गरीएको प्रेक्षालय संचालन कोष खडा गर्नुपर्ने व्यबस्था रहेकोमा सो कोष खडा गरिएको पाइएन।

८ **अन्य दायित्वः** संस्थानको वित्तीय विवरणमा अन्य दायित्वमा गत आर्थिक वर्षमा रु.२,०८,००९.३४ मा यस आर्थिक वर्षमा रु.४७,०००.०० ले थप भई यस आर्थिक वर्षको अन्त्यमा रु.२,५५,००९.३४ रहेको छ।उक्त रकम बारे कुनै प्रयोजन देखिएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेका छौं। हामी विस्वस्त छौं की हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

**व्यवस्थापनपत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत

किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा ब्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासंगै जानकारीहरुको खुलासा गर्ने दायित्व ब्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटीसधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्वन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटी पत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परिक्षण गरिएता पनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरिक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।

६. अन्य विषयका साथ साथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## सांस्कृतिक संस्थान, २०७५/७६

### लेखापरीक्षकको राय

हामीले सांस्कृतिक संस्थानको यसैसाथ संलग्न २०७६ आषाढ मसान्तको वासलात,सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विबरण एवं लेखासम्बन्धि नीति तथा टिप्पणीहरु समावेश भएको वित्तिय विवरणको लेखापरीक्षण गरेका छौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक सांस्कृतिक संस्थानको वित्तीय विवरणहरुले २०७६ आषाढ मसान्तको वित्तीय स्थिति तथा उक्त अवधिको नोक्सान र नगद प्रवाहको प्रचलित लेखा तथा प्रतिवेदन सिद्धान्त बमोजिम यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्।

१ **नेपाल वित्तीय प्रतिवेदनमानः** नेपाल सरकारको पुर्ण स्वामित्व भएको सार्वजनिक संस्थानलाई २०७३।७४ बाट लागु हुने गरि वित्तीय प्रतिवेदन नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेका छ। तर संलग्न गरिएको २०७५।७६ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवदेनमानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपुर्ण तथा व्यापक हुन सक्छ।

२ **कोषः** संस्थानले कोष तथा लेखाको स्पष्ट विवरणहरु राख्नुको साथै सम्बन्धीत कोषमा राखेको रकमको पुष्टी गर्ने विवरणहरु राख्नु पर्नेमा सांस्कृतिक संस्थानको डिमोविलाईजेसन कोषको रु.५लाख र पुँजीगत कोषको रु.३ लाख १९ हजार गरी जम्मा रु ८ लाख १९ हजार पुष्टि हुने कुनै विवरणहरु नभएकाले सो रकमलाई पुष्ट्याई गर्ने आधार देखिएन।

३ **घर जग्गा करः** संस्थानको वासलातमा तिर्नुपर्ने घर जग्गा कर जम्मा रु. ४९,८६,५०० देखिन्छ। संस्थानले घर जग्गा कर वापत काठमाडौ महानगरपालिकालाई बुझाउनु पर्ने रकम २०४९/५० देखि बुझाएको छैन। फलस्वरुप २०६६/६७ सम्म तिर्नु बांकी घर जग्गा कर दाखिला नगरी कर दायित्वमा देखाइएको छ। साथै २०६७/६८ देखि घरजग्गा करको लेखांकन समेत गरेको देखिएन।

४ **कर परीक्षणः** संस्थान यस आर्थिक वर्षमा घाटामा रहेकाले आयकरको व्यवस्था गरिएको छैन। संस्थानको अग्रिम आयकर वापतको रकम २०७५/७६ को अन्त्यमा रु. १,८३,५१,९५६.७६ रहेको छ। उक्त अग्रिम करको औचित्यता तथा फिर्ता लिने सम्वन्धमा संस्थानबाट हालसम्म आन्तरिक राजस्व विभाग/कार्यालय समक्ष कुनै पहल नभई निर्णयमा पुग्न नसकेको कारणले गत वर्ष अनुसार नै यस वर्षमा पनि अग्रिम आयकर शीर्षकमा नै वित्तीय विवरणमा देखाइएको छ। संस्थानले आन्तरिक राजस्व कार्यालयमा स्थायी लेखा नम्बर प्राप्त गरे पनि वार्षिक रुपमा कर लेखापरिक्षण गरी विवरणहरु दाखिला गरेको पाइएन।

५ **उपदानः** संस्थानको विनियम अनुसार संस्थानको स्थायी सेवामा ५ वर्ष भन्दा बढी सेवा गर्ने कर्माचारीले भविष्यमा संस्थानको नोकरीको निमित्त सामान्यता अयोग्य ठहरिने गरी सेवा वा पदबाट अलग भएमा बाहेक जुनसुकै कारणले नोकरीबाट अलग भएपनि उपदानको व्यबस्था गरिएको छ। संस्थानको विनियममा रहेको उपदानको व्यबस्था बमोजिम हरेक आर्थिक वर्षमा उक्त रकमलाई दायित्व देखाई अन्य खातामा जम्मा गर्नु पर्नेमा यस वर्ष कुनै उपदानको व्यबस्था गरिएको पाइएन। संस्थानको खातामा गतवर्षसम्म उपदान व्यबस्था रु ९,९३,३५४.४५गरिएको पाइयो। संचित विदा तथा उपदान वापतको रकम नागरिक लगानी कोषमा रु. ३,४८,९८६.६४ रहेको छ।

६ संस्थानले जुन उद्देश्यले कोष खडा गरी रकम संकलन गरेको हुन्छ सोही उद्देश्य बमोजिम रकम बैंक खातामा जम्मा तथा उपयोग गर्ने गर्नुपर्दछ। वासलतमा उल्लेख गरेको साँस्कृतिक संस्थान कलाकार कर्मचारी अक्षय कोषको लागि

व्यवस्था गरेको रु. ५,९२,०३६।-, सो कोषको लागि खोलिएको कृषि बिकास बैंकको खातामामौज्दात नरहेकोले सो रकम बैंकमा जम्मा गर्नूपर्दछ।

७ संस्थानको प्रेक्षालय तथा व्यवस्यापन निर्देशिका, २०७२ अनुसार प्रेक्षालयभित्र रहेका भौतिक संरचनाहरुको मर्मत संभार गर्न प्रेक्षालयको लागि इन्धन र अन्य संचालनको लागि हलभाडाको आम्दानीबाट १० प्रतिशत रकम कट्टा गरी एक प्रेक्षालय संचालन कोष खडा गर्नु पर्ने व्यबस्था रहेकोमा सो कोष खडा गरिएको पाइएन।

८ **अन्य दायित्वः** संस्थानले वित्तीय विवरणमा प्रस्तुत हुने रकमको आधार स्पष्ट पार्नुपर्नेमा संस्थानको वित्तीय विवरणमा अन्य दायित्वमा यस आर्थिक वर्षको अन्त्यमा रु. २,५५,००९.३४ रहेको छ। उक्त रकमको कुनै प्रयोजन देखिएन।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं। हाम्रो जिम्मेवारी सम्बन्धी विवरणहरु यस प्रतिवेदनको लेखापरीक्षकको जिम्मेवारी खण्डमा उल्लेख गरिएको छ। संस्थाको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्यकता अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारी पुरा गरेका छौं। हामी विस्वस्त छौं की हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि प्रयाप्त र उपयुक्त आधार प्रदान गरेका छन्।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसै प्रतिवेदनसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेबारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र संचालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापनर लेखानीतिहरुको छनोट तथा लागू गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा ब्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नता संगै जानकारीहरुको खुलासा गर्ने दायित्व ब्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेबारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन्छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्समा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएतापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्यांकन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको त्रुटीपत्ता नलाग्ने जोखिम गल्तीबाट निम्तिएको त्रुटिको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मुल्यांकन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तताबारेमा परिक्षण गरिएतापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको

छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दाप्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्यांकन पनि लेखापरीक्षणमा समावेस हुन्छ।

४. लेखापरिक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति,ढांचा र वित्तीय विवरण सम्बन्धि खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याकंन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र,कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ,सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

## सांस्कृतिक संस्थान, २०७६/७७

### लेखापरीक्षकको राय

हामीले सांस्कृतिक संस्थानको यसैसाथ संलग्न २०७७ आषाढ मसान्तको वासलात, आय व्यय विवरण, इक्वीटीमा भएको परिवर्तनको विवरण र नगद प्रवाह विबरण एवं लेखा सम्बन्धी नीति तथा टिप्पणीहरुको लेखापरीक्षण गरेकाछौं। हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक सांस्कृतिक संस्थानको वित्तीय विवरणहरुले २०७७ आषाढ मसान्तको आर्थिक अवस्था तथा उक्त अवधिको नोक्सान र नगद प्रवाहको यथार्थ चित्रण गर्दछ।

### कैफियत सहितको राय व्यक्त गर्ने आधार

लेखापरीक्षणबाट कैफियत सहितको राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणमा सारभूत असर पार्ने व्यहोरा निम्नानुसार छन्:

१. **नेपाल वित्तीय प्रतिवेदन मान -** सरकारी कम्पनीलाई २०७३/७४ बाट लागु हुने गरि प्रभावकारी वित्तीय प्रतिवेदन रुपरेखा नेपाल लेखामान देखि नेपाल वित्तीय प्रतिवेदन मानमा परिवर्तन गरेको छ। तर संलग्न गरिएको २०७६/७७ को वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मानअनुसार तयार गरिएको छैन, जसको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ।

२. **जगेडा तथा कोषहरु -** गतवर्षको अन्तमा संचित घाटा रु. १९,१६,९३,८७८।२१ रहेकोमा यस आर्थिक वर्षमा रु. २२,०७,२७,७९१।३९ पुगेको छ। संस्थान निरन्तर रुपमा घाटामा रहेको पाईयो। संस्थानको पुँजीगत जगेडा कोष रु. ३,१९,०००।- र डिमोलाइजेशन भ्यालु रु. ५,००,०००।- अन्तर्गत राखेको जगेडा रकमको विवरण उपलब्ध नगराईएकाले सो रकम यकिन गर्न सकिएन।

३. **घर जग्गा कर -** संस्थानले घर जग्गा कर वापत काठमाडौं महानगरपालिकालाई बुझाउनु पर्ने रकम आर्थिक वर्ष २०४९/५० देखि बुझाएको छैन। फलस्वरुप आर्थिक वर्ष २०६६/६७ सम्म तिर्नु बाँकी घर जग्गा कर दाखिला

नगरी कर दायित्वमा देखाइएको छ। साथै, आर्थिक वर्ष २०६७/६८ देखि घरजग्गा करको लेखांकन समेत गरेको देखिएन। संस्थानको वासलातमा तिर्नुपर्ने घर जग्गा कर जम्मा रु. ४,९८६,५००।- देखिन्छ।

४. **कर परीक्षण -** संस्थान यस आर्थिक वर्ष मा घाटामा रहेकाले आयकरको व्यवस्था गरिएको छैन। संस्थानको अग्रिम आयकर वापतको रकम आर्थिक वर्ष २०७६/७७ को अन्त्यमा रु. १८,३५२,१८६।१० रहेको छ। उक्त अग्रिम करको औचित्यता तथा फिर्ता आउने नआउने सम्वन्धमा संस्थानबाट हालसम्म आन्तरिक राजस्व विभाग/ कार्यालय समक्ष कुनै ठोस पहल नभई निर्णयमा पुग्न नसकेको कारणले गत वर्ष अनुसार नै यस आर्थिक वर्ष मा पनि अग्रिम आयकर शिर्षकमा नै वित्तीय विवरणमा देखाइएको छ। संस्थानले आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर प्राप्त गरेता पनि वार्षिक रुपमा कर लेखापरीक्षण गरी विवरणहरु दाखिला गरेको पाईएन।

५. **उपदान -** संस्थानको विनियम अनुसार संस्थानको स्थायी सेवामा ५ वर्ष भन्दा बढी सेवा गर्ने कर्मचारीले भविष्यमा संस्थानको नोकरीको निमित्त सामान्यता अयोग्य ठहरिने गरी सेवा वा पदबाट अलगभएमा बाहेक जुनसुकै कारणले नोकरीबाट अलग भए उपदानको व्यबस्था गरिएको छ। संस्थानको विनियममा रहेको उपदानको व्यबस्था बमोजिम हरेक आर्थिक वर्षमा उक्त रकमलाई दायित्व देखाइ सो रकम बैंक खातामा जम्मा गर्नु पर्नेमा, उपदानको रकम एकमुष्ट कर्मचारी सेवाबाट अलग हुँदा नगदी हिसाबमा दिइने गरेको पाईयो। संस्थानको खातामा गत वर्षसम्म उपदान व्यबस्था रु.९९३,३५४।४५ मात्र रहेकोमा यस आर्थिक वर्ष २०७६/७७ सम्ममा उपदान व्यबस्था रु.७८०,१५९।४५ रहेको पाईयो।

६. **नेपाल सरकारबाट लिएको ऋणको किस्ता तथा व्याज** - संस्थानले नेपाल सरकारलाई बुझाउनु पर्ने पाकेको किस्ता तथा व्याज बापतको रकम रु.२६८,६०३,०९८।८१ भुक्तानी गरेको पाईएन। पाकेको किस्ता तथा व्याज बापतको रकमको विवरण निम्न अनुसार छन्।

| विवरण | रकम |
|---|---|
| महालेखा नियन्त्रको कार्यालय, ऋणको पाकेको किस्ता | १५१,९९३,७५०।०० |
| महालेखा नियन्त्रको कार्यालय, ऋणको ब्याज | ११६,६०९,३४८।८१ |

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्‍यौं। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

## मुख्य लेखापरीक्षणका बुँदाहरु (Key Audit Matters)

हाम्रो लेखापरीक्षणमा निम्न बुँदाहरुलाई मुख्य लेखापरीक्षणका बुँदाहरुमा समावेश गरेका छौं।

| मुख्य लेखापरीक्षणका बुँदाहरु (Key Audit Matters) | मुख्य लेखापरीक्षणका बुँदाहरु, जोखिम र सोको लेखापरीक्षण प्रक्रिया |
|---|---|
| १. सांस्कृतिक संस्थान विगतका आर्थिक वर्षहरुबाट नै निरन्तर संचालन नोक्सानीमा रहेको पाईयो।<br>२. COVID-१९ को महाव्याधीले गर्दा आर्थिक वर्ष २०७६/७७ मा चैत्र १०, २०७६ देखि असार मसान्त २०७७ सम्म सांस्कृतिक कार्यक्रमहरु संचालन भएका छैनन्। | हामीले आवश्यक प्रमाण सहित सबै महत्वपूर्ण आय स्रोतहरु, आय तथा खर्चहरुको विवरण तथा संस्थानले अपनाएको मुख्य आन्तरिक नियन्त्रण प्रणालीको तरीका तथा संचालन प्रभावकारिता मूल्याङकन गरेका छौ।<br>संस्थान निरन्तर नोक्सानीमा रहंदा संस्थानले संचालन खर्चमा समेत सन्तुलन कायम गर्न नसकि वित्तीय स्थिति अधिक विग्रन जाने जोखिम रहेको देखियो।<br>आर्थिक वर्ष २०७६/७७ मा कोभिड १९ को महाव्याधीले सांस्कृतिक कार्यक्रमसंग सम्बन्धित कुनै किसिमको कार्यक्रम सँचालनमा नआएकोले आम्दानी श्रोतमा संकुचन आएको छ।<br>संस्थानले कोभिड १९ को अवधिमा सांस्कृतिक कार्यक्रम संचालन गर्न नसक्ने अवस्थामा समयलाई सदुपयोग गर्न हलहरुको पूननिर्माण (Renovation) कार्य गरिएको जानकारी प्राप्त भयो। |

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण

प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस्, सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धी महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा भूलबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने, प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थानको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थानले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

# खण्ड - ग
# लेखापरीक्षण गर्न बाँकी रहेको संस्था

**लेखापरीक्षण नगराउने संगठित संस्थाः** - लेखापरीक्षण ऐन, २०७५ तथा प्रचलित कानुनको व्यवस्थाअनुसार लेखापरीक्षण गर्न समयमा स्रेस्ता तथा वित्तीय विवरण तयार गरी लेखापरीक्षण गराउने सन्दर्भमा संगठित संस्थाका जिम्मेवार पदाधिकारीलाई महालेखापरीक्षकबाट पटक पटक निर्देशन भएकोमा निम्नलिखित ९ संगठित संस्थाले १२ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्:

| क्र.सं. | संगठित संस्था | आर्थिक वर्ष |
|---|---|---|
| १. | गुठी संस्थान | २०७५।७६, २०७६।७७ |
| २. | नेपाल पर्यटन बोर्ड | २०७४।७५,२०७५।७६ |
| ३. | गोरखापत्र संस्थान | २०७६।७७ |
| ४. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड | २०७६।७७ |
| ५. | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | २०७६।७७ |
| ६. | नेपाल वन निगम | २०७६।७७ |
| ७. | राष्ट्रिय सहकारी विकास बोर्ड | २०७६।७७ |
| ८. | दुधकोशी जलविद्युत कम्पनी लिमिटेड | २०७५।७६, २०७६।७७ |
| ९. | नेपाल वायुसेवा निगम | २०७६।७७ |

संगठित संस्थाबाट लेखापरीक्षण ऐन, २०७५ अनुसार लेखापरीक्षकको नियुक्तिको लागि परामर्श माग भएबमोजिम महालेखापरीक्षकको कार्यालयबाट २०७६।७७ मा लेखापरीक्षक नियुक्तिको लागि परामर्श गरिएका ३० संगठित संस्थाको विगतको समेत गरी ४२ आर्थिक वर्षको लेखापरीक्षण परामर्श माग गरेको छ। ४१ संस्थामध्ये ३३ संगठित संस्थाले लेखापरीक्षण गराएको र जिम्मेवार पदाधिकारीलाई महालेखापरीक्षकबाट पटक पटक निर्देशन भएकोमा पनि निम्नलिखित १० संगठित संस्थाले ४२ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराएका छैनन्:

| क्र.सं. | संगठित संस्था | आर्थिक वर्ष |
|---|---|---|
| १. | साझा स्वास्थ्य सेवा | २०७६।७७ |
| २. | साझा प्रकाशन | २०६८।६९ — २०७६।७७ (९ वर्ष) |
| ३. | नेपाल ओरिण्ड म्याग्नेसाइट प्राईभेट लिमिटेड | २०६५।६६ — २०७६।७७ (१२ वर्ष) |
| ४. | हिमाल सिमेन्ट | २०५३।५४ — २०५५।५६ (३ वर्ष) |
| ५. | काठमाडौं उपत्यका खानेपानी लिमिटेड | २०७५।७६, २०७६।७७ (२ वर्ष) |
| ६. | राष्ट्रिय बीमा संस्थान | २०७२।७३ — २०७६।७७ (५ वर्ष) |
| ७. | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | २०७३।७४—२०७६।७७ (४ वर्ष) |
| ८. | नेपाल मेटल कम्पनी लिमिटेड | २०७६।७७ |
| ९. | राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र | २०७६।७७ |
| १०. | विशाल बजार कम्पनी लिमिटेड | २०७३।७४ — २०७६।७७ (४ वर्ष) |